
"सुखी र समृद्ध रम्भा हाम्रो सान"

# आवधिक विकास योजना

## (आ.व.२०८२/८३–२०८६/८७)




## रम्भा गाउँपालिका

### गाउँ कार्यपालिकाको कार्यालय

### पिपलडाँडा, पाल्पा

### लुम्बिनी प्रदेश

# रम्भा गाउँपालिकाको आवधिक विकास योजना

## Periodic Development Plan of Rambha Rural Municipality

<u>आर्थिक तथा प्राविधिक सहयोगः</u>

रम्भा गाउँपालिका

गाउँ कार्यपालिकाको कार्यालय

पिपलडाँडा, पाल्पा

लुम्बिनी प्रदेश

<u>योजना तर्जुमा सहजिकरण</u>

अलाना इनटरनेशनल सर्विसेस् प्रा.लि.,

थापागाउँ, काठमाडौं

# विषयसूची

**परिच्छेद १: परिचय......................................................................................१**
१.१ पृष्ठभूमि ..........................................................................................१
१.२ आवधिक योजनाको उद्देश्य ....................................................................२
१.३ योजना तर्जुमाका कानुनी आधार .................................................................२
१.४ आवधिक योजना तर्जुमा प्रकृया......................................................................३
१.४.१ दस्तावेजहरूको अध्ययन ......................................................................३
१.४.२ योजना तर्जुमा पूर्वतयारी बैठक ..............................................................३
१.४.३ योजना अभिमुखीकरण कार्यशाला.............................................................. ४
१.४.४ आधार रेखा सूचना तथा तथ्याङ्क विश्लेषण ................................................ ४
१.४.५ वडास्तरीय वस्तुस्थिति समस्या चुनौती तथा अवसर पहिचान तथा विश्लेषण ..................... ४
१.४.६ आवधिक योजना तर्जुमा कार्यशाला .............................................................. ४
१.४.७ मस्यौदा प्रमाणीकरण .................................................................................. ४
१.४.८ अन्तिम प्रतिवेदन स्वीकृत............................................................................. ४
१.५ अध्ययनको सीमा ........................................................................................५

**परिच्छेद २: गाउँपालिकाको विकासको विद्यमान स्थिति र उपलब्धिको समीक्षा................................ ६**
२.१ गाउँपालिकाको परिचय.................................................................................६
२.१.१ भौगोलिक अवस्था, राजनीतिक र प्रशासनिक संरचना ...........................................७
२.१.२ जनसांख्यिक अवस्था.................................................................................. ८
२.१.३ गाउँपालिकाको भू-उपयोग स्थिति ..................................................................१०
२.२ आर्थिक विकासको अवस्था ........................................................................... ११
२.२.१ कृषि तथा खाद्य सुरक्षा............................................................................. ११
२.२.२ पर्यटन तथा संस्कृति ................................................................................ १३
२.२.३ उद्योग, व्यापार, व्यवसाय र आपूर्ति ............................................................. १३
२.२.४ आम्दानी र रोजगारी .................................................................................१४
२.२.५ वित्तीय संस्था.........................................................................................१५
२.३ सामाजिक विकासको अवस्था........................................................................... १६
२.३.१ स्वास्थ्य तथा पोषण .................................................................................. १६
२.३.२ शैक्षिक विकास .......................................................................................१७
२.३.३ खानेपानी तथा सरसफाइ...............................................................................१८
२.३.४ लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण ....................................................२०
२.३.५ युवा, खेलकुद तथा कला ............................................................................. २१
२.४ पूर्वाधार तथा सहरी विकासको अवस्था................................................................. २२
२.४.१ बस्ती, आवास, भवन तथा सार्वजनिक निर्माण.................................................... २२
२.४.२ सडक, पुल तथा यातायात ............................................................................२४

२.४.३ विद्युत तथा वैकल्पिक ऊर्जा ........ २५
२.४.४ सूचना, सञ्चार तथा प्रविधि ........ २७
२.५ वन, वातावरण तथा विपद् जोखिम न्यूनीकरण र व्यवस्थापनको अवस्था ........ २८
२.५.१ वन तथा जैविक विविधता ........ २८
२.५.२ भूसंरक्षण तथा जलाधार व्यवस्थापन ........ २९
२.५.३ वातावरण व्यवस्थापन तथा जलवायु परिवर्तन अनुकूलन ........ ३०
२.५.४ महामारी तथा विपद् व्यवस्थापन ........ ३०
२.६ सुशासन तथा संस्थागत व्यवस्था ........ ३१
२.६.१ स्थानीय नीति, ऐन तथा सुशासन ........ ३१
२.६.२ सङ्गठनात्मक विकास ........ ३२
२.६.३ स्रोत परिचालन ........ ३३
२.६.४ योजना व्यवस्थापन ........ ३४

**परिच्छेद ३: सोच तथा विकासको अवधारणा ........ ३५**
३.१ पृष्ठभूमि ........ ३५
३.२ प्रमुख समस्या तथा चुनौती ........ ३६
३.३ प्रमुख सम्भावना तथा अवसर ........ ३८
३.४ निर्देशक सिद्धान्त ........ ३९
३.५ सोच, लक्ष्य तथा उद्देश्य ........ ४१
३.६ परिमाणात्मक लक्ष्य ........ ४१
३.७ रणनीति तथा प्राथमिकता ........ ४२
३.८ लगानी, स्रोत अनुमान र बाँडफाँट ........ ४५
३.९ गाउँ गौरवका आयोजनाहरू ........ ४७

**परिच्छेद ४: आर्थिक क्षेत्र ........ ४९**
४.१ कृषि तथा पशुपंक्षीपालन ........ ४९
४.१.१ पृष्ठभूमि ........ ४९
४.१.२ समस्या तथा चुनौती ........ ५०
४.१.३ सम्भावना तथा अवसर ........ ५०
४.१.४ लक्ष्य, उद्देश्य, रणनीति र कार्यनीति ........ ५०
४.१.५ कार्यक्रम तथा आयोजना र साङ्केतिकरण ........ ५३
४.१.६ अपेक्षित उपलब्धि तथा नतिजा खाका ........ ५५
४.२ सिंचाइ ........ ५७
४.२.१ पृष्ठभूमि ........ ५७
४.२.२ समस्या तथा चुनौती ........ ५७
४.२.३ सम्भावना तथा अवसर ........ ५७

४.२.४ उपक्षेत्रगत लक्ष्य, उद्देश्य, रणनीति, कार्यक्रम तथा आयोजना....................................५८
४.२.५ कार्यक्रम तथा आयोजना र साङ्केतिकरण............................................................५९
४.२.६ अपेक्षित उपलब्धि तथा नतिजा खाका................................................................६०
४.३ पर्यटन, संस्कृति तथा सम्पदा.............................................................................६१
४.३.१ पृष्ठभूमि..................................................................................................६१
४.३.२ समस्या तथा चुनौती.....................................................................................६१
४.३.३ सम्भावना तथा अवसर...................................................................................६२
४.३.४ उपक्षेत्रगत लक्ष्य, उद्देश्य, रणनीति, कार्यक्रम तथा आयोजना....................................६२
४.३.५ कार्यक्रम तथा आयोजना र साङ्केतिकरण............................................................६४
४.३.६ अपेक्षित उपलब्धि तथा नतिजा खाका................................................................६५
४.४ उद्योग, व्यापार, व्यवसाय तथा आपूर्ति....................................................................६७
४.४.१ पृष्ठभूमि..................................................................................................६७
४.४.२ समस्या तथा चुनौती.....................................................................................६७
४.४.३ सम्भावना तथा अवसर...................................................................................६७
४.४.४ उपक्षेत्रगत लक्ष्य, उद्देश्य, रणनीति, कार्यक्रम तथा आयोजना....................................६८
४.४.५ कार्यक्रम तथा आयोजना र साङ्केतिकरण............................................................७०
४.४.६ अपेक्षित उपलब्धि तथा नतिजा खाका................................................................७१
४.५ श्रम, रोजगारी र सामाजिक सुरक्षा.........................................................................७२
४.५.१ पृष्ठभूमि..................................................................................................७२
४.५.२ समस्या तथा चुनौती.....................................................................................७२
४.५.३ सम्भावना तथा अवसर...................................................................................७२
४.५.४ उपक्षेत्रगत लक्ष्य, उद्देश्य, रणनीति, कार्यक्रम तथा आयोजना....................................७३
४.५.५ कार्यक्रम तथा आयोजना र साङ्केतिकरण............................................................७५

**परिच्छेद ५: सामाजिक विकास..........................................................................................७७**
५.१ स्वास्थ्य तथा पोषण........................................................................................७७
५.१.१ पृष्ठभूमि..................................................................................................७७
५.१.२ समस्या तथा चुनौती.....................................................................................७८
५.१.३ सम्भावना तथा अवसर...................................................................................७८
५.१.४ उपक्षेत्रगत लक्ष्य, उद्देश्य, रणनीति, कार्यक्रम तथा आयोजना....................................७८
५.१.५ कार्यक्रम तथा आयोजना र साङ्केतिकरण............................................................८१
५.१.६ अपेक्षित उपलब्धि तथा नतिजा खाका................................................................८५
५.२ शिक्षा, विज्ञान तथा नवप्रर्वतन............................................................................८८
५.२.१ पृष्ठभूमि..................................................................................................८८
५.२.२ समस्या तथा चुनौती.....................................................................................८८
५.२.३ सम्भावना तथा अवसर...................................................................................८९

५.२.४ उपक्षेत्रगत लक्ष्य, उद्देश्य, रणनीति, कार्यक्रम तथा आयोजना ..... ८९
५.२.५ कार्यक्रम तथा आयोजना र साङ्केतिकरण ..... ९२
५.२.६ अपेक्षित उपलब्धि तथा नतिजा खाका ..... ९३
५.३ खानेपानी तथा सरसफाइ ..... ९६
५.३.१ पृष्ठभूमि ..... ९६
५.३.२ समस्या तथा चुनौती ..... ९६
५.३.३ सम्भावना तथा अवसर ..... ९७
५.३.४ उपक्षेत्रगत लक्ष्य, उद्देश्य, रणनीति, कार्यक्रम तथा आयोजना ..... ९७
५.३.५ कार्यक्रम तथा आयोजना र साङ्केतिकरण ..... ९९
५.३.६ अपेक्षित उपलब्धि तथा नतिजा खाका ..... १००
५.४ महिला, बालबालिका, जेष्ठनागरिक, अपाङ्गता भएका व्यक्ति तथा लक्षित वर्ग ..... १०१
५.४.१ पृष्ठभूमि ..... १०१
५.४.२ समस्या तथा चुनौती ..... १०१
५.४.३ सम्भावना तथा अवसर ..... १०२
५.४.४ उपक्षेत्रगत लक्ष्य, उद्देश्य, रणनीति, कार्यक्रम तथा आयोजना ..... १०२
५.४.५ कार्यक्रम तथा आयोजना र साङ्केतिकरण ..... १०५
५.४.६ अपेक्षित उपलब्धि तथा नतिजा खाका ..... १०६
५.५ युवा तथा खेलकुद ..... १०८
५.५.१ पृष्ठभूमि ..... १०८
५.५.२ समस्या तथा चुनौती ..... १०८
५.५.३ सम्भावना तथा अवसर ..... १०९
५.५.४ उपक्षेत्रगत लक्ष्य, उद्देश्य, रणनीति, कार्यक्रम तथा आयोजना ..... १०९
५.५.५ कार्यक्रम तथा आयोजना साङ्केतिकरण ..... ११२
५.५.६ अपेक्षित उपलब्धि तथा नतिजा खाका ..... ११३

**परिच्छेद ६ः पूर्वाधार क्षेत्र ..... ११५**
६.१ आवास, भवन, वस्ति तथा सार्वजनिक निर्माण ..... ११५
६.१.१ पृष्ठभूमि ..... ११५
६.१.२ समस्या तथा चुनौती ..... ११५
६.१.३ सम्भावना तथा अवसर ..... ११६
६.१.४ लक्ष्य, उद्देश्य, रणनीति तथा कार्यनीति ..... ११६
६.१.५ कार्यक्रम तथा आयोजना र साङ्केतिकरण ..... ११८
६.१.६ अपेक्षित उपलब्धि तथा नतिजा खाका ..... ११९
६.२ सडक, पुल तथा यातायात व्यवस्था ..... १२०
६.२.१ पृष्ठभूमि ..... १२०
६.२.२ समस्या तथा चुनौती ..... १२०

६.२.३ सम्भावना तथा अवसर ....................................................................................................१२१
६.२.४ उपक्षेत्रगत लक्ष्य, उद्देश्य, रणनीति, कार्यक्रम तथा आयोजना....................................१२१
६.२.५ कार्यक्रम तथा आयोजना र साङ्केतिकरण...........................................................................१२३
६.२.६ अपेक्षित उपलब्धि तथा नतिजा खाका ..................................................................................१२४
६.३ विद्युत तथा वैकल्पिक ऊर्जा.......................................................................................................१२५
६.३.१ पृष्ठभूमि .......................................................................................................................................१२५
६.३.२ समस्या तथा चुनौती...................................................................................................................१२५
६.३.३ सम्भावना तथा अवसर ...............................................................................................................१२५
६.३.५ कार्यक्रम तथा आयोजना र साङ्केतिकरण...........................................................................१२८
६.३.६ अपेक्षित उपलब्धि तथा नतिजा खाका ..................................................................................१२८
६.४ सूचना तथा सञ्चार प्रविधि..........................................................................................................१३०
६.४.१ पृष्ठभूमि .......................................................................................................................................१३०
६.४.२ समस्या तथा चुनौती...................................................................................................................१३०
६.४.३ सम्भावना तथा अवसर ...............................................................................................................१३०
६.४.४ लक्ष्य, उद्देश्य, रणनीति तथा कार्यनीति...................................................................................१३१
६.४.५ कार्यक्रम तथा आयोजना र साङ्केतिकरण...........................................................................१३३
६.४.६ अपेक्षित उपलब्धि तथा नतिजा खाका ..................................................................................१३४

**परिच्छेद ७: वन वातावरण तथा विपद् व्यवस्थापन............................................................... १३५**
७.१ वन तथा जैविक विविधता..........................................................................................................१३५
७.१.१ पृष्ठभूमि .......................................................................................................................................१३५
७.१.२ समस्या तथा चुनौती...................................................................................................................१३५
७.१.३ सम्भावना तथा अवसर ...............................................................................................................१३६
७.१.४ लक्ष्य, उद्देश्य, रणनीति तथा कार्यनीति...................................................................................१३६
७.१.५ कार्यक्रम तथा आयोजना र साङ्केतिकरण...........................................................................१३९
७.१.६ अपेक्षित उपलब्धि तथा नतिजा खाका ..................................................................................१४०
७.२ भूसंरक्षण तथा जलाधार व्यवस्थापन ...................................................................................१४१
७.२.१ पृष्ठभूमि .......................................................................................................................................१४१
७.२.२ समस्या तथा चुनौती...................................................................................................................१४१
७.२.३ सम्भावना तथा अवसर ...............................................................................................................१४१
७.२.४ उपक्षेत्रगत लक्ष्य, उद्देश्य, रणनीति, कार्यक्रम तथा आयोजना....................................१४१
७.२.५ कार्यक्रम तथा आयोजना र साङ्केतिकरण...........................................................................१४३
७.२.६ अपेक्षित उपलब्धि तथा नतिजा खाका ..................................................................................१४४
७.३ वातावरण तथा फोहोरमैला व्यवस्थापन..................................................................................१४५
७.३.१ पृष्ठभूमि .......................................................................................................................................१४५
७.३.२ समस्या तथा चुनौती...................................................................................................................१४५

७.३.३ सम्भावना तथा अवसर ........ १४६
७.३.४ उपक्षेत्रगत लक्ष्य, उद्देश्य, रणनीति, कार्यक्रम तथा आयोजना ........ १४६
७.३.५ कार्यक्रम तथा आयोजना र साङ्केतिकरण ........ १४८
७.३.६ अपेक्षित उपलब्धि तथा नतिजा खाका ........ १४९
७.४ विपद् व्यवस्थापन तथा जलवायु परिवर्तन अनुकूलन ........ १५०
७.४.१ पृष्ठभूमि ........ १५०
७.४.२ समस्या तथा चुनौती ........ १५०
७.४.३ सम्भावना तथा अवसर ........ १५०
७.४.४ उपक्षेत्रगत लक्ष्य, उद्देश्य, रणनीति. कार्यक्रम तथा आयोजना ........ १५१
७.४.५ कार्यक्रम तथा आयोजना र साङ्केतिकरण ........ १५३
७.४.६ अपेक्षित उपलब्धि तथा नतिजा खाका ........ १५४

**परिच्छेद ८ः संस्थागत तथा सुशासन विकास ........ १५५**
८.१.१ पृष्ठभूमि ........ १५५
८.१.२ समस्या तथा चुनौती ........ १५६
८.१.२ सम्भावना तथा अवसर ........ १५६
८.१.४ उपक्षेत्रगत लक्ष्य, उद्देश्य, रणनीति, कार्यक्रम तथा आयोजना ........ १५६
८.१.५ कार्यक्रम तथा आयोजना र साङ्केतिकरण ........ १६०
८.१.६ अपेक्षित उपलब्धि तथा नतिजा खाका ........ १६३

**परिच्छेद ९ः कार्यान्वयन व्यवस्था ........ १६६**
९.१ पृष्ठभूमि ........ १६६
९.२ संस्थागत व्यवस्था तथा मानव संसाधन योजना ........ १६६
९.३ विषयक्षेत्र अनुसार अनुमानित बजेट ........ १६६
९.४ स्रोत अनुमान तथा प्रक्षेपण ........ १६९
९.४.१ राजस्व परिचालनको अवस्था ........ १६९
९.४.२ खर्च अवस्थाको विश्लेषण ........ १७०
९.४.३ अपुग स्रोत व्यवस्थापन ........ १७०
९.५ स्रोत परिचालन रणनीति ........ १७१
९.६ आवधिक योजना कार्यान्वयन ........ १७३
९.६.१ योजना कार्यान्वयन ........ १७३
९.६.२ कार्यान्वयन प्रक्रिया ........ १७४
९.७ अनुगमन तथा मूल्याङ्कन योजना ........ १७६
९.७.१ अनुगमन तथा मूल्याङ्कनको आवश्यकता ........ १७६
९.७.२ अनुगमन तथा मूल्याङ्कनको जिम्मेवारी ........ १७७
९.७.३ अनुगमन तथा मूल्याङ्कन प्रक्रिया ........ १७८

**अनुसूचीहरू** ........................................................................................................ **१८०**
अनुसूची – १ : गाउँपालिकाको भूउपयोग स्रोत नक्शाहरू ........................................................ १८०
अनुसूची – २ : आवधिक योजना तर्जुमा कार्यशाला तथा अभिमुखीकरण छलफलका केही फोटाहरू ... १९१
अनुसूची – ३: आवधिक योजना तर्जुमा कार्यशाला तथा छलफलका केही उपस्थितिहरू ................ १९५

# तालिका सूची


तालिका १: वडाको भौगोलिक अवस्थिति ........ ७
तालिका २: जनसङ्ख्याको वडागत वितरणको अवस्था ........ ८
तालिका ३: गाउँपालिका उमेर समूह अनुसारको जनसङ्ख्या विवरण ........ ९
तालिका ४: सञ्चारका उपकरणको उपलब्धता ........ २७
तालिका ५: गाउँपालिकाको निर्देशक सिद्धान्तहरू ........ ३९
तालिका ६: अपेक्षित परिमाणात्मक उपलब्धि ........ ४१
तालिका ७: गाउँपालिकाको प्रमुख रणनीतिहरू तथा प्राथमिकताहरू ........ ४२
तालिका ८: आवधिक योजनामा खर्च व्यहोर्ने स्रोतहरू ........ ४५
तालिका ९: गाउँपालिकाको आय अनुमान (रकम रु. हजारमा) ........ ४५
तालिका १०: गाउँ गौरवका आयोजनाहरू ........ ४७
तालिका ११: कृषि तथा पशुपालनका रणनीति तथा कार्य नीतिहरू ........ ५१
तालिका १२: कृषि तथा पशुपालनका कार्यक्रम, आयोजना तथा साङ्केतिकरण ........ ५३
तालिका १३: कृषि तथा पशुपालनका अपेक्षित उपलब्धि तथा नतिजा खाका ........ ५५
तालिका १४: सिँचाइका रणनीति तथा कार्यनीतिहरू ........ ५८
तालिका १५: सिँचाइका कार्यक्रम आयोजना तथा साङ्केतिकरण ........ ५९
तालिका १६: सिँचाइका अपेक्षित उपलब्धि तथा नतिजा खाका ........ ६०
तालिका १७: पर्यटनका रणनीति तथा कार्यनीतिहरू ........ ६२
तालिका १८: पर्यटन, संस्कृति तथा सम्पदाका कार्यक्रम आयोजना तथा साङ्केतिकरण ........ ६४
तालिका १९: पर्यटन, संस्कृति तथा सम्पदाका अपेक्षित उपलब्धि तथा नतिजा खाका ........ ६५
तालिका २०: उद्योग, व्यापार, व्यवसाय तथा आपूर्तिका रणनीति र कार्यनीति ........ ६८
तालिका २१: उद्योग, व्यापार, व्यवसाय तथा आपूर्तिका कार्यक्रम तथा आयोजना र साङ्केतिकरण ........ ७०
तालिका २२: उद्योग, व्यापार, व्यवसाय तथा आपूर्तिका अपेक्षित उपलब्धि तथा नतिजा खाका ........ ७१
तालिका २३: श्रम, रोजगारी र सामाजिक सुरक्षाका रणनीति र कार्यनीति ........ ७३
तालिका २४: श्रम, रोजगारी र सामाजिक सुरक्षाका कार्यक्रम तथा आयोजना र साङ्केतिकरण ........ ७५
तालिका २५: श्रम, रोजगारी र सामाजिक सुरक्षाका अपेक्षित उपलब्धि तथा नतिजा खाका ........ ७६
तालिका २६: स्वास्थ्य तथा पोषणका रणनीति तथा कार्यनीतिहरू ........ ७९
तालिका २७: स्वास्थ्य तथा पोषणका कार्यक्रम तथा आयोजना ........ ८१
तालिका २८: स्वास्थ्य तथा पोषणका अपेक्षित उपलब्धि तथा नतिजा खाका ........ ८५
तालिका २९: शिक्षाका रणनीति तथा कार्यनीतिहरू ........ ८९
तालिका ३०: शिक्षा, विज्ञान तथा नवप्रवर्तनका कार्यक्रम तथा आयोजना ........ ९२
तालिका ३१: शिक्षा, विज्ञान तथा नवप्रवर्तनका अपेक्षित उपलब्धि तथा नतिजा खाका ........ ९३
तालिका ३२: खानेपानी तथा सरसफाइका रणनीति तथा कार्यनीतिहरू ........ ९७
तालिका ३३: खानेपानी तथा सरसफाइका कार्यक्रम तथा आयोजना ........ ९९
तालिका ३४: खानेपानी तथा सरसफाइका अपेक्षित उपलब्धि तथा नतिजा खाका ........ १००
तालिका ३५: महिला, बालबालिका, जेष्ठनागरिक तथा अपाङ्गता भएका व्यक्तिहरूका रणनीति तथा कार्यनीतिहरू ........ १०२
तालिका ३६: महिला, बालबालिका तथा लक्षित वर्गका कार्यक्रम तथा आयोजना ........ १०५

तालिका ३७: महिला, बालबालिका तथा लक्षित वर्गका अपेक्षित उपलब्धि तथा नतिजा खाका ........................ १०६
तालिका ३८: युवा तथा खेलकुदका रणनीति तथा कार्यनीतिहरू ........................ १०९
तालिका ३९: युवा तथा खेलकुदका कार्यक्रम तथा आयोजना ........................ ११२
तालिका ४०: युवा तथा खेलकुदका अपेक्षित उपलब्धि तथा नतिजा खाका ........................ ११३
तालिका ४१: आवास तथा बस्ती विकासका रणनीति तथा कार्यनीतिहरू ........................ ११६
तालिका ४२: वस्ति, आवास, भवन तथा सार्वजनिक निर्माणका कार्यक्रम तथा आयोजना ........................ ११८
तालिका ४३: वस्ति, आवास, भवन तथा सार्वजनिक निर्माणका अपेक्षित उपलब्धि तथा नतिजा खाका ........................ ११९
तालिका ४४: यातायात तथा पूर्वाधारका रणनीति तथा कार्यनीतिहरू ........................ १२१
तालिका ४५: सडक, पुल तथा यातायातका कार्यक्रम तथा आयोजना ........................ १२३
तालिका ४६: सडक, पुल तथा यातायातका अपेक्षित उपलब्धि तथा नतिजा खाका ........................ १२४
तालिका ४७: ऊर्जाका रणनीति तथा कार्यनीतिहरू ........................ १२६
तालिका ४८: जलस्रोत, विद्युत् तथा वैकल्पिक ऊर्जाका कार्यक्रम तथा आयोजना ........................ १२८
तालिका ४९: जलस्रोत, विद्युत् तथा वैकल्पिक ऊर्जाका अपेक्षित उपलब्धि तथा नतिजा खाका ........................ १२८
तालिका ५०: सूचना तथा सञ्चार प्रविधिका रणनीति तथा कार्यनीतिहरू ........................ १३१
तालिका ५१: सूचना, सञ्चार तथा प्रविधिका कार्यक्रम तथा आयोजना ........................ १३३
तालिका ५२: सूचना, सञ्चार तथा प्रविधिका अपेक्षित उपलब्धि तथा नतिजा खाका ........................ १३४
तालिका ५३: वन तथा भूसंरक्षणका रणनीति तथा कार्यनीतिहरू ........................ १३६
तालिका ५४: वन तथा जैविक विविधताका कार्यक्रम तथा आयोजना ........................ १३९
तालिका ५५: वन तथा जैविक विविधताका अपेक्षित उपलब्धि तथा नतिजा खाका ........................ १४०
तालिका ५६: वन तथा भूसंरक्षणका रणनीति तथा कार्यनीतिहरू ........................ १४२
तालिका ५७: भूसंरक्षण तथा जलाधार व्यवस्थापनका कार्यक्रम तथा आयोजना ........................ १४३
तालिका ५८: भूसंरक्षण तथा जलाधार व्यवस्थापनका अपेक्षित उपलब्धि तथा नतिजा खाका ........................ १४४
तालिका ५९: फोहोर मैला व्यवस्थापनका रणनीति तथा कार्यनीतिहरू ........................ १४६
तालिका ६०: वातावरण तथा फोहोर व्यवस्थापनका कार्यक्रम तथा आयोजना ........................ १४८
तालिका ६१: वातावरण तथा फोहोर व्यवस्थापनका अपेक्षित उपलब्धि तथा नतिजा खाका ........................ १४९
तालिका ६२: विपद् व्यवस्थापनका रणनीति तथा कार्यनीतिहरू ........................ १५१
तालिका ६३: विपद् जोखिम न्यूनीकरण र व्यवस्थापन तथा जलवायु उत्थानशीलताका कार्यक्रम तथा आयोजना ..... १५३
तालिका ६४: विपद् जोखिम न्यूनीकरण र व्यवस्थापनका अपेक्षित उपलब्धि तथा नतिजा खाका ........................ १५४
तालिका ६५: सेवा प्रवाह तथा सुशासनका रणनीति तथा कार्यनीतिहरू ........................ १५७
तालिका ६६: संस्थागत विकासका तथा सुशासन क्षेत्रका कार्यक्रम तथा आयोजना ........................ १६०
तालिका ६७: संस्थागत विकासका अपेक्षित उपलब्धि तथा नतिजा खाका ........................ १६३
तालिका ६८: विषय क्षेत्र अनुसार अनुमानित बजेट ........................ १६७
तालिका ६९: राजस्व परिचालनको अवस्था ........................ १६९
तालिका ७०: खर्च बाँडफाँटको प्रक्षेपण (रकम रु. हजारमा) ........................ १७०
तालिका ७१: अपुग स्रोत व्यवस्थापन ........................ १७१
तालिका ७२: वार्षिक कार्यान्वयन कार्ययोजना ढाँचा ........................ १७५
तालिका ७३: अनुगमन तथा मूल्याङ्कन खाका ........................ १७८

# परिच्छेद १: परिचय

## १.१ पृष्ठभूमि

नेपाल सरकारले आर्थिक वर्ष २०८१/८२ देखि २०८५/८६ सम्मको लागि राष्ट्रिय आकांक्षा **"समृद्ध नेपाल, सुखी नेपाली"** विक्रम सम्वत् २१०० को सूचक सहितको **"सुशासन, सामाजिक न्याय र समृद्धि"** को सोच सहितको सोह्रौं पञ्चवर्षीय योजना कार्यान्वयनमा ल्याएको छ । त्यसैगरी लुम्बिनी प्रदेश सरकारले **"समृद्ध लुम्बिनीः आर्थिक विकास, सुशासन, समता र समुन्नति"** दिर्घकालिन सोच सहित प्रदेशको दोस्रो आवधिक योजना तयार गरी प्रदेशको समग्र विकासकोलागि अल्पकालीन, मध्यमकालीन र दीर्घकालीन लक्ष्य सहित वि.सं. २१०० सम्मकालागि विकास र समृद्धिका मुख्य सूचकहरू समेत निर्धारण गरेको छ ।

योजनाहरू प्राथमिकिकरण गर्दा आर्थिक विकास तथा गरिबी निवारणमा प्रत्यक्ष योगदान पुग्ने, उत्पादनमूलक तथा छिटो प्रतिफल प्राप्त गर्न सकिने, जनताको जीवनस्तर, आम्दानी र रोजगार बढ्ने, स्थानीयबासीहरूको सहभागिता जुट्ने, स्वयं सेवा परिचालन गर्न सकिने तथा लागत कम लाग्ने, स्थानीय स्रोत, साधन र सीपको अधिकतम प्रयोग हुने, महिला बालबालिका तथा पिछडिएका वर्ग, क्षेत्र र समुदायलाई प्रत्यक्ष लाभ पुग्ने, लैङ्गिक समानता र सामाजिक समावेशीकरण अभिवृद्धि हुने, दिगो विकास, वातावरणीय संरक्षण तथा सम्वर्द्धनमा सघाउ पुऱ्याउने, भाषिक तथा साँस्कृतिक पक्षको जर्गेना र सामाजिक सद्भाव तथा एकता अभिवृद्धिमा सघाउ पुऱ्याउने सूचकहरूको आधारमा योजनाहरू प्राथमिकीकरण गर्नुपर्ने उल्लेख गरिएको छ । स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा २४ को उपदफा ४ मा योजना बनाउँदा मध्यम र दीर्घकालिन प्रकृतिका आयोजनाहरूको सूची तयार गर्नुपर्ने कुरा उल्लेख गरिएको छ । गाउँपालिकाले आफ्नो कार्य सञ्चालन गर्दा लागत न्यूनीकरण, स्रोत साधनको अधिकतम उपयोग वा प्रभावकारी सेवा प्रवाहको अन्य पालिकासँग साझेदारी, सम्झौता र संयुक्त व्यवस्थापन गर्न सक्ने विषयहरू समेत तोकेको छ ।

यस अवस्थामा रम्भा गाउँपालिकाले पनि संविधानले स्थानीय तहलाई प्रदान गरेको अधिकारको सूची र स्थानीय सरकार सञ्चालन ऐनले निर्दिष्ट गरेका काम, कर्तव्य, अधिकार र जिम्मेवारीलाई ध्यानमा राखी सहभागितामूलक र समावेशी प्रक्रियाद्धारा प्रस्तुत पहिलो पञ्चवर्षीय आवधिक विकास योजना (२०८२/८३—२०८६/८७) तर्जुमा गरिएको छ । गाउँपालिकाको उपलब्ध तथ्याङ्क विवरणको आधारमा गाउँ विकासको बिद्यमान सम्भावना, अवसर, समस्या र चुनौति विश्लेषण गरी दीर्घकालीन सोच, समष्टिगत लक्ष्य, विषय क्षेत्रगत उद्देश्य, रणनीति, कार्यनीति एवं प्रमुख कार्यक्रमहरू र आवश्यक श्रोत प्रक्षेपण सहित राजनीतिक प्रक्रियाबाट स्थानीय तहको चासो संस्थागत विकास र आर्थिक समृद्धिको रणनितिक खाका सहितको आवधिक विकास योजना तर्जुमा गरिएको छ ।

विकासका परिसूचकहरूमा पृथक तथ्याङ्कहरूको विश्लेषण, तदनुरूप आवधिक योजनाहरूमा गाउँपालिकाको प्रक्षेपण, योजनाहरूको तर्जुमा, आवधिक अनुगमन तथा मूल्याङ्कन प्रतिवेदनहरूको अभावले विगतमा भएका उपलब्धि तथा कमी कमजोरीहरूलाई केलाउन निकै कठिन भएको छ । राष्ट्रिय रूपमा आवधिक योजनाको एउटै नीतिगत आधार हुने भएकोले पनि गाउँपालिकाको आर्थिक, सामाजिक, गरिबी, पूर्वाधारको विशिष्टता अनुरूपको नीति र सो अनुसारका कार्य योजना विगतमा बन्न सकेनन् । यसको प्रथम प्राथमिकताको रूपमा छरिएर रहेका तथ्याङ्कको तुलनात्मक विश्लेशण, सोही अनुसार राष्ट्रिय नीति र प्रदेशको आवधिक योजनासँग तालमेल हुनेगरी रम्भा

गाउँपालिकाको समग्र विकास नीतिका आधारहरू तय गर्नु रहेको छ । मौसममा आधारित कृषि तथा पशुजन्य उत्पादन र विप्रेषण नै यस गाउँपालिकाको अर्थतन्त्रको मुख्य आधार हुन् ।

प्रस्तुत आवधिक योजना गाउँपालिकाको समग्र विकासको रणनीतिक योजना सहितको मार्गचित्र (Strategic and Indicative Planning Framework) मात्र हो यसले गाउँपालिकालाई मध्यमकालीन, वार्षिक नीति, कार्यक्रम तथा बजेट तर्जुमा गर्न र प्राथमिकताका क्षेत्र निर्धारण गरी श्रोत विनियोजन एवं श्रोत परिचालन गर्ने आधार दस्तावेजको रूपमा रहने विश्वास गरिएको छ । योजना तर्जुमा गर्ने सिलसिलामा सहभागीतामूलक योजना तर्जुमा प्रक्रिया पद्धति बमोजिम कार्यपालिकाका निर्वाचित पदाधिकारी, कार्यालयका शाखागत कर्मचारी, गाउँपालिका क्षेत्रमा क्रियाशिल राजनीतिक दलहरू तथा अन्य सरोकारवालापक्षको समेत सहभागिता गरिएको छ ।

## १.२ आवधिक योजनाको उद्देश्य

गाउँपालिका क्षेत्रको समष्टिगत आर्थिक, सामाजिक विकासका लागि लक्ष्य तथा उद्देश्यहरू निर्धारण गरी निश्चित अवधिभित्र सो हासिल गर्न उपयुक्त सिद्धान्त, नीति, रणनीति तथा प्राथमिकताहरू पहिचान एवम् परिभाषित मार्गचित्र नै आवधिक विकास योजना हो । स्थानीय तहको आवधिक योजनाले निश्चित अवधिका लागि गाउँपालिकालाई आफूले चाहेको गन्तव्य तर्फ विकासको गतिलाई डोर्याउने काम गर्दछ । गाउँपालिकाको नेतृत्वमा योजनाबद्ध विकासका लागि सरकारी, गैरसरकारी, सहकारी, समुदायमा आधारित संस्था तथा निजी क्षेत्रलाई एक स्थानमा ल्याई एकीकृत तथा समष्टिगत विकास प्रक्रियालाई मार्गदर्शन गर्नु नै यस आवधिक विकास योजना (२०८२/८३–२०८६/८७) तर्जुमाको मुख्य उद्देश्य हो । योजना तर्जुमाका सहायक तथा निर्दिष्ट उद्देश्यहरू देहायअनुसार छन् ।

- योजनाबद्ध, परिणाममुखी, समावेशी र दिगो विकास सुनिश्चित गर्न स्थानीय तहका कार्यक्रमहरूलाई लक्षित उद्देश्यहरूतर्फ केन्द्रित गरिनु,
- स्थानीय विकासमा संलग्न सबै सरोकारवालाहरूबीच प्रयास र उपलब्धिलाई लिएर साझा प्रतिबद्धता तथा जवाफदेहिता कायम गर्नु,
- स्थानीय विकासका कार्यहरूलाई राष्ट्रिय तथा प्रादेशिक लक्ष्य र प्राथमिकतासँग समन्वयमा राख्नु,
- सहभागितामूलक प्रक्रियाबाट विकासका कार्यहरू सञ्चालन गर्दै अपेक्षित परिणाम हासिल हुने गरी स्थानीय विकासको खाका तयार गर्नु,
- नतिजा आधारित विकास कार्यलाई प्राथमिकता दिँदै स्थानीय तहको समग्र प्रगति प्रवर्द्धन गर्नु।

## १.३ योजना तर्जुमाका कानुनी आधार

नेपालको संविधानले नागरिकका मौलिक हक, राज्यका निर्देशक सिद्धान्त र नीति, स्थानीय तहको अधिकार, सङ्घीय तथा प्रदेशको  कानुन र नीति, स्थानीय तहको कानुन नीति तथा कार्यक्रमले स्थानीय तहको विकासको गतिको मार्गचित्र निर्देशित गर्दछ । स्थानीय सरकार सञ्चालन ऐन २०७४ को परिच्छेद ६ दफा २४ को उपदफा १ अनुसार स्थानीय निकायले आफ्नो अधिकार क्षेत्र भित्रका विषयमा आधारित रहेर स्थानीय स्तरको विकासका लागि दीर्घकालीन, मध्यकालीन वार्षिक योजना, विषय क्षेत्रगत योजना तर्जुमा गरि तयार गर्नु पर्ने प्रावधान रहेको छ । स्थानीय तहले आफ्नो योजना बनाउँदा नेपाल सरकार, प्रदेश सरकारको सोच, उद्देश्य, लक्ष्य, नीति तथा कार्यक्रम र समय सीमा सँग समायोजन हुनेगरी सुशासन, वातावरण, बालमैत्री, लैङ्गिक तथा सामाजिक समावेशीकरण, जलवायु परिवर्तन तथा अनुकूलन विपद् व्यवस्थापन जस्ता अन्तरसम्बन्धित विषयलाई ध्यान दिने

व्यवस्था गरिएको छ । आवधिक विकास योजना तर्जुमा गर्दा निम्नअनुसारका दस्तावेजहरूलाई आधार लिइएको थियो ।

- स्थानीय सरकार सञ्चालन ऐन २०७४
- दिगो विकासका लक्ष्यहरू
- नेपाल सरकारको सोह्रौं योजना (२०८१/८२-२०८५/८६)
- लुम्बिनी प्रदेशको दोस्रो आवधिक योजना (२०८१/८२–२०८५/०८६)
- लुम्बिनी प्रदेशको रणनीतिक योजना २०७९
- विषयगत ऐन तथा नीतिहरू
- नेपाल पक्ष भएका सन्धी सम्झौताहरू
- राष्ट्रिय योजना आयोगबाट जारी राष्ट्रिय अनुगमन तथा मूल्याङ्कन निर्देशिका
- स्थानीय तहको योजना तर्जुमा दिग्दर्शन २०७८ (राष्ट्रिय योजना आयोग)
- रम्भा गाउँपालिकाको आर्थिक र विनियोजन ऐनहरू

## १.४ आवधिक योजना तर्जुमा प्रकृया

योजना तर्जुमा गर्दा स्थानीय सरकार संचालन ऐन २०७४ को दफा २४ (५) को सहभागिता सम्बन्धी प्रावधानहरू अनुरूप स्थानीय बुद्धिजीवी, विषय विज्ञ, अनुभवी पेशाविद, सिमान्तकृत तथा लोपोन्मुख समुदाय, महिला, बालबालिका, दलित, युवा, अल्पसङ्ख्यक, अपाङ्ता भएका व्यक्ति, ज्येष्ठ नागरिक लगायतका सरोकारवालाहरूको अधिकतम सहभागितामा पाँचवटा विषयगत समितिमा छलफल गरिएको थियो । आवधिक विकास योजना तर्जुमा गर्दा निम्न प्रक्रियाहरूलाई अवलम्बन गरिएको छ ।

### १.४.१ दस्तावेजहरूको अध्ययन

यस अन्तर्गत योजना तर्जुमा निर्माण सम्बन्धी प्रमुख दस्तावेजहरू सोहौ योजना, लुम्बिनी प्रदेशको दश बर्षे रणनीतिक गुरु योजना २०७९, लुम्बिनी प्रदेशको दोस्रो आवधिक योजना, राष्ट्रिय योजना आयोगले तयार गरेको स्थानीय तहको योजना तर्जुमा दिग्दर्शन २०७८, लुम्बिनी प्रदेशको वस्तुस्थिति विवरण २०८१, विभिन्न मन्त्रालय तथा विभागहरूले प्रकाशन गरेका प्रतिवेदनहरूमा उल्लेखित प्रावधानहरूको अध्ययन गरिएको थियो । साथै राष्ट्रिय योजना आयोग, प्रदेश नीति तथा योजना आयोगले प्रकाशन गरेका प्रतिवेदनहरू, प्रदेश सम्बन्धी सूचनाहरू, गाउँपालिकाको वार्षिक कार्यक्रम तथा बजेट, स्थानीय ऐन नियम तथा अन्य विविध पक्षहरूको अध्ययन तथा विश्लेषण गरिएको थियो ।

### १.४.२ योजना तर्जुमा पूर्वतयारी बैठक

रम्भा गाउँपालिकाको अध्यक्ष, उपाध्यक्ष, प्रमुख प्रशासकीय अधिकृत, र सूचना अधिकृतसँग छलफल गरी योजना प्रक्रिया अगाडि बढाउने बारे छलफल गरिएको थियो। साथै निर्देशक समिति र सहजिकरण समिति गठन तथा अन्य व्यवस्थापकीय तयारी सम्बन्धी विस्तृत रूपमा छलफल गरी आवधिक योजना निर्माणको विस्तृत कार्ययोजना पेश गरिएको थियो । यसै सिलसिलामा रम्भा गाउँपालिकाका अध्यक्ष र प्रमुख प्रशासकीय अधिकृतसँग अनौपचारिक छलफल गरी आवधिक विकास योजना निर्माण सम्बन्धी अभिमुखीकरण कार्यशालाको मिति तय गरिएको थियो । गाउँपालिकाको आवधिक योजना तर्जुमाको तयारी स्वरूप निर्देशक समितिको गठन, सहजिकरण समितिको गठन र परामर्शदाता संस्थाले पेश गरेको आवधिक विकास योजनाको कार्यतालिकामा छलफल गरिएको थियो ।

### १.४.३ योजना अभिमुखीकरण कार्यशाला

गाउँपालिकाको आवधिक विकास योजना तर्जुमा सम्बन्धी अभिमुखीकरण कार्यशाला **मिति २०८१ जेठ १३ गते** संचालन गरीएको थियो । उक्त कार्यशालामा आवधिक विकास योजना निर्माणको मुख्य उद्देश्य र यसले समग्र गाउँपालिकाको विकासमा पार्ने प्रभावको बारेमा छलफल गरिएको थियो । कार्यशालामा आवधिक विकास योजना बनाउँदा अपनाउने प्रक्रियाहरू तथा क्रियाकलापहरूको बारेमा विस्तृत रूपमा छलफल गरिनुका साथै सूचनाहरू व्यवस्थित ढंगले संकलन गर्ने बारे समेत छलफल गरिएको थियो ।

### १.४.४ आधार रेखा सूचना तथा तथ्याङ्क विश्लेषण

योजना तर्जुमा कार्यमा आवश्यक आधार तथ्याङ्क संकलनका तथा वडास्तरीय योजना तर्जुमाका लागि वडा समितिको पहलमा वडास्तरीय छलफलहरू **मिति २०८१ जेठ १५ गतेदेखि १९ गतेसम्म** सम्पन्न गरिएको थियो। जसमा स्थानीय जनताको प्रतिनिधिमूलक सहभागिता रहेको थियो। प्रमुख राजनीतिक दलका प्रतिनिधिहरू तथा सरोकारवालाहरूसंग परामर्श गरी गाउँपालिकाको विविध पक्षहरू जस्तै पूर्वाधार, कृषि, उद्योग, वित्तीय संस्था, जलश्रोत आदिको बारेमा सूचना संकलन गरिएको थियो। यसैगरी वडा क्षेत्रमा रहेका समस्या, चुनौती तथा अवसरहरू पहिचान गरी सम्भावना बोकेका आवश्यक क्षेत्रहरूको बारेमा सूचना तथा तथ्याङ्क संकलन गरिएको थियो। गाउँपालिकाका सबै वडाहरूबाट सहभागितामुलक ढंगबाट तथ्याङ्क संकलन गरिएको थियो।

### १.४.५ वडास्तरीय वस्तुस्थिति समस्या चुनौती तथा अवसर पहिचान तथा विश्लेषण

योजना तर्जुमाको क्रममा समग्र वस्तुस्थिति बारेको विश्लेषणका लागि SWOT विश्लेषण गरी वडा तहबाट समस्या तथा सम्भावना पहिचान गरिएको थियो। सबै वडामा लक्षित समूह छलफल संचालन गरी वडाको वस्तुस्थिति समस्या, चुनौती, अवसर, क्षेत्रगत सोच, लक्ष्य, उद्देश्य, रणनीति, कार्यनीति, प्रमुख योजना तथा कार्यक्रमहरूका सम्बन्धमा राय तथा सुझाव संकलन गरिएको थियो ।

### १.४.६ आवधिक योजना तर्जुमा कार्यशाला

आवधिक योजना तर्जुमा कार्यशाला विषयगत क्षेत्रका सरोकारवालाहरूको सहभागितामा **मिति २०८१ असार १ र २ गते** आयोजना गरिएको थियो । कार्यशालाबाट विषय क्षेत्रगत समस्या, अवसर, चुनौती तथा सम्भावनाहरूको वस्तुपरक विश्लेषणका आधारमा विषयगत लक्ष्य तथा परिमाण सूचक निर्धारण गरी ती लक्ष्य तथा सूचक हासिल गर्न अवलम्बन गर्नुपर्ने रणनीति तथा कार्यनीतिहरू, प्रमुख कार्यक्रमहरू र अनुमानित लागत समेटेर मस्यौदा तयार गरिएको थियो ।

### १.४.७ मस्यौदा प्रमाणीकरण

आवधिक विकास योजनाको पहिलो मस्यौदा तयार भई सकेपछि गाउँपालिकाका प्रतिनिधिहरू तथा कर्मचारीहरू र राजनीतिक दलका प्रतिनिधिहरू, विषयगत विज्ञहरू तथा सरोकारवालाहरूको सहभागितामा मस्यौदा प्रमाणीकरण कार्यशालामा पेश गरी मस्यौदा उपर विस्तृत रूपमा समीक्षा गरी प्राप्त सुझाव र सल्लाहको आधारमा मस्यौदा प्रतिवेदनलाई थप परिमार्जित गरिएको थियो ।

### १.४.८ अन्तिम प्रतिवेदन स्वीकृत

सहभागिता मूलक कार्यशालाको निष्कर्ष, मस्यौदा प्रमाणीकरण कार्यशालाबाट प्राप्त सुझाव तथा विषय विज्ञहरूसंगको परामर्श तथा छलफलका क्रममा आएका सुझावको आधारमा तयार गरिएको रम्भा गाउँपालिकाको

यस आवधिक विकास आयोजना (२०८२/८३–२०८६/८७) को अन्तिम दस्तावेजलाई गाउँसभावाट स्वीकृत गरिनेछ ।


## १.५ अध्ययनको सीमा

आवधिक विकास योजना तर्जुमाको क्रममा गाउँपालिका तहमा उपलब्ध हुने आवश्यक तथ्याकंहरूको अभाव रहेको देखियो । उपलब्ध तथ्याकंहरू स्रोत पिच्छै फरक पाइएको भएता पनि प्राप्त तथ्याकंलाई पुनः प्रमाणीकरण गरी योजना तर्जुमाका लागि प्रयोग गरिएको छ । योजना तर्जुमा गर्न गाउँपालिकाको वस्तुस्थिति विवरण, गाउँपालिकाको प्रगती प्रतिवेदनहरू, गाउँपालिका सम्बन्धी विभिन्न दस्तावेजहरू र पूर्वाधार सम्बन्धी आयोजनाहरूबाट प्राप्त तथ्याकंको आधारलाई लिएर बिषयगत क्षेत्रहरूको लक्ष्य निर्धारण गरिएको छ । थप तथ्यांकहरूका लागि संघीय तथा प्रदेशस्तरको अध्ययन तथा अनुसन्धानका प्रतिवेदनहरूलाई आधार मानिएको छ । आधार वर्षको सूचकको लागि उपलब्ध भएसम्म आ.व. ०८०/८१ सम्मको तथ्याङ्कलाई लिइएको छ ।

# परिच्छेद २ः गाउँपालिकाको विकासको विद्यमान स्थिति र उपलब्धिको समीक्षा

## २.१ गाउँपालिकाको परिचय

मुलुकमा संघीय लोकतान्त्रिक गणतन्त्र स्थापना भएपछि नेपालको वर्तमान संविधानले नेपाल संघ, प्रदेश र स्थानीय तह गरी तीन तहको सरकारको व्यवस्था गरेको छ । तीनै स्थानीय मध्येको रम्भा गाउँपालिका पनि एक हो । प्रकृति र संस्कृतिले सम्बृद्ध यो पालिका पाल्पा जिल्लाको मध्य भागमा पर्दछ। जसको उत्तरतर्फ विश्वमै शालग्राम प्राप्त गर्न सकिने पवित्र कालीगण्डकी नदी तथा स्याङ्जा जिल्ला, पूर्वमा रामपुर नगरपालिका तथा पूर्वखोला गाउँपालिका, दक्षिणमा माथागढी गाउँपालिका र पश्चिममा बगनासकाली गाउँपालिका पर्दछन । यस पालिकाको नामाकरण यसै गाउँपालिकाको वडा नं. मा अवस्थित प्रसिद्ध धार्मिक स्थल रम्भादेवीको नामवाट भएको हो । रम्भादेवी मन्दिर तानसेनबाट करिव ३१ कि.मी.पूर्वमा रहेको छ। ताँहू बजारबाट २ कि.मी. उत्तर जंगलभित्र डांडाको काखमा रहेको यो मन्दिरमा विशेष कृष्णाष्टमीमा दर्शनार्थीहरुको ठूलो भिंड लाग्छ । यो गाउँपालिका पाल्पा जिल्लाको सबैभन्दा थोरै वडा भएको गाउँपालिका हो।




यस गाउँपालिकामा पाल्पा जिल्लाका प्रमुख चार वटा अग्ला लेकहरु मध्येको रिमिघा लेक रहेको छ। यो लेकमा परापूर्व कालदेखि ऋषिमुनिहरुले तपस्या गरेको यी ऐतिहासिक पुरातात्विक विषयवस्तुहरूको अवलोकन गर्न सकिन्छ। उत्तरतर्फ चांदी झै टल्किने सेता हिउंले ढाकेका हिमालयहरुको मनोरम दृश्य पनि यहाँबाट देख्न सकिन्छ । प्राकृतिक सुन्दरताले भरिभराउ यो लेक लालीगुराँस, साल, सल्लो कटुस चिलाउने जातका रुखहरूले सुशोभित छ।

यहाँ कूल जनसंख्याको दुइ तिहाइ भन्दा बढी मगरहरुको वस्ती रहेको छ । यस्तैगरी यहाँ नेवार, कुमाल, बोटे लगायत ब्राह्मण, क्षेत्री तथा दलित जनजातिको बसोबास रहेको छ। विभिन्न कला, संस्कृति, भाषा, धर्म र जातजातिको समिश्रण रहेको रम्भा गाउंपालिका उर्वरभूमि, सामुदायिक वन क्षेत्र, दुर्लभ वन्यजन्तु र चराचुरुङ्गीहरु समेत रहेको मनोरम प्राकृतिक स्थलको रुपमा रहेको छ। यस गाँउपालिकालाई कृषि तथा धार्मिक पर्यटनका माध्यमबाट समाजको परिर्वतन गर्न सकिने प्रचुर सम्भावना देखिन्छ । यस गाउंपालिकाको वडा नं. ५ को ताहूंबाट करिव ४ कि.मी. पूर्वी सीमानामा पर्ने बाकुमगढी पाल्पाली तथा गोर्खाली सेनाको लडाईं भई पाल्पाली सेनाले हारेपछि पाल्पा नेपालमा बिलय भएको ऐतिहासिक स्थलको रुपमा रहेकोले यसको विशेष महत्व विशेष रहेको छ ।

## २.१.१ भौगोलिक अवस्था, राजनीतिक र प्रशासनिक संरचना

रम्भा गाउँपालिका ८३० ४१"२०' पूर्वी देशान्तर र. २७० ५१"५८' उत्तरी अक्षांशमा पर्दछ। जसको कुल क्षेत्रफल ९४.१२ वर्ग कि.मी.मा फैलिएको छ। पाल्पा जिल्लाको साविक हुँगी गा.वि.स., फोक्सीङ्कोट गा.वि.स., पिपलडांडा गा.वि.स., हुमिन गा.वि.स, ताहुँ गा.वि.स.र हेक्लाङ गा.वि.स.को वडा नं.९ समेत गरी जम्मा ५ वडा कायम गरी रम्भा गाउपालिका बनाएको हो । यसका साथै यस क्षेत्रमा रानीबास, ठूला हुगीफाँट, साना हुँगी, सहदी खोला, भरेस्काड जस्ता रमणीय पर्यटकिय क्षेत्रहरु पर्दछन्। यस गाउँपालिकालाई पश्चिममा सिद्धार्थ राजमार्गले छोएको छ भने उत्तर र पूर्वमा कालीगण्डकी कोरीडोर सडकमार्गले छोएको छ । यसैगरी दक्षिणमा रामपुर जाने सडकले छोएको छ।

यस गा.पा.को सवैभन्दा अग्लो ठाउं रिमिघाको लेक १७८९ मिटरमा पर्दछ भने सवैभन्दा होचो भाग कालीगण्डकीको किनार हुंगीमा पर्दछ, जो ३३२ मिटर रहेको छ । यो गाउँपालिकाको उत्तर तथा दक्षिणमा ठूल्ठूला खेतीयोग्य फांटहरु जस्तै हुंगी फांट, माडी फांट, फूरुड्दी फांट र अंगाहाखोला फांट पर्दछन भने पहाडी अग्ला ठांउहरुमा ताहुं, भरोकेदी, रानीवास, घोडसिङ जस्ता ठाउंहरु पर्दछन् । यसले गर्दा यस पालिकामा फरकफरक हावापानी पाइन्छ ।

भौगोलिक विविधता भएको कारण यहाँको हावापानी उचाई तथा समय अनुरुप फरक फरक छ। साधारणतया जेठको अन्त्यमा र असार देखि भाद महिनासम्म मनसुनको प्रभावले वर्षा हुन्छ भने पुष माघ तिर उत्तरी वायुको प्रभावले फाटफुट बर्षा हुने गरेको पाइन्छ । यस क्षेत्रको तापक्रम गर्मीमा ४० डिग्री सेल्सियससम्म रहने र जाडोमा न्यूनतम ६.५ डिग्रीसम्म अर्थात् औसतमा २२ डिग्री सेल्सियस रहने गरेको छ। यहाँको औषत वार्षिक वर्षा २२०० मि.लि. रहेको छ। यहां जाडो महिनामा खासगरी कालीगण्डकी बस्तीमा बाक्लो कुहिरो लाग्नुको साथै बिहानै घाम लागेर घमाइलो हुने र गर्मीको समयमा भने केही गर्मी अनुभव हुने गर्दछ। पहाडी भागमा अवस्थित भएको हुनाले यस गाउंपालिकाको हावापानी समशितोष्ण रहेको छ।

*तालिका १: वडाको भौगोलिक अवस्थिति*

| वडा | समावेस भएका साविकका गाविसहरू | क्षेत्रफल (वर्ग कि.मि.) | प्रतिशत |
|---|---|---|---|
| १ | हुँगी | २४.४५४ | **२५.९८** |
| २ | फोक्सिङकोट | २१.८०१ | **२३.१६** |
| ३ | पिपलडाँडा | २२.२४८ | **२३.६४** |
| ४ | हुमिन | ११.७७९ | **१२.५१** |

| वडा | समाबेस भएका साविकका गाविसहरू | क्षेत्रफल (वर्ग कि.मि.) | प्रतिशत |
|---|---|---|---|
| ५ | ताहूँ | १३.८४१ | १४.७१ |
| जम्मा | | ९४.१२३ | १००.०० |

*स्रोतः नापी विभाग जिआइएस नक्सा*

क्षेत्रफलका आधारमा गाउँपालिकाको सबै भन्दा ठूलो वडा नं. १ को क्षेत्रफल २४.४५ वर्ग कि.मि. छ भने सबै भन्दा सानो वडा नं. ४ को क्षेत्रफल ११.७८ वर्ग कि.मि. रहेको छ ।

### २.१.२ जनसांख्यिक अवस्था


राष्ट्रिय जनगणना २०७८ बमोजिम गाउँपालिकाको कूल जनसङ्ख्या १७१५५ जना रहेको छ जसमध्ये महिला जनसङ्ख्या  महिला ९६३० (५६.१ प्रतिशत) र पुरुष जनसङ्ख्या  पुरुष ७५२५ (४३.९ प्रतिशत)रहेको छ । त्यसैगरी गाउँपालिकामा कूल घर परिवारहरू ४,६८९ रहेको छ । रम्भा गाउँपालिकाको जनघनत्व १८२ मानिस प्रति वर्ग किलोमिटर छ भने लैङ्गिक अनुपात ७८.१४ पुरुष प्रति १०० महिला रहेको छ । गाउँपालिकाको औसत घरधूरी आकार ३.७ छ । गाउँपालिकाका सबै वडामध्ये सबभन्दा बढी जनसङ्ख्या वडा नं. १ (५११२) मा रहेको छ भने, वडा नं. ४ (१७८६) मा सबैभन्दा कम जनसङ्ख्या छ । यस गाउँपालिकाको कूल जनसङ्ख्याको ३.६ प्रतिशतमा अपाङ्गता रहेकोमा पुरुष ४.१ प्रतिशत र महिला ३.१ प्रतिशत रहेको छ (राष्ट्रिय जनगणना, २०७८)।

*तालिका २: जनसङ्ख्याको वडागत वितरणको अवस्था*

| वडा नम्बर | घरधूरी | जम्मा | पुरुष | महिला | औसत परिवार | लैङ्गिक अनुपात |
|---|---|---|---|---|---|---|
| १ | १३७७ | ५११२ | २२८८ | २८२४ | ३.७१ | ८१.०२ |
| २ | ७०५ | २६२४ | ११०३ | १५२१ | ३.७२ | ७२.५२ |
| ३ | ११९८ | ४४२२ | १९६५ | २४५७ | ३.६९ | ७९.९८ |
| ४ | ५०४ | १७८६ | ८०६ | ९८० | ३.५४ | ८२.२४ |
| ५ | ९०५ | ३२११ | १३६३ | १८४८ | ३.५५ | ७३.७६ |
| **जम्मा** | **४६८९** | **१७१५५** | **७५२५** | **९६३०** | **३.६६** | **७८.१४** |

*स्रोतः राष्ट्रिय जनगणना, २०७८*

गाउँपालिकामा आर्थिक रूपले सक्रिय जनसङ्ख्या (१५ देखि ५९ वर्ष उमेर समूहको जनसङ्ख्या) कुल जनसङ्ख्याको **५७.७६ प्रतिशत** छ । यो उमेर समूहलाई गाउँपालिकाले विशेष योजनाका साथ कृषि तथा पर्यटन जस्ता आर्थिक उत्पादनको क्षेत्रमा लगाउन सक्दछ । यसबाट वैदेशिक रोजगारीका लागि आर्थिक रूपले सक्रिय जनशक्ति पलायन हुनबाट रोकी गाउँपालिका विकासमा ठूलो फड्को मार्न सकिने अवसर रहेको छ । उच्च उत्पादन र उत्पादकत्वलाई प्राप्त गर्न चाहिने प्राविधिक सीप र ज्ञान भएको मानव संसाधन विकास मार्फत नयाँ प्रविधिको अन्वेषण गरी उत्पादन प्रक्रियालाई वैज्ञानिक, र प्रभावकारी बनाउन सकिन्छ । गाउँपालिकाको समृद्धिका प्रमुख क्षेत्रका रूपमा रहेका पर्यटन, आधुनिक कृषि तथा पशुपालन र सूचना प्रविधिसँग सम्बन्धित विषयमा विश्व विद्यालयस्तरको शैक्षिक संस्थाको विकास गरी जनसांख्यिक लाभ लिन सकिन्छ ।




*तालिका ३: गाउँपालिका उमेर समूह अनुसारको जनसङ्ख्या विवरण*

| उमेर समूह | पुरुष | महिला | जम्मा | प्रतिशत |
|---|---|---|---|---|
| ००-०४ | ६८२ | ५८१ | १२६३ | ७.३६ |
| ०५-०९ | ७३३ | ७१९ | १४५२ | ८.४६ |
| १०-१४ | ६७८ | ७३५ | १४१३ | ८.२४ |
| १५-१९ | ७८१ | ८४२ | १६२३ | ९.४६ |
| २०-२४ | ५८५ | ८३० | १४१५ | ८.२५ |
| २५-२९ | ४८० | ९०६ | १३८६ | ८.०८ |
| ३०-३४ | ४७७ | ७२४ | १२०१ | ७.०० |
| ३५-३९ | ४०३ | ६२४ | १०२७ | ५.९९ |
| ४०-४४ | ३५८ | ५४३ | ९०१ | ५.२५ |
| ४५-४९ | ३६२ | ५४३ | ९०५ | ५.२८ |
| ५०-५४ | ४३० | ६५७ | १०८७ | ६.३४ |
| ५५-५९ | ३९४ | ४९० | ८८४ | ५.१५ |
| ६०-६४ | ३९३ | ४४३ | ८३६ | ४.८७ |
| ६५-६९ | २९७ | ३८७ | ६८४ | ३.९९ |
| ७०-७४ | २३१ | २८५ | ५१६ | ३.०१ |
| ७५-७९ | १३४ | १८४ | ३१८ | १.८५ |

| उमेर समूह | पुरुष | महिला | जम्मा | प्रतिशत |
|---|---|---|---|---|
| ८०-८४ | ६४ | ८३ | १४७ | ०.८६ |
| ८५-८९ | २८ | २९ | ५७ | ०.३३ |
| ९०-९४ | १० | २० | ३० | ०.१७ |
| ९५+ | ५ | ५ | १० | ०.०६ |
| **जम्मा** | **७५२५** | **९६३०** | **१७१५५** | **१००.००** |


*स्रोतः राष्ट्रिय जनगणना, २०७८*

## २.१.३ गाउँपालिकाको भू-उपयोग स्थिति

गाउँपालिकाको भू-उपयोग स्थितिको तथ्याङ्कलाई आधार मान्ने हो भने यहाँको कूल ९४.१२ वर्ग कि.मि. क्षेत्रफल मध्ये सबैभन्दा बढी कृषि योग्य क्षेत्रले ५६.५९ प्रतिशत भाग ओगटेको छ भने वन/जङ्गल जमिनले ३९.२४ प्रतिशत जमिन ओगटेको देखिन्छ । त्यसैगरी १.०१ प्रतिशत आवासीय क्षेत्र, १.४४ प्रतिशत जमिन सार्वजनिक क्षेत्र र १.६५ प्रतिशत भू-भाग नदी नाला तथा ताल तलैया लगायतका क्षेत्रले ओगटेको छ । गाउँपालिकामा जमिन सांस्कृतिक तथा पुरातात्विक क्षेत्रको पनि उल्लेख्य रहेको छ ।

| क्र.स | जमिनको प्रकार | क्षेत्रफल (वर्ग कि.मि.) | प्रतिशत |
|---|---|---|---|
| १ | खेती योग्य | ५३.२६४ | ५६.५९० |
| २ | व्यापारिक क्षेत्र | ०.०२० | ०.०२१ |
| ३ | सांस्कृतिक तथा पुरातात्विक क्षेत्र | ०.००१ | ०.००१ |
| ४ | वन जङ्गल | ३६.९३५ | ३९.२४१ |
| ५ | नदी, खोला नाला तथा ताल तलैया क्षेत्र | १.५५० | १.६४७ |
| ६ | अन्य | ०.०५३ | ०.०५६ |
| ७ | सार्वजनिक जमिन | १.३५१ | १.४३५ |
| ८ | आवासीय क्षेत्र | ०.९५० | १.०१० |
| **जम्मा** | | **९४.१२३** | **१००.००** |

*स्रोतः नापी विभाग/जिआइएस नक्सा*




पहाडी जिल्ला अन्तर्गत रहेको यस क्षेत्रमा धरातलीय स्वरूपका हिसाबले भीर, पाखा तथा समथर जमिन गरी विविधतायुक्त धरातलीय अवस्थिति रहेको छ । राष्ट्रिय नीतिहरू तथा भू—उपयोग ऐन २०७६ बमोजिम तथा गाउँपालिकाको आन्तरिक आवश्यकतालाई मध्यनजर गर्दै भूमि तथा भूमिमा हुने सम्पूर्ण गतिविधिको व्यवस्थित र वैज्ञानिक उपयोग सुनिश्चितताको लागि गाउँपालिकाले भू—उपयोग योजना तयार पारी कार्यान्वयनमा जोड दिनुपर्ने आवश्यकता देखिन्छ।

## २.२ आर्थिक विकासको अवस्था


### २.२.१ कृषि तथा खाद्य सुरक्षा

भुउपयोगका हिसावले गाउँपालिकामा करिब ५६.५९ प्रतिशत कृषियोग्य जमिन रहेको छ । रम्भा गाउँपालिकाबाट प्राप्त तथ्याङ्क अनुसार यस पालिकामा कृषि पेशामा संलग्न जनसंख्या करिब ८७.४१ प्रतिशत रहेको छ । गाउँपालिकामा कृषि सहकारी संस्था १० वटा र गाउँपालिकाको ११ प्रतिशत जनसंख्या कृषि सहकारीमा आवद्ध रहेका छन् । रम्भा गाउँपालिका भित्र व्यवसायिक कृषि तथा पशुपालन फर्म ११० वटा सञ्चालित छन् । गाउँपालिकामा कृषि तालिम लिएका कृषक करिब २४० रहेका छन् ।

गाउँपालिकाको करिब १९१३.४ हेक्टर जमिनमा प्रमुख खाद्यान्न (धान, मकै, गहुँ, कोदो, जौ,फापर) बालीको खेती हुने गरेको छ (राष्ट्रिय कृषि गणना २०७८) भने सो बालीको उत्पादकत्व ३.२ मे. टन प्रति हेक्टर रहेको छ । त्यसैगरी दलहनको उत्पादकत्व १.२ मे. टन प्रति हेक्टर, तेलहनको उत्पादकत्व १.१ मे. टन प्रति हेक्टर र आलु बालीको उत्पादकत्व १८ मे. टन प्रतिहेक्टर रहेको छ (कृषि शाखा) ।

राष्ट्रिय कृषि गणना २०७८ का अनुसार १९०८.७ हेक्टर खेतीयोग्य जमिन मध्ये २७.५९ प्रतिशत जमिनमा मात्रै सिंचाई सुविधा पुगेको छ भने करिब ३६.३ प्रतिशत कृषक परिवारले कृषि क्रियाकलापको लागि बिमा गरेका देखिन्छ । गाउँपालिकाको रोजगारमा संलग्न कूल १२२९० जनसङ्ख्याको ७८.१ प्रतिशत रोजगारी कृषिमा आधारित रहेको देखिन्छ जसमा पुरुषको हिस्सा ७०.५ प्रतिशत तथा महिलाको हिस्सा ८३.६ प्रतिशत छ (राष्ट्रिय जनगणना, २०७८)।

१० वर्ष भन्दा माथिको जनसङ्ख्यामा आर्थिक क्रियाकलापमा संलग्नता विवरण




*स्रोतः राष्ट्रिय जनगणना, २०७८*

यस क्षेत्रका अधिकांश मानिसहरुले कृषिलाई नै मुख्य पेशाको रुपमा अपनाइएको पाइन्छ। गाउँपालिकाले मासु र दूधमा आत्मनिर्भर गाउंपालिका बनाउनको लागि पशुपालक कृषकहरुलाई अनुदान वितरण गर्दै आएको छ। गाउँपालिकाको वडा नं ४ को हुमिनको वगचौरमा भैसी फर्म, वडा नं. २ को फोक्सीड्कोटमा वाखा फर्म र पिपलडांडा वडा नं ३ मेवाटारीमा बंगुर फर्म संचालित छ। यस क्षेत्रमा धान, गहुं मकै आलु र अन्य नगदेवालीको खेती प्रमुख रुपमा हुने गर्दछ। फलफूलतर्फ हुँगीमा आंप लिची केरा र कटहर आदीको राम्रो उत्पादन हुन्छ भने फोक्सीडकोटमा सुन्तला कागती अम्बा आदी बढी मात्रमा पाइन्छ । गाउँपालिकामा २५ मे.ट क्षमताको शित भण्डार समेत रहेको छ ।

कृषक र नागरिकलाई कृषि तथा पशुपालन सम्बन्धी परामर्श एवम् सेवा विकेन्द्रिकृत गर्ने उद्देश्यले गाउँपालिकामा पशु सेवा केन्द्र र कृषि सेवा केन्द्र संचालित छन् । कृषि प्राविधिक र पशु प्राविधिकको सेवालाई कार्यालयको कक्षमा कम, जनताको घर दैलोमा बढी खटाइनेछ निति अनुसार गाउँपालिकाले प्राविधिक हरुलाई कृषि/पशुपंक्षी पालन फर्म/व्यवसायको फिल्डमा खटाइने गरिएको छ । एक वडा, एक प्राविधिकको अवधारणासाई संस्थागत गरिएको छ ।

स्थानीय अर्थतन्त्रमा आँप लिची केरा तथा सुन्तला र अमिलो जातको फलफलको उल्लेख्य उत्पादन रहेको, अदुवा, हलेदो जस्ता नगदेबाली उत्पादन रहेको, बाखा, कुखुरा हाँस जस्ता पशुपंक्षीपालन र उत्पादन क्षेत्र रहेको, नदी बेंसीका उर्वर भूमि र सिंचित क्षेत्र रहेको, बैंक र सहकारीको सेवा उपलब्ध रहेको, करिब डेढ दर्जन ऐतिहासिक, साँस्कृतिक र पर्यटकीय स्थलहरू सहित संभाव्य बजार क्षेत्र रहेको छ । कृषिमा आकर्षण बढाउन गाउँपालिकाले मिनि टिलर, मौरी घार, मकैको विऊ वितरण, फलफुलका बिरुवा वितरण, तालिम कार्यक्रम, कृषक पाठशाला सञ्चालन, साना सिंचाई कार्यक्रम, माटो परीक्षण, कार्यक्रम, उत्पादनमा आधारित अनुदान वितरण गरेको छ। त्यस्तै कृषकहरुलाई कृषि औजार तथा बीऊ बिरुवा र कृषि जन्य सामग्रीमा ५० प्रतिशत अनुदानको व्यवस्था गरेको छ ।

### २.२.२ पर्यटन तथा संस्कृति

नेपाल सरकारद्वारा घोषणा गरिएको एक सय प्रमुख पर्यटकीय गन्तव्यहरूमध्ये, रम्भा गाउँपालिका–५ मा अवस्थित प्रसिद्ध धार्मिक शक्तिपीठ "रम्भादेवी" पनि एक महत्वपूर्ण गन्तव्यका रूपमा पर्दछ। पाल्पा जिल्लाको प्रमुख उच्च भूभागमध्ये पर्ने "रिमिघा लेक" ऐतिहासिक, धार्मिक र प्राकृतिक महत्वका दृष्टिले अत्यन्त विशिष्ट गन्तव्य हो। साथै, विश्वमा एक मात्र शालिग्राम पाइने कालीगण्डकी नदी यही गाउँपालिका भएर बगेको छ । नेपालमै पहिलोपटक अंग्रेजी र संस्कृत दुबै माध्यमबाट शिक्षा प्रदान गर्ने "कालीगण्डकी गुरुकुलम विद्यालय" पनि गाउँपालिकाको शैक्षिक पर्यटनलाई समेत प्रवर्द्धन गरेको छ ।

गाउँपालिकाभित्र रहेका राधा माधव मन्दिर, लक्ष्मीनारायण मन्दिर, रमणेश्वर महादेव, लक्ष्मीनारायणधाम, जल्पादेवी मन्दिर, मौलादेवी मन्दिर, नवदुर्गा मन्दिर तथा करिब ३८ मिटर लामो प्राकृतिक संरचना "जोगी गुफा" आदि धार्मिक, ऐतिहासिक र सांस्कृतिक दृष्टिले अत्यन्त महत्वपूर्ण सम्पदाहरू हुन् ।

गाउँपालिका भित्र पर्यटन गन्तव्यको रुपमा लुप्च डाँडा, नाचन डाँडा, रिमिघा लेक, सती ढुङ्गा, बाकुम गढी, क्यामेल हिल, कराउने पहाड, दरबार हाता लगायतका एतिहासिक पर्यटकीय स्थलहरु रहेका छन् । त्यसैगरी, सहासिक पर्यटकीय गन्तव्यको रुपमा लुप्च डाँडामा प्याराग्लाइडिङका साथै सूर्योदय र सूर्यास्त दुवै अवलोकन गर्ने सकिने अनुपम स्थल समेत रहेका छ । गाउँपालिकामा मगर संस्कृति सहितको रानीबास, रानाटोल, रैयाटोलमा सामुदायिक होमस्टे संचालनमा छन ।

यसका अतिरिक्त, पर्याप्त जलस्रोतको उपयोग गर्दै जलाशय निर्माण, जलयात्रा सञ्चालन, सिंचाइ आयोजनाको विस्तार, काष्ठ उद्योगको प्रवर्द्धन, सामुदायिक वनको विकास तथा जडीबुटीहरूको पहिचान र आयुर्वेदिक औषधि उत्पादन जस्ता विविध आय–आर्जनमुखी गतिविधिहरूको विकास गरी आर्थिक संगै पर्यटन क्षेत्रमा समेत समृद्धि गर्न सकिने प्रबल सम्भावना देखिन्छ।

### २.२.३ उद्योग, व्यापार, व्यवसाय र आपूर्ति

यस गाउँपालिकामा उद्योग व्यापार तथा व्यवसाय मुख्यतः कृषिमा आधारित रहेको छ ।गाउँपालिकामा उद्योग व्यापार व्यावसायहरू खासै धेरै मात्रामा देखिदैन्न । गाउँपालिकामा कृषि क्षेत्रको तुलनामा गैह्र कृषि क्षेत्रबाट प्राप्त हुने रोजगारी निकै कम रहेको देखिन्छ । करिब **२२ प्रतिशत**को हाराहारीले मात्रै गैह्र कृषिमा आधारित रोजगारी गरेका देखिन्छन् । कृषि योग्य जमिनको उपलब्धता, कृषि तथा वनजन्य कच्चा पदार्थहरूको उपलब्धता, परम्परागत तथा जातिगत सीप, कौशल, पर्यटकीय महत्त्वका स्थलहरूको उपलब्धता लगायतका विभिन्न कारणले

गाउँपालिकामा कृषि तथा स्थानीय परम्परा र सीपमा आधारित उद्योगहरूको विकासको राम्रो सम्भावना रहेको छ । मासु, दूग्धजन्य तथा कृषिजन्य र बनपैदावरमा आधारित साना व्यवसायहरू पनि सञ्चालनमा रहेका छन्।


गाउँपालिकामा प्राकृतिक स्रोतसाधन सँग सम्वन्धित टपरी उद्योग, समिल, फर्निचर, खानी, सेवा प्रवाह सँग सम्बन्धित आवासीय होटल, रेष्टुरेन्ट, चिया र खाजा पसल, पर्यटन प्रर्वदन गर्ने व्यवसाय, निर्माण सेवा उद्योग, सूचना तथा सञ्चार सेवा, मनोरञ्जन तथा साँस्कृतिक र खेलकुद सेवा, सार्वजनिक परिवहन अन्तर्गत ढुवानी सेवा, मोवाइल टेलिफोन सेवा, यातायात सेवा, दैनिक उपभोग्य वस्तुको उत्पादन तथा विक्रीवितरण सँग सम्वन्धित कुटानी पिसानी मिल, तरकारी फर्म, दूग्ध जन्य पदार्थ उत्पादन तथा गार्मेन्ट जस्ता उद्योगहरू, मेसिनरी सामान निर्माण मर्मत र विक्री सम्वन्धि ग्यारेजहरू, फार्मेसी, कृषि तथा पशु स्वास्थ्य फर्म, स्वास्थ्य तथा सामाजिक सेवा, क्लिनिक र सिप सिकाउने तालिम केन्द्र, प्रशिक्षण केन्द्र, सिलाईकटाई सेन्टर लगायतका उद्योग सञ्चालित छन् ।

यस गाउँपालिकामा वडास्तरमा बजार केन्द्रहरु विस्तार हुने क्रममा रहेको छ । यस्ता बजारहरूबाट विशेषगरी खाद्यान्न, खुद्रा, भाँडा, हार्डवयरका सामग्री, कपडा, स्टेशनरी तथा मासु लगायतका वस्तुहरूको कारोबार हुने गरेको छ । हाल उद्योग व्यापार र व्यवसायीहरू, पाल्पा, पोखरा, बुटवल, नारायणगढ तथा तराईका अन्य जिल्लाहरूमा क्रमशः पलायन हुँदै गएकाले रम्भा गाउँपालिकाको व्यापार व्यवसाय घट्दै गएको आकलन गर्न सकिन्छ ।

### २.२.४ आम्दानी र रोजगारी

गाउँपालिकाको १० वर्ष माथिको कूल जनसङ्ख्या मध्ये **७४.२ प्रतिशत** आर्थिक क्रियाकलापमा सक्रिय जनसङ्ख्या रहेकोमा **२५.८ प्रतिशत** जनसङ्ख्या आर्थिक क्रियाकलापमा निष्क्रिय रहेको देखिन्छ । उपलब्ध तथ्याङ्क अनुसार गाउँपालिकाको करिब **१४.७ प्रतिशत** जनसङ्ख्या वैदेशिक रोजगारीमा संलग्न छ (राष्ट्रिय जनगणना, २०७८) । आर्थिक रूपमा सक्रिय जनशक्तिलाई स्थानीय स्तरमा पर्याप्त रोजगारीको अवसर प्राप्त नहुँदा यस गाउँपालिकाबाट वैदेशिक रोजगारमा जाने प्रवृत्ति बढ्दो छ । हालको बेरोजगारीको सङ्ख्या घटाई वार्षिक रूपमा पर्यटन, कृषि, पशुपालन, व्यापार व्यवसाय उद्योगबाट आम्दानीको वृद्धि गर्नु आवश्यक देखिन्छ । साथै विप्रेषणबाट प्राप्त आम्दानीलाई उत्पादनशील क्षेत्रमा लगानी गर्न गाउँपालिकासँग स्पष्ट नीतिको आवश्यकता छ ।


आर्थिक रुपमा सक्रिय रहेका व्यक्तिहरुको आर्थिक क्रियाकलापमा सक्रियताको अवस्था अनुसारको जनसंख्या




*स्रोत: राष्ट्रिय जनगणना, २०७८*

गाउँपालिकामा १० वर्ष माथिको प्रायजसो काममा सक्रिय रहने जनसङ्ख्या मध्ये करिब ९६.६ प्रतिशत रोजगारीमा सम्लग्न रहेको र ३.४ प्रतिशत बेरोजगार रहेको देखिन्छ ।

आर्थिक रुपमा सक्रिय व्यक्तिहरुको रोजगारीको अवस्था अनुसारको जनसंख्या




*स्रोत: राष्ट्रिय जनगणना, २०७८*

परम्परागत प्रविधिमा आवश्यक सुधार गरी प्राप्त स्थानीय पहिचानमूलक उत्पादनको स्तर सुधार र व्यवसायीकरण मार्फत गाउँपालिकाले समुन्नति हासिल गर्नमा योगदान दिन सक्ने स्तरमा पुर्‍याउनु आवश्यक छ । स्थानीय उत्पादन वृद्धि र सबै किसिमका स्थानीय उत्पादनमा पहिचान झल्कने गरी ब्राण्डीङ गरी पहिचानमूलक उत्पादनका आधारमा समृद्धि हासिल गर्न गाउँपालिका प्रयासरत रहेको छ ।

गाउँपालिकामा विभिन्न साझेदार संस्थाहरुसंग सहकार्य गरी विभिन्न सीपमूलक तालिमहरु सञ्चालन गरिएका छन् । वाख्रापालन तालिम, टपरी वनउने, व्युटिसियन, सिलाई कटाई, बाँस तथा चोया चित्राका सामान बनाउने तालिम, कम्प्युटर हार्डवेयर, मोटरसाईकल तथा गाडी मर्मत, मोवाईल मर्मत, हाते ट्याक्टर मर्मत लगायतका तालिममा सहाभागी गराइ सीपयुक्त जनशक्ति उत्पादन गरिएको छ।

## २.२.५ वित्तीय संस्था

यस गाउंपालिकामा कृषी सहकारी, बचत तथा ऋण सहकारी र महिला सहकारी गरी **२१ वटा** सहकारीहरु संचालनमा रहेका छन् यीनै वित्तीय संस्थाले गाउँमा वित्तीय कारोबारमा सहजता थपेका छन् । गाउँपालिकाको आर्थिक तथा सामाजिक विकासमा सहकारी संस्थाको भूमिका महत्त्वपूर्ण रहेको छ । स्थानीय स्तरको बचतलाई गाउँपालिकाका बाहिर जानबाट रोकी स्थानीय क्षेत्रमा नै लगानी गरी स्थानीय आर्थिक विकासमा सहकारीको महत्त्वपूर्ण भूमिका रहेको हुन्छ । सहकारी संस्थाहरूले गाउँपालिकामा उद्योग व्यापार क्षेत्रमा लगानी गर्ने उद्देश्यका साथ स्थापना भएका यी सहकारी संस्थाहरूले बचत तथा ऋण, कृषि पशुपालन तथा दुग्ध बहूद्देश्यीय आदि प्रकृतिका सहकारी संस्थाहरूबाट कर्जा लगानी गर्ने गरेका छन् ।

बैंकिङ्ग लगानी कृषि, पशुपालन, उद्योग, पर्यटन तथा उद्यम व्यवसायमा लगाई रोजगारी र उत्पादन वृद्धि गर्नका लागि सहकारीको विकासलाई गाउँपालिकाले प्राथमिकतामा राखेको छ। त्यसका लागि कृषि क्षेत्रमा बैंकिङ्ग लगानी वृद्धि गर्न पैरवी गर्ने, वित्तीय साक्षरताका कार्यक्रमहरु सञ्चालन गर्ने, सहकारीहरुको संस्थागत विकास र क्षमता सुदृढिकरणमा जोड दिएको छ । ऋण प्रवाह, धितो मूल्याङ्कन जस्ता विषयहरूमा बैङ्कहरूको आफ्नै विविध प्रावधानबाट ग्रामीण वडाबासीहरू ऋण सुविधाबाट लाभान्वित हुन सकिरहेका छैनन् । गाउँपालिकास्तरको धितोबाट आवश्यकता अनुसार बैङ्कबाट ऋण प्राप्त हुन सकिरहेको छैन । त्यसैगरी परियोजनामा आधारित ऋण र सामूहिक जमानीमा ऋण प्रदान गर्ने नीति पनि सहकारीहरूमा छैन । यसर्थ पर्याप्त पूँजीको अभाव एवं ऋण व्यवस्था हुन नसकेका कारणबाट पनि सीपयुक्त जनशक्तिहरूले उद्योग व्यवसाय स्थापना गर्न र पूँजी भएकाहरूले पनि व्यवसाय विस्तार गर्न सकिरहेका छैनन् । सहकारी संस्थाहरूमा सदस्यको हैसियतबाट तुलनात्मक रूपमा धितो बिना पनि ऋण सुविधा सहज भएपनि आवश्यकता अनुसार ऋण प्रदान गर्न सक्ने हैसियतको विकास हुन सकिरहेको छैन ।

## २.३ सामाजिक विकासको अवस्था

### २.३.१ स्वास्थ्य तथा पोषण

गाउँपालिकाको स्वास्थ्य सेवाका लागि एउटा प्राथमिक उपचार केन्द्र, ४ वटा स्वास्थ्य चौकी, ५ वटा बर्थिङ सेन्टर, ८ वटा स्वास्थ्य एकाइ, २ वटा आयुर्वेद रहेका छन् भने ४६ महिला स्वास्थ्य स्वयंसेविका मार्फत स्वास्थ्य सेवा उपलब्ध भइरहेको छ । कूल ५२ जना मध्यम स्तरको स्वास्थ्य कार्यकर्ता कार्यरत गाउँपालिकामा संस्थागत सुत्केरी सेवाको दायरा सत् प्रतिशत पुगेको तथ्याङ्कले देखाउँछ । गर्भावस्थाको परीक्षण सत् प्रतिशत रहेको यस गाउँपालिकामा ५ वर्ष मुनिको वाल मृत्युदर (प्रति हजार जीवित जन्ममा), शिशु मृत्युदर (प्रति हजार जीवित जन्ममा), नवजात शिशु मृत्युदर (प्रति हजार जीवित जन्ममा) शून्य रहेको तथा पूर्ण खोपको पहुँच सत् प्रतिशत रहेको छ । त्यसैगरी, गाउँपालिकाका सबै वडाका सत् प्रतिशत बालबालिकालाई भिटामिन ए खुवाउने व्यवस्था मिलाइएको देखिन्छ ।

गाउँपालिकाले स्वास्थ्य सेवा सुधार तथा सबै गाउँपालिकाबासी माझ स्वास्थ्य सेवाको पहुँच पुऱ्याउन स्वास्थ्य सम्बन्धी विभिन्न कार्यक्रम आफ्नो वार्षिक नीति तथा कार्यक्रममा प्राथमिकताका साथ समावेश गर्दै आएको छ । केन्द्रले दिएको स्थानीय अधिकार प्रयोग गरी गाउँपालिकाले ताँहु प्राथमिक उपचार केन्द्रमा मेडिकल अधिकृत सहितको सेवा उपलब्ध गराएको छ ।

गाउँपालिकामा मुख्य गरी झाडापखाला, निमोनिया, ग्यास्ट्रिक तथा उच्चा रक्तचाप जस्ता प्रमुख रोगको रूपमा देखिएको छ । आधारभूत स्वास्थ्य सेवालाई चुस्त र दुरूस्त बनाउनको लागि शाखाबाट औषधी खरिद, रिक्त दरबन्दीमा कर्मचारी भर्ना, कर्मचारीहरूलाई तालिममा सहभागी, विभिन्न कार्यक्रमहरूको समीक्षा, स्वास्थ्य शिविर लगायत कार्यहरू गर्दै आइरहेको छ । गाउँपालिकाबासीका लागि सुलभ स्वास्थ्य सेवाको उद्देश्य पुरा गर्न र आकस्मिक महामारीलाई समेत व्यवस्थापन गर्न स्वास्थ्य संस्थाहरू सुदृढीकरण, हाल सञ्चालित अस्पताललाई व्यवस्थापन गरी स्वास्थ्यकर्मीहरूको प्रभावकारी परिचालनको लागि स्वास्थ्य नीति तयार गरी लागु गर्नुपर्ने देखिएको छ ।


स्वास्थ्य चौकी र बर्थिङ सेन्टरमा आवश्यक कोठा सहितको भवन लगायतका पूर्वाधार तथा समाग्री र बिरामीलाई स्वास्थ्य संस्थामा समयमै लैजान ३ वटा एम्बुलेन्सको व्यवस्था गरिएको छ । स्वास्थ्य संस्थामा स्वास्थ्यकर्मीको

नियमित उपस्थिति गराउने, प्रयाप्त औषधीको व्यवस्था गर्ने, घरमा सुत्केरी हुने प्रथालाई कम गर्ने, रोग लुकाउने प्रवृतिलाई निरुत्साहित गर्ने र परिवार नियोजनको साधनको उपयोगमा संकुचित हटाउने जस्ता कार्यहरू गर्नुपर्ने देखिन्छ । यसै गरी बालबालिकाको नियमित रुपमा वृद्धि अनुगमन गरी कुपोषित वालबालिकाको थप हेरचाह गर्नुपर्ने अवस्था रहेको छ । खानपानमा पौष्टिकताको ख्याल गर्ने, सरसफाईमा आनीबानी परिवर्तन गर्न तथा धुम्रपान र मद्यपानको कुलतलाई कम गर्न पनि कार्यक्रमहरू आवश्यक देखिन्छ । स्वास्थ्य संस्थामा दरबन्दी अनुसारको जनशक्ति रिक्त भएकोले दक्ष जनशक्तिको पदपूर्ति गर्नुपर्ने देखिन्छ । स्थानीयस्तरमा चिकित्सक/विशेषज्ञ सेवाको उपलब्धता नभएका कारण रामपुर अस्पताल तथा तानसेन लगायतका अन्यत्रका स्वास्थ्य संस्थाहरूमा जानुपर्ने अवस्थालाई समेत भविश्यमा सम्वोधन गर्नु पर्ने देखिन्छ । स्वास्थ्य विमाको अभ्यासलाई बढाउन पर्ने देखिन्छ। पाँच वर्ष मुनिका बालबालिकाको वृद्धि अनुगमनका गर्दा अझैपनि केही बालबालिका कुपोषित देखिएको छ । आहार सम्बन्धी चेतना तथा खाद्य सुरक्षाको गतिविधी पनि त्यतिकै आवश्यक छ ।

## २.३.२ शैक्षिक विकास

गाउँपालिकाको ५ वर्ष माथिको जनसङ्ख्याको साक्षरता दर ७८.७ प्रतिशत रहेकोमा पुरुषको साक्षरता ८७ प्रतिशत र महिलाको ७२.४ प्रतिशत रहेको छ (राष्ट्रिय जनगणना, २०७८)।

५ वर्ष माथिको जनसङ्ख्याको साक्षरताको अवस्था





*स्रोतः राष्ट्रिय जनगणना, २०७८*

गाउँपालिकामा ३६ वटा सामुदायिक विद्यालय छन् भने ४ वटा संस्थागत विद्यालय रहेको छ । गाउँपालिकामा एउटा सस्कृत गुरुकुलम विद्यालय रहेको छ । गाउँपालिका भित्रका सबै सामुदायिक विद्यालयमा क्षमता भन्दा कम बालबालिका अध्ययन गरिरहेका छन् । माध्यामिक तह (९-१२) मा खुद भर्ना दर ७६.५ आधारभूत तह (१-८) मा कुल भर्ना दर १०६, आधारभूत तह (१-८) मा खुद भर्ना दर ९६.७ रहेको छ ।

गाउँपालिकामा ५ वर्ष देखि २५ वर्ष सम्मको जनसङ्ख्याको हालको शैक्षिक अवस्था विश्लेषण गर्दा हाल अध्ययनरत ७५.७ प्रतिशत रहेकोमा पहिल्यै विद्यालय गएको अर्थात् हाल अध्ययन कार्यमा संलग्न नरहेको २२.९ प्रतिशत र कहिल्यै विद्यालय नगएको १.४ प्रतिशत रहेको छ (राष्ट्रिय जनगणना, २०७८) ।

५ वर्ष देखि २५ वर्ष सम्मको जनसङ्ख्याको हालको शैक्षिक अवस्था





*स्रोत: राष्ट्रिय जनगणना, २०७८*

गाउँपालिकाले सामुदायिक विद्यालयमा बालबालिकाको पहुँच वृद्धि र टिकाउका लागि दिवा खाजा कार्यक्रम लागु भैरहेको छ भने अभिभावक शिक्षा र भर्ना अभियान कार्यक्रमलाई प्रभावकारी रूपमा सञ्चालन गरिएको छ । अंग्रेजी भाषाको सुधार गर्नका लागि अंग्रेजी माध्यमबाट पठनपाठन सुरुवात गरिएको छ । सबै बालबालिकाहरूको विद्यालयमा पहुँच र गुणस्तर सुधारका लागि प्रयास भएतापनि बालबालिकाको सिकाई उपलब्धि वृद्धि, शिक्षकको सीप र क्षमता कक्षा कोठामा पुऱ्याउने, पाठ्यक्रमका आधारमा शिक्षण सिकाइ क्रियाकलाप सञ्चालन गर्ने, शिक्षकको नियमित उपस्थिति, कक्षा समय सम्म शिक्षकलाई कक्षा कोठामा टिकाउने, पठनपाठनका सम्बन्धमा अभिभावक सचेतना बढाउने, विद्यालय व्यवस्थापन समिति, विद्यालय प्रशासन र शिक्षकहरूलाई क्षमता विकास गरी पारदर्शी र जबाफदेही बनाइ विद्यालय सुशासनको प्रत्याभूति दिने कार्यका लागि गाउँपालिकाबाट प्रयाप्त प्रयासहरू भएका छन् । गाउँपालिकाले आधारभूत तहका विद्यार्थीहरूको स्थानीय विषयवस्तु प्रतिको वुझाइ र ज्ञान वृद्धि तथा विकासका लागि आफ्नै स्थानीय पाठ्यक्रम विकास गरी लागु गरेको छ ।

### २.३.३ खानेपानी तथा सरसफाइ

गाउँपालिकामा रहेका कुल घरपरिवारहरू मध्ये ९९ प्रतिशत घरपरिवारको आधारभूत खानेपानीमा पहुँच रहेको तथ्याङ्कले देखाउँछ भने निजी तथा सामुदायिक धारा पाइपलाइनबाट वितरित खानेपानी उपभोग गर्ने घरधुरी सङ्ख्या पनि ९७ प्रतिशत रहेको छ । नागरिकलाई शुद्ध पिउने पानी उपलब्ध गराउन गाउँपालिकाले एक घर एक धाराको अभियान कार्यान्वयनको चरणमा पुगेको छ । गाउँपालिकाले खानेपानी, सरसफाई तथा स्वच्छता योजना तयार गरी कार्यान्वयन गरिरहेको छ ।


**खानेपानीको मुख्य श्रोतको आधारमा परिवार संख्या**





*स्रोतः राष्ट्रिय जनगणना, २०७८*

राष्ट्रिय जनगणना, २०७८ को तथ्याङ्कले सबैजसो परिवारले शौचालय प्रयोग गरेको देखिन्छ जसमध्ये गाउँपालिकामा रहेका कुल घरपरिवार (८९ प्रतिशत) परिवारहरूले सेप्टिट्याङ्की सहितको चर्पीको प्रयोग गरेका छन् भने ६.५ प्रतिशत परिवारले साधारण शौचालय प्रयोग गर्ने गरेका छन् । गाउँपालिकाका धेरैजसो भिडभाड हुने बजार तथा अन्य पर्यटकीय क्षेत्रमा सार्वजनिक शौचालयको आवश्यकता महसुस भइरहेको छ । पर्यटकीय क्षेत्रहरूमा सार्वजनिक सरसफाइको गुणस्तर वृद्धि गर्नुपर्ने आवश्यकता रहेको छ ।

**शौचालय सुविधा अनुसार परिवार संख्या**




*स्रोतः राष्ट्रिय जनगणना, २०७८*




गाउँपालिका कुहिने र नकुहिने फोहोर बेग्लाबेग्लै रूपमा सङ्कलन र व्यवस्थापनको खासै अभ्यास भएको देखिदैन तर पनि फोहर संकलनका लागि बजार क्षेत्रमा डस्टबिनहरूको प्रयोग गरीएको छ । गाउँपालिका बजार क्षेत्रमा प्लास्टिक झोला न्यूनिकरण लागि केही सचेतननाका प्रयासहरू भएको छ । स्वास्थ्य संस्थाबाट निस्कने अस्पताल जन्य फोहर, मानवजन्य फोहोरको वैज्ञानिक विसर्जन वा व्यवस्थापन र सरसफाइ क्षेत्रमा गाउँपालिकाले आगामी दिनमा विशेष कार्य गर्नुपर्ने देखिन्छ ।

## २.३.४ लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण

गाउँपालिका कृषिको उर्बरभूमिको रूपमा रहे पनि विगतमा केही सामाजिक असमानता तथा विभेदका कारण यस क्षेत्रका महिला, दलित, जनजाति, अल्पसङ्ख्यक वर्ग सामाजिक तथा आर्थिक रूपले पछाडि परेका छन् । सबै वर्ग तथा समुदायको सामाजिक न्याय, समानता, मानवअधिकार सहित सर्वाङ्गिण विकास गर्ने लक्ष्य तथा उद्देश्यका साथ लैङ्गिक समानता तथा समावेशीकरणलाई पालिकास्तरीय योजनाले समेट्दै लैजानु पर्छ ।

गाउँपालिकामा महिला दलित जनप्रतिनिधिको उपस्थिति, महिलामैत्री कानुन, महिला शिक्षक दरबन्दी, महिला संजाल विकास एवं महिलाहरूद्वारा सहकारी संस्था सञ्चालन जस्ता पक्षहरू राम्रा छन् । त्यसैगरी विद्यालयमा महिला शिक्षिकाको व्यवस्था, सुत्केरी जाँच व्यवस्था र वृद्ध भत्ताको व्यवस्था गरिएको छ । गाउँपालिकामा ०—१४ वर्ष उमेर समूहका करिब २४.०६ प्रतिशत बालबालिकाहरू रहेका छन् भने १५—२४ उमेर समुहका १७.७१ प्रतिशत किशोर किशोरी रहेका छन् भने ७० वर्ष माथि उमेर समूहका करिब ६.२८ प्रतिशत

जनसङ्ख्या रहेको छ । त्यस्तै कूल जनसङ्ख्याको ३.६ प्रतिशतमा अपाङ्गता रहेकोमा पुरुष ४.१ प्रतिशत र महिला ३.१ प्रतिशत रहेको छ (राष्ट्रिय जनगणना, २०७८)।

गाउँपालिकाका ७.८ प्रतिशत महिलाको घर तथा जग्गा दुबैमा स्वामित्व रहेको छ भने घरको मात्र स्वामित्व भएका महिला १.१ प्रतिशत रहेको छ (राष्ट्रिय जनगणना, २०७८) ।

यस गाउँपालिकामा सामाजिक समावेशीकरणको क्षेत्रमा हालका दिनमा सकारात्मक परिवर्तनहरू देखिएता पनि यथोचित पहल र सुधार हुन सकेको देखिदैन । पालिकास्तरमा लक्षित वर्गको संरचनागत पूर्वाधारको कमी रहेको छ। अपांग, दलित, जेष्ठ नागरिक तथा महिला हेर्ने सकारात्मक दृष्टिकोण नभएका कारण हिंसाजन्य घटना हुने गरेको देखिन्छ । लक्षित वर्गमा अधिकार र कर्तव्य सम्बन्धी चेतनाको कमी रहेको छ। महिलामा बहुकार्य बोझको अवस्था हालसम्म पनि विद्यमान रहेको छ । लक्षित वर्गको तालिम प्रभावकारी हुन नसक्दा आशातित सुधार हुन सकेको छैन। बाल विवाह, बालश्रम जस्ता सामाजिक अपराध पनि विद्यमान रहेका छन्। लक्षित वर्गमा आत्मनिर्भरता र आत्मविश्वासको कमी रहेका छ ।

महिला सशक्तिकरण कार्यक्रम मार्फत महिलाहरूको आर्थिक सामाजिक स्तरमा सुधार आएको छ। किशोर किशोरीहरूको लागि जीवन उपयोगी सिप मार्फत उनीहरूको बहुआयमिक विकासमा टेवा पुगेको छ। लैंगिक हिंसा विरुद्धको कार्यक्रम मार्फत महिला माथि हुने विभेदहरूलाई न्यूनीकरण भएको छ। ज्येष्ठ नागरिक कार्यक्रम मार्फत ज्येष्ठ नागरिकको अनुभवको सम्मान तथा ज्येष्ठ नागरिक माथि हुने दुर्व्यवहारको अन्त्य गर्ने कार्यक्रमहरू सञ्चालनमा ल्याइएका छन । अपांग अधिकार प्रवर्द्धन कार्यक्रम मार्फत अपांगता भएका व्यक्तिहरूको अधिकार सुनिश्चित गर्न विविध कार्यक्रम सञ्चालन गरिएका छन् । बाल क्लबको गठन गरी बाल अधिकारको सम्वर्द्धन गरी बालबालिकाहरूको अधिकार सुनिश्चित गर्ने कार्यका थालनी भएको छ । सुनौलो हजार दिनभित्र महिला तथा बालबालिकाहरूका लागि बहुक्षेत्रिय पोषण कार्यक्रम मार्फत पोषणमा सुधार ल्याउने कार्य भएको छ । महिलाहरूको संस्थागत विकास र सहभागिता मार्फत बचत गराई आर्थिक अवस्थामा सुधार ल्याउने कार्य सञ्चालनमा ल्याइएको छ ।

### २.३.५ युवा, खेलकुद तथा कला

व्यक्तिको शारीरिक तन्दुरूस्ती, सामाजिक र मानसिक पक्षको सन्तुलित विकासका लागि खेलकुदले महत्त्वपूर्ण भूमिका खेलेको हुन्छ । नागरिकलाई रोजगारको अवसर सिर्जना गर्न, खेल पर्यटनको माध्यमबाट दिगो विकासका शिक्षा, स्वास्थ्य, लैङ्गिक समानता तथा आर्थिक वृद्धि लगायतका लक्ष्यहरू हासिल गर्न गाउँपालिकास्तरमा खेलकुदको संस्थागत विकास एवम पूर्वाधार निर्माण गरी "सबैका लागि खेलकुद" अभियानलाई व्यवहारमा उतार्न जरूरी छ ।

यस गाउँपालिकाको कूल जनसङ्ख्याको करिब **४४.०३ प्रतिशत** जनसङ्ख्या युवा जनसङ्ख्या रहेको छ । त्यस्तै आर्थिक रूपले सक्रिय जनसङ्ख्याको करिब **१४.७ प्रतिशत** जनसङ्ख्या रोजगारीका लागि विदेशिएको देखिन्छ । खेलकुदको क्षेत्रमा यस गाउँपालिकामा क्रकेट, फुटबल खेलमा प्रतियोगिताहरु नहुने भएता पनि भलिवलमा निकै धेरै आकर्षण रहेको छ । खेलकुदको अभ्यासका लागि गाउँपालिकामा खेल मैदानहरु रहेको छ ।

सुविधा सम्पन्न खेल मैदान नरहेको, खेल प्रशिक्षकको व्यवस्था नभएको, खेलाडीको सम्मान गर्ने कार्य नगरिने प्रचलन र नियमित खेल आयोजना नहुने कारणले खेलकुदको विकास हुन सकेको छैन । यूवा वर्गमा स्थानीयस्तरमा रोजगार हुनु भन्दा वाह्य रोजगारीमा आकर्षण बढि हुनु, स्वरोजगारका अवसरमा कमीका कारण युवा पलायन विद्यमान रहेको छ । यूवा वेरोजगारीको समस्या यस क्षेत्रमा विद्यमान रहेको छ । यूवाहरूमा खेलप्रति आकर्षण भन्दा कुलतमा फस्ने बानी वढ्दै गइरहेको छ। खेलकुदको क्षेत्रमा संस्थागत विकास गरी यूवाहरूको सिर्जनात्मक व्यवहारमा अगाडी बढाउनु पर्ने देखिन्छ ।


यस गाउँपालिकामा बसोबास गर्ने विभिन्न जातजातिकाहरूको आफ्नै मौलिक संस्कृतिहरू छन् । धार्मिक तथा साँस्कृतिक विविधता र सहिष्णुता रहेको यस क्षेत्रमा बौद्ध तथा हिन्दु धर्मसँग सम्बन्धित विभिन्न धार्मिक सम्पदा रहेका छन् । सबै जातिहरूले आफ्नो संस्कृति अनुरूपका चाडपर्व निकै महत्त्व र उत्साहका साथ मनाउँदै आइरहेका छन् । विभिन्न जातजातिहरूको छुट्टै संस्कृतिहरू हुँदाहुँदै पनि एकअर्का प्रतिको धार्मिक तथा सांस्कृतिक सहिष्णुता यहाँको सुन्दर पक्ष हो । मगर समुदायको भाषा, सँस्कृतिको संरक्षण, कलाको विकास र विशेष गरी अल्पसंख्यक नागरिकहरूको संस्कृतिको संरक्षण र उत्थानमा गाउँपालिकाकाले विभिन्न किसिमका कार्यहरु गर्दै आएको छ ।

## २.४ पूर्वाधार तथा सहरी विकासको अवस्था


### २.४.१ बस्ती, आवास, भवन तथा सार्वजनिक निर्माण

नेपालको संविधानले अव्यवस्थित बसोबासलाई योजनाबद्ध पूर्ण पूर्वाधार वातावरणमैत्री तथा नागरिकको सुरक्षित आवासको हकलाई प्रत्याभूति गरेको छ । ग्रामीण चरित्रको जनसङ्ख्यालाई भूगोलको आधारमा शहरी परिभाषित गरिए पनि कार्यपद्धति र चरित्रको आधारमा अधिकांश शहरी जनसङ्ख्या ग्रामीण चरित्रको नै छ । रम्भा गाउँपालिकाले विपद् जोखिममा रहेका ग्रामीण घर परिवारलाई सुविधा सम्पन्न वातावरणमैत्री आवासको व्यवस्थापन र बिपन्न तथा बजारी क्षेत्रमा अनधिकृत अव्यवस्थित रुपले बसोबास गरेका परिवारलाई उचित व्यवस्था गर्न यस क्षेत्रलाई प्राथमिकतामा राखी कार्य गर्नुपर्ने आवश्यकता रहेको छ ।

गाउँपालिका कुल क्षेत्रफलको करिब १.०१ प्रतिशत जमिन आवासीय क्षेत्रले ओगटेको छ भने सार्वजनिक क्षेत्रमा करिब १.४३ प्रतिशत भूमि रहेको देखिन्छ । गाउँपालिकाका करिब ७ प्रतिशत घरहरू पक्की संरचनाका छन् भने गाउँपालिका भरी मापदण्ड बमोजिम निर्माण भएको भवनको संख्या निकै कम रहेको छ ।





## घरको स्वामित्व अनुसार परिवार संख्या




*स्रोतः राष्ट्रिय जनगणना, २०७८*

गाउँपालिकामा ९५.१ प्रतिशत मानिस आफ्नै घरमा बसोबास गरिरहेका छन् भने ४.१ प्रतिशत भाडाको घरमा बस्ने गरेकोमा संस्थागत संरचनामा बस्ने परिवारको संख्या निकै न्यून देखिन्छ (राष्ट्रिय जनगणना, २०७८)।

**घरको छानामा प्रयोग गरिएको सामग्रीअनुसार परिवार संख्या**





*स्रोतः राष्ट्रिय जनगणना, २०७८*

राष्ट्रिय जनगणना, २०७८ को नतिजा अनुसार कूल घरधुरी मध्ये १४.७ प्रतिशत घरधुरीको सिमन्ट ढलान प्रयोग गरिएको छाना छ । ८४.५ प्रतिशत घरधुरीमा जस्ताको छानो लगाइएको देखिन्छ ।

गाउँपालिकाले भवन निर्माण सम्वन्धमा सान्दर्भिक ऐन कानुन निर्माणको लागि सङ्घ तथा प्रदेशसँग समन्वय, मौजुदा ऐन, कानुन, मापदण्डलाई स्थानीय परिवेश सुहाउँदो गरी परिमार्जन/संशोधन, तथा आवश्यक ऐन कानुन निर्माण गर्ने योजना तय गरेको छ । पहाडी गाउँपालिका भएकोले, भौगोलिक जटिलतालाई र त्यसले निम्ताउन सक्ने प्रकोप तथा जोखिमलाई ध्यानमा राख्दै भवन निर्माण सम्बन्धी कानुन तथा मापदण्ड पनि स्थानीय परिवेशसँग मिल्दो बनाउन आवश्यक छ ।

### २.४.२ सडक, पुल तथा यातायात

रम्भा गाउँपालिका भित्र मुख्य गरेर चीन र भारतलाई जोड्ने उत्तर दक्षिण लोकमार्ग कालीगण्डकी कोरिडोर पर्दछ । यो सडक गाउँपालिका भित्र करिव २० कि.मी. वडा नं. ३ र १ को निकिचौर फाँट र हुँगी फाँट हुँदै गएको छ ।सिद्धार्थ राजमार्गको सुनौली-पोखरा सडक खण्ड पनि गाउँपालिकाको वडा नं. ३ को केही भाग भित्र पर्ने हुँदा यसले पनि गाउँपालिकाको यातायात पहूँच र विकासको सम्भावनालाई महत्व पूर्ण टेवा पुर्याएको छ । यस्तै गरी दक्षिण तर्फको उच्च वस्तीहरुको समग्र विकास गर्नका लागि आर्यभञ्ज्याङ्ग, रामपुर सडक पनि गाउँपालिकाको रणनैतिक महत्वको सडक संजालको रुपमा रहेको छ । जसले यस क्षेत्रको कृषि पशुपालन व्यापार व्यवसायको सहजताका लागि निकै ठूलो भुमिका खेलेको छ । स्याङ्जा गल्याङ्ग-रुपन्देही-खैरेनी जोड्ने सडकको अधिकांश भागहरू रम्भा गाउँपालिका भित्र नै पर्ने र यसले तराइलाई निकै छोंटो दूरीबाट जोड्ने हुँदा यसबाट रम्भा गाउँपालिकाको विकासको निम्ति यस सडको भूमिका पनि निकै महत्वपूर्ण देखिन्छ ।





गाउँपालिका भित्रका अधिकांश सडकहरू ग्राभेल तथा कच्ची स्वरूपका रहेका छन्, जसले गर्दा विशेषगरी वर्षा ऋतुमा आवागमनमा केही कठिनाइहरू सिर्जना हुने गरेको छ। यद्यपि पछिल्लो समयमा प्रदेश तथा स्थानीय सरकारको सहकार्यमा केही प्रमुख मार्गहरू' र गाउँपालिका केन्द्र जोड्ने सडकहरू कंक्रीट तथा कालोपत्रे हुने क्रममा छन् । गाउँपालिकाले हाल सडक मर्मत तथा पुल निर्माणमा प्राथमिकता दिइँदै आएको छ, जसले आगामी दिनमा यातायात सेवामा थप सहजता ल्याउने अपेक्षा गरिएको छ । गाउँपालिकाका विभिन्न वडाहरुमा सार्वजिक यातायातको रुपमा जिप, भ्यान, टयाक्टर लगायतका यातायातका साधन सञ्चालन हुने गरेको छ । गाउँपालिका सबै वडाहरू सडक संजालसँग जोडिएका छन् ।

गाउँपालिकाको पूर्वाधार शाखाको तथ्याङ्क अनुसार यस गाउँपालिका अन्तर्गतका सडक मध्ये करिब २५ कि.मि. सडक पक्की गरिएको छ भने १० कि.मि. सडक ग्राभेल र ७० कि.मी कच्ची सडक विस्तार भएको देखिन्छ । गाउँपालिकामा १० वटा झोलुङ्गेपुल र ३ वटा पक्की पुल रहेको छ ।

## २.४.३ विद्युत तथा वैकल्पिक ऊर्जा

गाउँपालिकाको करिब ९७ प्रतिशत भन्दा बढी घरधुरीहरूमा विद्युत सेवा उपलब्ध छ । करिब २.९ प्रतिशत घर परिवारले सौर्य ऊर्जा प्रयोग गरिरहेको देखिन्छ ।


बत्ति बल्न प्रयोग गरिने मुख्य स्रोतका आधारमा परिवार सङ्ख्या




*स्रोतः राष्ट्रिय जनगणना, २०७८*

गाउँपालिकाको कुल घरधूरी मध्ये करिब ८०.७ प्रतिशत घरधुरीले दाउरालाई खाना पकाउने इन्धनको रूपमा प्रयोग गरिरहेका छन् भने करिब १८.६ प्रतिशत घर परिवारले मात्र एलपि ग्याँस प्रयोग गर्ने गरेको देखिन्छ । विद्युतलाई खाना पकाउने इन्धनका रूपमा गाउँपालिका बासीले खासै प्रयोग गर्ने गरेको देखिदैन (राष्ट्रिय जनगणना, २०७८) ।

खाना पकाउन प्रयोग गरिने मुख्य इन्धनको आधारमा परिवार संख्या




*स्रोतः राष्ट्रिय जनगणना, २०७८*

गाउँपालिकाका सबै स्थानमा राष्ट्रिय प्रसारणको लाइन जडान भइसकेको भएतापनि केही स्थानीयवासी राष्ट्रिय प्रसारणको विद्युत उपभोग गर्नबाट वञ्चित हुन परेको छ । यस गाउँपालिकामा एल.पी. ग्यास खाना पकाउने घरधुरीको संख्यामा वृद्धि हुँदै गइरहेको छ, यद्यपि ८१ प्रतिशत भन्दा बढी घर परिवारले दाउरालाई मुख्य

इन्धनका रूपमा प्रयोग गर्नुले गाउँपालिकाबासीमा विभिन्न किसिमका स्वास्थ्य समस्याहरु रहेको अनुमान गर्न सकिन्छ ।

गाउँपालिका क्षेत्रका विभिन्न स्थानमा घर छेवैमा, सडकको सेटव्याक भित्र लगायत अव्यवस्थित रूपमा रहेका विद्युत पोल हटाउन बाँकी रहेको छ भने उपयुक्त उचाइ र मापदण्डका पोलको पर्याप्त व्यवस्थापन हुन पनि बाँकी रहेको छ । कतिपय स्थानमा विद्युतीय जोखिम विपद्को कारक समेत हुने गरेको अवस्था छ । विधुतिय तारहरू व्यवस्थित गर्नुपर्ने अत्यन्तै आवश्यक देखिन्छ ।

## २.४.४ सूचना, सञ्चार तथा प्रविधि

नागरिकको संविधान प्रदत्त मौलिक हकको रूपमा रहेको सूचनाको हकको संरक्षण र सम्बर्धन गर्दै आमसञ्चारलाई स्वच्छ, सक्षम, निष्पक्ष, मर्यादित, जिम्मेवार र व्यावसायिक बनाउन आवश्यक व्यवस्था गर्ने राज्यको नीति हुने संवैधानिक व्यवस्था रहेको छ । विगत केही वर्षदेखि नेपालमा सूचना तथा सञ्चार प्रविधिको क्षेत्रमा विभिन्न नीतिगत प्रयासहरू भएका छन् बदलिंदो परिवेश तथा त्यसबाट सिर्जित चुनौती सामना गर्न तथा सिर्जित अवसरहरू प्रभावकारी रूपले उपयोग गर्न तदनुरूपको नीतिगत, कानुनी, संस्थागत व्यवस्था तथा रणनैतिक उपायहरू अवलम्वन गर्नुपर्ने आवश्यकता महशुस गरी एकिकृत सूचना तथा सञ्चार प्रविधि नीति २०७२ तर्जुमा गरिएको छ । प्रविधिको व्यापक प्रयोगबाट कानुनको शासन, भ्रष्टाचारमूक्त र चुस्त प्रशासन, विकेन्द्रिकरण, आर्थिक अनुशासन तथा सार्वजनिक सेवा प्रवाह र स्रोतको कुशल व्यवस्थापन जस्ता असल शासनका आधारभूत मान्यतालाई आत्मसात गरी सर्वसाधारणले पाउनु पर्ने सेवा छिटो, छरितो तथा कम खर्चिलो ढङ्गबाट प्रदान गर्न सकिन्छ ।

*तालिका ४: सञ्चारका उपकरणको उपलब्धता*

| वडा नं. | जम्मा घरपरिवार | कुनै सञ्चारका उपकरण नभएको | कम्तीमा एउटा सञ्चारका उपकरण भएको | सञ्चारका उपकरणको प्रकार | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | रेडियो | टेलिभिजन | ल्याण्डलाइन फोन | साधारण मोबाइल | स्मार्ट मोबाइल | कम्प्युटर | इन्टरनेट |
| १ | १३७७ | २९ | १३४८ | ७८८ | ७०८ | ७४ | ९६३ | ९३१ | १५६ | ५१३ |
| २ | ७०५ | २६ | ६७९ | ४५१ | ४२७ | १ | ६०५ | ५१८ | ६६ | ३८४ |
| ३ | ११९८ | २९ | ११६९ | ५०५ | ७४८ | ५ | ९४९ | ९३८ | ४१ | ६४२ |
| ४ | ५०४ | २३ | ४८१ | ३१६ | २८४ | ५ | ४०१ | ३०४ | १४ | २१५ |
| ५ | ९०५ | १६ | ८८९ | ४३६ | ५०६ | ८ | ८३५ | ८१९ | ९५ | ५६५ |
| जम्मा | ४६८९ | १२३ | ४५६६ | २४९६ | २६७३ | ९३ | ३७५३ | ३५१० | ३७२ | २३१९ |
| प्रतिशत | १००.०० | २.६२ | ९७.३८ | ५३.२३ | ५७.०१ | १.९८ | ८०.०४ | ७४.८६ | ७.९३ | ४९.४६ |

*स्रोत: राष्ट्रिय जनगणना, २०७८*

गाउँपालिकामा करिब ९७ प्रतिशत भन्दा बढी परिवारले कुनै न कुनै किसिमको सञ्चार उपकरणहरू प्रयोग गरिरहेको अवस्था छ । वडाहरूमा ल्याण्डलाइन, मोवाइल, आदि सेवा नेपाल टेलिकम, एनसेल जस्ता कम्पनीहरूले उपलब्ध गराएका छन् । करिब ५० प्रतिशत घरधुरीले इन्टरनेट सेवा प्रयोग गरिरहेका छन् (राष्ट्रिय जनगणना, २०७८) । अझ पनि करिब २.६२ प्रतिशत घर परिवारमा कुनै पनि सञ्चारका उपकरण नभएको अवस्था भने जटिल गरिबीको असर हुन सक्छ । सञ्चारको सेवाका लागि ताररहित प्रणाली प्रवर्धन गर्ने


गरी सञ्चारको सेवा गाउँपालिका भित्रको सबै घर तथा व्यवसायसम्म पुऱ्याउने र यसको लागि चाहिने आवश्यक उपकरण स्थापनामा सहजीकरण समेत गर्ने तथा सञ्चार क्षेत्रलाई थप पहुँचयोग्य र जनमैत्री बनाउन पहल गर्नुपर्ने देखिन्छ ।

सेवा उपलब्ध हुने क्षेत्रमा आवश्यक प्रविधिको प्रयोग हुनुको साथै प्रत्येक वडा कार्यालय, माध्यमिक विद्यालय, स्वास्थ्य संस्थाहरुमा इन्टरनेट सेवाको पहुँच पुर्‍याइइएको छ ।

## २.५ वन, वातावरण तथा विपद् जोखिम न्यूनीकरण र व्यवस्थापनको अवस्था

### २.५.१ वन तथा जैविक विविधता

गाउँपालिकाको कुल क्षेत्रफलको **३९.२४ प्रतिशत** जमिन रुख बिरुवाले ढाकेको हरियाली वन क्षेत्र रहेको छ भने नदी, खोला नाला तथा ताल तलैया क्षेत्रले गाउँपालिकाको **१.६४ प्रतिशत** क्षेत्र ओगटेको छ । गाउँपालिकामा **४० वटा** सामुदायिक वनहरू उपभोक्तालाई हस्तान्तरण गरिएको छ । यस गाउँपालिकाको सवैभन्दा अग्लो ठाउं रिमिघाको लेक १७८९ मिटरमा पर्दछ भने सवैभन्दा होचो भाग कालीगण्डकीको किनार हुंगीमा पर्दछ, जो ३३२ मिटर रहेको छ। यो गाउँपालिकाको उत्तर तथा दक्षिणमा ठूल्ठूला खेतीयोग्य फांटहरु जस्तै हुंगी फांट, माडी फांट, फूरुड्दी फांट र अंगाहाखोला फांट पर्दछन भने पहाडी अग्ला ठांउहरुमा ताहुं, भरोकेदी, रानीवास, घोडसिङ जस्ता ठाउंहरु पर्दछन् । यसले गर्दा यस पालिकामा फरकफरक हावापानी पाइन्छ । प्राकृतिक सुन्दरताले भरिभराउ यो लेक लालिगुरांस, साल, सल्लो कटुस चिलाउने जातका रुखहरुले सुशोभित छ ।



भौगोलिक विविधता भएको कारण यहाँको हावापानी उचाई तथा समय अनुरुप फरक फरक छ। साधारणतया जेठको अन्त्यमा र असार देखि भाद महिनासम्म मनसुनको प्रभावले वर्षा हुन्छ भने पुष माघ तिर उत्तरी वायुको प्रभावले फाटफुट बर्षा हुने गरेको पाइन्छ । यस क्षेत्रको तापक्रम गर्मीमा ४० डिग्री सेल्सियससम्म रहने र जाडोमा न्यूनतम ६.५ डिग्रीसम्म अर्थात् औसतमा २२ डिग्री सेल्सियस रहने गरेको छ। यहाँको औषत वार्षिक वर्षा २२०० मि.लि. रहेको छ। यहां जाडो महिनामा खासगरी कालीगण्डकी बस्तीमा बाक्लो कुहिरो लाग्नुको साथै बिहानै घाम लागेर घमाइलो हुने र गर्मीको समयमा भने केही गर्मी अनुभव हुने गर्दछ। पहाडी भागमा अवस्थित भएको हुनाले यस गाउंपालिकाको हावापानी समशितोष्ण रहेको छ।

वन तथा वातावरण विकासका लागि गाउँपालिकाले महत्वपूर्ण योगदान गरेको छ। सुख्खा पोखरीहरुको निर्माण, पानीका मुहान संरक्षण, खुल्ला तथा सार्वजनिक ठाँउहरुमा फलफुल, वर तथा स्वामी लागायतका बिरुवाहरुको रोपण गरि वातावरण संरक्षणमा महत्वपूर्ण कार्य गरिएको छ। वातावरण संरक्षण सम्बन्धी चेतनामुलक अभियान कार्यक्रम संचालन गरिएको छ भने प्लाष्टिक जन्य वस्तुको प्रयोगमा नियन्त्रणका प्रयासहरु भएका छन् । सरसफाई अभियान तथा पूर्ण सरसफाई टोल घोषणा गर्ने क्रममा छन् भने स्वामी, वर, पिपल, लाकुरी लगायत वृक्षारोपण तथा खुला सार्वजनिक स्थान र कार्यालय, विद्यालय क्षेत्रमा वृक्षरोपण गरिएको छ । सुख्खा पोखरी निर्माण गरी वर्षायामको पानी संकलन गर्ने कार्य गरिनुका साथै पानीका मुहान संरक्षणमा जोड दिइएको छ । त्यस्तै गाउँपालिकाले डाले घाँस र अन्य नर्सरी स्थापना समेत गरेको छ भने सामुदायिक वनलाई आयआर्जन संग जोड्न विभिन्न कार्यक्रम संचालन गरिएको छ । गाउँपालिकाले विपद व्यवस्थापन योजना निर्माण गरेको छ ।

कृषि एवं वनजन्य औद्योगिक कच्चा पदार्थको उपलब्धता भएको हुँदा साना घरेलु उद्योगधन्दाको साथै जडीबुटी प्रशोधनसम्बन्धी उद्योग विकास र विस्तारको सम्भावना रहेको छ । खोटो, जडीबुटी, फलफूल, रेसालगायत अन्य गैरकाष्ठ वन पैदावारको उत्पादन वृद्धि गरी आयआर्जनका अवसर वृद्धि गर्न सकिने सम्भावना पनि उत्तिकै रहेको छ। तसर्थ यी वस्तुहरूको संरक्षण, उत्पादन तथा निकासी एवं व्यावसायिक खेती विकास सम्बन्धी कुनै पनि नीति नभएकाले सोको स्पष्ट नीति एवं कार्यविधि निर्माण आवश्यक छ । साथै जडीबुटीको उचित संरक्षण, व्यवस्थापन, खेती विकास र प्रशोधन एवं जडीबुटीको सङ्कलन, ओसार—पसार तथा निकासीलाई सरल, सहज, व्यवस्थित, पारदर्शी तथा उत्तरदायी बनाउँदै रोजगारमुखी बनाउनु आवश्यक छ ।

### २.५.२ भूसंरक्षण तथा जलाधार व्यवस्थापन

गाउँपालिकाको भू-उपयोगको अवस्था हेर्दा **१.६४ प्रतिशत** खोला तथा नदी नाला र ताल तलैया क्षेत्र रहेको देखिन्छ । आवासीय प्रयोजनका लागि करिब **१.०१ प्रतिशत** जमिन प्रयोग भएको छ । कूल क्षेत्रफल मध्ये **५६.५९ प्रतिशत** कृषियोग्य जमिनले ओगटेको छ भने वन/जङ्गलले **३९.२४ प्रतिशत** क्षेत्र ओगटेको छ ।

गाउँपालिका क्षेत्र भएर बग्ने काली गण्डकी नदी यस गाउँपालिका प्रमुख जलाधारको क्षेत्र हो । त्यस बाहेक गाउँपालिका क्षेत्रभित्र रहेका सहदी खोला, कराड्दी खोला, अँगाहाखोला तथा अन्य विभिन्न साना खोला, खोल्साहरुले पनि गाउँपालिकाको महत्वपूर्ण जालाधार क्षेत्रको रुपमा रहेको छ । यहाँ विभिन्न पोखरी तथा पानीका मुहानहरू पनि अवस्थित रहेका छन्। गाउँपालिका खनिजजन्य कच्चा पदार्थहरू ढुंगा, गिट्टी, बालुवाको पनि उपलब्धता रहेको छ ।

प्राकृतिक सम्पदा एवं जैविक विविधताले भरिपूरण भएतापनि संरक्षणको अभावमा यी बहुमूल्य सम्पदाहरू मासिने क्रम बढ्दो छ । पोखरीहरूको सदुपयोग नभएको, मुहानहरू सुक्दै गएको जस्ता समस्याहरू देखा पर्दै आएको छ । साथै वृक्षारोपणको अभावमा भू-क्षय जस्ता प्रकोपले वनजङ्गलमा पनि क्षति भइरहेको छ । तसर्थ प्राकृतिक सम्पदाहरू प्रशस्त रहेतापनि यसको संरक्षणको अभावले गर्दा प्राकृतिक स्रोतहरू नाश हुँदै गइरहेको छ । प्राकृतिक स्रोतहरू जस्तै वनजङ्गल, जैविक विविधता तथा जलाधारहरूको दिगो व्यवस्थापन मार्फत आय र रोजगारी वृद्धि गरी गाउँपालिका समृद्धिमा महत्त्वपूर्ण योगदान पुऱ्याउन सकिने सम्भावना पनि उत्तिकै रहेको छ।

### २.५.३ वातावरण व्यवस्थापन तथा जलवायु परिवर्तन अनुकूलन

गाउँपालिकामा हरित पूर्वाधार विकासका ठूला आयोजनाहरू नभए तापनि वैकल्पिक ऊर्जा क्षेत्रमा नीतिगत रूपमा प्रवर्द्धन गर्ने, सौर्य ऊर्जालाई बढवा दिने, खाना पकाउने स्रोतको उपभोगमा दाउराको प्रयोग कम गर्दै जाने, वडाहरूमा विधुतिय चुलो र बायो ग्याँस निर्माणमा अनुदान उपलब्ध गराउने लगायतका कार्यक्रमहरूको निरन्तरता छ । गाउँपालिकाले स्वच्छ तथा सफा वातावरणको निर्माण गर्न तथा जलवायु परिवर्तनको प्रभाव न्यूनीकरण र अनुकूलनका लागि अघि सारेका नीतिगत प्रयास सकारात्मक छन् । गाउँपालिका जलवायु परिवर्तनबाट भौतिक, आर्थिक तथा सामाजिक संरचनाहरूमा पर्न सक्ने प्रभाव न्यून गर्न तथा आर्थिक विकास तथा रोजगारीका अवसरहरू सिर्जना गर्न सकिन्छ ।

वातावरणमा सहयोग पुग्ने गरी गाउँपालिकाले खानेपानी सरसफाई तथा स्वच्छता योजना तर्जुमा गरि क्रमशः कार्यान्वयन गरिरहेको छ । गाउँपालिकामा खाना पकाउनका लागि दाउराको प्रयोग उल्लेख्य रहेको छ । यो सङ्ख्या कुल घरपरिवारको करिब ८१ प्रतिशत देखिन्छ । जलवायु परिवर्तनले मौसमी पात्रोमा परिवर्तन आएको छ । बालीनालीमा नयाँ किरा तथा रोगहरू उत्पन्न हुने गरेको छ । पानीका स्रोत सुक्दै गएका छन् । वातावरणको प्रभावहरू क्रमशः स्वास्थ्य र पोषणमा समेत देखिन थालेका छन् ।

फोहरको आयतन घटाउनका लागि फोहरहरू जलाउने प्रवृत्ति हाल पनि यथावत् नै रहेको छ । सडक मार्ग क्षेत्र तथा फोहरहरू खोल्सा लगायत सार्वजनिक स्थलहरूमा समेत फाल्ने गरेकाले फोहरमैला तथा सरसफाइ गाउँपालिका लागि समस्याको रूपमा देखिँदै गएको छ । फोहरमैला व्यवस्थापन सम्बन्धी गाउँपालिकाद्वारा समय समयमा सचेतना एवं सूचनाहरू प्रवाह भएतापनि फोहरहरूको उचित वर्गिकरण गरी व्यवस्थापन गर्ने परिपालना नभएको अवस्था छ ।

### २.५.४ महामारी तथा विपद् व्यवस्थापन

विपद् व्यवस्थापनका लागि गाउँपालिकाले स्थानीय विपद् व्यवस्थापन योजना तर्जुमा गरेको छ । गाउँपालिका विपद् व्यवस्थापन कोषको स्थापना र वार्षिकरूपमा कोषको लागि रकम विनियोजन हुने गरेको छ । वडा स्तरमा समेत विपद् व्यवस्थापन समितिहरू रहेका छन् । गाउँपालिकाकम आपत्कालिन सेवाका लागि महत्त्वपूर्ण मानिएको वारुण यन्त्र र यसको सञ्चालनका लागि जनशक्तिको आधारभूत व्यवस्थापन भएको छैन । गाउँपालिका द्वारा सञ्चालित तीनवटा एम्बुलेन्स मार्फत सेवा प्रवाह भइरहेको भएपनि कतिपय स्थानमा बर्षात् को समयमा यातायातको कारणले एम्बुलेन्स सेवा समेत सहज रूपमा उपलब्ध हुन कठिन रहेको छ । गाउँपालिकास्तरमा एउटा आपत्कालिन कार्य संचालनका केन्द्र रहेको छ । आपत्कालिन आश्रय स्थलको रूपमा प्रयोग गर्नको लागि गाउँपालिका सामुदायिक स्कुल, खुला स्थान र सामुदायिक भवनहरू रहेका छन् ।

विपद् व्यवस्थापनलाई प्राथमिकतामा राखी गाउँपालिकाले विपद् उद्धार र उपचारमा सहायताका लागि हेलिप्याड को व्यवस्था गरेको छ ।

गाउँपालिका भूकम्प, पहिरो, आगलागी, विद्युतीय खतरा, सडक दुर्घटना, चटयाङ, असिना पानी, महामारी, जङ्गली जनावरको आतङ्क जस्ता विपदहरूबाट जोखिममा रहेको छ । विपदबाट गाउँपालिकामा विगत तीन वर्षमा ३ जना मानविय क्षती भएको तथ्याङ्क छ । वर्षेनी विभिन्न स्तरका पहिरो र भू—क्षयको प्रभाव भने गाउँपालिका देखिने गरेको छ । बस्ती नजिको वन क्षेत्रका कारण आगलागीको जोखिम ज्यादा मात्रामा देखिन्छ ।

यस गाउँपालिका विभिन्न स्थानमा नांगाडांडा तथा खहरे र खोल्सामा पहिरो तथा भूस्खलनको जोखिम रहेको छ । वडाका विभिन्न स्थानमा भूक्षयको समस्या रहको छ ।

विपद् पूर्व तयारी, न्यूनीकरण तथा प्रतिकार्यका स्थानीय तथा समुदायस्तरका ज्ञान, सीप र सम्यन्त्रको कमी रहेको छ । यस क्षेत्रमा जलवायु परिवर्तन जोखिम उच्च भएता पनि जलवायु परिवर्तन अनुकूल कृषि बाली तथा प्रणालीको विकास र विस्तार हुन सकेको छैन । प्रकोप एवं जलवायु परिवर्तन, विपद् व्यवस्थापन कोष, विपद् प्रतिकार्य टोली, आपत्कालिन योजना, आपत्कालिन नम्बरहरू लगायत विपद्का विविध पक्षहरूबारे वडाबासीहरूमा प्रयाप्त जानकारीको कमी रहेको छ । युवाहरूमा लागू पदार्थ सेवन एवं मादक पदार्थ सेवनको समस्या पनि बढ्दो नै रहेको छ । गाउँपालिकामा कच्ची घरहरू जोखिममा छन् भने, अव्यवस्थित विद्युतीय नाङ्गो तारहरूले गर्दा बस्तीहरूमा विपद् जोखिम बढिरहेको छ ।

गाउँपालिकामाको वन जङगले ढाकेको भुभाग तथा जङ्गल नजिकका बस्ती एवं खेतपातीमा किसानहरूले स्याल, बाँदर, दुम्सी जस्ता जङ्गली जनावर आतङ्कको समस्या भोग्नु परेको छ । जङ्गली जनावरको आतङ्कले गाउँपालिकाका प्रायजसो सबै वडाका बासिन्दाहरूलाई असर गरेको छ र सबै वडाहरूमा यो एउटा प्रमुख समस्याको रूपमा स्थापित भएको छ । जङ्गली जनावरको आतङ्कले जनजीवनमा असर गर्नुको साथै कृषि उत्पादनमा समेत ह्रास ल्याएको कारणले जङ्गली जनावरको सुरक्षा सँगै उपयुक्त उपायहरूको खोजी गर्नु नितान्त आवश्यक भएको छ ।

## २.६ सुशासन तथा संस्थागत व्यवस्था

### २.६.१ स्थानीय नीति, ऐन तथा सुशासन

हालसम्म गाउँपालिकाद्वारा स्विकृत नीति तथा कानुनको सङ्ख्या **८३ वटा** पुगेको छ । गाउँपालिकाको सेवा प्रवाह तथा विकासलाई सशक्त रूपमा सञ्चालन तथा अनुगमन गर्न गाउँपालिकामा विभिन्न ९ वटा बिषयगत समितिहरू रहेका छन् ।

सुशासन प्रवर्द्धनका लागि विधायन समिति, राजस्व परामर्श समिति, योजना तर्जुमा समिति तथा अनुगमन तथा सुपरिवेक्षण समिति गठन भई नीति, कानुन, कार्यविधि, मापदण्ड र योजना कार्यान्वयनमा संलग्न भएका छन् । सुशासन तथा सदाचार प्रवर्द्धन को लागि सार्वजनिक सुनुवाइ गर्ने, आम्दानी खर्चको सार्वजनिकीकरण गर्ने, योजनाहरूको सार्वजनिक परीक्षण गर्ने, टोल तथा बस्ती स्तरबाट योजना छनौट, ई—हाजिरीको व्यवस्था, विद्युतीय सूचना प्रणालीको विस्तार जस्ता औजारहरूको उपयोग गराउने अभ्यासहरू भएका छन् ।

सेवा प्रवाहको विधि र प्रक्रियालाई छिटो र सहज बनाउन आधुनिक प्रक्रियामा आधारित विद्युतीय शासन प्रणालीको विकास र विस्तार गर्दै नागरिकका तहसम्म सेवालाई गुणस्तरीय र प्रभावकारी बनाउने र आम

नागरिकमा सुशासनयुक्त स्थानीय शासनको अनुभूति गराउने गरी सुशासनयुक्त गाउँपालिका पहिचान दिलाउने लक्ष्यका साथ नीतिहरू तय गरिएको छ । सेवा प्रवाहमा सूचना प्रविधिको प्रयोग बढाउँदै लगिएको छ । सुशासनका प्रवर्धनका लागि नागरिक वडा पत्र, सूचना पाटी, गुनासो पेटिका, सि.सि. क्यामेरा जडान लगायत रहेका छन् । प्राविधिक र अप्राविधिक सबै कर्मचारीहरूलाई क्षमता विकास तालिम र अध्ययन अवलोकन भ्रमणको व्यवस्था गरिएको छ । सबै सूचनाहरू गाउँपालिका वेबसाइटमा प्रकाशन र अद्यावधिक गर्ने गरिएको छ । सुशासनकालागि सङ्घीय तथा प्रादेशिक संवैधानिक निकाय तथा आयोगसँगको सम्पर्क र समन्वय, अभिलेख व्यवस्थापन र कार्यान्वयन, गाउँपालिकामा सार्वजनिक सेवा वितरणको न्यूनतम मापदण्ड निर्धारण र सेवाग्राही सन्तुष्टि सर्वेक्षण तथा सेवा प्रवाहको अनुगमन पनि समय समयमा गर्ने गरिएको छ ।

गाउँपालिकाबाट हुने सबै आर्थिक कारोवारको लेखांकन चुस्त, दुरुस्त, यथार्थ र समयमा नै विवरण प्राप्त गर्ने गरी **सुत्र प्रणाली** मार्फत कार्य हुने व्यवस्था मिलाइएको छ । संस्थागत विकासमा प्रभावकारी रूपमा अगाडि बढिरहेको यस गाउँपालिकाले स्थानीय सरकार संस्थागत स्व मूल्याङ्कन (LISA) मा आर्थिक वर्ष २०८०/८१ मा कूल ९६.७५ अङ्क प्राप्त गरेको छ भने वितीय सुशासन जोखिम मुल्यांङ्कन (FRA) मा कूल ८७.५ अङ्क प्राप्त गरेको छ ।

### २.६.२ सङ्गठनात्मक विकास

गाउँपालिकाको सर्वोच्च निकायको रूपमा रहेको छ जसप्रति गाउँपालिका कार्यपालिका उत्तरदायी हुने गर्दछ । गाउँसभा अन्तर्गत लेखा समिति, विधायन समिति तथा सुशासन समितिको व्यवस्था गरिएको छ । यसैगरी गाउँपालिका कार्यपालिकाको प्रमुख कार्यक्षेत्र अन्तर्गत गाउँपालिकाको विकास, पूर्वाधार विकास र वातावरण तथा विपद् व्यवस्थापन आदी पर्दछन ।

गाउँपालिका कार्यपालिकाको प्रमुखको रूपमा गाउँपालिका अध्यक्ष र उपप्रमुखको रूपमा गाउँपालिका उपाध्यक्ष (निर्वाचित पदाधिकारी) रहने व्यवस्था गरिएको छ । यसैगरी उपाध्यक्षले न्यायिक समितिको नेतृत्व गर्ने व्यवस्था रहि आएको छ । कार्यपालिकाको प्रमुख प्रशासकीय अधिकृतको रूपमा नेपाल सरकारको निजामती सेवाको प्रशासन सेवा, सामान्य प्रशासन समूह अन्तर्गतको राजपत्राङ्कित तृतीय श्रेणीको अधिकृतलाई नेपाल सरकारले खटाउने व्यवस्था गरिएको छ । प्रमुख प्रशासकीय अधिकृत गाउँपालिका अध्यक्ष प्रति उत्तरदायी रहने व्यवस्था छ भने निजले गाउँ सभाको सचिवको हैसियतले समेत कार्य गर्ने भएकाले निज गाउँ सभा प्रति समेत उत्तरदायी हुनुपर्ने व्यवस्था रहेको छ । प्रमुख प्रशासकीय अधिकृतको प्रत्यक्ष मातहतमा सामान्य प्रशासन शाखा, पूर्वाधार शाखा, स्वास्थ्य तथा सामाजिक विकास शाखा, योजना बजेट तथा सूचना प्रविधि शाखा, शिक्षा युवा तथा खेलकुद शाखा, आर्थिक विकास शाखा, आर्थिक प्रशासन शाखा लगायतका शाखा र आन्तरिक लेखा परीक्षण एकाइको संस्थागत व्यवस्था गरिएको छ ।

नेपाल सरकारबाट सिफारिस सङ्गठन संरचना तथा कर्मचारी दरबन्दी लागू गरी प्रशासनिक तथा विषयगत सेवा प्रवाहको व्यवस्था मिलाइएको छ । न्यायिक समिति, विधान समिति, लेखा समिति र कार्यपालिकाबाट विषयगत समितिहरू गठन भई क्रियाशिल रहेका छन् । गाउँ कार्यपालिका कार्यालयमा शाखा, उपशाखा, एकाइ/सेवा केन्द्रहरू स्थापना भई सुचारु रहेका छन् । सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयलबाट गाउँपालिका र अन्तरगत समायोजन भै आएका तथा साविक देखि कार्यरत कर्मचारीको पछिल्लो विवरण अनुसार गाउँपालिका

कार्यपालिका तर्फ ४० जना, वडा कार्यालय तर्फ ३१ र स्वास्थ्य तर्फको ६१ जना गरी कूल कार्यरत कर्मचारी सङ्ख्या १३२ रहेको छ ।

### २.६.३ स्रोत परिचालन

गाउँपालिकाको समग्र स्रोत परिचालन, व्यवस्थापन एवम् काम कारवाहीमा कार्यकुशलता र प्रभावकारिता अभिवृद्धि गर्ने प्रयोजनका लागि नेपाल सरकार एवम् विकास साझेदारबाट स्थानीय तहलाई प्राप्त हुने सबै प्रकारका अनुदान, स्थानीय निकायको आन्तरिक आय, राजस्व बाँडफाँटबाट प्राप्त हुने रकम लगायत पालिकाको कोषमा प्राप्त हुने सबै प्रकारका स्रोत तथा स्थानीय स्रोत साधनलाई एकीकृत र समन्वित गरी गरिब, महिला, बालबालिका तथा सामाजिक, आर्थिक दृष्टिकोणबाट पिछडिएका वर्ग र समुदाय एवम् क्षेत्रको समेत पहुँच र स्वामित्व रहने गरी सन्तुलित तवरबाट स्थानीय सेवा प्रवाह एवम् विकास निर्माण कार्य र शासन प्रक्रिया जनमुखी, जवाफदेही, मितव्ययी, पारदर्शी, उत्तरदायी, समावेशी, समतामूलक, सहभागितामूलक, दिगो र गुणस्तरयुक्त गराउँदै स्थानीयस्तरबाट नै गरिबी न्यूनीकरण र दिगो विकासको अवधारणालाई संस्थागत गर्ने कार्यमा सहयोग पुऱ्याउन स्रोत परिचालन तथा व्यवस्थापन कार्यविधि तर्जुमा गरी सोहि वमोजिम स्रोत परिचालन तथा व्यवस्थापन गर्नु पर्ने हुन्छ । गाउँपालिकाले हालसम्म पनि स्रोत परिचालन तथा व्यवस्थापन कार्यविधि तर्जुमा नगरेकोले सम्वन्धित मन्त्रालय तथा स्रोत प्रदायक निकायको कानुन, ऐन, निर्देशिका तथा कार्यविधिका आधारमा स्रोत परिचालन गर्ने गरेको छ ।

सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय अन्तर्गत स्रोत परिचालन समन्वय शाखाले सबै स्थानीय तहको राजश्व परिचालन सम्बन्धी नीतिगत अध्ययन अनुसन्धान तथा विश्लेषण, आन्तरिक स्रोत साधनको पहिचान र परिचालनमा सहजिकरण तथा समन्वय, राजस्वको आधार विस्तारमा प्रोत्साहन र प्रवर्द्धन, राजस्व सूचना तथा तथ्याङ्क आदान प्रदान प्रणाली विकास, अनुसन्धान र प्रकाशन, स्थानीय आर्थिक विकास सम्वन्धी कार्यमा सहजिकरण, राजश्व परिचालन क्षमता लेखाजोखा र सुधार, राजश्व परिचालनमा स्थानीय तहमा उत्कृष्ट देखिएका कार्यको अन्य स्थानीय तहसँग अनुभव आदान प्रदान, स्थानीय तहको राजश्व परिचालनमा भएका विवाद समाधानकालागि समन्वय, स्थानीय राजस्वको मुल्याङ्कन, स्थानीय तहको प्राकृतिक स्रोत साधन सम्बन्धी कर तथा राजस्व व्यवस्थापनमा सहयोग र समन्वय तथा स्थानीय तहको वार्षिक आयव्ययको अभिलेख र वार्षिक प्रतिवेदन प्रकाशन सम्बन्धी कार्य गरिरहेको छ र सोहि शाखाको समन्वय तथा सहजिकरणमा गाउँपालिका स्रोत परिचालन तथा व्यवस्थापन हुने गरेको छ । लेखा प्रणाली कम्प्युटराइज गरेर अभिलेख राख्ने गरिएको छ । खरिद प्रकृया सार्वजनिक खरिद ऐन नियमावली बमोजिम हुने गरेको छ भने कार्यालयमा छुट्टै खरिद इकाईको व्यवस्था गरिएको छ ।

श्रोत परिचालनका लागि वार्षिक रूपमा आर्थिक ऐन तथा विनियोजन ऐन निर्माण भई कार्यान्वयन भइरहेको छ । गत आ.व. ०८०/८१ मा गाउँपालिकाले सङ्घ सरकारबाट वार्षिक रु. २९ करोड ८४ लाख ३ हजार तथा प्रदेश सरकारबाट वार्षिक रु. २ करोड ३ लाख ४५ हजार भन्दा बढी अनुदान रकम प्राप्त गरी लगानी गर्न सफल भएको छ । गाउँपालिकाले कुल बजेट मध्ये २८.८९ प्रतिशत पुँजीगत र ७१.६२ प्रतिशत चालूमा खर्च गरेको देखिन्छ।

गाउँपालिका नेपाल सरकार प्राप्त हुने राजस्व बाँडफाँट र प्रदेश सरकारबाट बाँडफाँट भई आउने राजस्व र अन्तर सरकारी वित्त हस्तान्तरणको रकम प्राप्त गर्न समन्वय र पैरवी गरी सार्वजनिक स्रोत परिचालन गर्न ध्यान

दिएको छ । गाउँपालिकाले आ.व. ०८०/८१ मा आन्तरिक आयबाट रु. ८० लाख ३१ हजार, सङ्घ सरकार र प्रदेश सरकार गरी राजस्व बाँडफाँटबाट रु. ७ करोड २८ लाख ६ हजार स्रोत परिचालन गरेको छ । यस गाउँपालिका कुल बजेटमा आन्तरिक स्रोतको निकै कम योगदान करिब १.८४ प्रतिशतको हाराहारीमा मात्रै रहेको छ ।

### २.६.४ योजना व्यवस्थापन

योजनाबद्ध विकासका लागि तथ्यगत अध्ययन, अनुसन्धान र विश्लेषण गर्दै विषयगत समस्या, चुनौती र अवसरहरूको पहिचान गर्ने र त्यसका आधारमा विषय केन्द्रित रणनीति र व्यवहारिक कार्य नीतिसहितको योजना आवश्यक पर्दछ त्यसैले यस गाउँपालिकाले पनि नेपालको सोह्रौ योजना तथा लुम्बिनी प्रदेशको दोस्रो पञ्चवर्षीय योजनाका आधारमा ती योजनाका लक्ष्य तथा उद्देश्यहरू प्राप्ति हुने गरी आफ्नो दोस्रो पञ्चवर्षीय योजना तयार पारेको छ । योजनाहरूलाई तथ्य र प्रमाणमा आधारित र नतिजामुखी बनाउन हरेक आयोजनाको नतिजा खाका विकास गर्ने र गाउँपालिकाले कार्यान्वयन गरेको योजनाको नियमित रूपमा मूल्याङ्कन गरी उपलब्धि सार्वजनिक गर्ने व्यवस्थाको विकास गर्न पनि आवश्यक भएको छ ।

रम्भा गाउँपालिका स्थापना भएसँगै यस गाउँपालिकाले प्रचलित कानुन तथा ऐन बमोजिम योजना व्यवस्थापन गरी योजनाबद्ध विकासको सुरुआत गरेको छ । उपाध्यक्षको संयोजकत्वमा रहेको बजेट तथा कार्यक्रम तर्जुमा समितिको सिफारिसमा गाउँ सभाद्वारा वार्षिक नीति तथा कार्यक्रम अनुमोदन गरी वार्षिक योजना तर्जुमा तथा बजेट विनियोजन गर्ने नियमित परम्परा रहेको छ ।

योजना व्यवस्थापनको क्षेत्रमा यस गाउँपालिकाले विभिन्न योजना तर्जुमा, कार्यान्वयन तथा योजना अनुशासन कायम गर्ने दिशामा महत्त्वपूर्ण उपलब्धि हासिल गरेको देखिन्छ । पहिलो आवधिक विकास योजना, खानेपानी तथा सरसफाइ स्वच्छता योजना निर्माण गर्नुका साथै महत्त्वपूर्ण आयोजनाको डि.पि.आर. तयार भई कार्यान्वयनमा रहेका छन् । सहभागीता मूलक योजना तर्जुमाको अभ्यास गरी गाउँ सभाबाट स्वीकृत बजेट तथा नीति कार्यक्रमलाई वेबसाइट र सूचना पाटीमार्फत सार्वजनिक गर्ने अभ्यास भइरहेको छ । सङ्घीय सरकार, प्रदेश सरकार तथा गैर सरकारी संस्थाहरूसँग समन्वय, सहकार्य र साझेदारी गरी विकास कार्यक्रम तथा आयोजनाहरू कार्यान्वयन भइ रहेका छन् । स्वीकृत नीति, ऐन तथा नियमको व्यवस्थाका आधारमा वार्षिक बजेट तथा कार्यक्रम तर्जुमा गरी आयोजना तथा कार्यक्रम कार्यान्वयन गर्ने र सो अनुसार प्रक्रिया तथा नियम पालना र अनुगमनको अभ्यास समेत भइरहेको देखिन्छ ।

# परिच्छेद ३: सोच तथा विकासको अवधारणा

## ३.१ पृष्ठभूमि

योजनाबद्ध विकास सन्तुलित, दिगो र समन्यायिक विकासको आधार हो । आवधिक योजनाले विकास प्रयासहरूलाई निर्दिष्ट दिशा प्रदान गर्ने व्यवस्थित रूपरेखा तयार गर्न मार्ग प्रशस्त गर्दछ । गाउँपालिकाको आवधिक विकास योजनाले स्थानीय जनता र स्थानीयस्तरको आर्थिक, सामाजिक, भौगोलिक परिवेश बीचमा अन्तरसम्बन्ध कायम गरी नागरिकको आर्थिक सामाजिक सुविधा र समृद्धिलाई प्रवर्द्धन गर्न सहायता गर्दछ । आवधिक योजना विकास र समृद्धिको रूपरेखा मात्र नभएर गाउँपालिका क्षेत्रको सुन्दरता, प्रकृतिको संरक्षण तथा मानव र प्रकृति बीचको तालमेलको रूपरेखा पनि हो । राष्ट्रिय एवं प्रादेशिक विकास लक्ष्य हासिल गर्न तथा गाउँपालिका विकासका सरोकारवालाहरूको साझा प्रतिबद्धता र दायित्व सिर्जना गर्न आवधिक योजना महत्त्वपूर्ण दस्तावेजको रुपमा रहेको छ ।

स्थानीय सरकार सञ्चालन ऐन २०७४ को परिच्छेद ६ को दफा २४ मा स्थानीय तहले स्थानीय स्तरको विकासका लागि दीर्घकालीन, मध्यकालीन, रणनीतिगत, आवधिक, वार्षिक, विषय क्षेत्रगत, विकास योजना बनाई लागू गर्नुपर्ने व्यवस्था गरेको छ । सङ्घीय संविधानको क्रियाशिलता, राज्यको पुनसंरचना र तीनै तहको निर्वाचन पश्चात् तत्कालीन स्थानीय निकायहरू स्थानीय तहको सरकारको रूपमा क्रियाशील भएका छन् । संविधानतः तीनै तहका सरकारहरू एकल अधिकार क्षेत्रको हकमा स्वायत्त रूपमा विधायीकी, कार्यकारी र न्यायिक अधिकारको प्रयोग गर्न स्वतन्त्र छन् भने साझा अधिकार क्षेत्रको हकमा सहअस्तित्व, समन्वय र सहकार्यको अवधारणा अनुसार क्रियाशिल हुनु पर्ने संवैधानिक व्यवस्था रहेको छ । संविधानद्वारा प्रदत्त एकल तथा साझा अधिकारक्षेत्रलाई व्यवस्थित गर्ने उद्देश्यका साथ कार्यान्वयनमा आएको स्थानीय सरकार सञ्चालन ऐन २०७४, अन्तर सरकारी वित्त हस्तान्तरण ऐन २०७४ र राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोग ऐन २०७४ जस्ता कानुनहरूले एकातिर स्थानीय सरकारको जिम्मेवारी तथा कार्यप्रणालीलाई थप स्पष्ट बनाएको छ भने अर्कोतिर गाउँपालिका तथा नगरपालिकाहरूलाई स्थानीयस्तरको विकासका लागि आफ्नो एकल अधिकार क्षेत्र भित्रका विषयमा आवधिक, वार्षिक, रणनीतिक वा विषय क्षेत्रका लागि मध्यकालीन तथा दीर्घकालीन विकास योजना बनाई लागू गर्न निर्देशित गरेको छ ।

योजना तयार गर्दा नेपाल सरकार र प्रदेश सरकारको नीति लक्ष्य, उद्देश्य, समय सीमा र प्रक्रियासँग तादाम्यता हुने गरी सुशासन, वातावरणमैत्री, बालमैत्री, जलवायु परिवर्तन, विपद् व्यवस्थापन, लैङ्गिक तथा सामाजिक समावेशीकरण, जस्ता अन्तर सम्बन्धित विषयवस्तुलाई ध्यान दिई तयार गर्नु पर्ने भनिएको छ । आवधिक विकास योजनाले स्थानीय आवश्यकता सम्बोधन गर्दै जनताको जीवनस्तरमा गुणात्मक सुधार गर्न स्थानीय सम्भावना तथा समस्या पहिचान गर्दछ । त्यस्तै स्रोत विश्लेषण, उपयुक्त रणनीति तथा कार्यनीति तयार गरी रणनीतिक कार्यक्रम तथा आयोजना पहिचान गर्ने र त्यसलाई कार्यान्वयन एवम् अनुगमन तथा मूल्याङ्कनको स्पष्ट खाका समेत तयार गर्दछ । मध्यमकालीन खर्च संरचना तथा वार्षिक योजना तर्जुमाको मूल आधारका रूपमा रहेको आवधिक योजनाले योजना अनुशासन कायम राख्न समेत महत्त्वपूर्ण भूमिका निर्वाह गर्नेछ । गाउँपालिकाको आवधिक योजना तर्जुमा गर्दा दीर्घकालीन सोचका साथै तत्काल कार्यान्वयन गर्न सकिने गरी कार्यक्रम तर्जुमा गर्ने प्रयास गरिएको छ । दीर्घकालीन सोचलाई गाउँपालिकाको एउटा मार्गदर्शन र रणनीति बाहेक आदर्श अवस्थाको रूपमा समेत मनन गरिएको छ । दीर्घकालीन सोचले गाउँपालिका पुग्न चाहेको र प्राप्त गर्न खोजेको

एउटा आदर्श अवस्थालाई समेत जनाउँछ । नेपालको सोह्रौं योजनाले तय गरेको **"सुशासन, सामाजिक न्याय र समृद्धि"** को दीर्घकालीन सोच **र "समृद्ध लुम्बिनीः आर्थिक विकास, सुशासन, समता र समुन्नति"** प्रादेशिक सोचमा योगदान पुऱ्याउने गरी गाउँपालिकाको दीर्घकालीन सोच तय भएको छ । स्थानीय अवसर र सम्भावना तथा विशेषताको आधारमा गाउँपालिकाको दीर्घकालीन सोच तयार भएको छ । सोही सोचमा आधारित रहेर यस आवधिक योजनाले लक्ष्य, नतिजा, रणनीति तथा प्राथमिकताहरू सहित कार्यक्रमहरू तय गरेको छ । यस आवधिक योजना तर्जुमा गर्दा गाउँपालिकाको भूगोल, सामाजिक र आर्थिक परिवेशका साथै स्थानीय इतिहास, मूल्य मान्यता तथा संस्कृतिको विश्लेषणका आधारमा गरिएको छ ।

## ३.२ प्रमुख समस्या तथा चुनौती

**समस्याहरू**

- दीर्घकालीन सोचका आधारमा योजनाबद्ध विकास प्रक्रिया अघि बढाउने परिपाटीको थालनी भएतापनि सोही अनुरूप कार्यान्वयन हुनमा समस्या देखिनु ।
- योजना तथा कार्यक्रमको प्राथमिकीकरण गरी सोही अनुसार स्रोत परिचालनका आधारमा योजना र कार्यक्रम सञ्चालन हुन नसक्नु ।
- भौतिक पूर्वाधार सम्बन्धी योजनाहरू एउटा पूरा नहुँदै अर्को नयाँ योजना छनौट गर्ने प्रक्रियाले एकातिर लक्षित लाभ लिन नसकेको अवस्था छ भने अर्कोतर्फ स–साना योजना छनौट गर्दा त्यसबाट सिर्जना हुने लाभ सानो जनसङ्ख्याले मात्र प्राप्त गर्ने अवस्था हुनु विकासको सिद्धान्त विपरीत भएर जानु ।
- विपद् व्यवस्थापन, जलवायु परिवर्तन, वातावरणको संरक्षण जस्ता विषयमा आवश्यकता अनुसार नयाँ प्रविधि प्रयोग गर्न नसक्नु तथा यसको प्रभाव न्यूनीकरणमा ठोस कार्यक्रम कार्यान्वयनमा समस्या हुनु।
- गाउँपालिकामा उपलब्ध स्रोत, साधन र सीपको सदुपयोग गर्ने तर्फ अपेक्षित रूपमा ध्यान पुग्न नसक्दा गाउँपालिका बाह्य स्रोतमा निर्भर रहनु ।
- कृषि र पर्यटन क्षेत्रको विकास र विस्तारको लागि वृहत्तर क्षेत्रगत योजना तयार नहुनु ।
- विपद् र वातावरणको संरक्षण विकासको समस्याको रूपमा देखिनु ।
- विकासका आधारभूत मापदण्डहरूको संरक्षणमा समस्या देखिनु ।
- एक वडा एक पहिचानका कार्यक्रमहरू पूर्णरुपमा कार्यान्वयन र सञ्चालन गर्न नसकिनु ।
- विकासका पूर्वाधारहरूको समान वितरण नहुनु ।
- बसाई सराइका कारण गाउँपालिकाको जनसंख्या घट्दो क्रममा रहनु ।
- शिक्षा र स्वास्थ्य क्षेत्रमा देखा परेका समस्याहरूको समाधान नै विकासको ठूलो समस्याको रुपमा देखिनु।

**चुनौतीहरू**

गाउँपालिकामा सामाजिक, सांस्कृतिक, आर्थिक तथा पर्यटकीय विकासका सम्भावनाको सँगसँगै चुनौती पनि प्रशस्त रहेका छन् । यस क्षेत्रको समग्र विकासको प्रमुख चुनौती भनेको नै आर्थिक स्रोतको व्यवस्था गरी दीर्घकालीन र दिगो किसिमको भौतिक पूर्वाधारको निर्माण र विस्तार गर्नु रहेको छ ।

- आर्थिक स्रोत परिचालन र राजस्व सङ्कलनका सम्बन्धमा अधिकारहरूको व्यवस्था अनुसारको आर्थिक, प्रशासनिक संरचनाको अभाव तथा कमजोर मानव संसाधन विकासका कारण अपेक्षित रूपमा आन्तरिक राजस्व सङ्कलन नहुनु।
- खेती योग्य कृषि जमिन भएता पनि कृषिको विविधीकरण तथा आधुनिकीकरण गरी व्यावसायिक कृषिलाई अघि बढाउनु ।
- विनियोजित बजेट धेरैजसो भौतिक पूर्वाधारमा मात्र केन्द्रित हुने गरेकोमा मानव संसाधन विकासमा कम बजेट छुट्याउने परम्परालाई परिवर्तन गर्नु ।
- गाउँपालिकाका सबै वडाहरूमा पक्की मोटरबाटो पुऱ्याउनु ।
- गाउँपालिकाका सबै वडाहरूमा प्राकृतिक स्रोत तथा साधन र आर्थिक स्रोतहरू समान रूपमा नरहेका कारण सबै वडाहरूका आर्थिक तथा प्राकृतिक स्रोतहरूबाट प्राप्त हुने राजस्वलाई समान वितरण गर्दै सबैलाई विकासका समान अवसर प्रदान गर्नु ।
- पर्यटकीय विकासको सम्भावना बोकेका पदयात्रा, गढी, मन्दिर, डाँडा, घरबास, पहाडी फाँटहरू र महत्वपूर्ण स्थान लगायतका ऐतिहासिक क्षेत्रमा पर्यटन विकासका पूर्वाधारहरूको विस्तार गर्नु ।
- गाउँपालिकाका विभिन्न वडाहरूमा आँप, लिची, केरा, सुन्तला लगायतका फलफूल तथा जडीबुटीहरूको व्यावसायिक रूपमा खेती सुरु गरे तापनि यिनीहरूका लागि बजार व्यवस्थापन गरी धेरै जसो कृषकहरूलाई यसतर्फ दीर्घकालीन रूपमा आकर्षित गराउनु ।
- गाउँपालिकामा रहेका सामुदायिक वन क्षेत्रमा वर्षेनी लाग्ने डढेलोका कारण ठूलो वन क्षेत्र, चरिचरन क्षेत्र, महत्त्वपूर्ण जडीबुटी, वन्यजन्तु लोपोन्मुख हुने अवस्थाको अन्त्य गर्नु ।
- स्थानीय उत्पादनको आत्मनिर्भरतालाई कायम गर्नु ।
- स्थानीय स्रोत, साधन, जडीबुटी आदिको उचित प्रयोग व्यवस्थापन र संरक्षण गर्नु ।
- ऐतिहासिक तथा धार्मिक सम्पदा स्थलहरूको संरक्षण र संवर्द्धन गर्नु ।
- सबै गाउँबासीलाई आधारभूत स्वास्थ्य सेवाको सुनिश्चितता गर्नु ।
- उपलब्ध पानीका स्रोतहरूको व्यवस्थापन गरी कृषियोग्य जमिनमा बाह्रै महिना सिँचाइको सुनिश्चितता गर्नु ।
- घट्दो जन्म दर तथा बढ्दो बसाइँ सराइलाई नियन्त्रण गरी गाउँपालिकाको जनसङ्ख्या वृद्धि दर बढाउनु ।
- कृषि उत्पादनलाई बजारसँग सुनिश्चत सम्बन्ध स्थापित गर्नु ।
- युवा जनशक्तिलाई कृषि व्यवसायप्रति आकर्षित गर्नु ।
- वैदेशिक रोजगारीबाट फर्केका सिपयुक्त युवाको सिप तथा पूँजीलाई उद्यम विकासमा उपयोग गर्नु।
- स्थानीय स्तरमै गुणस्तरीय शिक्षा, स्वास्थ्य र रोजगारीको सुनिश्चितता गरी बसाँइसराइको दर कम गर्नु।
- स्याल, बाँदर, बँदेल,दुम्सी लगायतका वन्यजन्तुबाट कृषि बाली तथा पशु धनको सुरक्षा गर्नु ।

## ३.३ प्रमुख सम्भावना तथा अवसर

आफ्नो क्षेत्रभित्र रहेका आर्थिक, प्राकृतिक तथा मानवीय स्रोत तथा साधनको परिचालन गरी समृद्धिको मार्गमा अगाडि बढ्ने महत्त्वपूर्ण अवसर गाउँपालिकालाई प्राप्त भएको छ । यस गाउँपालिकाका विकास र समृद्धिका मुख्य अवसरहरूलाई निम्न रूपमा उल्लेख गर्न सकिन्छः

- गाउँपालिकाको हावापानी तथा स्थान विशेष कृषियोग्य भूमिको उपलब्धताका कारण यस गाउँपालिकालाई पहिचान दिने गरी आप, लिची, केरा, सुन्तला तथा कृषि उत्पादन गर्न सक्ने गाउँपालिकाका रूपमा विकास गर्न सकिनेछ।
- अमिलो प्रजातिका फलफूल, सुन्तला, कागतीका लगायत विभिन्न मौसमी तथा बेमौसमी फलफूल एवं तरकारीहरू, मसलाजन्य अदुवा, बेसार र मौरीपालन जस्ता कृषि तथा पशुजन्य उत्पादनकालागि यस गाउँपालिकाले आफ्नो पहिचान स्थापित गर्न सक्ने र यस क्षेत्रको आधुनिकीकरण गर्न सकेको अवस्थामा यसको उत्पादकत्वमा वृद्धि आई थप आर्थिक उपलब्धि हासिल गर्न सकिनेछ ।
- पशुपालन व्यवसायको माध्यमबाट मासु उत्पादन तथा दुग्धजन्य व्यवसायको विस्तार र उत्पादनमा थप वृद्धि गर्न सकिने अवस्था रहेको छ।
- तानसेन, रामपुर तथा अन्य शहरहरूसँग व्यापारिक सम्बन्ध विस्तार गरी गाउँपालिकामा उत्पादन हुने जैविक कृषि तथा पशुजन्य उत्पादनले राम्रो बजार पाउने प्रशस्त सम्भावना रहेको छ ।
- गाउँपालिका भित्र रहेका नेपाल सरकारले निर्धारण गरेका १०० वटा पर्यटकीय गन्तव्य स्थल मध्येको रम्भादेवी तथा लुप्च डाँडा, नाचन डाँडा, रिमिघा लेक, सती ढुङ्गा, बाकुम गढी, क्यामेल हिल, कराउने पहाड, दरबार हाता लगायतका एतिहासिक पर्यटकीय स्थलहरुले यस क्षेत्रको पर्यटन विकासको सम्भावना पनि उच्च रहेको छ ।
- सहासिक पर्यटकीय गन्तव्यको रुपमा लुप्च डाँडामा प्याराग्लाइडिङका साथै सूर्योदय र सूर्यास्त दुवै अवलोकन गर्ने सकिने अनुपम स्थल रहेकाले सोको विकास गरी गाउँपालिकाको पर्यटकीय पहिचान बढाउन सकिने सम्भावना देखिन्छ ।
- गाउँपालिकामा मगर संस्कृति सहितको रानीबास, रानाटोल, रैयाटोल र घोडसिङ क्षेत्रमा सामुदायिक होमस्टे प्रवर्द्धन गरि पर्या पर्यटन तथा कृषि पर्यटनको भरपुर लाभ लिन सकिने देखिन्छ ।
- प्राकृतिक तथा अन्य आर्थिक स्रोतहरूको परिचालनबाट गाउँपालिकाबासीको जीवनस्तरमा सुधार ल्याउन सकिने अवस्था रहेको छ ।
- गाउँपालिकाका सबै वडाहरूमा पक्की सडक सञ्जाल सहितका विकासका आधारभूत पूर्वाधारहरूको थप स्तरीकरण सहितको सुविधा पुऱ्याउन सकिने अवस्था रहेको छ ।
- गाउँपालिकामा रहेको वन जङ्गललाई संरक्षण गरी त्यसबाट प्राप्त गर्न सकिने लाभ जस्तैः प्राङ्गारिक मल, जडीबुटी उत्पादन जस्ता क्रियाकलापका माध्यमबाट आर्थिक उपार्जन गर्न सकिने देखिन्छ । काष्ठ र गैरकाष्ठ वन पैदावारको समुचित व्यवस्थापन गरी वनजन्य उद्यमको विकास गरी जीविकोपार्जनमा सुधार गर्न सकिने सम्भावना रहेको छ ।

- कृषि तथा वनजन्य कच्चा पदार्थमा आधारित उद्योगहरूको विकास, स्थानीयस्तरमा खाद्य प्रशोधन उद्योग, गार्मेन्ट उद्योग, दुग्ध प्रशोधन, नर्सरी तथा फलफूल फर्महरू को विकास र प्रवर्द्धन मार्फत गाउँपालिकाले आर्थिक समृद्धिमा थप टेवा पुर्याउन सकिने अवसर रहेको छ ।
- परम्परागत सीप, स्थानीय कच्चा पदार्थ एवम् बाँससजन्य वस्तुद्वारा निर्मित सामग्री (जस्तैः डोका, नाम्ला, दाम्ला, डाला, मान्द्रा, हलो, जुवा) को निर्माण र बजारीकरणको पनि उत्तिकै सम्भावना रहेको देखिन्छ ।
- गरीब, अति विपन्न, दलित, जनंजाति, वञ्चितिकरणमा परेको समुदायका नागरिक तथा एकल महिला आदिलाई घरेलु मदिरा उत्पादनसँग जोडेर आय आर्जनद्वारा उनीहरूको जीवनस्तरमा सुधार ल्याउन सकिने सम्भावना रहेको छ ।
- काली गण्डकी नदीको केही भाग यस गाउँपालिका भएर बग्ने हुँदा विभिन्न स्थानमा जलाशय निर्माण गर्ने, जलयात्रा शुभारम्भ गर्ने, ठूला सिंचाई आयोज़नाहरु संचालन गर्ने, सामुदायिक वनहरुको विकासवाट काष्ठ उद्योगहरु संचालन गर्न सकिने र विभिन्न प्रकारका जडीबुटीहरुको पहिचान गरी आयुर्वेदिक औषधि उत्पादन गर्ने जस्ता विभिन्न प्रकारका आय-आर्जन सम्बन्धी क्रियाकलाप गरी आर्थिक समृद्धि वढाउन सकिने प्रवल सम्भावना समेत देखिन्छ।
- रिमिघा लेकमा यार्सागुम्बा भेटिएको समाचार प्रकाशित भएसंगै यसको अध्ययन अनुसन्धान पछि गाउँपालिकाले आर्थिक लाभ लिन सकिने देखिन्छ ।

## ३.४ निर्देशक सिद्धान्त

गाउँपालिकाको उल्लिखित दीर्घकालीन सोचलाई साकार पार्न बदलिँदो राजनैतिक, सामाजिक र कानुनी आधार र नेपाल सरकारको सोह्रौ तथा प्रदेश सरकारको दोस्रो आवधिक योजनाको मर्मलाई समेत ध्यानमा राखेर निम्न विकासको निर्देशक सिद्धान्त तय गरिएको छ । र यसै सिद्धान्तहरूलाई पालन गरी रम्भा गाउँपालिकाको पहिलो आवधिक विकास योजना तर्जुमा गरिएको छ।

तालिका ५: गाउँपालिकाको निर्देशक सिद्धान्तहरू

| *क्षेत्रगत प्राथमिकता* | उपयोगको रणानीति |
|---|---|
| ***कृषि, पर्यटन, ऊर्जा, सहकारी र पूर्वाधार विकासमा उच्च प्राथमिकताः*** | व्यावसायिक कृषिको विकास, पर्यटन, सम्भाव्य जलविद्युतको क्षेत्रको विकास एवं स्थानीय अर्थतन्त्र एवं पूर्वाधारको विकासद्वारा समृद्धिको आधार तयार गरिनेछ । |
| ***स्थानीय अर्थतन्त्रको विकास र विस्तारः*** | सङ्घ र प्रदेश सरकारको विकास सम्बन्धी सोच, लक्ष्य, उद्देश्य प्राप्त गर्न समन्वय, सहयोग र सहकार्यको माध्यमद्वारा स्थानीय अर्थतन्त्रको विकास र विस्तार गरी समृद्धिको आधार तयार गरिनेछ । |
| ***व्यवस्थित भू–उपयोग र योजनाबद्ध विकासः*** | राष्ट्रिय भू उपयोग नीति २०६९ बमोजिम भूमिको बनौट, क्षमता र उपयुक्तता, आवश्यकता र वर्तमान उपयोग समेतको आधारमा भू–उपयोग योजना तर्जुमा र सो को पालनामा अभिवृद्धि गर्ने संयन्त्र र कानुनी र नीतिगत व्यवस्था गरिनेछ। |
| | |

| *क्षेत्रगत प्राथमिकता* | उपयोगको रणानीति |
|---|---|
| *उत्पादनमूलक, जलवायु तथा विपद् उत्थानशील पूर्वाधारः* | भू उपयोग योजनाको आधारमा बस्ती तथा भौतिक पूर्वाधार विकास एकीकृत योजना तर्जुमा गरी सो अनुसार पूर्वाधार विकास र सुविधा अभिवृद्धि गरिनेछ । पूर्वाधार तथा संरचना निर्माण गर्दा उत्पादन तथा आयमूलक क्षेत्रमा जोड दिने नीति अवलम्बन गरिनेछ । साथै पूर्वाधार निर्माण गर्दा रिचार्ज पोखरी, बाँध निर्माण जस्ता जलवायु अनुकूलन आयोजनामा विशेष प्राथमिकता दिने तथा संरचना निर्माण गर्दा वातावरण संरक्षण ऐन तथा नियम अनुसार बायो इन्जिनियरिङ र संरक्षण सम्बन्धी प्रविधिको प्रयोगमा जोड दिइनेछ । |
| *प्रभावकारी सेवा प्रवाह र विकास व्यवस्थापनः* | प्रभावकारी सेवा प्रवाह र विकास व्यवस्थापनको आधार केन्द्रको विकास गर्दै गाउँपालिकाबासीलाई शिक्षा, स्वास्थ्य, विद्युत, खानेपानी, सरसफाइ लगायतका सेवा सुविधा प्रत्याभूति गरिनेछ । यसका लागि सूचना, प्रमाण र ज्ञानमा आधारित ठोस योजना तर्जुमा, प्रभावकारी कार्यान्वयन र प्राप्त उपलब्धिको नतिजामूलक अनुगमन र प्रभावको लेखाजोखाको व्यवस्था गरिनेछ । |
| *अन्तर सरकार, निजी, गैर सरकारी तथा समुदाय साझेदारी र सहकार्यः* | पूर्वाधार निर्माण, सञ्चालन, सेवा प्रवाहमा अन्तर सरकार, निजी, गैर सरकारी, सहकारी र समुदायसँग साझेदारी र सहकार्य गरी विकास उपलब्धिलाई प्रभावकारी गरिनेछ । कृषि, पशुपालन, व्यवसाय सेवा, उत्पादन तथा बजारीकरण, खानेपानी तथा सरसफाइ, इन्जिनियरिङ जस्ता सेवामा निजी क्षेत्र, गैर सरकारी र सहकारी संस्थालाई करार गरी वैकल्पिक प्रणालीमा आधारित सेवा प्रवाहको व्यवस्था गरी स्थानीय सेवा प्रवाहलाई सहज र प्रभावकारी बनाइनेछ । साथै विकास निर्माण कार्यमा निजी, गैर सरकारी, सहकारी र समुदायको लगानी र साझेदारी अभिवृद्धि गरिनेछ । |
| *समावेशीकरण, सुशासन तथा सदाचार प्रवर्द्धनः* | सुशासन, विकास र समृद्धि देश विकासको अबको कार्यसूची तय भएको छ । सुशासन विकास र समृद्धिको पूवसर्तको रूपमा रहेको छ । सुशासनको लागि विद्यमान सबै खालका विभेद तथा बहिष्करण अन्त्य, कानुन तथा विधिको शासन, सरकारी, निजी, सहकारी र सामुदायिक साझेदारी, पारदर्शिता र जबाफदेहीता उच्चतम अभ्यास गरिनेछ । राजनीति तथा समाजमा बढ्दै गइरहेको अराजकता र भ्रष्टाचारको विरुद्ध सदाचार पद्धति अवलम्बन र सामाजिक जबाफदेहीता सम्बन्धी संयन्त्रहरूको एकीकृत र सचेत अभ्यास गरिने छ । यस प्रक्रियामा नागरिक समाजको साझेदारी गरिनेछ । |
| *सूचना तथा नतिजामा आधारित विकास व्यवस्थापनः* | विकास व्यवस्थापन प्रक्रियालाई सूचना, प्रमाण तथा ज्ञानमा आधारित तथा नतिजामूलक बनाइनेछ । यस प्रक्रियामा सूचना प्रविधि, अनुभव र सफल अभ्यासलाई अधिकतम परिचालन गरिनेछ । |
| *वन र वन पैदावारको यथोचित उपयोग* | यस गाउँपालिकामा प्रशस्त बनपैदावर र जडीबुटी रहेको हुनाले तिनिहरूको यथोचित उपयोग गरेर स्थानीय रोजगारी प्रदान गरिनेछ। |

## ३.५ सोच, लक्ष्य तथा उद्देश्य

दिगो विकास लक्ष्य, नेपालको दीर्घकालीन सोच र लुम्बिनी प्रदेश सरकारको दोस्रो आवधिक विकास योजनाले लिएका दीर्घकालीन सोच, लक्ष्य र उद्देश्यसँग तादम्यता हुने गरी यस गाउँपालिकाको पहिलो आवधिक विकास योजना तयार पारिएको छ । गाउँ कार्यपालिकाको नेतृत्व, राजनीतिक नेतृत्व, विषयगत शाखा तथा विकासका सरोकारवालाहरूको सहभागितामा रम्भा गाउँपालिकाको समग्र विकास प्रक्रियालाई मार्गदर्शन प्रदान गर्ने उद्देश्यका साथ गाउँपालिकाको दीर्घकालीन सोच तय गरिएको छ ।

**दीर्घकालीन सोच**

| "सुखी र समृद्ध रम्भा हाम्रो सान" |
|---|

**लक्ष्य**

"सुखी र समृद्ध रम्भा निर्माणका लागि तयार भएका आधारभूत संरचना तथा पूर्वाधारहरुको स्तरोन्नती भई नागरिकहरुको जीवनस्तरमा क्रमिक सुधार आउने"

**उद्देश्य**

१. उत्पादन र उत्पादकत्व एवं रोजगारीका अवसरमा वृद्धि गरी आयस्तरमा सुधार गर्नु
२. शिक्षित, सभ्य, सक्षम र स्वस्थ्य जनशक्ति निर्माण गरी सम्पदा संस्कृति संरक्षण, पहिचान अभिवृद्धि मार्फत सशक्तिकरण र समावेसीतामा सुधार गर्नु
३. भौतिक तथा सामाजिक पूर्वाधार सुविधाहरुको स्तरोन्नती र जीवनयापनमा सहजता बनाउनु
४. प्राकृतिक श्रोत तथा जैविक विविधता संरक्षण र विपद उत्थानशील समाजको निर्माण गर्नु
५. श्रोत साधनको अधिकतम परिचालन, प्रभावकारी सेवा प्रवाह सहित सुशासन प्रर्वद्धन भई नागरिक सन्तुष्टीस्तरमा वृद्धि गर्नु

## ३.६ परिमाणात्मक लक्ष्य

तालिका ६: अपेक्षित परिमाणात्मक उपलब्धि

| आवधिक योजनाको समष्टिगत परिमाणात्मक लक्ष्य | | | | | |
|---|---|---|---|---|---|
| नतिजा सूचक | इकाई | आधार बर्ष ०७९/८० सम्म | | | ०८६/८७ |
| | | संघ | लुम्विनी प्रदेश | रम्भा | रम्भा |
| **समष्टिगत सूचक तथा परिमाणात्मक लक्ष्य** | | | | | |
| मानव विकास सूचकाङ्क | सूचकाङ्क | ०.६०१ | ०.५६३ | **०.५६** | **०.५६१** |
| लैङ्गिक विकास सूचकाङ्क | सूचकाङ्क | ०.९५२ | ०.९०१ | **०.९०१** | **०.८९** |
| वहुआयामिक गरिवी | प्रतिशत | २८.६ | १८.२ | | |
| निरपेक्ष गरिवी | प्रतिशत | २०.३ | २४.३५ | **१६** | **१०** |
| प्रतिव्यक्ति वार्षिक आय | अ. डलर | १४५६ | ११२६ | **१६००** | **२०००** |
| औषत आयु (जन्म हुँदाको) | वर्ष | ७१.३ | ७०.९ | **७२** | **७३** |
| साक्षरता दर (१५वर्ष माथि) | प्रतिशत | ७६.२* | ७८.८ | **८५** | **९२** |

| आवधिक योजनाको समष्टिगत परिमाणात्मक लक्ष्य | | | | | |
|---|---|---|---|---|---|
| नतिजा सूचक | इकाई | आधार बर्ष ०७९/८० सम्म | | | ०८६/८७ |
| | | संघ | लुम्बिनी प्रदेश | रम्भा | रम्भा |
| वेरोजगारी दर | प्रतिशत | ११.४ | ८.१ | ३.४ | २ |
| **विषयक्षेत्रगत सूचक तथा परिमाणात्मक लक्ष्य** | | | | | |
| नियमित सिंचाइ भूमि | प्रतिशत | ५८** | | ७० | ८५ |
| वाल मत्युदर | प्रतिशत | ३६ | ४१ | ०,१ | ०,१ |
| कृषिमा आवद्ध जनसंख्या | प्रतिशत | ६०.४* | ७० | ३४.८१ | ३० |
| माध्यमिक तहको (९-१२) खुद भर्ना दर | प्रतिशत | ५७.४** | ७९.१९ | ७६.५ | ८७ |
| रोजगारीमा गैरकृषि क्षेत्रको योगदान | प्रतिशत | ३६.५ | २५ | ६६.५ | ७० |
| आधारभूत तहको भर्नादर | प्रतिशत | ९२.३ | ९५ | ९६.७ | ९९ |
| ३० मिनेटको दुरीमा नजिकको स्वास्थ्य सेवामा पहुँच भएका घरधुरी | प्रतिशत | ४९.३ | | ७१ | ९० |
| आधारभूत खानेपानीवाट लाभान्वित जनसंख्या | प्रतिशत | ८६.८* | ९०.२ | ७५ | ८५ |
| ३० मिनेटको दुरीमा यातायातमा पहुँच भएका घरपरिवार | प्रतिशत | ८२ | | ९० | ९५ |
| विद्युत सेवावाट लाभान्वित जनसंख्या | प्रतिशत | ९२.२* | | ९९ | १०० |
| इन्टरनेट सेवामा पहुँच प्राप्त घरधुरी | प्रतिशत | ६५.९* | ७५ | ७० | ८५ |
| वन क्षेत्र ओगटेको भूमि | प्रतिशत | ४५.३१** | | ३९.२४ | ३९.२४ |
| सेवा प्रवाहवाट सन्तुष्ट अनुभूति गर्ने सेवाग्राही | प्रतिशत | - | | ८० | ९५ |
| श्रोत : ***मानव विकास प्रतिवेदन, २०२२, लुम्विनी प्रदेश रणनीतिक योजना २०७९, *राष्ट्रिय जनगणना २०७८, ****चौथो जीवनस्तर सर्वेक्षण २०७९/८० **आर्थिक सर्भेक्षण २०७९/८०, सोह्रौं योजना, फ्ल्यास रिपोर्ट २०७९ | | | | | |

## ३.७ रणनीति तथा प्राथमिकता

तालिका ७: गाउँपालिकाको प्रमुख रणनीतिहरू तथा प्राथमिकताहरू

| रणनीतिहरू | प्राथमिकताहरू |
|---|---|
| **उद्देश्य १: उत्पादन र उत्पादकत्व एवं रोजगारीका अवसरमा वृद्धि गरी आयस्तरमा सुधार गर्नु** | |
| १.१: प्रतिस्पर्धात्मक फाइदाका क्षेत्रहरूमा पूँजी विस्तार गर्ने । | १. कृषिमा आधारित उद्यमशीलताका माध्यमबाट रोजगारी सिर्जना गरी आम्दानीमा बृद्धि ल्याइनेछ ।<br>२. प्रविधिमा आधारित पर्यटनको विकास गरी यसलाई रोजगारमूलक उद्योगको रूपमा विकास गरिनेछ।<br>३. स्थानीय कच्चा पदार्थमा आधारित उद्योग स्थापनाका लागि प्रोत्साहन गरिनेछ। |

| रणनीतिहरू | प्राथमिकताहरू |
|---|---|
| १.२: विकासका अवसरहरूमा समतामूलक पहुँच सुनिश्चित गर्ने । | १. विकासका पूर्वाधारहरू सामाजिक तथा आर्थिक रूपमा विपन्न समुदायलाई मूलप्रवाहमा ल्याइनेछ ।<br>२. गुणस्तरीय सिँचाइ सुविधा, सङ्कलन केन्द्र, बजार व्यवस्थापन एवम् प्रवर्द्धन, बीउ विजन, मलखादको सहज आपूर्ति र प्रविधिको पहुँचको सुनिश्चितता गरिनेछ ।<br>३. कृषि तथा पशुजन्य उपजमा आत्मनिर्भर हुँदै खाद्य सुरक्षाको प्रत्याभूति गराई गरिबी निवारणमा उल्लेख्य सुधार गरिनेछ । |
| **उद्देश्य २: शिक्षित, सभ्य, सक्षम र स्वस्थ्य जनशक्ति निर्माण गरी सम्पदा संस्कृति संरक्षण, पहिचान अभिवृद्धि मार्फत सशक्तिकरण र समावेसीतामा सुधार गर्नु ।** | |
| २.१: शिक्षा, स्वास्थ्य, खानेपानी जस्ता आधारभूत सेवाहरूको गुणस्तर र पहुँच अभिवृद्धि गर्दै मौलिक हकको प्रत्याभूति गर्ने । | १. मानवीय तथा सामाजिक विकास र यस क्षेत्रसंग प्रत्यक्ष सरोकार राख्ने शिक्षा, स्वास्थ्य क्षेत्रमा जनचेतना अभिवृद्धि र पूर्वाधार विकास तर्फ स्वास्थ्य चौकी निर्माण, प्रसुतिगृह निर्माण, एम्बुलेन्स सेवा सञ्चालन बालविकास केन्द्रहरूको व्यवस्थामा जोड दिइनेछ ।<br>२. शिक्षा, स्वास्थ्य जस्ता आधारभूत सेवाहरूलाई गाउँपालिकाको सामाजिक समृद्धिको मेरुदण्डका रूपमा अंगिकार गरी त्यसको विकासकालागि आवश्यक कार्य योजना लागु गरिनेछ ।<br>३. एक घर एक धारा र पूर्ण सरसफाइ सहितको रम्भा गाउँपालिका बनाउने नीति अवलम्बन गरिने छ । |
| **उद्देश्य ३: भौतिक तथा सामाजिक पूर्वाधार सुविधाहरुको स्तरोन्नती र जीवनयापनमा सहजता बनाउनु ।** | |
| ३.१: गुणस्तरीय पूर्वाधारहरूमा सबैको पहुँच सुनिश्चित गर्ने । | १. जनताको पहुँच सिर्जना हुने गरी गुणस्तरयुक्त सडक, सिँचाइ, लगायत अन्य भौतिक पूर्वाधारको निर्माण गर्दा निश्चित मापदण्ड बनाई लागु गरिनेछ । विकासका पूर्वाधारको गुणस्तर सुनिश्चित गरिनेछ ।<br>२. कृषि र पर्यटनकालागि उपयुक्त ठानिएका क्षेत्रहरूको DPR गरी उक्त क्षेत्रहरूलाई पकेट र पर्यटकीय क्षेत्रका रूपमा विकास गर्न आवश्यक पूर्वाधारको व्यवस्थापन तथा आधुनिक प्रविधिमा आधारित कृषि सम्बन्धी क्रियाकलापमा जोड दिइनेछ ।<br>३. सडकको स्तरोन्नत्ति, मर्मत, सम्भार, संरचनाको काम गरी सवारी साधनलाई सुचारु गर्न बजेट बाँडफाँड गरिनेछ । |
| **उद्देश्य ४: प्राकृतिक श्रोत तथा जैविक विविधता संरक्षण र विपद उत्थानशील समाजको निर्माण गर्नु** | |
| ४.१: वातावरणीय सन्तुलन एवम् जल, जमिन, जङ्गल, जैविक विविधता आदि प्राकृतिक स्रोत र सम्पदाको संरक्षण तथा विकास गर्ने । | १. वन जङ्गल संरक्षणमा आधुनिक प्रविधिको प्रयोग गरिनेछ ।<br>२. प्रकोपबाट सिर्जना हुने मानवीय तथा आर्थिक क्षतिलाई न्यूनीकरण, वातावरणीय संरक्षण जस्ता कार्यक्रम र जलवायु परिवर्तन अनुकूलन योजनालाई आबद्ध गरी कार्यक्रम सञ्चालन गरिनेछ । |

| रणनीतिहरू | प्राथमिकताहरू |
|---|---|
| | ३. सडक निर्माण गर्दा क्षति भएको खानेपानी योजना, सिँचाइ कुलोहरू सम्बन्धित योजना सञ्चालन गर्ने उपभोक्ता समितिलाई नै पुनर्निर्माणमा जिम्मेवार बनाइनेछ ।<br>४. स्थानीय जलाधार क्षेत्रहरूको संरक्षण र निर्माण गरिनेछ । |
| **उद्देश्य ५: श्रोत साधनको अधिकतम परिचालन, प्रभावकारी सेवा प्रवाह सहित सुशासन प्रर्वद्धन भई नागरिक सन्तुष्टीस्तरमा वृद्धि गर्नु** | |
| **५.१:** सुशासन सम्बन्धी नीतिगत, कानुन एवम् संस्थागत व्यवस्था गरी प्रभावकारी कार्न्वयन गर्ने । | १. समावेशी र सन्तुलित विकासको माध्यमद्वारा विभेदमुक्त समाज निर्माण गरिनेछ ।<br>२. गरिबी निवारणकालागि सञ्चालित कार्यक्रमहरूलाई एकीकृत गरी वास्तविक गरिबहरूको पहिचान र सङ्ख्या घटाउने नीति अवलम्बन गरिनेछ ।<br>३. गाउँपालिकाको आन्तरिक स्रोत सङ्कलनमा सार्वजनिक निजी साझेदारी अन्तर्गत गरिएको सहकार्यलाई अझ व्यवस्थित र प्रभावकारी गराइनेछ ।<br>४. समाजमा पछाडि परेका लक्षित वर्गकालागि अनुदान रकम र आन्तरिक स्रोत तर्फको निश्चित बजेट लक्षित वर्गकालागि प्रत्यक्ष फाइदा पुग्ने कार्यक्रममा विनियोजन गरिनेछ।<br>५. सुशासन, पारदर्शिता, लैङ्गिक सशक्तीकरण, सामाजिक सुरक्षा, आयमूलक, सीपमूलक कार्यक्रमलाई ध्यान दिई कार्यक्रम निर्माण गरिनेछन् ।<br>६. समावेशी सामाजिक संरचनाका माध्यमबाट गाउँपालिकामा पारस्परिक सद्भाव र एकताको भावना विकास गरिनेछ ।<br>७. गाउँपालिकाको वार्षिक कार्यक्रम तर्जुमा गर्दा मूलतः आवधिक योजनासँग आवद्ध गरी गाउँपालिकाको योजना तर्जुमा प्रक्रियालाई वैज्ञानिक बनाइनेछ। |

## ३.८ लगानी, स्रोत अनुमान र बाँडफाँट

तालिका ८: आवधिक योजनामा खर्च व्यहोर्ने स्रोतहरू

| क्र.सं. | स्रोत | योजना अवधिमा हुने लगानी (रु लाखमा) | प्रतिशत |
|---|---|---|---|
| १ | सरकारी (प्रदेश तथा संघीय सरकार) क्षेत्र | ३००९३३२ | ८८.२५ |
| २ | सहकारी क्षेत्र | ५०८६३ | १.४९ |
| ३ | निजी क्षेत्र | १०९६०० | ३.२१ |
| ४ | गै.स.स. | ११०००० | ३.२३ |
| ५ | उपभोक्ता समूह, सामुदायिक संस्था आदिको योगदान | ७३२६१ | २.१५ |
| ६ | अन्तर स्थानीय तह साझेदारी | ५६८८५ | १.६७ |
| कुल | | ३४०९९४१ | १०० |

तालिका ९: गाउँपालिकाको आय अनुमान (रकम रु. हजारमा)

| गाउँपालिकाको आगामी ५ आर्थिक वर्षको बजेट प्रक्षेपण | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| क्र. सं. | विवरण | २०८०/८१ को यथार्थ | % | २०८१/८२ को अनुमान | २०८२/८३ को प्रक्षेपित | २०८३/८४ को प्रक्षेपित | २०८४/८५ को प्रक्षेपित | २०८५/८६ को प्रक्षेपित | २०८६/८७ को प्रक्षेपित |
| १ | नगद मौज्दात | ३७२४६ | ८.५३ | ४५२४२ | | | | | |
| २ | आन्तरिक राजस्व | ८०३१ | १.८४ | ८१९० | ८८३४ | ९७१८ | १०६८९ | ११७५८ | १२९३४ |
| | संघीय सरकार | | | | | | | | |
| ३ | वित्तीय समानीकरण अनुदान | ८४७२३ | १९.४० | ८८९०० | ९३१९५ | १०२५१५ | ११२७६६ | १२४०४३ | १३६४४७ |
| ४ | सशर्त अनुदान चालु | १९१९३३ | ४३.९४ | २१८८८५ | २१११२६ | २३२२३९ | २५५४६३ | २८१००९ | ३०९११० |
| ५ | सशर्त अनुदान पूँजीगत | १४११६ | ३.२३ | ११९०० | १५५२८ | १७०८० | १८७८८ | २०६६७ | २२७३४ |
| ६ | समपुरक अनुदान | १७३५ | ०.४० | | १९०९ | २०९९ | २३०९ | २५४० | २७९४ |

| गाउँपालिकाको आगामी ५ आर्थिक वर्षको बजेट प्रक्षेपण | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| क्र. सं. | विवरण | २०८०/८१ को यथार्थ | % | २०८१/८२ को अनुमान | २०८२/८३ को प्रक्षेपित | २०८३/८४ को प्रक्षेपित | २०८४/८५ को प्रक्षेपित | २०८५/८६ को प्रक्षेपित | २०८६/८७ को प्रक्षेपित |
| ७ | विशेष अनुदान | ५८९५ | १.३५ | ५००० | ६४८५ | ७१३३ | ७८४६ | ८६३१ | ९४९४ |
| ८ | राजस्व बाडफाट प्राप्त आय | ६५७१० | १५.०४ | ८२२९९ | ७२२८१ | ७९५०९ | ८७४६० | ९६२०६ | १०५८२७ |
| | **प्रदेश सरकार** | | | | | | | | |
| ९ | वित्तीय समानीकरण अनुदान | ४७३६ | १.०८ | ५८७६ | ५२१० | ५७३१ | ६३०४ | ६९३४ | ७६२७ |
| १० | सशर्त अनुदान चालु | ११५९ | ०.२७ | | १२७५ | १४०२ | १५४३ | १६९७ | १८६७ |
| ११ | सशर्त अनुदान पूँजीगत | ८११३ | १.८६ | ७००० | ८९२४ | ९८१७ | १०७९८ | ११८७८ | १३०६६ |
| १२ | समपुरक अनुदान | ६३३६ | १.४५ | ७००० | ६९७० | ७६६७ | ८४३३ | ९२७७ | १०२०४ |
| १३ | विशेष अनुदान | ० | ०.०० | २००० | २५००० | २७५०० | ३०२५० | ३३२७५ | ३६६०३ |
| १४ | राजस्व बाँडफाट | ७०९६ | १.६२ | ८३८२ | ७८०६ | ८५८६ | ९४४५ | १०३८९ | ११४२८ |
| १५ | अन्य आय | | | | | | | | |
| १६ | जनसहभागिता | | | | १२००० | १३२०० | १४५२० | १५९७२ | १७५६९ |
| **जम्मा** | | **४३६८२९** | **१००** | **४९०६७४** | **४७६५४१** | **५२४१९५** | **५७६६१५** | **६३४२७६** | **६९७७०४** |
| **गाउँपालिकाको ५ वर्षको अनुमानित कुल बजेट** | | | | | **२९०,९३,३२ (२ अर्ब ९० करोड ९३ लाख ३२ हजार)** | | | | |

## ३.९ गाउँ गौरवका आयोजनाहरू

तालिका १०: गाउँ गौरवका आयोजनाहरू

| गाउँपालिका गौरबको आयोजना | | | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| क.सं. | कार्यक्रमहरू | एकाइ | योजनाको कुल लक्ष्य | अनुमानित स्रोत र वार्षिक लक्ष्य (रू.हजारमा) | | | | | | बजेट प्रतिशत | दिविल संकेत | दिराल संकेत | लैंगिक संकेत | जलबायू संकेत |
| | | | | पहिलो आ.व. | दोस्रो आ.व. | तेस्रो आ.व. | चौथो आ.व | पाँचौ आ.व | जम्मा | | | | | |
| १ | लसुने ओम भञ्याङ कोशढुङ्गा फुरुङदी सात विसे रिङनेरह हुँदै दुम्कीबास जोड्ने सडक | एकमुष्ठ | | | | | | | १०००००० | | ११ | १ | ३ | ३ |
| २ | कालीगण्डकी अंगाहाखोला, हुँगी लिफ्ट वृहत सिँचाइ आयोजना | एकमुष्ठ | | | | | | | १०००००० | | १२ | ३ | ३ | १ |
| ३ | सहदी खोला, रानीबास,किटेनी झोकेदी, ताहूँ, हुमीन,मुडेवा हुँदै खैरेनी जोड्ने मोटरबाटो | एकमुष्ठ | | | | | | | १५००००० | | ११ | १ | ३ | ३ |
| ४ | लिची आाप सुन्तला जुनार कागती सुपर जोन कार्यक्रम | एकमुष्ठ | | | | | | | १००००० | | १ | ४ | २ | २ |
| ५ | प्राविधिक धार क्याम्पस (कृषि तर्फको) संचालन | सङ्ख्या | १ | | | एकमुष्ठ | | | ५००००० | | ४ | २ | ३ | ३ |
| ६ | १०० शैयाको अस्पताल निर्माण (प्रदेश स्तरीय/अन्तर स्थानीय तह) | सङ्ख्या | १ | | | | | | १०००००० | | ३ | २ | ३ | ३ |
| ७ | भिमाद लोहोरेङ, थुम्का बकचौर फेदी सराइ मोटरबाटो | एकमुष्ठ | | | | | | | १००००० | | ११ | १ | ३ | ३ |
| ८ | रम्भादेवी रिमिघा उत्तरबाहिनी क्षेत्र, बौद्ध विहार पर्यटन विकास कार्यक्रम | एकमुष्ठ | | | | | | | १०००००० | | ९ | १ | ३ | ३ |
| ९ | औधोगिक ग्राम सञ्चालन तथा व्यवस्थापन (अन्तरपालिका) | एकमुष्ठ | | | | | | | १००००० | | ८ | २ | ३ | ३ |

| गाउँपालिका गौरबको आयोजना | | | | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| क्र.सं. | कार्यक्रमहरू | एकाइ | योजनाको कुल लक्ष्य | अनुमानित स्रोत र वार्षिक लक्ष्य (रू.हजारमा) | | | | | | बजेट प्रतिशत | दिविल संकेत | दिराल संकेत | लैंगिक संकेत | जलबायू संकेत |
| | | | | पहिलो आ.व. | दोस्रो आ.व. | तेस्रो आ.व. | चौथो आ.व | पाँचौ आ.व | जम्मा | | | | | |
| १० | पशु आहारको लागि दाना उद्योग स्थापना | सङ्ख्या | १ | | | | | | १००००० | | ८ | २ | ३ | ३ |
| ११ | पन्टार, स्बैलेक, वैरादी मस्ल्याङ पिपरदी सुरुमडाडा, ओम भञ्याङ मोटर बाटो | एकमुष्ठ | | | | | | | ५००००० | | ११ | १ | ३ | ३ |
| १२ | गाउँँपालिका प्रशासकीय भवन निर्माण | सङ्ख्या | १ | | | | | | ९०००० | | ९ | १ | ३ | ३ |
| १३ | कुडुलेघाट (रम्भा ३ र ४ जोड्ने) पक्की पुल निर्माण | सङ्ख्या | १ | | | | | | १५०००० | | ११ | १ | ३ | ३ |
| गाउँपालिका गौरबको आयोजनाको जम्मा बजेट | | | | | | | | | ७१४०००० | | | | | |

# परिच्छेद ४: आर्थिक क्षेत्र

गाउँपालिकाको समष्टिगत विकास र समृद्धिको महत्त्वपूर्ण आधार भनेको आर्थिक क्षेत्र हो । यस क्षेत्र अन्तर्गत कृषि तथा पशु विकास, सिंचाई, उद्योग वाणिज्य तथा आपूर्ति, पर्यटन र सांस्कृतीक तथा धार्मिक सम्पदा संरक्षण र श्रम तथा वैदेशिक रोजगारी लगायतका उपक्षेत्रहरू पर्दछन् । नेपालको संविधानको अनुसूची - ८ मा स्थानीय तहलाई स्थानीय बजारको व्यवस्थापन, कृषि तथा पशुपालन, कृषि उत्पादन व्यवस्थापन, सहकारी जस्ता स्थानीय आर्थिक विकासको जिम्मेवारी प्रदान गरेको छ । यी विषयहरू दिगो विकासको लक्ष्य -१ (शुन्य गरिबी), लक्ष्य -२ (भोकमरीको अन्त्य) लक्ष्य - ८ (सम्मानित काम तथा आर्थिक उन्नति) र लक्ष्य -१० (असमानताको न्यूनीकरण) संग जोडिएका छन् । नेपालको संविधानले सुनिश्चित गरेको खाद्य सुरक्षा, मर्यादित र सुरक्षित रोजगारी र आयको अधिकार कार्यान्वयन गर्न नेपाल सरकार, प्रदेश सरकारका साथै र स्थानीय सरकारको पनि महत्वपूर्ण भूमिका रहन्छ । यस गाउँपालिकाको समग्र आर्थिक विकासको अग्रणी क्षेत्र, कृषि, पशु, परम्परागत उद्योग, व्यापार तथा व्यवसाय, वन पैदावार एवं कृषि पर्यटन रहेका छन् ।

## ४.१ कृषि तथा पशुपंक्षीपालन

### ४.१.१ पृष्ठभूमि

गाउँपालिका मुख्यतः कृषि तथा पशुपालनमा आधारित अर्थतन्त्र भएको गाउँपालिका हो । यहाको अधिकांश जनसङ्ख्याको जीविकोपार्जन तथा रोजगारीको मुख्य आधार कृषि, पशुपालन तथा व्यापार व्यवसाय नै रहेको देखिन्छ । गाउँपालिकाको अर्थतन्त्रमा व्यावसायिक रूपमा खेती गरिएका खाद्यन्न लगायतका नगदेबाली, आप, लिची, केरा, सुन्तला, कागती, पशुपालन, दुध तथा मह उत्पादन आदिले मुख्य योगदान पुरयाउदै आएको देखिन्छ ।

यस क्षेत्रका अधिकांश मानिसहरुले कृषिलाई नै मुख्य पेशाको रुपमा अपनाइएको पाइन्छ । यहाका करिब ८७ प्रतिशत भन्दा वढी जनसंख्या कृषि तथा पशु पालन पेशामा संलग्न रहेको देखिन्छ । उपजको उत्पादन वा बिक्री गरिरहेका देखिन्छ । कृषि क्षेत्रमा प्रचुर सम्भावना भएको यस गाउँपालिकाको खेतीयोग्य भूमि करिब ५६.५९ प्रतिशत रहेको छ । गाउँपालिकाले मासु र दूधमा आत्मनिर्भर गाउंपालिका बनाउनको लागि पशुपालक कृषकहरुलाई अनुदान वितरण गर्दै आएको छ। यस पालिकामा वाखा फर्म, भैसी फर्म, बंगुर फर्म आदि संचालनमा आएका छन् । गाउँपालिका क्षेत्रमा धान, गहुं मकै आलु र अन्य नगदेवालीको खेती प्रमुख रुपमा हुने गर्दछ। फलफूलतर्फ हुँगीमा आंप लिची केरा र कटहर आदीको राम्रो उत्पादन हुन्छ भने फोक्सीङकोटमा सुन्तला कागती अम्बा आदी बढी मात्रमा पाइन्छ।

आप लिची केरा तथा सुन्तला लगायत अमिलो प्रजातीका फलफुलका लागि गाउँपालिका निकै उत्पादनशील छ । एकातर्फ जग्गाको खण्डीकरण रोक्नुपर्ने चुनौती छ भने अर्कोतर्फ जग्गा बाँझो राख्ने प्रवृत्तिलाई निरुत्साहित गर्नुपर्नेछ । कृषि उत्पादनका क्षेत्रमा आत्मनिर्भर बनाई निर्यातमूलक अवस्थामा पुऱ्याउने सोच अनुरूप नै गाउँपालिकालाई विशेष प्राथमिकतामा राखिएको छ । उपलब्ध श्रम र सीपको पहुँच विस्तार गरी रोजगार सिर्जना गर्दै कृषिमा आधुनिकीकरण, व्यवसायीकरण र यान्त्रीकरणको माध्यमबाट कृषि क्षेत्रको उत्पादन तथा उत्पादकत्व वृद्धि गर्ने लक्ष्य लिइएको छ ।

### ४.१.२ समस्या तथा चुनौती

गाउँपालिका भित्रको कृषि तथा पशुपालनले अनुकूल भौगोलिक अवस्थिति र बढ्दो स्थानीय तथा बाह्य खास गरेर नजिकको रामपुर, तानसेन बजारले सिर्जना गरेको अवसरहरूलाई पर्याप्त उपयोग गर्न सकिएको छैन । समग्र कृषि र पशुपालन क्षेत्रको उत्पादनशीलता र व्यावसायिकता नबढाई यो सम्भव पनि हुँदैन । सिँचाइको अभाव, बजार व्यवस्थापनमा समस्या, उन्नत कृषि आपूर्ति, प्रविधि तथा औजारहरूको सहज उपलब्धता नहुनु, लागत अनुरूपको प्रतिफल नहुनु, उन्नत प्रविधि सम्बन्धी ज्ञान कम हुनु, पूर्वाधारहरूको अपर्याप्तता (जस्तै सङ्कलन केन्द्र, प्राविधिक सहित कोल्ड स्टोर संचालन, पक्की सडक आदी), दक्ष प्राविधिक जनशक्तिको अपर्याप्तता र कामदारहरू कम पाइनु केही प्रमुख तथा साझा समस्याहरू हुन् । पशुपालन तर्फ घाँस तथा चरण क्षेत्र व्यवस्थित नहुनु, उन्नत जातका पशुहरूको अभाव एवं महङ्गो हुनु तथा प्राविधिक सहयोग कम हुनु आदी केही प्रमुख समस्याहरू हुन् ।

मल बीउ प्राङ्गारिक मलको अभाव, युवा जनशक्ति पलायन, स्याल, बाँदर, बँदेल, दुम्सी लगायतका जङ्गली जनावरको प्रकोप, प्राविधिक ज्ञानको अभाव, सिँचाइको अभाव, सन्तुलित दानाको कमी, दक्ष जनशक्तिको कमी, बजारको समस्या, आयातित खाद्य वस्तुको मात्रालाई न्यूनीकरण गर्नु, तुलनात्मक तथा प्रतिस्पर्धात्मक लाभको कमी हुनु कृषि तथा पशुपालन क्षेत्रका समस्या तथा चुनौती हुन् ।

### ४.१.३ सम्भावना तथा अवसर

रैथाने जातका खाद्यान्न बालीहरू जस्तो धान, मकै, कोदो, अदुवा, बेसार लगायतका उत्पादनलाई व्यवसायिक रुपले उत्पादन गर्न सकिने सम्भावना छ । रैथाने बाली तथा फलफुल खेतीको लागि उपयुक्त हावापानी रहेको छ । मौसमी तथा बेमौसमी तरकारी खेतीका लागि प्रचुर सम्भावना रहेको छ । उच्च मुल्य जाने बेमौसमी तरकारीको विउ लगायत बालीको पकेट क्षेत्रको बिस्तार र प्रवर्द्धन गर्न सकेको खण्डमा कृषिको व्यवसायिकता एवं दीगो खाद्य सुरक्षाको सुनिश्चितता प्रदान गर्न सक्ने प्रचुर सम्भावना रहेको छ । यसका अतिरिक्त मुख्य वनजन्य उत्पादनहरुको व्यवस्थित संकलन तथा बजारीकरण गर्न सके यहाँको आर्थिक अवस्थामा समेत प्रत्यक्ष सहयोग पुग्ने देखिन्छ ।

गाउँपालिकामा पशुपालन तथा मौरीपालनको समेत सम्भावना छ । खासगरी गाउँपालिकाका क्षेत्रमा चरनको सुविधा भएको हुनाले पशुपंक्षी पालनलाई व्यवसायिक रुपमा गर्न सकेमा पशुपालकहरुलाई मनग्य आम्दानी हुने देखिन्छ । पशुपालनको तथ्याङ्कलाई हेर्दा खसी, वोका, कुखराको स्थानीय बजारमा खपत भई निर्यात समेत हुने गरेको छ । गाई भैसी तथा बाख्रापालनबाट गाउँपालिकाको मासु तथा दुधजन्य पदार्थहरु तानसेन बजारमा रहेका होटलहरु र बुटवल बजार समेतको मागलाई पुरा गर्न सकिने राम्रो अवसर रहेको छ ।

### ४.१.४ लक्ष्य, उद्देश्य, रणनीति र कार्यनीति

**लक्ष्य**

कृषिमा यान्त्रिकरण, आधुनिकीकरण एवं व्यवसायीकरणबाट उत्पादन र उत्पादकत्वमा अभिवृद्धि र रोजगारी सिर्जना भएको हुने

**उद्देश्य**

१. कृषिलाई व्यवसायीकरण गर्दै कृषि उपजहरूको बजार प्रवर्द्धन गर्नु ।
२. कृषि उपजको उत्पादन र उत्पादकत्वमा अभिवृद्धि ल्याउँदै खाद्यमा आत्मनिर्भर बनाउनु ।

३. पशुपंक्षीपालनमा व्यावसायिकता विकास गर्दै रोजगारी सिर्जना गर्नु ।

## रणनीति र कार्यनीति

तालिका ११: कृषि तथा पशुपालनका रणनीति तथा कार्य नीतिहरू

| रणनीतिहरू | कार्यनीतिहरू |
|---|---|
| **उदेश्य १: कृषिलाई व्यवसायीकरण गर्दै कृषि उपजहरूको बजार प्रवर्द्धन गर्नु ।** | |
| १.१ कृषि क्षेत्रको क्षमता अभिवृद्धि गर्ने । | १. कृषक, कृषि समुह, कृषि सहकारी, कृषि व्यवसाय तथा फार्महरूको क्षमता अभिवृद्धि गरिनेछ ।<br>२. कृषियन्त्र, प्रविधि, एवं मेशिन उपकरणहरूको प्रयोग सम्बन्धी प्राविधिक एवं सैद्धान्तिक ज्ञान तथा सीप प्रदान गरिनेछ ।<br>३. कृषि प्राविधिकहरूको क्षमता अभिवृद्धि गर्दै कृषकहरूलाई प्राविधिक सहयोग सल्लाह नियमित रूपमा उपलब्ध गराइनेछ ।<br>४. कृषकलाई वर्गीकरण गरी कृषक परिचयपत्र पाएका किसानहरूलाई सुविधा एवं अनुदानहरूमा प्राथमिकता दिइनेछ ।<br>५. उत्कृष्ट कृषकलाई वार्षिक रूपमा सम्मानित एवं पुरस्कृत गरिनेछ ।<br>६. कृषक तथा कृषि फर्महरूको क्षमता अभिवृद्धिका लागि बैंक तथा वित्तीय संस्थासँग सहकार्य गर्दै सहुलियत दरमा कृषि ऋणको व्यवस्था मिलाइनेछ।<br>७. मोवाइल एप्स मार्फत कृषि सूचना, जलवायु परिवर्तन, कृषि बजार, कृषक पाठशाला सञ्चालन गरी किसानहरूको क्षमता अभिवृद्धि गरिनेछ ।<br>८. गाउँपालिकाको प्रमुख नगदे बालीको रुपमा रहेको सुन्तला खेतीको विस्तारको लागि सुन्तला फल्ने स्थानमा रहेका अन्य जातका बोटबिरुवाहरू विस्थापन गरी सुन्तला रोपण तथा बगैचा निर्माणको लागि प्रोत्साहन गरिने छ। |
| **उदेश्य २: कृषि उपजको उत्पादन र उत्पादकत्वमा अभिवृद्धि ल्याउँदै खाद्यमा आत्मनिर्भर बनाउनु ।** | |
| २.१ कृषि उपजहरूको उत्पादन तथा उत्पादकत्वमा अभिवृद्धि गर्दै खाद्यान्नमा आत्मनिर्भर हुन आधार निर्माण गर्ने । | १. कृषि अनुदान तथा सहयोगको व्यवस्था मिलाउँदै महिला, दलित, अति गरिब एवं विपन्न समुदायलाई करार खेतीका लागि प्रोत्साहित गरिनेछ ।<br>२. बाँझो तथा खाली जग्गामा कृषि उपजहरूको व्यावसायिक खेतीका लागि प्रोत्साहित गरिनेछ ।<br>३. गाउँपालिका भित्र बाझो रहेको जमिनलाई खेतीयोग्य बनाउने किसानलाई निश्चित मापदण्ड निर्माण गरी उत्पादनका आधारमा अनुदानको व्यवस्था गरिनेछ।<br>४. मुख्य खाद्यान्नको वृहत् उत्पादनका लागि एक निश्चित क्षेत्रको व्यवस्था गरी सिँचाइ लगायत सबै प्रकारका सुविधा उपलब्ध गराउँदै व्यावसायिक रूपमा खाद्यान्न उत्पादन गरिनेछ । यसका लागि वैदेशिक रोजगारबाट फर्केका युवाहरूलाई प्रोत्साहित गरिनेछ ।<br>५. समर्थन मूल्यको व्यवस्था गर्दै कृषि प्रविधिहरूको सदुपयोगबाट वृहत् खाद्यान्न तथा नगदेबाली उत्पादनका लागि सहकारी क्षेत्रलाई प्रोत्साहित गरिनेछ ।<br>६. परम्परागत कृषि उपजहरू (भटमास, गुन्द्रुक, फापर, सुर्बुजो, सिलाम, लट्टे, कोदो, जुनेलो लगायतका) को विक्रीको ग्यारेन्टी गाउँपालिकामा संचालनमा रहेका सुपथ मुल्य पसल मार्फत गरिनेछ ।<br>७. खाद्य पदार्थको आयातमा न्यूनीकरण ल्याइनेछ ।<br>८. कृषि वनको (Agroforestry) अवधारणा लाई प्रोत्सहान गरिनेछ । |

| रणनीतिहरू | कार्यनीतिहरू |
|---|---|
| **उदेश्य ३: पशुपंक्षीपालनमा व्यावसायिकता विकास गर्दै रोजगारी सिर्जना गर्नु ।** | |
| **३.१** पशुपालनलाई मर्यादित र सम्मानजनक पेसाको रूपमा स्थापित गर्ने । | १. हरेक वर्ष उत्कृष्ट पशुपालक कृषक सम्मान कार्यक्रम आयोजना गर्दै पुरस्कृत गरिनेछ ।<br>२. गाईभैसी पकेट क्षेत्र कार्यक्रम प्रोत्सहान गरिनेछ ।<br>३. व्यावसायिक पशुपंक्षीपालनमा उत्पादनमा आधारित अनुदानलाई प्रभावकारी बनाइनेछ ।<br>४. माछापालन व्यवसायलाई प्रवर्द्धन गरी आधुनिक प्रविधि र अनुदानको व्यवस्था गरिनेछ ।<br>५. पशुपंक्षी बीमा कार्यक्रमलाई प्रभावकारी रूपमा सञ्चालन गर्दै आवश्यकताका आधारमा बीमा रकममा ५० प्रतिशत रकम अनुदानको व्यवस्था मिलाइनेछ। |
| **३.२** उन्नत जातका पशुपंक्षीको पालनबाट उत्पादन वृद्धि गर्दै बजार प्रवर्द्धन गर्ने । | १. नश्लसुधारका कार्यकम मार्फत मासु तथा दुध उत्पादनमा बृद्धि गरिनेछ ।<br>२. कृत्रिम गर्भाधान सेवालाई विस्तार गर्दै उन्नत तथा उच्च प्रतिफल दिने पशुपंक्षीहरू व्यावसायिक रूपमा उत्पादन गर्न प्रोत्साहित गर्दै विक्री वितरणका लागि बजारको सुनिश्चित गरिनेछ ।<br>३. भेटनेरी सेवा उपचार केन्द्र तथा पशु प्रयोगशालालाई प्रभावकारी बनाउँदै आवश्यक जनशक्तिको व्यवस्था मिलाइनेछ । पशु स्वास्थ्य एवं पशु खोप घुम्ती सेवाहरू सञ्चालन गरिनेछ ।<br>४. पशु विकास शाखालाइ आधुनिक उपकरणहरु सहित स्तरोन्नती गरिनेछ यसका लागि विभिन्न आवश्यक उपकरणहरु खरिद गरिनेछ । |

## ४.१.५ कार्यक्रम तथा आयोजना र साङ्केतिकरण

तालिका १२: कृषि तथा पशुपालनका कार्यक्रम, आयोजना तथा साङ्केतिकरण

| कृषि तथा पशुपन्छी | | | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| क्र.सं. | कार्यक्रमहरू | एकाइ | योजनाको कुल लक्ष्य | अनुमानित स्रोत र वार्षिक लक्ष्य (रू.हजारमा) | | | | | | बजेट प्रतिशत | दिविल संकेत | दिराल संकेत | लैंगिक संकेत | जलबायू संकेत |
| | | | | पहिलो आ.व. | दोस्रो आ.व. | तेस्रो आ.व. | चौथो आ.व | पाँचौ आ.व | जम्मा | | | | | |
| १ | तरकारी/ खाध्यान्न पकेट कार्यक्रम | एकमुष्ट | | १००० | १००० | १००० | १००० | १००० | ५००० | ०.४६ | २ | ३ | ३ | २ |
| २ | कृषि यन्त्र (हातेट्रायक्टर,कम्बाईन मिल,घाँस काट्ने मसिन,मकै छोडयाउने मसिन,कोदो चुट्ने मसिन,मकै रोप्ने मसिन) आदि (५० % अनुदानमा वितरण) | एकमुष्ट | | १००० | १००० | १००० | १००० | १००० | ५००० | ०.४६ | १ | ४ | २ | २ |
| ३ | उन्नत विउ उत्पादन कार्यक्रम (धान,मकै,गहुँ,आलु) | एकमुष्ट | | १००० | १००० | १००० | १००० | १००० | ५००० | ०.४६ | १ | ४ | २ | २ |
| ४ | खाद्यान्न तथा तरकारी विउ वितरण (५० % अनुदान) | एकमुष्ट | | ६०० | ६०० | ६०० | ६०० | ६०० | ३००० | ०.२८ | १ | ४ | २ | २ |
| ५ | कृषि उपज संकलन केन्द्र | सङ्ख्या | | १००० | १००० | १००० | १००० | १००० | ५००० | ०.४६ | १ | ४ | २ | २ |
| ६ | कृषि बजारिकरण | एकमुष्ट | | २००० | २००० | २००० | २००० | २००० | १०००० | ०.९२ | २ | ३ | २ | २ |
| ७ | उत्पादनमा आधारित अनुदान कार्यक्रम (५० % अनुदान) | एकमुष्ट | | २५०० | २५०० | २५०० | २५०० | २५०० | १२५०० | १.१५ | १ | ४ | २ | २ |
| ८ | रैथाने बाली प्रवर्द्धन कार्यक्रम | एकमुष्ट | | ८०० | ८०० | ८०० | ८०० | ८०० | ४००० | ०.३७ | १ | ४ | २ | २ |
| ९ | तरकारी नर्सरी स्थापना | सङ्ख्या | | ४०० | ४०० | ४०० | ४०० | ४०० | २००० | ०.१८ | २ | ३ | २ | २ |
| १० | फलफूल नर्सरी(लिचि) | सङ्ख्या | | ४०० | ४०० | ४०० | ४०० | ४०० | २००० | ०.१८ | २ | ३ | २ | २ |

| कृषि तथा पशुपन्छी | | | | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| क्र.सं. | कार्यक्रमहरू | एकाइ | योजनाको कुल लक्ष्य | अनुमानित स्रोत र वार्षिक लक्ष्य (रू.हजारमा) | | | | | | बजेट प्रतिशत | दिविल संकेत | दिराल संकेत | लैंगिक संकेत | जलबायू संकेत |
| | | | | पहिलो आ.व. | दोस्रो आ.व. | तेस्रो आ.व. | चौथो आ.व | पाँचौ आ.व | जम्मा | | | | | |
| ११ | उधमीहरुका लागि एक घर एक मौरी घार कार्यक्रम | एकमुष्ट | | १००० | १००० | १००० | १००० | १००० | ५००० | ०.४६ | १ | ४ | २ | २ |
| १२ | फलफुल बिरुवा वितरण | एकमुष्ट | | १००० | १००० | १००० | १००० | १००० | ५००० | ०.४६ | १ | ४ | २ | २ |
| १३ | मसला तथा जडिबुटि उत्पादन | एकमुष्ट | | १००० | १००० | १००० | १००० | १००० | ५००० | ०.४६ | १ | ४ | २ | २ |
| १४ | मसला प्रसोधन कार्यक्रम | एकमुष्ट | | २०० | २०० | २०० | २०० | २०० | १००० | ०.०९ | २ | ३ | ३ | २ |
| १५ | फलफूल प्रसोधन कार्यक्रम | एकमुष्ट | | ४०० | ४०० | ४०० | ४०० | ४०० | २००० | ०.१८ | १ | ४ | २ | २ |
| १६ | बाँदर नियन्त्रण कार्यक्रम | एकमुष्ट | | १००० | १००० | १००० | १००० | १००० | ५००० | ०.४६ | १ | ४ | २ | २ |
| १७ | भूमि बैंक तथा जग्गा लिज व्यवस्थापन कार्यक्रम | एकमुष्ट | | १००० | १००० | १००० | १००० | १००० | ५००० | ०.४६ | १ | ४ | २ | २ |
| १८ | प्राङ्गारिक मल उत्पादन कार्यक्रम | एकमुष्ट | | ५०० | ५०० | ५०० | ५०० | ५०० | २५०० | ०.२३ | १ | ४ | २ | २ |
| १९ | उधमशिलता विकास कार्यक्रम | एकमुष्ट | | १००० | १००० | १००० | १००० | १००० | ५००० | ०.४६ | १ | ४ | २ | २ |
| २० | कोल्डस्टोरेज स्तरउन्नती | सङ्ख्या | | ३००० | २००० | | | | ५००० | ०.४६ | १ | ४ | २ | २ |
| | **पशुपंक्षी कार्यक्रम** | | | | | | | | | ०.०० | १ | ४ | २ | २ |
| २१ | २०० भैंसी पालन कार्यक्रम | जना | २०० | १२०० | १२०० | १२०० | १२०० | १२०० | ६००० | ०.५५ | १ | ४ | २ | २ |
| २२ | अण्डा उत्पादन कार्यक्रम | १० | | २०० | २०० | २०० | २०० | २०० | १००० | ०.०९ | १ | ४ | २ | २ |
| २३ | १००० बाख्रा पालन कार्यक्रम | जना | १०० | ६०० | ६०० | ६०० | ६०० | ६०० | ३००० | ०.२८ | १ | ४ | २ | २ |
| २४ | घाँसे बाली नर्सरी स्थापना | सङ्ख्या | | २०० | २०० | २०० | २०० | २०० | १००० | ०.०९ | २ | ३ | २ | २ |
| | **कृषि तथा पशुपन्छी क्षेत्रको जम्मा बजेट** | | | **२३०००** | **२२०००** | **२००००** | **२००००** | **२००००** | **१०५०००** | **९.७०** | | | | |

## ४.१.६ अपेक्षित उपलब्धि तथा नतिजा खाका

तालिका १३: कृषि तथा पशुपालनका अपेक्षित उपलब्धि तथा नतिजा खाका

| कृषि तथा पशुपन्छी | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| सूचक | एकाई | आधार वर्षको अवस्था २०८०/२०८१ | योजना अवधिको लक्ष्य (आर्थिक वर्ष र कुल) | | | | | जम्मा | पुष्ट्याँइको स्रोत | जोखिम पक्ष तथा अनुमान |
| | | | पहिलो | दोस्रो | तेस्रो | चौथों | पाँचौं | | | |
| कुल गार्हस्थ्य उत्पादनमा कृषि तथा पशुपन्छीपालनको हिस्सा | प्रतिशत | २८ | २८ | २७.५ | २७ | २६ | २५ | २५ | | |
| प्रमुख खाद्यान्न बालीको उत्पादकत्त्व (धान मकै गहुँ) | मे. ट/हे. | ३.२ | ३.२ | ३.३ | ३.५ | ३.८ | ३.८ | ३.८ | | |
| दलहनको उत्पादकत्त्व | मे. ट/हे. | १.२ | १.२५ | १.२९ | १.३२ | १.३५ | १.३५ | १.३५ | | |
| तेलहन को उत्पादकत्त्व | मे. ट/हे. | १.१ | १.१ | १.१२ | १.२७ | १.३ | १.३ | १.३ | | |
| आलु बालीको उत्पादकत्त्व | मे. ट/हे. | १८ | १८ | २० | २२ | २३ | २४ | २४ | | |
| सुन्ताला बालीको उत्पादकत्व | मे. ट/हे. | ८ | ८ | ८.५ | ९ | ९.५ | १० | १० | | |
| ३० मिनेटसम्मको दुरीमा कृषि उपज बिक्रीका लागि बजार उपलव्ध भएका कृषक परिवार | प्रतिशत | ४० | ४० | ५० | ६० | ६५ | ७० | ७० | | |
| वर्षभरी सिंचाइ हुने खेतियोग्य जमिन | प्रतिशत | १४ | १५ | १८ | २२ | २६ | ३० | ३० | | |
| तरकारी व्यवसायिक उत्पादन क्षेत्र | हेक्टर | १५ | १८ | २२ | २५ | २८ | ३० | ३० | | |
| कृषि सहकारी संस्था | सङ्ख्या | १० | २० | १२ | १३ | १४ | १५ | १५ | | |
| सहकारीमा आवद्ध कृषक | प्रतिशत | ११ | १५ | २० | २५ | ३० | ३५ | ३५ | | |
| कृषिमा आधारित उद्योग सञ्चालन | सङ्ख्या | ० | १ | १ | ३ | ३ | ५ | ५ | | |
| कृषि तालिम प्राप्त जनशक्ति | जना | २४० | ३०० | ४०० | ५०० | ६०० | ७०० | ७०० | | |
| कोल्ड रूम (चिस्यान केन्द्र) | सङ्ख्या | १ | १ | १ | २ | २ | ३ | ३ | | |

| कृषि तथा पशुपन्छी | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| सूचक | एकाई | आधार वर्षको अवस्था २०८०/२०८१ | योजना अवधिको लक्ष्य (आर्थिक वर्ष र कुल) | | | | | जम्मा | पुष्टयाँइको स्रोत | जोखिम पक्ष तथा अनुमान |
| | | | पहिलो | दोस्रो | तेस्रो | चौथों | पाँचौं | | | |
| कृषि उपज सङ्कलन केन्द्र | सङ्ख्या | २ | २ | ३ | ५ | ७ | १० | १० | | |
| टनेल | सङ्ख्या | २१५ | २८० | ३३० | ४०० | ४८० | ६०० | ६०० | | |
| कृषि प्राविधिक | जना | ७ | ७ | ७ | ७ | ७ | ७ | ७ | | |
| व्यवसायिक कृषि तथा पशुपालन फर्म | सङ्ख्या | ११० | ११० | ११२ | ११४ | ११६ | ११७ | ११७ | | |
| अण्डाको उत्पादकत्व (हजारमा) | सङ्ख्या | १५० | १६० | १७० | १८० | २०० | २२० | २२० | | |
| दुधको उत्पादकत्व (हजारमा) | लीटर | ५० | ५० | ५५ | ६० | ६५ | ७० | ७० | | |
| मासुको उत्पादकत्व | मेट्रिक टन | ८० | ८० | ८५ | ९० | ९५ | १०० | १०० | | |
| पशु प्राविधिक | जना | ७ | ७ | ७ | ७ | ७ | ७ | ७ | | |

## ४.२ सिँचाइ

### ४.२.१ पृष्ठभूमि

गाउँपालिका क्षेत्र भएर बग्ने कालीगण्डकी नदी यस गाउँपालिका प्रमुख सिंचाईको स्रोत हो । गाउँपालिकाको कुल खेती योग्य जमिन मध्ये २२.१७ प्रतिशत जमिन सिंचित छ । त्यसैगरी, सहदी खोला, कराङ्दी खोला, अँगाहाखोला लगायतका खोला खोल्सा हरूबाट समेत सिँचाइ सुविधा उपलब्ध हुने गरेको छ । कुलो तथा खोल्साहरूबाट सिंचाइका लागि खेत तथा गरासम्म पुराउने गरिन्छ । सतही सिँचाइ सुविधा प्राप्त नभएको क्षेत्रका लिफ्टङ्ग तथा आकाशे पानीलाई संकलन गरी सिँचाइ विस्तार गरिएको छ । साना तथा मझौला स्तरका मोटर जडान गरी किसानहरूले सिँचाइ गर्ने गरेको पाइन्छ ।

गाउँपालिकामा रहेका विभिन्न मुलहरुबाट सिंचाइका आयोजनाहरु संचालित छन् । तिनै सिंचाइका स्रोतबाट गाउँपालिका क्षेत्रमा सिँचाइ सुविधा उपलब्ध रहेका छन् भने साना सिँचाइ आयोजना अन्तर्गत सतही कुलो तथा संरक्षित मुहान एवं आशिंक रूपमा प्लाष्टिक पोखरीहरू रहेका छन ।

### ४.२.२ समस्या तथा चुनौती

कृषि योग्य जमिनमा अपर्याप्त सिँचाइ सुविधा हुनु, थोपा सिँचाइ, प्लाष्टिक पोखरी, बोरिङ, लिफ्टिङ लगायतका सिँचाइ विकासमा आधुनिक प्रविधि को प्रयोगमा कमी हुनु, पर्याप्त सिँचाइ कुलो र पोखरी गुणस्तरीय तथा पक्की नहुनु,भएका सिँचाइ आयोजनाहरू पनि पूर्ण क्षमतामा प्रयोगमा आउन नसक्नु, सिँचाइ स्रोत मुहान सुक्दै जानु, जल उत्पन्न प्रकोपले सिँचाइ आयोजनामा क्षति पुग्नु, कृषि प्रणाली र सिँचाइ बीच अन्तरसम्बन्ध स्थापित गर्न नसकिनु आदि यस क्षेत्रका प्रमुख समस्याहरू रहेका छन् ।

साना साना सिँचाइ योजना निर्माण खर्चिलो हुनु, कृषियोग्य जमिनमा सर्वयाम सिँचाइ सुविधा उपलब्ध गराउन नसक्नु, कृषि र सिँचाइ बीच अन्तरसम्बन्ध स्थापना नहुनु, सिँचाइ आयोजनाहरू पूर्ण क्षमतामा उपयोग नहुनु, स्थानीय समुदायहरूद्वारा सञ्चालन भई आएका परम्परागत सिँचाइ प्रणालीका कुलाहरूको संरक्षण हुन नसक्नु, सिँचाइ कुलाहरूको मर्मत सम्भारमा लाभग्राही उपभोक्ता समितिहरूलाई जिम्मेवार बनाउन नसक्नु आदि यस क्षेत्रका सिँचाइ विकासका चुनौतीहरू हुन् ।

### ४.२.३ सम्भावना तथा अवसर

सिँचाइका लागि प्रर्याप्त स्रोतहरूको उपलब्ध भएकोले कालीगण्डकी नदीबाट सम्भावना भएका क्षेत्रहरुमा लिफ्टिङ गरी ठूला आयोजनाका सिँचाइको विकास गरी सिँचाइ सुविधा उपलब्ध गराउन सकिने सम्भावना रहेको छ । गाउँपालिकाको विभिन्न स्थानमा खेतीयोग्य फाँटहरूमा सिंचाइ सुविधा उपलब्ध गरी थप उत्पादन वृद्धि भइ अम्दानी स्रोतहरू बढाउन सकिने सम्भावना रहेको छ । सर्वायाम सिँचाइको उपलब्धतासँगै उत्पादकत्व वृद्धि भइ गाउँपालिकाको खाद्य उत्पादनमा आत्मनिर्भर हुँदै निर्यात प्रवर्द्धन गर्ने सम्भावना रहेको छ ।

सिंचाइ संरचना निर्माण, वर्षा पानी संकलन, साना सिँचाइ योजनाहरूको विकास तथा प्रविधिमैत्री सिंचाइ प्रणाली (टनेल खेती, ड्रिप सिंचाइ) प्रवर्द्धन गरिएमा कृषिमा उत्पादकत्व वृद्धि गर्न सकिन्छ। गाउँपालिकाले सिँचाइ पूर्वाधारलाई प्राथमिकता दिएमा खेतियोग्य जमिनको अधिकतम उपयोग, बहुवर्षीय तथा नगदेबालीको उत्पादन वृद्धि, र कृषकहरूको आयस्तर सुधार गर्ने अवसरहरू सिर्जना गर्न सकिन्छ।

### ४.२.४ उपक्षेत्रगत लक्ष्य, उद्देश्य, रणनीति, कार्यक्रम तथा आयोजना

**लक्ष्य**

दिगो सिँचाइ सेवा उपलब्धताबाट खाद्यान्नको उत्पादन र उत्पादकत्वमा अभिवृद्धि आएको हुने

**उद्देश्य**

१. जलाधार क्षेत्रको दिगो संरक्षण एवं उपयोग गर्दै नियमित रूपमा सिँचाइ सेवा उपलब्ध गराउनु ।

२. सिँचाइका आधुनिक तथा वैकल्पिक प्रविधिहरूको अवलम्बनबाट सिँचाइ सेवा सुनिश्चित गर्नु।

**रणनीति र कार्यनीति**

तालिका १४: सिँचाइका रणनीति तथा कार्यनीतिहरू

| रणनीतिहरू | कार्यनीतिहरू |
|---|---|
| **उद्देश्य १: जलाधार क्षेत्रको दिगो संरक्षण एवं उपयोग गर्दै नियमित रूपमा सिँचाइ सेवा उपलब्ध गराउनु।** | |
| १.१ सिमसार, ताल तलैया तथा पानी मुहान जस्ता जलाधार क्षेत्रको संरक्षण गर्दै विस्तार गर्ने । | १. पानीका स्थायी श्रोत तथा मुहानहरूको पहिचान गरी जलाशयको रूपमा संरक्षण र विकास गरिनेछ ।<br>२. तारबार तथा पर्खाल आदिबाट कुवा, पोखरी, तालतलैया, सिमसार क्षेत्रहरूको संरक्षण गर्दै नजिकका क्षेत्रहरूमा सिँचाइ सुविधा उपलब्ध गराइनेछ ।<br>३. बढी पानी उत्पादन गर्ने वृक्षहरूको रोपण तथा रिचार्ज पोखरीहरू निर्माण गरी जलाशय क्षेत्रको संरक्षण गर्दै पानी मुहानलाई दिगो बनाइनेछ । |
| १.२ सिँचाइ आयोजनाहरूको मर्मत सम्भार र स्तरोन्नति गर्दै सिँचाइ सुविधा विस्तार गर्ने । | १. चालू अवस्थाका कुलोहरूको नियमित मर्मत सम्भार गरी सिँचाइ सुविधालाई विस्तार गरिनेछ ।<br>२. कुलोहरूको स्तरोन्नति गरी थप क्षेत्र तथा आंशिक रूपमा सिँचाइ हुँदै आएका क्षेत्रमा सिँचाइ सुविधा उपलब्ध गराइ कृषि उत्पादनमा सहजता ल्याइनेछ ।<br>३. काली गण्डकी तथा स्थानीय खोलाहरूको आसपास लगायत अन्य क्षेत्रमा रहेको खेती योग्य जमिनमा ठूला र मझौला सिँचाई आयोजना निर्माणका लागि संघ तथा प्रदेशसंग आवश्यक समन्वय गरिनेछ । |
| **उद्देश्य २ सिँचाइका आधुनिक तथा वैकल्पिक प्रविधिहरूको अवलम्बनबाट सिँचाइ सेवा सुनिश्चित गर्नु ।** | |
| २.१ उपयुक्त आधुनिक सिँचाइ प्रविधिहरूको व्यवस्थाबाट सिँचाइ सुविधा विस्तार गर्ने । | १. आकाशे पानी सङ्कलनका लागि प्लास्टिक पोखरी निर्माणबाट पानीको श्रोत संरक्षण समेत गरी सिँचाइ र पशुपक्षीहरूलाई पानीको व्यवस्था गरिनेछ ।<br>२. खेतीयोग्य जमिनमा सिँचाइका वैकल्पिक प्रविधिहरूलाई (थोपा र छर्कने) प्रयोगमा ल्याउन प्रोत्साहन गर्दै थोरै पानीमा खेती गर्न सकिने बालीहरू लगाउन जोड दिइनेछ ।<br>३. सतह मुनी ठूला-ठूला पानी टयाङ्कीहरू तथा जलाशयहरूको निर्माण गर्दै वर्षातको पानी सङ्कलन गरी नजिकको खेतीवारीमा सिँचाइ सुविधा उपलब्ध गराइनेछ । |

## ४.२.५ कार्यक्रम तथा आयोजना र साङ्केतिकरण

तालिका १५: सिँचाइका कार्यक्रम आयोजना तथा साङ्केतिकरण

| सिंचाई | | | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| क्र.सं. | कार्यक्रमहरू | एकाइ | योजनाको कुल लक्ष्य | अनुमानित स्रोत र वार्षिक लक्ष्य (रू.हजारमा) | | | | | | बजेट प्रतिशत | दिविल संकेत | दिराल संकेत | लैंगिक संकेत | जलबायू संकेत |
| | | | | पहिलो आ.व. | दोस्रो आ.व. | तेस्रो आ.व. | चौथो आ.व | पाँचौ आ.व | जम्मा | | | | | |
| १ | सेजु सिँचाई योजना(वडा नं.१) | सङ्ख्या | १ | ५०० | ८०० | १००० | १२०० | | ३५०० | ०.३२ | १२ | ३ | ३ | १ |
| २ | आक्वा सिँचाई योजना(वडा नं.१) | सङ्ख्या | १ | | ५०० | ८०० | १००० | १२०० | ३५०० | ०.३२ | १२ | ३ | ३ | १ |
| ३ | बाह्रविसे सिँचाई योजना(वडा नं.२) | सङ्ख्या | १ | ५०० | ८०० | १००० | १२०० | | ३५०० | ०.३२ | १२ | ३ | ३ | १ |
| ४ | अर्चले सिँचाई योजना(वडा नं.२) | सङ्ख्या | १ | | ५०० | ८०० | १००० | १२०० | ३५०० | ०.३२ | १२ | ३ | ३ | १ |
| ५ | निकिचौर सिँचाई योजना (वडा नं.३) | सङ्ख्या | १ | ५०० | ८०० | १००० | १२०० | | ३५०० | ०.३२ | १२ | ३ | ३ | १ |
| ६ | लप्सिकोटे,तिस्टिकुल सिँचाई योजना ३ मि (वडा नं.३) | सङ्ख्या | १ | | ५०० | ८०० | १००० | १२०० | ३५०० | ०.३२ | १२ | ३ | ३ | १ |
| ७ | खिस्रिखोला रक्साहा सिँचाई योजना (वडा नं.४) | सङ्ख्या | १ | ५०० | ८०० | १००० | १२०० | | ३५०० | ०.३२ | १२ | ३ | ३ | १ |
| ८ | बडहरे नेप्टारे सिँचाई योजना (वडा नं.४) | सङ्ख्या | १ | | ५०० | ८०० | १००० | १२०० | ३५०० | ०.३२ | १२ | ३ | ३ | १ |
| ९ | खुर्चिस फुरुङ्दि सिँचाई योजना (वडा नं.५) | सङ्ख्या | १ | ५०० | ८०० | १००० | १२०० | | ३५०० | ०.३२ | १२ | ३ | ३ | १ |
| १० | बहुचौर सिँचाई योजना (वडा नं.५) | सङ्ख्या | १ | | ५०० | ८०० | १००० | १२०० | ३५०० | ०.३२ | १२ | ३ | ३ | १ |
| ११ | सिंचाई संरचना मर्मत संभार कार्यक्रम | पटक | १० | १२०० | १२०० | १२०० | १२०० | १२०० | ६००० | ०.५५ | १२ | ३ | ३ | १ |
| सिंचाई क्षेत्रको जम्मा बजेट | | | | ३७०० | ७७०० | १०२०० | १२२०० | ७२०० | ४१००० | ३.७९ | | | | |

## ४.२.६ अपेक्षित उपलब्धि तथा नतिजा खाका

तालिका १६: सिँचाइका अपेक्षित उपलब्धि तथा नतिजा खाका

| सिंचाइ | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| सूचक | एकाई | आधार वर्षको अवस्था २०८०/२०८१ | योजना अवधिको लक्ष्य (आर्थिक वर्ष र कुल) | | | | | जम्मा | पुष्ट्याँइको स्रोत | जोखिम पक्ष तथा अनुमान |
| | | | पहिलो | दोस्रो | तेस्रो | चौथों | पाँचौं | | | |
| खेतियोग्य जमिन मध्ये सिंचित जमिन | प्रतिशत | २२.१७ | २३ | २५ | २७ | २९ | ३२ | ३२ | | |
| सुचारु सिंचाइ आयोजना | सङ्ख्या | २० | २१ | २२ | २३ | २४ | २५ | २५ | | |
| कुलो तथा नहर स्तरीकरण (किमि) | कि.मि. | १.५ | २ | २.५ | ३ | ३.५ | ४ | ४ | | |
| संरक्षित मुहान | सङ्ख्या | ५ | ७ | ९ | ११ | १३ | १५ | १५ | | |
| प्लास्टिक पोखरी | सङ्ख्या | | २ | ४ | ६ | ८ | १० | १० | | |
| रिचार्ज पोखरी | सङ्ख्या | | २ | ४ | ६ | ८ | १० | १० | | |

## ४.३ पर्यटन, संस्कृति तथा सम्पदा

### ४.३.१ पृष्ठभूमि

गाउँपालिका समृद्धिको अर्को महत्त्वपूर्ण संभाव्य क्षेत्र पर्यटन हो । संविधानले नेपालको सम्पदाहरूको पहिचान, संरक्षण, प्रवर्द्धन र प्रचार प्रसार गर्दै पर्यावरण अनुकूल पर्यटन प्रवर्द्धन गर्ने र पर्यटन उद्योगको लाभमा स्थानीय जनतालाई प्राथमिकता दिने नीति लिएकोछ । स्थानीय सरकार सञ्चालन ऐनले पर्यटन सम्वन्धी योजनाहरूको कार्यान्वयन र अनुगमन, पर्यटकीय सेवा विस्तार आदि कार्य स्थानीय सरकारलाई सुम्पेको छ ।

नेपाल सरकारद्वारा घोषणा गरिएको एक सय प्रमुख पर्यटकीय गन्तव्यहरूमध्ये, रम्भा गाउँपालिका–५ मा अवस्थित प्रसिद्ध धार्मिक शक्तिपीठ "रम्भादेवी" पनि एक महत्वपूर्ण गन्तव्यका रूपमा पर्दछ। पाल्पा जिल्लाको प्रमुख उच्च भूभागमध्ये पर्ने "रिमिघा लेक" ऐतिहासिक, धार्मिक र प्राकृतिक महत्वका दृष्टिले अत्यन्त विशिष्ट गन्तव्य हो। साथै, विश्वमा एक मात्र शालिग्राम पाइने कालीगण्डकी नदी यही गाउँपालिका भएर बगेको छ । नेपालमै पहिलोपटक अंग्रेजी र संस्कृत दुबै माध्यमबाट शिक्षा प्रदान गर्ने "कालीगण्डकी गुरुकुलम विद्यालय" पनि गाउँपालिकाको शैक्षिक पर्यटनलाई समेत प्रवर्द्धन गरेको छ । त्यस बाहेक गाउँपालिकाभित्र रहेका राधा माधव मन्दिर, लक्ष्मीनारायण मन्दिर, रमणेश्वर महादेव, लक्ष्मीनारायणधाम, जल्पादेवी मन्दिर, मौलादेवी मन्दिर, नवदुर्गा मन्दिर तथा करिब ३८ मिटर लामो प्राकृतिक संरचना "जोगी गुफा" आदि धार्मिक, ऐतिहासिक र सांस्कृतिक दृष्टिले अत्यन्त महत्वपूर्ण सम्पदाहरू हुन् ।

ऐतिहासिक तथा धार्मिक महत्व बोकेका रम्भादेवि मन्दिर सहित गाउँपालिका भित्र लुप्च डाँडा, नाचन डाँडा, रिमिघा लेक, सती ढुङ्गा, बाकुम गढी, क्यामेल हिल, कराउने पहाड, दरबार हाता लगायतका एतिहासिक पर्यटकीय स्थलहरु रहेका छन् । त्यसैगरी, सहासिक पर्यटकीय गन्तव्यको रुपमा लुप्च डाँडामा प्याराग्लाइडिङका साथै सूर्योदय र सूर्यास्त दुवै अवलोकन गर्ने सकिने अनुपम स्थल समेत रहेका छ । गाउँपालिका भित्र मगर संस्कृति सहितको रानीबास, रानाटोल, रैयाटोलमा सामुदायिक होमस्टे संचालनमा छन ।

### ४.३.२ समस्या तथा चुनौती

पर्यटन उद्योगबाट हुन सक्ने लाभबारे स्थानीय नागरिकलाई पर्याप्त जानकारी नहुनु, सर्वयाम सडक सुविधा उपलब्ध नहुनु, गाउँपालिका क्षेत्रमा पर्यटन उद्योगका लागि पर्याप्त दक्ष जनशक्तिको अभाव, विद्यमान पर्यटकीय स्थलहरूमा आधारभूत पर्यटन पूर्वाधारको सुविधा नहुनु, पर्यटन उद्यमशिलताको कमी, स्थानीय भाषा संस्कृतिको समुचित विकास नहुनु, मौलिक संस्कृतिलाई पर्यटनसँग आबद्ध गर्न नसक्नू, पर्यटन क्षेत्रको विकासका लागि पर्याप्त बजेट परिचालन नहुनु आदि यहाँको पर्यटन विकासमा प्रमुख समस्याका रूपमा देखिएका छन् ।

प्राचीन तथा मौलिक कला र जातीय संस्कृति, ऐतिहासिक मठ मन्दिरहरूको जगेर्ना हुन नसक्नु, बाह्य संस्कृतिको प्रभाव र अतिक्रमण बढ्नु, विभिन्न जातजाति तथा अल्पसङ्ख्यक जनसङ्ख्याले बोल्ने भाषा लोप हुने खतरामा हुनु पर्यटकको बसाइका लागि पर्यटन स्तरको होटल नभएकाले बास र खर्च गराई वृद्धि गर्नु, पर्यटकीय उपजको विविधिकरण गर्नु, यस क्षेत्रमा बसोबास गर्ने विभिन्न अल्पसंख्यक जातजाती आदीको भाषा र संस्कृति जगेर्ना गर्नु, स्थानीय सास्कृतिक विविधता र पहिचानलाई पर्यटन उद्योगसंग आवद्ध गर्नु आदि प्रमुख चुनौतीहरू हुन

### ४.३.३ सम्भावना तथा अवसर

पर्यटन उद्योगकालागि आवश्यक अध्ययन र तालिमका लागि युवायुवती स्थानीय स्तरमा उपलब्ध हुनु, पर्यटन उद्योगकालागि आवश्यक अन्न, तरकारी, फलफूल गाउँमा नै उत्पादन हुनु, स्थानीय उत्पादनको बजारीकरण हुनु, स्थानीय हस्तकला, भेषभुषा, संस्कृतिको प्रवर्द्धन हुनु, होमस्टे सञ्चालनका लागि स्थानीय समुदाय इच्छुक रहनु, राष्ट्रिय र अन्तर्राष्ट्रिय जगतसँग आबद्ध हुने अवसर प्राप्त हुनु आदि गाउँपालिकाका पर्यटन विकासका अवसर हुन्।

भाषा, लिपि, संस्कृति, ललितकला आदिको संरक्षण र उपयोग स्थानीय निकायको कार्यदायरामा आउने, जातीय संस्कृतिको संरक्षणमा समुदायको सक्रियता बढ्ने, सांस्कृतिक एवम् धार्मिक विविधताका बीच सद्भाव अभिवृद्धि हुने जस्ता सम्भावना रहेका छन् ।

### ४.३.४ उपक्षेत्रगत लक्ष्य, उद्देश्य, रणनीति, कार्यक्रम तथा आयोजना

**लक्ष्य**

पर्यटन क्षेत्रको विकास मार्फत रम्भाको आर्थिक समृद्धि हासिल गर्न स्थानीय श्रोत साधन तथा स्थानीय खाद्य उपजको प्रयोग गरि रोजगारी प्रदान गर्ने ।

**उद्देश्य**

१. पर्यटकीय गन्तव्यहरू एवं सांस्कृतिक सम्पदाहरूको संरक्षण र प्रवर्द्धन गर्नु
२. पर्यटन व्यवसायलाई प्रवर्द्धन गर्दै रोजगारी एवं आयआर्जनमा वृद्धि ल्याउनु

**रणनीति तथा कार्यनीति**

तालिका १७: पर्यटनका रणनीति तथा कार्यनीतिहरू

| रणनीतिहरू | कार्यनीतिहरू |
|---|---|
| **उद्देश्य १: पर्यटकीय गन्तव्यहरू एवं सांस्कृतिक सम्पदाहरूको संरक्षण, प्रवर्द्धन गर्नु ।** | |
| १.१ पर्यटकीय क्षेत्रहरू पहिचान गरी पर्यटकीय क्षेत्र विस्तार गर्ने । | १. धार्मिक, ऐतिहासिक, सांस्कृतिक एवं प्राकृतिक क्षेत्रहरूको पहिचान एवं नक्साङ्कन गरिनेछ । तिनिहरूको विस्तृत विवरणहरू अध्यावधिक गरी परिचयात्मक पुस्तिका तयार पारिनेछ ।<br>२. धार्मिक, ऐतिहासिक, सांस्कृतिक सम्पदा तथा प्राकृतिक क्षेत्रहरूलाई गन्तव्य स्थानको रूपमा विकास गरिनेछ ।<br>३. पर्यापर्यटन, कृषि पर्यटन र साहसिक पर्यटकीय क्षेत्रका रूपमा विकास गरिनेछ ।<br>४. रानीबास, रानाटोल, रैयाटोल, घोडसिङ जस्ता बस्तीहरूमा घरबास पर्यटनको विस्तार तथा अन्य पर्यटकीय पूर्वाधारहरूको विकास गरी पर्यटकहरूलाई आकर्षित गरिनेछ ।<br>५. अन्तरपालिका समन्वय एवं सहकार्यमा पर्यटकीय सञ्जाल विकास गरिनेछ । |
| १.२ ऐतिहासिक, पुरातात्विक, धार्मिक एवं सांस्कृतिक महत्त्वका सम्पदाहरूको संरक्षण, सम्वर्द्धन गर्ने | १. लोपोन्मुख एवं अन्य सबै प्रकारका कला, भाषा र संस्कृतिहरू झल्कने गरी सङ्ग्रहालय भवनको प्रभावकारी व्यवस्थापनका लागि स्थानीय समुदायसँग सहकार्य गरिनेछ ।<br>२. स्थानीय भेषभुषा, रितिरिवाज, परम्परा, जात्रा पर्व, पञ्चेबाजा आदिको संरक्षण गरिनेछ । |

| रणनीतिहरू | कार्यनीतिहरू |
|---|---|
| | ३. लोकभाषा, कला, संस्कृतिहरूको संरक्षण गर्दै पुस्तान्तरणका लागि विशेष कार्यक्रमहरू सञ्चालन गरिनेछ ।<br>४. सरायँ नाच लगायतका अन्य सांस्कृतिक मेला तथा प्रदर्शनी आयोजना गरिनेछ ।<br>५. सम्पदाहरू सबैको अभिलेखीकरण गरी पार्श्वचित्र तयार पारिनेछ । |
| १.३ पर्यटकीय स्थलहरूमा सुधार ल्याउँदै पूर्वाधारहरूको निर्माण तथा स्तरोन्नति गर्ने | १. महत्त्वपूर्ण सम्पदाहरू मर्मत सम्भार तथा जीर्णोद्धार, प्रवलीकरण गर्दै नियमित सरसफाइका लागि स्थानीयहरूसँग सहकार्य गरिनेछ ।<br>२. स्थानीय संस्कृति एवं वातावरणीय पक्षलाई ख्याल राख्दै पर्यटकीय गन्तव्य स्थानसम्म पुग्न सडक तथा पैदल मार्गहरू निर्माण गरिनेछ । गन्तव्य स्थानको दिशा तथा दूरी वारे जानकारी गराउने उद्देश्यले मार्गहरूमा सूचना बोर्ड राखिनेछ ।<br>३. विश्राम स्थल, पाटीपौवा निर्माण एवं सुरक्षाको प्रबन्ध मिलाउँदै गन्तव्य क्षेत्रलाई सुरक्षित बनाइनेछ ।<br>४. निजी तथा सहकारी क्षेत्रसँग सहकार्य गर्दै आगन्तुकहरूको बसोबासका लागि होम स्टे, होटेल, लज तथा रेष्टुरेण्टहरू सञ्चालन गरिनेछ ।<br>५. गन्तव्य स्थलहरूमा आधारभूत भौतिक पूर्वाधारहरू पानी, बिजुली, सञ्चार सेवा, गाइड लगायतको प्रबन्ध मिलाइनेछ । |
| **उद्देश्य २ पर्यटन व्यवसायलाई प्रवर्द्धन गर्दै रोजगारी एवं आय आर्जनमा वृद्धि ल्याउनु ।** | |
| १.४ पर्यटन प्रवर्द्धन गरी रोजगारीका अवसरहरू सिर्जना गर्ने । | १. पर्यटन प्रवर्द्धनका लागि पर्यटन सङ्घ, होटेल एवं ट्राभल्स एजेन्सीहरूसँग सहकार्य गरिनेछ ।<br>२. पर्यटकीय सम्पदाहरूको संक्षिप्त विवरण उल्लेख गरी छोटा-छोटा वृत्तचित्र बनाई सामाजिक सञ्जालबाट प्रचार प्रसार गरी पर्यटन प्रवर्द्धन गरिनेछ ।<br>३. निजी क्षेत्रसँग सहकार्य गरी बेरोजगार युवाहरू (पर्यटक गाइड, कुक, वेटर) जस्ता व्यावसायिक सीप तालिम प्रदान गरी रोजगारीका अवसरहरू सिर्जना गरिनेछ ।<br>४. स्थानीय आदिवासीहरूको संस्कृतिमा आधारित होमस्टेहरू सञ्चालन गर्न महिला, विपन्न एवं दलित वर्ग समुदायलाई प्रोत्साहित गर्दै थप सहयोग उपलब्ध गराउँदै रोजगारी तथा आयआर्जनका अवसरहरू सिर्जना गरिनेछ ।<br>५. मगर नाच लगायतका स्थानीय संस्कृति झल्कने कार्यक्रमहरु संचालनमा प्रोत्सहान गरिनेछ ।<br>६. पर्यटन क्षेत्रलाई लक्षित गर्दै स्थानीय सीप तथा प्रविधिमा आधारित उत्पादन तथा हस्तकलाका सामाग्रीहरूमा उद्यमशीलता विकास गरी रोजगारीका अवसरहरू सिर्जना गरिनेछ । |

### ४.३.५ कार्यक्रम तथा आयोजना र साङ्केतिकरण

तालिका १८: पर्यटन, संस्कृति तथा सम्पदाका कार्यक्रम आयोजना तथा साङ्केतिकरण

| पर्यटन, संस्कृति तथा सम्पदा | | | | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| क्र.सं. | कार्यक्रमहरू | एकाइ | योजनाको कुल लक्ष्य | अनुमानित स्रोत र वार्षिक लक्ष्य (रू.हजारमा) | | | | | | बजेट प्रतिशत | दिविल संकेत | दिराल संकेत | लैंगिक संकेत | जलबायू संकेत |
| | | | | पहिलो आ.व. | दोस्रो आ.व. | तेस्रो आ.व. | चौथो आ.व | पाँचौ आ.व | जम्मा | | | | | |
| १ | गाउँपालिका भित्रका सम्भावित पर्यटकीय क्षेत्र तथा पर्यटकीय उत्पादनहरु पहिचान कार्यक्रम | पटक | २ | १००० | १००० | ० | ० | ० | २००० | ०.१८ | ९ | १ | ३ | ३ |
| २ | सामाजिक सञ्जाल लगायत विभिन्न विद्युतीय माध्यमहरुबाट पर्यटकीय गन्तव्य स्थलहरुको प्रचार प्रसार कार्यक्रम | पटक | १० | ५०० | ५०० | ५०० | ५०० | ५०० | २५०० | ०.२३ | ९ | १ | ३ | ३ |
| ३ | स्थानीय संस्कृति एवं रितीरिवाजको प्रवर्द्धनका लागि होमस्टे विकास पहिचान र संचालन कार्यक्रम | पटक | ५ | ५०० | ६०० | ७०० | ७०० | ७५० | ३२५० | ०.३० | ९ | १ | ३ | २ |
| ४ | युवाहरुलाई ट्रेकिङ् र पर्यटन सिप विकास सम्वन्धी तालिम कार्यक्रम | पटक | २० | १००० | १२०० | १४०० | १६०० | १८०० | ७००० | ०.६५ | ९ | १ | ३ | ३ |
| ५ | रमणेश्वर पर्यटकिय स्थल निर्माण योजना(वडा नं.१) | सङ्ख्या | १ | ८०० | ८०० | ८०० | ८०० | ८०० | ४००० | ०.३७ | ९ | १ | ३ | ३ |
| ६ | लक्ष्मी नारायण धाम पर्यटन प्रर्वधन | सङ्ख्या | १ | ८०० | ८०० | ८०० | ८०० | ८०० | ४००० | ०.३७ | ९ | १ | ३ | ३ |

| पर्यटन, संस्कृति तथा सम्पदा | | | | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| क्र.सं. | कार्यक्रमहरू | एकाइ | योजनाको कुल लक्ष्य | अनुमानित स्रोत र वार्षिक लक्ष्य (रू.हजारमा) | | | | | | बजेट प्रतिशत | दिविल संकेत | दिराल संकेत | लैंगिक संकेत | जलबायू संकेत |
| | | | | पहिलो आ.व. | दोस्रो आ.व. | तेस्रो आ.व. | चौथो आ.व | पाँचौ आ.व | जम्मा | | | | | |
| ७ | रानिवास पर्यटन प्रवर्द्धन (वडा नं.२) | सङ्ख्या | १ | ८०० | ८०० | ८०० | ८०० | ८०० | ४००० | ०.३७ | ९ | १ | ३ | ३ |
| ८ | रिमिघा पर्यटन प्रवर्द्धन (वडा नं.३) | सङ्ख्या | १ | ८०० | ८०० | ८०० | ८०० | ८०० | ४००० | ०.३७ | ९ | १ | ३ | ३ |
| ९ | राधाकृष्ण मन्दिर वडा न ४ | सङ्ख्या | १ | ८०० | ८०० | ८०० | ८०० | ८०० | ४००० | ०.३७ | ९ | १ | ३ | ३ |
| १० | रम्भादेवी पर्यटन प्रवर्द्धन वडा न३ | सङ्ख्या | १ | ८०० | ८०० | ८०० | ८०० | ८०० | ४००० | ०.३७ | ९ | १ | ३ | ३ |
| ११ | ऊँ शिवशक्ति कल्याणी केन्द्र निर्माण योजना वडा न ५ | सङ्ख्या | १ | ८०० | ८०० | ८०० | ८०० | ८०० | ४००० | ०.३७ | ९ | १ | ३ | ३ |
| **पर्यटन, संस्कृति तथा सम्पदा क्षेत्रको जम्मा बजेट** | | | | ८६०० | ८९०० | ८२०० | ८४०० | ८६५० | ४२७५० | ३.९५ | | | | |

## ४.३.६ अपेक्षित उपलब्धि तथा नतिजा खाका

तालिका १९: पर्यटन, संस्कृति तथा सम्पदाका अपेक्षित उपलब्धि तथा नतिजा खाका

| पर्यटन, संस्कृति तथा सम्पदा | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| सूचक | एकाई | आधार वर्षको अवस्था २०८०/२०८१ | योजना अवधिको लक्ष्य (आर्थिक वर्ष र कुल) | | | | | जम्मा | पुष्ट्याँइको स्रोत | जोखिम पक्ष तथा अनुमान |
| | | | पहिलो | दोस्रो | तेस्रो | चौथों | पाँचौं | | | |
| पर्यटन व्यवसायबाट प्रत्यक्ष रोजगारी पाउने | संख्या | ०.५ | १ | २ | ३ | ४ | ५ | ५ | | |
| पर्यटक सङ्ख्यामा बृद्धि दर (आन्तरिक) | प्रतिशत | १ | १ | २ | ४ | ६ | ८ | ८ | | |
| पर्यटक सङ्ख्यामा बृद्धि दर (बाह्य) | प्रतिशत | ०.५ | १ | १.५ | २ | २.५ | ३ | ३ | | |

| पर्यटन, संस्कृति तथा सम्पदा | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| सूचक | एकाई | आधार वर्षको अवस्था २०८०/२०८१ | योजना अवधिको लक्ष्य (आर्थिक वर्ष र कुल) | | | | | जम्मा | पुष्ट्याँइको स्रोत | जोखिम पक्ष तथा अनुमान |
| | | | पहिलो | दोस्रो | तेस्रो | चौथों | पाँचौं | | | |
| पर्यटन र सेवामूलक व्यवसायमा संलग्न व्यक्ति | सङ्ख्या | ५ | १० | २० | ३० | ५० | ७० | १५० | | |
| पर्यटन सुचना केन्द्र स्थापना | सङ्ख्या | ० | ० | १ | १ | १ | १ | १ | | |
| पालिकामा भ्रमण गर्न आएका पर्यटकहरूको वार्षिक सङ्ख्या | सङ्ख्या | १५००० | १७००० | १८००० | १९००० | २०००० | २५००० | २५००० | | |
| आधारभुत पूर्वाधार सहितको पर्यटकीय स्थल | सङ्ख्या | २ | २ | ३ | ४ | ५ | ६ | ६ | | |
| पर्यटकीय स्तरका होटल तथा बेड | सङ्ख्या | ० | ० | १ | १ | १ | १ | १ | | |
| | सङ्ख्या | ० | | १० | १० | १० | २० | २० | | |
| साधारण होटल तथा बेड | सङ्ख्या | १ | १ | २ | ३ | ४ | ५ | ५ | | |
| | सङ्ख्या | ६ | १० | २० | ३० | ४० | ५० | ५० | | |
| होम स्टे तथा बेड | सङ्ख्या | १९ | १९ | १९ | १९ | १९ | १९ | १९ | | |
| | सङ्ख्या | ४० | ४० | ४० | ४० | ४० | ४० | ४० | | |
| पदमार्ग निर्माण तथा स्तरोन्नति | कि.मि. | ३ | ३.५ | ४ | ४.५ | ५ | ७ | ७ | | |
| ट्रेकिङ गाइड तालिम प्राप्त जनशक्ति | सङ्ख्या | ० | ० | ५ | ५ | १० | १० | १० | | |
| कुक तालिम प्राप्त जनशक्ति | सङ्ख्या | ० | ० | ५ | ५ | १० | १० | १० | | |
| होटल व्यवस्थापन तालिम प्राप्त जनशक्ति | सङ्ख्या | ० | ० | ५ | ५ | १० | १० | १० | | |

## ४.४ उद्योग, व्यापार, व्यवसाय तथा आपूर्ति

### ४.४.१ पृष्ठभूमि

नेपालको संविधानले तुलनात्मक लाभका क्षेत्रको पहिचान गरी उद्योगको विकास र विस्तार गर्ने, स्वदेशी लगानीलाई प्रोत्साहन गर्ने, वैदेशिक पूँजी आकर्षित गर्ने, औद्योगिक पूर्वाधार निर्माण गर्ने, स्थानीय श्रम सीपको उपयोग गर्ने, व्यापारिक स्वच्छता र अनुशासन कायम राख्दै उपभोक्ता हित संरक्षण गर्ने आदि नीति लिएको छ । स्थानीय सरकार सञ्चालन ऐनले लघु, घरेलु र साना उद्योगको दर्ता, नवीकरण, खारेजी, नियमन, प्रवर्द्धन र व्यवस्थापन एवं उद्यमशिलता विकास र प्रवर्द्धनको अधिकार दिएको छ । साथै स्थानीय सेवाको व्यवस्थापन, स्थानीय बजार व्यवस्थापन आदि कुराहरू स्थानीय सरकारको कार्यक्षेत्रमा राखेको छ ।

यस गाउँपालिकामा करिब **२.६ प्रतिशत** भन्दा कम जनसङ्ख्या उद्योग व्यवसायमा संलग्न रहेका छन् भने करिब **२२ प्रतिशत**को हाराहारीले मात्रै गैह्र कृषिमा आधारित रोजगारी गरेका देखिन्छन् । स्थानीय कच्चा पदार्थ प्रसोधन उद्योग, विद्युतबाट सञ्चालन भएका कुटानी, पिसानी र पेलानी मिल, बेकरी, खुद्रा र होलसेल पसलहरू, किराना पसल, मासु पसल, होटेल र रेस्टुरेन्ट र औषधि पसल लगायतका व्यवसायहरू सञ्चालनमा रहेका छन् । स्थानीय सीप तथा स्रोत साधनमा आधारित उद्योगको संख्या निकै न्यून रहेको छ ।

स्थानीय बजारहरूमा दैनिक जसो खाद्यान्न तथा तरकारीको किनबेच लगायतका कारोबार हुने गरेको छ । स्थानीय स्तरमा उत्पादन हुने खाद्य तथा कच्चा पदार्थको बजार मूलतः स्थानीय बजार, रामपुर, तानसेन र पोखरा लगायतका क्षेत्रका बजारहरू नै हुन् । स्थानीय उत्पादनहरू आप, लिची, सुन्तला, दुग्ध जन्य वस्तुहरू, मासु तथा खाध्यान्न, धान, मकै, गहुँ, ताजा तरकारी र कवाडी लगायतका समान एवं विभिन्न जडीबुटीहरू यहाँबाट निर्यात हुने गरेको छ ।

### ४.४.२ समस्या तथा चुनौती

यस गाउँपालिका क्षेत्र भित्र उद्योग सम्बन्धी जानकारीको अभाव, घरेलु उद्योग सम्बन्धी तालिम प्रर्याप्त नहुनु, उद्योग संचालनका लागि पर्याप्त लगानीको व्यवस्था नहुनु, दक्ष जनशक्तिको उपलव्धता स्थानियस्तरमा नहुनु जस्ता प्रमुख समस्याहरु रहेका छन् । साथै उत्पादनमा समेत उत्पादनमुखी बजारको व्यवस्थापन नहुनु, व्यवसायिक सुचना केन्द्रको कमीजस्ता पक्षपनि उद्योग व्यवसाय विकासको प्रमुख समस्याको रुपमा रहेको छ ।

स्थानीय उत्पादनको तुलनामा खुल्ला रूपमा भित्रिने समानहरूले परर्निभरतामा वृद्धि हुँदै गइराखेको अवस्था छ । आयात क्षेत्रको प्रमुख समस्या भनेको यस क्षेत्रबाट हुने पुँजीको पलायन नै हो । वित्तीय स्रोतको सङकुचनका कारण यस क्षेत्रका आर्थिक गतिविधिहरू क्रमशः अन्यत्र गएका छन् । रैथाने नस्ल तथा जातहरूको विस्थापनका कारण कृषि, बागवानी तथा पशुपन्छि पालन क्षेत्रमा संक्रमणको जोखिम फराकिलो हुँदै गइरहेको छ । निर्माण सामाग्रीको रूपमा प्रयोग हुने गिट्टी, ढुङ्गा, बालुवा आदि खानी तथा नदी जन्य वस्तुको अत्याधिक र अव्यवस्थित तरिकाले दोहन हुँदा वातावरणीय असन्तुलन मात्र नभई विपदको जोखिम उच्च रहेको छ ।

### ४.४.३ सम्भावना तथा अवसर

स्थानीय स्तरमा पाइने कच्चा पदार्थहरू र जडीबुटीमा आधारित थप उद्योग विकासको प्रचुर सम्भावना रहेको छ । साना तथा मझौला उद्योगकालागि आवश्यक कच्चा पदार्थ सहज रूपमा नै उपलब्ध हुन सक्ने देखिन्छ । त्यसैगरी, आयातलाई निर्यातले प्रतिस्थापन गर्न पालिका भित्र वस्तुहरूको उत्पादन र विविधिकरण गर्न

सकिने सम्भावना रहेको देखिन्छ भने घरेलु स्तरमा उत्पादित उत्पादनहरूको बजारीकरणकोलागि गाउँपालिकाको सहजीकरण र समन्वयकारी भूमिका भने अति महत्त्वपूर्ण हुने गर्दछ ।

साना तथा मझौलाका उद्योगकोलागि आवश्यक कच्चा पदार्थ सहज रूपमा नै उपलब्ध हुनु, उद्योगको विकासबाट भौतिक, आर्थिक तथा सामाजिक संरचनाको विकास भई आर्थिक समुन्नति तथा रोजगारीका अवसरहरू सिर्जना हुनु, उद्योगबाट स्थानीय तहमा हुने रोजगारी सिर्जनाले बसाईँसराइ कम भई स्व—स्थानको विकासमा समुदायहरू समर्पित हुनु, स्थानीय कच्चा पदार्थको सदुपयोग हुनु, पर्यटकहरूलाई स्थानीय उत्पादन मार्फत् स्वागत गर्न सकिने र बजारीकरणलाई समेत सहयोग पुग्नु आदि उद्योग, व्यापार, व्यवसाय तथा आपूर्ति क्षेत्रका अवसरहरू हुन् ।

### ४.४.४ उपक्षेत्रगत लक्ष्य, उद्देश्य, रणनीति, कार्यक्रम तथा आयोजना

**लक्ष्य**

उद्योग व्यवसायहरूको प्रवर्द्धनबाट रोजगारीका अवसरहरू सिर्जना भई आयआर्जनमा सुधार हुने

**उद्देश्य**

१. स्थानीय स्रोत, साधन तथा कच्चा पदार्थमा आधारित उद्योगहरूको प्रवर्द्धन गर्नु ।

२. घरेलु तथा साना उद्योगको प्रवर्द्धनबाट रोजगारी एवं आय आर्जन वृद्धि गर्नु ।

**रणनीति तथा कार्यनीति**

तालिका २०: उद्योग, व्यापार, व्यवसाय तथा आपूर्तिका रणनीति र कार्यनीति

| रणनीतिहरू | कार्यनीतिहरू |
|---|---|
| **उद्देश्य १: स्थानीय साधन, श्रोत तथा कच्चा पदार्थमा आधारित उद्योगहरूको प्रवर्द्धन गर्नु ।** | |
| १.१ घरेलु तथा साना उद्योगहरूको संरक्षण एवं प्रवर्द्धन गर्ने । | १. स्थानीय स्रोत, साधन, सीप तथा प्रविधिलाई सदुपयोग एवं आधुनिकीकरण गरी लघु, घरेलु तथा साना उद्योगको विकास विस्तार गरिनेछ ।<br>२. सञ्चालनमा रहेका उद्योगहरूमा प्रतिस्पर्धात्मक क्षमता अभिवृद्धि गरी उद्योग व्यवसायहरूको विकास विस्तारमा सहजीकरण गरिनेछ ।<br>३. बेरोजगार युवाहरूलाई सीप विकास एवं उद्यमशीलता विकास तालिम प्रदानबाट क्षमता अभिवृद्धि गरिनेछ । सोका आधारमा सहुलियत दरमा व्यावसायिक ऋण तथा स्टार्टअप लोनका लागि सहजीकरण गरिनेछ ।<br>४. कृषि, पशुपंक्षीपालन, गैर—काष्ठ बन पैदावार, जडीबुटी, तरकारी, फलफूल तथा पर्यटन क्षेत्रमा व्यावसायिक विकास तथा उद्यमशीलता विकास गरी व्यवसाय सञ्चालनका लागि महिला, अति गरिब तथा विपन्न वर्ग एवं दलितहरूलाई प्रोत्साहित गरिनेछ । महिलाहरुका लागि आचार, दुना टपरी, धागो बुनाई–स्वीटर, चप्पल लगायतका व्यवसाय प्रवर्द्धनमा सहयोग गरिनेछ ।<br>५. परम्परागत, मौलिक एवं कला संस्कृतिसँग सम्बन्धित उद्योग व्यवसायहरूको संरक्षण, सम्वर्द्धन तथा प्रवर्द्धनका लागि नीतिगत व्यवस्था गर्दै युवाहरूमा सीप हस्तान्तरण, उद्यमशीलता विकासका लागि प्रोत्साहित गरिनेछ । |
| १.२ औद्योगिक पूर्वाधार एवं नीतिगत संरचनाहरू निर्माण गरी उद्योग सञ्चालनमा सहजता ल्याउने । | १. गाउँपालिका क्षेत्रभित्र औद्योगिक ग्रामको रुपमा विकास हुने क्षेत्रमा निजी तथा सहकारी क्षेत्रसँग सहकार्यमा आवश्यक सबै प्रकारका भौतिक पूर्वाधारहरू निर्माण गरी औद्योगिक ग्राम सञ्चालनका लागि आधार तयार गरिने छ ।<br>२. उद्योग व्यवसाय सञ्चालनका लागि आधारभूत भौतिक पूर्वाधारको व्यवस्था एवं सुरक्षाको प्रबन्ध मिलाइनेछ । |

| रणनीतिहरू | कार्यनीतिहरू |
|---|---|
| | ३. निजी तथा सहकारी क्षेत्रसँग सहकार्यमा कृषि वन तथा जडीबुटीको व्यवसाय खेतीका लागि प्रोत्साहित गर्दै बजार प्रवर्द्धनका लागि आवश्यक पूर्वाधारहरू (सङ्कलन तथा बिक्री केन्द्र, प्रशोधन, भण्डारण, चिस्यान) निर्माण तथा संचालन व्यवस्थापन गरिनेछ ।<br>४. उद्योग व्यवसाय एवं आपूर्तिका लागि सरोकारवालाहरूसँग अन्तरक्रिया एवं छलफल गरी स्थानीय नीति, ऐन, नियम तथा कानुनहरू निर्माण गर्दै व्यवसाय सञ्चालन गर्न सहजपूर्ण नीतिगत व्यवस्था तथा वातावरण तर्जुमा गरिनेछ । |
| **उद्देश्य २ः घरेलु तथा साना उद्योगको प्रवर्द्धनबाट रोजगारी एवं आयआर्जन वृद्धि गर्नु ।** | |
| १.३ स्थानीय उत्पादनहरूको बजार प्रवर्द्धन गर्ने | १. निजी तथा सहकारी क्षेत्रसँग सहकार्य गरी मुख्य बजार क्षेत्रहरूमा हाटबजार सञ्चालन गरिनेछ र वर्षमा एक पटक वृहत् रूपमा कृषि व्यापार मेला तथा प्रदर्शनी आयोजना गरिनेछ ।<br>२. आवश्यक अध्ययनको आधारमा निर्यातजन्य उत्पादनहरूको बजार प्रवर्द्धन तथा बजार संरक्षणका लागि बौद्धिक सम्पत्ति अन्तर्गत व्यापार चिन्ह, सामूहिक चिन्ह, भौगोलिक सङ्केत एवं कपिराइट लिन निजी क्षेत्रलाई प्रोत्साहित गरिनेछ र यसका लागि आवश्यक सहयोग उपलब्ध गराइनेछ ।<br>३. गाउँपालिका क्षेत्रमा उत्पादित वस्तुहरूलाई सामाजिक सञ्जाल तथा वेबसाइट मार्फत प्रचार प्रसारको व्यवस्था मिलाइनेछ ।<br>४. गाउँपालिका बाहिरका ठूला उद्योग तथा व्यवसायहरूसँग सम्बन्ध विकासका लागि व्यवसायीहरू बीच अन्तरक्रिया, छलफल कार्यक्रमहरू आयोजना गरिनेछ। |
| १.४ प्रतिस्पर्धात्मक क्षमता तथा तुलनात्मक लाभ एवं निर्यातजन्य उद्योगको प्रवर्द्धन गर्ने | १. तुलनात्मक लाभ तथा प्रतिस्पर्धात्मक क्षमता एवं निर्यातजन्य उद्योगहरूको सम्भाव्यता अध्ययन गरी सोका आधारमा उद्योगहरूको विस्तार एवं प्रवर्द्धनका लागि निजी तथा सहकारी क्षेत्रसँग सहकार्य गरिनेछ र आवश्यक सहयोग एवं अनुदानको व्यवस्था मिलाइनेछ ।<br>२. बेरोजगार तथा वैदेशिक रोजगारबाट फर्केका युवाहरूलाई निर्यातजन्य उद्योगका लागि चाहिने कच्चा पदार्थको व्यावसायिक खेती तर्फ आकर्षित गर्न प्रोत्साहित गरिनेछ ।<br>३. परम्परागत सीप तथा प्रविधिमा आधारित उद्योगहरूको विकास, विस्तार एवं ठूलो परिमाणमा उत्पादन गर्दै निकासी प्रवर्द्धनका लागि प्रोत्साहित गरिनेछ ।<br>४. स्थानीय उत्पादित सामाग्रीहरूको बजार प्रवर्द्धनका लागि गाउँपालिकाको प्रमुख बजार क्षेत्रमा सुपथ मुल्य पसलहरु एवं बिक्री कक्ष, कोशेली घर स्थापना गरिनेछ।<br>५. बाँस, केरा लगायतका प्राकृतिक रेशाजन्य उत्पादनमा विविधीकरण ल्याउँदै निकासी प्रवर्द्धनका लागि निजी तथा सहकारी क्षेत्रसँग सहकार्य गरिनेछ। |

## ४.४.५ कार्यक्रम तथा आयोजना र साङ्केतिकरण

तालिका २१: उद्योग, व्यापार, व्यवसाय तथा आपूर्तिका कार्यक्रम तथा आयोजना र साङ्केतिकरण

| उद्योग, व्यापार, व्यावसाय तथा आपूर्ति | | | | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| क्र.सं. | कार्यक्रमहरू | एकाइ | योजनाको कुल लक्ष्य | अनुमानित स्रोत र वार्षिक लक्ष्य (रू.हजारमा) | | | | | | बजेट प्रतिशत | दिविल संकेत | दिराल संकेत | लैंगिक संकेत | जलबायू संकेत |
| | | | | पहिलो आ.व. | दोस्रो आ.व. | तेस्रो आ.व. | चौथो आ.व | पाँचौ आ.व | जम्मा | | | | | |
| १ | स्थानीय आर्थिक विकास योजना तर्जुमा | संख्या | १ | १००० | | | | | १००० | ०.०९ | ८ | २ | ३ | ३ |
| २ | अध्यक्षसँग उद्यमशिलता कार्यक्रम (युवाहरुको लागि तालिम र प्रविधी सहयोग) | पटक | १५ | १५०० | १७०० | २००० | २२०० | २५०० | ९९०० | ०.९१ | ८ | २ | २ | ३ |
| ३ | लघु तथा घरेलु उद्यम विकास कार्यक्रम (प्रविाधि हस्तान्तरण, नयां लघुउद्यम सृजना लगायत) | पटक | | १५०० | १५०० | १५०० | १५०० | १५०० | ७५०० | ०.६९ | ८ | २ | २ | ३ |
| ४ | काठ प्रशोधन उद्योग स्थापना | एकमुष्ट | | २५०० | २५०० | | | | ५००० | ०.४६ | ८ | २ | २ | ३ |
| ५ | गाउँपालिकाको उद्यम विकास ईकाइको संस्थागत क्षमता विकास कार्यक्रम | पटक | ५ | ५०० | ५०० | ५०० | ५०० | ५०० | २५०० | ०.२३ | ८ | २ | ३ | ३ |
| ६ | काठ र बाँस जन्य समाग्री उत्पादन, उद्योग संचालन तथा प्रवर्द्धन | एकमुष्ट | | २००० | २००० | २००० | २००० | २००० | १०००० | ०.९२ | ८ | २ | ३ | ३ |
| ७ | स्थानीय उत्पादनहरूको बजार व्यवस्थापन तथा बजारीकरण | एकमुष्ट | | १००० | १००० | १००० | १००० | १००० | ५००० | ०.४६ | ८ | २ | ३ | ३ |
| | **उद्योग, व्यापार, व्यावसाय तथा आपूर्ति क्षेत्रको जम्मा बजेट** | | | १०००० | ९२०० | ७००० | ७२०० | ७५०० | ४०९०० | ३.७८ | | | | |

## ४.४.६ अपेक्षित उपलब्धि तथा नतिजा खाका

तालिका २२: उद्योग, व्यापार, व्यवसाय तथा आपूर्तिका अपेक्षित उपलब्धि तथा नतिजा खाका

| उद्योग, व्यापार, व्यावसाय तथा आपूर्ति | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| सूचक | एकाई | आधार वर्षको अवस्था २०८०/२०८१ | योजना अवधिको लक्ष्य (आर्थिक वर्ष र कुल) | | | | | जम्मा | पुष्ट्याँइको स्रोत | जोखिम पक्ष तथा अनुमान |
| | | | पहिलो | दोस्रो | तेस्रो | चौथों | पाँचौं | | | |
| उद्योग व्यवसायमा संलग्न (उद्यमी, व्यवसायी) | प्रतिशत | २.६ | ३ | ३.५ | ४ | ४.५ | ५ | ५ | | |
| उद्योग व्यवसायबाट रोजगारी | सङ्ख्या | ३० | ४० | ८० | १२० | १६० | २०० | २०० | | |
| सीपमूलक तालिम प्राप्त जनशक्ति | प्रतिशत | १२० | २०० | ३०० | ४०० | ५०० | ६०० | ६०० | | |
| घरेलु तथा साना उद्योग दर्ता | सङ्ख्या | - | ६ | ८ | ८ | १० | १० | १० | | |
| मझौला उद्योग दर्ता | सङ्ख्या | - | १ | २ | २ | ३ | ४ | ४ | | |
| स्थानीय सीप तथा स्रोत साधनमा आधारित उद्योग | सङ्ख्या | १ | १ | ३ | ३ | ५ | ५ | ५ | | |
| स्थानीय कच्चा पदार्थ प्रशोधन उद्योग | सङ्ख्या | २ | २ | ३ | ३ | ४ | ४ | ४ | | |
| विभिन्न ठाउमा हाट बजार सञ्चालन | सङ्ख्या | ० | १ | २ | ४ | ६ | ७ | ७ | | |
| विभिन्न ठाउँमा स्थानीय सामानको बजार सञ्चालन | सङ्ख्या | १ | १ | ३ | ३ | ५ | ७ | ७ | | |
| उत्पादन र बजारीकरण सहकारी संस्था | सङ्ख्या | २ | २ | ४ | ६ | ८ | १० | १० | | |
| थोक तथा खुद्रा व्यापारमा रोजगारी सिर्जना | सङ्ख्या | | ३० | ६० | ९० | १२० | १५० | १५० | | |
| सुपथ मूल्य पसल | सङ्ख्या | | १ | १ | १ | २ | २ | २ | | |
| सहकारी पसल | सङ्ख्या | | ८ | १० | १२ | १४ | १६ | १६ | | |
| होलसेल पसलको सङ्ख्या | सङ्ख्या | ० | १ | १ | १ | १ | २ | २ | | |
| स्थानीय बजार र आपूर्ति अनुगमन | सङ्ख्या | १ | २ | ३ | ४ | ५ | ६ | ६ | | |

## ४.५ श्रम, रोजगारी र सामाजिक सुरक्षा

### ४.५.१ पृष्ठभूमि

गाउँपालिका भित्र कुल जनसङ्ख्या मध्ये करिब **७४.२ प्रतिशत** आर्थिक रूपले सक्रिय जनसङ्ख्या रहेका छन् । आर्थिक रूपमा सक्रिय जनशक्तिलाई स्थानीय स्तरमा पर्याप्त रोजगारीको अवसर प्राप्त नहुँदा यस गाउँपालिकाबाट वैदेशिक रोजगारमा जाने प्रवृत्ति बढ्दो छ । गाउँपालिकाको क्षेत्रका **१४.७ प्रतिशत** जनसङ्ख्या वैदेशिक रोजगारीमा संलग्न रहेको छन । वैदेशिक रोजगारमा गएका व्यक्तिहरूले वार्षिक रूपमा करिब १०० करोड रूपैया हाराहारीमा विप्रेषण पालिकामा भित्राउने गरेको देखिन्छ । गाउँपालिकामा **३.४ प्रतिशत** जनसङ्ख्या बेरोजगार रहेको छ ।

समावेशी तथा दिगो विकासकालागि गरिबी न्यूनीकरण र मानव सुरक्षाको महत्त्वपूर्ण साधनको रूपमा रहेको नागरिकको सामाजिक सुरक्षा तथा संरक्षणको हकलाई संविधानले नै सुनिश्चित गरेको छ । राज्यले आर्थिक तथा सामाजिक रूपले विपन्न, अशक्त र असहाय अवस्थामा रहेका विपन्न एकल महिला, अपाङ्गता भएका व्यक्ति, बालबालिका, ज्येष्ठ नागरिक, आफ्नो हेरचाह आफै गर्न नसक्ने तथा लोपोन्मुख जातीका नागरिक, दलित आदिलाई लक्षित गरी स्वास्थ्य उपचार सेवा, स्वास्थ्य बिमा, दिवा खाजा, छात्रवृत्ति, निर्वाहमुखी भत्ता लगायत विशेष व्यवस्थासहित संरक्षणको व्यवस्था गर्दै आएको अवस्था छ । संघीय सरकारमा जस्तै गाउँपालिकामा पनि विद्यमान सामाजिक सुरक्षा तथा संरक्षण प्रणालीलाई अझ सुदृढ, वित्तीय रूपले दिगो तथा प्रभावकारी वनाउन निकै आवश्यक भएको छ ।

### ४.५.२ समस्या तथा चुनौती

स्वदेशमा सीमित रोजगारी अवसर, युवा जनशक्तिको बढ्दो आकार, परम्परागत जीवन प्रणालीमा युवाहरूको घट्दो रूचि लगायतका कारणले नेपाली युवाहरू वैदेशिक रोजगारीमा जाने क्रम बढ्दो छ । जसले अल्पकालीन रूपमा बेरोजगारीको समस्या न्यूनीकरण गर्न मद्दत पुग्नुका साथै प्राप्त विप्रेषणले मुलुकको अर्थतन्त्रलाई चलायमान बनाउन महत्त्वपूर्ण योगदान गरिरहेको छ । रोजगारीका कारण बढ्दो बसाईसराई र वैदेशिक रोजगारीमा जाने प्रवृत्तिले स्थानीय स्तरमा जनशक्तिको कमी, पारिवारीक र सामाजिक समस्या र परनिर्भरता बढिरहेको छ । गाउँपालिका क्षेत्रमा बढी रहेको विप्रेषण आयको उत्पादनमूलक क्षेत्रमा उपयोग हुन नसक्दा उपभोग बढ्दो छ ।
संघ, प्रदेश तथा स्थानीय तहमा सामाजिक सुरक्षा तथा संरक्षणका कार्यक्रम कार्यान्वयनमा जटिलताले कार्यक्रमहरू एकीकृत रूपमा सञ्चालन हुन नसक्नु, सामाजिक सुरक्षा तथा संरक्षण सम्बन्धी खण्डीकृत तथ्याङ्क नहुनु यस क्षेत्रका केही समस्याहरू हुन् ।

### ४.५.३ सम्भावना तथा अवसर

आर्थिक रूपले जानसाख्यिक लाभ लिनसकिने जनसङ्ख्याको बाहुल्यता रहेको छ । जसको परिचालन मार्फत रम्भा गाउँपालिकाले स्थानीय विकासका कार्यलाई तिब्रत्तर रूपमा अगाडी बढाउन सक्दछ । त्यसैले यो सङ्ख्या आफैंमा एउटा महत्त्वपूर्ण अवसरको रूपमा लिन सकिन्छ । त्यसको अलवा विदेशमा आर्जित विप्रेषण र सिकेको सीप आफ्नो थात्थलोमा प्रयोग गर्न सकेमा आर्थिक विकासमा योगदान पुग्नुका साथै उत्पादन एवं रोजगारको अवसर समेत विस्तार हुने देखिन्छ ।

सामाजिक सुरक्षा तथा संरक्षणको विषय तीनै तहका सरकारले कार्यान्वयन गर्ने अधिकार क्षेत्रमा पर्नु, नेपाल सरकारले योगदानमा आधारित सामाजिक सुरक्षा योजना कार्यक्रम लागू गर्नु तथा सामाजिक सुरक्षा कोष ऐन लागू हुनु सामाजिक सुरक्षा कार्यक्रमको अवसर हो ।

### ४.५.४ उपक्षेत्रगत लक्ष्य, उद्देश्य, रणनीति, कार्यक्रम तथा आयोजना

**लक्ष्य**

सीपयुक्त, व्यावसायिक जनशक्तिको विकासबाट रोजगारी सिर्जना गर्ने

**उद्देश्य**

१. वैदेशिक रोजगारमा संलग्न व्यक्ति तथा तिनका परिवारले वैदेशिक रोजगारबाट आर्थिक लाभ प्राप्त वृद्धि गर्नु ।

२. सामाजिक सुरक्षाका कार्यक्रमहरूमा समाजका लक्षित वर्गको पहुँच सुनिश्चित गर्दै सुरक्षित र सम्मानजनक जीवनयापनका लागि सेवा सुविधाहरूको विस्तार गर्नु ।

**रणनीति र कार्यनीति**

तालिका २३: श्रम, रोजगारी र सामाजिक सुरक्षाका रणनीति र कार्यनीति

| रणनीतिहरू | कार्यनीतिहरू |
|---|---|
| **उद्देश्य १: वैदेशिक रोजगारमा संलग्न व्यक्ति तथा तिनका परिवारले वैदेशिक रोजगारबाट आर्थिक लाभ प्राप्त वृद्धि गर्नु।** | |
| १.१: वैदेशिक रोजगारमा संलग्न व्यक्ति तथा तिनका परिवारले वैदेशिक रोजगारवाट आर्थिक लाभ वृद्धि गर्नु का साथै वैदेशिक रोजगारवाट उत्पन्न नकारात्मक प्रभावहरू न्यूनिकरण गर्ने । | १. स्थानीय तहमा स्वरोजगार तथा रोजगार सृजना हुने खालका कार्यक्रमहरू प्राथमिकताका साथ सञ्चालन गरिनेछ ।<br>२. वैदेशिक रोजगारमा जाने व्यक्तिहरूको यात्रालाई सुरक्षित, मर्यादित र उपलब्धिमूलक बनाउन सुरक्षित वैदेशिक रोजगार सम्बन्धी व्यापक सूचना प्रवाह, सीप तालिम प्रदान तथा आवश्यक कानुनी सहायता प्रदानका लागि सम्बन्धित सरोकारवालाहरू सँग समन्वय तथा सहकार्य गरिनेछ ।<br>३. गाउँपालिका भित्र प्राप्त विप्रेषणलाई आय मूलक क्षेत्रमा लगानी गर्नका लागि वित्तीय साक्षरता कक्षा सञ्चालन गर्दै उद्यम विकासमा सहयोग गर्ने साथै वैदेशिक रोजगारका कारण व्यक्ति, परिवार तथा समाजमा उत्पन्न नकारात्मक असरहरूलाई न्यूनीकरणका लागि मनोसामाजिक परामर्श सेवा प्रदान गरिनेछ।<br>४. वैदेशिक रोजगारबाट फर्किएर आएका व्यक्तिहरूको ज्ञान, सीप, पूँजीलाई व्यवस्थापन तथा संस्थागत विकास गरिनेछ ।<br>५. मनोसामाजिक परामर्श सेवालाई पालिकाको स्वास्थ्य शाखा अन्तर्गत आन्तरिकीकरण गर्दै सो सम्बन्धी सेवालाई दिगो रूपमा प्रवाह गरिनेछ ।<br>६. सम्बन्धित सरोकारवालाहरू सँगको समन्वय तथा सहकार्यलाई बढवा दिई सुरक्षित वैदेशिक रोजगार सम्बन्धी सेवाहरू प्रवाह गरिनेछ । |
| **उद्देश्य २: सामाजिक सुरक्षाका कार्यक्रमहरूमा समाजका लक्षित वर्गको पहुँच सुनिश्चित गर्दै सुरक्षित र सम्मान जनक जीवनयापनका लागि सेवा सुविधाहरूको विस्तार गर्नु ।** | |

| रणनीतिहरू | कार्यनीतिहरू |
|---|---|
| २.१: लक्षित वर्गको पहिचान गरी सुदृढ सामाजिक सुरक्षा प्रणालीको विकास गर्ने । | १. सामाजिक सुरक्षा सम्बन्धी आवश्यक कानुनी दस्तावेज तयार गरिनेछ।<br>२. लक्षित वर्गका व्यक्तिहरूलाई उपलब्ध गराइने सामाजिक सुरक्षा भत्ताका कोषको व्यवस्था गरिनेछ ।<br>३. व्यवस्थित सामाजिक सुरक्षा सूचना प्रणाली मार्फत लक्षित वर्गको पहिचान गरी आवश्यक भएमा थप एकीकृत योजना तयार गरी कार्यान्वयनमा ल्याइनेछ ।<br>४. परित्यक्त, हिंसा पीडित, शारीरिक रूपले अशक्त, अपाङ्गता भएका तथा विशेष जोखिममा रहेका विपन्न वर्गका नागरिकहरूका लागि विशेष कार्यक्रम सञ्चालन गरिनेछ र आफू एक्लो नभएको पालिका साथमा रहेको अनुभूति प्रदान गरिनेछ ।<br>५. लक्षित वर्ग प्रति संवेदनशील बनाई जनचेतनामूलक कार्यक्रम सञ्चालन गरिनेछ । |
| २.२: सुरक्षित, मर्यादित र सभ्य समाज निर्माण गर्न स्थानीय रोजगारी प्रवर्द्धनमा जोड दिने । | १. सामाजिक विकृति, कुरीति, जातीय छुवाछूत तथा भेदभाव नियन्त्रण लगायतका विभिन्न नकारात्मक गतिविधिहरू न्यूनीकरणका लागि आवश्यक कार्यक्रम सञ्चालन गरिनेछ ।<br>२. अपाङ्ग र लैङ्गिक मैत्री संरचना निर्माण गरिनेछ ।<br>३. मर्यादित जीवनबारे सचेतनात्मक कार्यक्रमहरू सञ्चालन गरिनेछ।<br>४. स्थानीय रूपमा उपलब्ध हुन सक्ने रोजगारीका अवसरहरूको डाटावेस तयार पारिनेछ।<br>५. गाउँपालिकामा रोजगार सूचना केन्द्रको स्थापना गरिनेछ ।<br>६. स्थानीय रोजगारदातालाई प्रोत्साहन गरिनेछ । |

## ४.५.५ कार्यक्रम तथा आयोजना र साङ्केतिकरण

तालिका २४: श्रम, रोजगारी र सामाजिक सुरक्षाका कार्यक्रम तथा आयोजना र साङ्केतिकरण

| श्रम, रोजगारी र सामाजिक सुरक्षा | | | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| क्र.सं. | कार्यक्रमहरू | एकाइ | योजनाको कुल लक्ष्य | अनुमानित स्रोत र वार्षिक लक्ष्य (रू.हजारमा) | | | | | | बजेट प्रतिशत | दिविल संकेत | दिराल संकेत | लैंगिक संकेत | जलबायू संकेत |
| | | | | पहिलो आ.व. | दोस्रो आ.व. | तेस्रो आ.व. | चौथो आ.व | पाँचौ आ.व | जम्मा | | | | | |
| १ | सहकारी व्यवस्थापन कार्यक्रम | ५० | | १००० | १००० | १००० | १००० | १००० | ५००० | ०.४६ | ८ | २ | २ | ३ |
| २ | सिप विकास तथा रोजगारमुलक कार्यक्रम | ५० | | १००० | १००० | १००० | १००० | १००० | ५००० | ०.४६ | ८ | २ | २ | ३ |
| ३ | प्रधानमन्त्री रोजगार कार्यक्रम | १७० | | २००० | २००० | २००० | २००० | २००० | १०००० | ०.९२ | ८ | २ | २ | ३ |
| ४ | भैरहेका उधमीहरुको स्तोरउन्नति कार्यक्रम | ५० | | १००० | १००० | १००० | १००० | १००० | ५००० | ०.४६ | ८ | २ | २ | ३ |
| ५ | नयाँ उधमी सृजना कार्यक्रम | ५० | | १००० | १००० | १००० | १००० | १००० | ५००० | ०.४६ | ८ | २ | २ | ३ |
| ६ | वेरोजगार पहिचान तथा सुचिकरण अध्यावधिक /गाउँपालिका रोजगार सूचना केन्द्र (स्वदेश तथा वैदेशिक रोजगार सम्बन्धी) व्यवस्थापन तथा सञ्चालन | संख्या | ५ | ३०० | ३०० | ३५० | ३५० | ४०० | १७०० | ०.१६ | ८ | २ | २ | ३ |
| ७ | बैदेशिक रोजगार सम्बन्धी पूर्व निर्णय प्रक्रिया तालिम कार्यक्रम | एकमुष्ठ | | ५०० | ५०० | ५०० | ५०० | ५०० | २५०० | ०.२३ | ८ | २ | २ | ३ |
| ८ | बैदेशिक रोजगारबाट फर्केकाहरुको लागी शिप मुलक \स्वरोजगार मुलक तालिम नमुना प्याकेज कार्यक्रम | एकमुष्ठ | | १५०० | २००० | २५०० | ३००० | ४००० | १३००० | १.२० | ८ | २ | २ | ३ |
| **श्रम, रोजगारी र सामाजिक सुरक्षा क्षेत्रको जम्मा बजेट** | | | | ८३०० | ८८०० | ९३५० | ९८५० | १०९०० | ४७२०० | ४.३६ | | | | |

## ४.५.६ अपेक्षित उपलब्धि तथा नतिजा खाका

तालिका २५: श्रम, रोजगारी र सामाजिक सुरक्षाका अपेक्षित उपलब्धि तथा नतिजा खाका

| श्रम, रोजगारी र सामाजिक सुरक्षा | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| सूचक | एकाई | आधार वर्षको अवस्था २०८०/२०८१ | योजना अवधिको लक्ष्य (आर्थिक वर्ष र कुल) | | | | | जम्मा | पुष्ट्याँइको स्रोत | जोखिम पक्ष तथा अनुमान |
| | | | पहिलो | दोस्रो | तेस्रो | चौथों | पाँचौं | | | |
| १० वर्ष माथिको आर्थिक क्रियाकलापमा सक्रिय जनसंख्या | प्रतिशत | ७४.२ | ७४ | ७४ | ७४ | ७४ | ७४ | ७४ | | |
| १० वर्ष माथिको आर्थिक क्रियाकलापमा सक्रिय जनसंख्या मध्ये बेरोजगार जनसंख्या | प्रतिशत | ३.४ | ३.४ | ३.२ | ३ | २.८ | २.५ | २.५ | | |
| वैदेशिक रोजगारी संलग्न घरपरिवारहरुलाई उद्यम विकास सहयोग | संख्या | ० | १० | २० | ३० | ४० | ५० | ५० | | |
| सुरक्षित वैदेशिक रोजगारका लागि सूचना प्रवाह | संख्या | ५० | १०० | १०० | १०० | १०० | १०० | १०० | | |
| वैदेशिक रोजगारका कारण उत्पन्न मानसिक समस्याहरुमा मनोसमाजिक परामर्श सेवा प्रदान | संख्या | ० | २ | ५ | ७ | १० | १५ | १५ | | |
| विप्रेषण (करोडमा) | रुपैंया | १०० | ११० | १२० | १३० | १५० | १७० | १७० | | |
| आधारभूत सामाजिक सुरक्षामा आबद्ध जनसङ्ख्या (कुल लाभ ग्राही मध्ये) | प्रतिशत | १०० | | लाभग्राही सबै | | | | | | |
| सामाजिक सुरक्षा तथा संरक्षण सम्बन्धी आवश्यक कानुन निर्माण | सङ्ख्या | ० | १ | १ | १ | १ | १ | १ | | |
| सामाजिक सुरक्षा सम्बन्धि एकीकृत सूचना प्रणाली व्यवस्थापन | सङ्ख्या | १ | १ | १ | १ | १ | १ | १ | | |

# परिच्छेद ५: सामाजिक विकास

गाउँपालिका विकासका विभिन्न आधारहरू मध्ये सामाजिक विकास सबै भन्दा महत्त्वपूर्ण आधार हो । यस अन्तर्गत शिक्षा, स्वास्थ्य, महिला तथा बालबालिका, दलित र उत्पीडित वर्ग, आदिवासी जनजाति, अपाङ्ग, ज्येष्ठ नागरिक र अल्पसंख्यक, युवा तथा खेलकूद र खानेपानी तथा सरसफाइ समेटिएको छ । सामाजिक विकासको क्षेत्रमा स्थानीय सरकारको कार्यक्षेत्रहरूमा आधारभूत तथा माध्यमिक शिक्षा, आधारभूत स्वास्थ्य सेवा, खानेपानी तथा सरसफाई तथा सामाजिक विकासका अन्य पक्षहरू रहेका छन् । सामाजिक विकासको प्रगतिले दिगो विकासको चार वटा लक्ष्य, जस अन्तर्गत लक्ष्य -३ (स्वस्थ र समुन्नत समाज), लक्ष्य -४ (गुणस्तरीय शिक्षा), लक्ष्य - ५ (लैंगिक समानता) र लक्ष्य - ६ (स्वच्छ पानी तथा सरसफाई) सँग सम्बन्धित छ । सामाजिक विकासको सन्दर्भमा यस गाउँपपालिकाले निर्धारण गरेको गुणस्तरीय शिक्षा र सुलभ स्वास्थ्य, समतामूलक समाज हाम्रो लक्ष्य भन्ने दिर्घकालिन सोच र गाउँपालिकाबासीको पहुँचमा गुणस्तरीय शिक्षा, स्वास्थ्य, खानेपानीको सुनिश्चितता गर्ने र न्यायपूर्ण समाजको निर्माण गर्ने उद्देश्य रहेको छ । यस गाउँपालिकाले विगतमा सञ्चालन गर्दै आएका सफल सामाजिक विकासका कार्यहरूलाई निरन्तरता दिंदै यस आवधिक योजना अनुसार आगामी दिनमा सामाजिक विकास अन्तर्गत रहेको अन्य विषयगत क्षेत्रहरूलाई अगाडी बढाइनेछ ।

## ५.१ स्वास्थ्य तथा पोषण

### ५.१.१ पृष्ठभूमि

आधारभुत स्वास्थ्य तथा पोषणलाई रम्भा गाउँपालिकाले उच्च प्राथमिकतामा राख्दै आधारभुत स्वास्थ्य सेवालाई गुणस्तरीय तुल्याई गाउँबासीको सहज पहुँच स्थापित गर्न संरचनागत तथा व्यवहारिक अभ्यास विद्यमान रहेका छन् । राष्ट्रिय तथा प्रादेशिक स्वास्थ्य नीति तथा कार्यक्रमका अतिरिक्त गाउँपालिकाको अग्रसरतामा स्वास्थ्य क्षेत्रमा जनशक्तिको व्यवस्थापन, सेवाको स्तरोन्नती तथा विस्तारका कार्यहरु द्रुत गतिमा भई रहेका छन् । स्वास्थ्य एक आधारभूत आवश्यकता भएकाले संविधानले स्वास्थ्य सेवा निशुल्क प्राप्त गर्ने हक सुनिश्चित गरेको छ । त्यसै गरी आधारभूत स्वास्थ्य र सरसफाइका साथै पोषण सम्बन्धी नीति, कानून, मापदण्ड, योजनाको तर्जुमा, कार्यान्वयन तथा नियमन गर्ने अधिकार संविधान तथा स्थानीय सरकार सञ्चालन ऐनले स्थानीय तहलाई प्रदान गरेको छ । त्यसै अनुरूप दिगो विकासका लक्ष्य ३ तथा “सुलभ स्वास्थ्य सेवा स्वस्थ नागरिक” को उद्देश्य पुरा गर्न यस आवधिक योजनामा स्वास्थ्य र पोषण सम्बन्धी व्यवस्था गरेको छ ।

गाउँपालिकाको स्वास्थ्य सेवाका लागि एउटा प्राथमिक उपचार केन्द्र, ४ वटा स्वास्थ्य चौकी, ५ वटा वर्थिङ सेन्टर, ८ वटा स्वास्थ्य एकाइ, २ वटा आयुर्वेद रहेका छन् भने ४६ महिला स्वास्थ्य स्वयंसेविका मार्फत स्वास्थ्य सेवा उपलब्ध भइरहेको छ । ताँहु प्राथमिक उपचार केन्द्रमा मेडिकल अधिकृत सहितको सेवा उपलब्ध गराएको छ । कूल ५२ जना मध्यम स्तरको स्वास्थ्य कार्यकर्ता कार्यरत गाउँपालिकामा संस्थागत सुत्केरी सेवाको दायरा सत् प्रतिशत पुगेको तथ्याङ्कले देखाउँछ । गर्भावस्थाको परीक्षण सत् प्रतिशत रहेको यस गाउँपालिकामा ५ वर्ष मुनिको वाल मृत्युदर (प्रति हजार जीवित जन्ममा), शिशु मृत्युदर (प्रति हजार जीवित जन्ममा), नवजात शिशु मृत्युदर (प्रति हजार जीवित जन्ममा) शून्य रहेको तथा पूर्ण खोपको पहुँच सत् प्रतिशत रहेको छ । त्यसैगरी, सत् प्रतिशत बालबालिकालाई भिटामिन ए खुवाउने व्यवस्था मिलाइएको देखिन्छ ।

### ५.१.२ समस्या तथा चुनौती

स्वास्थ्य क्षेत्रमा उल्लेखनीय सुधारका बावजुद भौगोलिक विकटता र लामो दुरीका कारण स्वास्थ्य सेवामा सहज पहुँच स्थापित हुन सकेको छैन । सामान्य चिकित्सा सेवाका लागि औषतमा ३० मिनेट यात्रा गर्नुपर्ने अवस्था रहेको छ । परम्परागत अन्धविश्वासका कारण विरामी पर्दा सबैभन्दा पहिला धामी झाँक्रीकोमा जाने परम्परा कायमै छ । स्वास्थ्य शाखामा भ्याक्सिन तथा औषधी भण्डारणका लागि पूर्वाधार लगायत एक्सरे तथा भिडियो एक्सरे लगायतको ल्याव सुविधामा कमी रहेको छ । भएका स्वास्थ्य पूर्वाधारहरू मापदण्डअनुसार निर्माण हुन सकेको छैन । खोप क्लिनिक तथा गाउँघर क्लिनिकको भवन अभावले सेवा प्रवाहमा असुविधा भएको छ । स्वास्थ्य तथा पोषणसम्बन्धी कार्यक्रमहरु वढाउन पर्ने छ भने सुर्तीजन्य र मदिराजन्य वस्तुको सेवनको कारण स्वास्थ्य समस्या आउने गरेको छ । शारिरीक व्यायाम, योग, आयुर्वेदिक एवं प्राकृतिक चिकित्सासम्बन्धी चेतनामा कमी रहेको छ । यसक्षेत्रमा स्वास्थ्य विमाको शुरुवात भएको छ भने पूर्ण अभ्यास रहेको छैन ।

स्वास्थ्य सेवा प्रदायक संस्थामा पूर्वाधारहरू अपर्याप्त रहेको, पर्याप्त उपकरण र औषधिहरू उपलब्ध हुन नसकेको, स्वास्थ्य संस्थाहरूमा पर्याप्त मात्रामा दक्ष जनशक्तिको अभाव रहेको, सामान्य उपचार बाहेक जटिल स्वास्थ्य समस्याहरूमा पर्याप्त मात्रामा उपचार सुविधा उपलब्ध हुन नसकेको देखिन्छ । साथै सर्ने तथा नसर्ने रोगहरू, ग्रामिण सडकका कारण हुने दुर्घटना तथा विपद्जन्य स्वास्थ्य समस्याहरू विद्यमान रहनु, विश्वव्यापीकरणसँगै खानपान तथा जीवन शैलीमा आएको परिवर्तनले नसर्ने रोगहरूको भार तथा मानसिक समस्याहरू बढ्दै जानु जस्ता समस्याहरू पनि चुनौतीको रूपमा रहेका छन् ।

### ५.१.३ सम्भावना तथा अवसर

गाउँपालिकाबासीले विशिष्ट स्वाथ्य उपचारको लागि तानसेन, बुटबल, चितवन, काठमाडौं जानुपर्ने वाध्यता हटाइ विशेषज्ञ चिकित्सक सहितको सेवा गाउँपालिका भित्रै उपलब्ध गराउन सकिने सम्भावना छ । स्वास्थ्य विमा मार्फत गाउँपालिकाबासीलाइ स्थानीय स्तरमै सर्वसुलभ उपचार सेवा उपलब्ध गराउन सकिने अवसर समेत रहेको छ ।

स्थानीय तहले स्वास्थ्य समस्याहरूको पहिचान गरी स्रोत साधनको परिचालन गर्ने वातावरणको सृजना भएको, स्वास्थ्य क्षेत्रमा नागरिकको चेतना तथा चासो बढ्दै गएको, मुलुकमा दक्ष स्वास्थ्यकर्मीहरूको उपलब्धतामा वृद्धि भइरहेको, गाउँपालिका भित्रै आधारभूत स्वास्थ्य सेवाको विकास तथा बिस्तार हुँदै गएको, सबै वडाहरू सडक सञ्जाल सुविधामा जोडिदा स्वास्थ्य सेवाको पहुँचमा सहजता थपिएको जस्ता पक्षहरू स्वास्थ्य तथा पोषण विकासका लागि सबल पक्षहरू हुन् ।

### ५.१.४ उपक्षेत्रगत लक्ष्य, उद्देश्य, रणनीति, कार्यक्रम तथा आयोजना

**लक्ष्य**

स्वास्थ्य सेवामा सर्वशुलभ पहुँच वृद्धि भई गुणस्तरीय सेवा उपलब्ध हुने

**उद्देश्य**

१. आधारभूत स्वास्थ्य सेवालाई सर्वसुलभ एवं गुणस्तरीय बनाउनु ।

२. स्वास्थ्य एवं पोषण सम्बन्धी सचेतना अभिवृद्धि गर्दै प्राकृतिक, वैकल्पिक चिकित्सा पद्धतिको प्रवर्द्धन गर्नु।

## रणनीति र कार्यनीति

तालिका २६: स्वास्थ्य तथा पोषणका रणनीति तथा कार्यनीतिहरू

| रणनीतिहरू | कार्यनीतिहरू |
|---|---|
| **उद्देश्य १: आधारभूत स्वास्थ्य सेवालाई सर्वसुलभ एवं गुणस्तरीय बनाउनु ।** | |
| १.१: स्वास्थ्य सेवालाई विस्तार गर्दै गुणस्तरीय बनाउने | १. आधारभुत अस्पताल, स्वास्थ्य चौकी, सामुदायिक स्वास्थ्य इकाइ, खोपकेन्द्र लगायतका स्वास्थ्य सेवा प्रदायक संस्थाको पूर्वाधार विस्तार/स्तरोन्नती गर्दै आवश्यक औषधी, उपकरण एवं दक्ष जनशक्तिको व्यवस्था मिलाइनेछ ।<br>२. स्वास्थ्य चौकीहरूको क्षमता अभिवृद्धि गर्दै बर्थिङ सेवा एवं आपत्कालिन कक्ष सहित चौबीसै घण्टा सञ्चालनमा ल्याउने व्यवस्था मिलाइनेछ ।<br>३. स्वास्थ्य घुम्ती शिविर, गाउँघर क्लिनिकहरूलाई प्रभावकारी रूपमा सञ्चालन गर्दै स्वास्थ्य सेवामा पहुँच अभिवृद्धि ल्याइनेछ ।<br>४. अति गरिब, विपन्न, दलित वर्ग, समुदायहरूको नियमित स्वास्थ्य परीक्षण गर्दै ७० वर्ष माथिका नागरिकहरूको उपचार निःशुल्क गर्ने प्रबन्ध स्वास्थ्य चौकीहरू मिलाइनेछ।<br>५. चौरासी वर्ष उमेर नाघेका वृद्ध वृद्धाहरूका लागि समय समयमा घरमै पुगी स्वास्थ्य परिक्षण गर्ने प्रबन्ध मिलाइनेछ । |
| १.२: स्वास्थ्य संस्थाहरूको क्षमतामा अभिवृद्धि ल्याउने | १. दरबन्दी अनुसार स्वास्थ्य कर्मचारी, दक्ष र अनुभवी स्वास्थ्य कर्मीहरूको व्यवस्था मिलाइनेछ ।<br>२. स्वास्थ्य संस्थाहरूमा आवश्यकता अनुसार दक्ष चिकित्सक, अहेव, नर्स लगायतका अनुभवी जनशक्ति व्यवस्था मिलाउँदै महिला स्वास्थ्य स्वयंसेविकाहरूको क्षमता अभिवृद्धिका लागि तालिम, प्रशिक्षण आदिको प्रबन्ध गरिनेछ ।<br>३. स्वास्थ्य संस्थाहरूको स्तर र मापदण्ड अनुसारका भौतिक पूर्वाधार एवं मेशिन उपकरणहरूको व्यवस्था गरी क्षमता अभिवृद्धि गरिनेछ । स्वास्थ्य संस्थाहरूमा प्रयोगशाला, ब्लड बैंक, र आपत्कालिन सेवाका उपकरणहरूको प्रबन्ध मिलाइनेछ ।<br>४. अस्पताल पुग्नु अगावैको एम्बुलेन्समै सम्भव हुन सक्ने आपत्कालिन उपचारका लागि पूर्व–अस्पताल सेवाको व्यवस्था गरिनेछ ।<br>५. जिल्ला अस्पतालसँग समन्वय गरी महामारी तथा सरुवा रोगहरूको उपचारको व्यवस्था मिलाइनेछ । |
| **उद्देश्य २: स्वास्थ्य एवं पोषण सम्बन्धी सचेतना अभिवृद्धि गर्दै प्राकृतिक, वैकल्पिक चिकित्सा पद्धतिको प्रवर्द्धन गर्नु ।** | |
| २.१: स्वास्थ्य एवं पोषण सम्बन्धी जनचेतना अभिवृद्धि गर्ने | १. प्राणघातक तथा नसर्ने रोगहरू एचआईभी एड्स, लागूऔषध दुर्व्यसन, मधुमेह, उच्च रक्तचाप, मुटु रोग, क्यान्सर तथा मोटोपनाका बारेमा जनचेतना अभिवृद्धि गरिनेछ । |

| रणनीतिहरू | कार्यनीतिहरू |
|---|---|
| | २. स्वास्थ्यका हानिकारक रासायनिक पदार्थ, विषादीयुक्त, मिसावटजन्य एवं जङ्कफुड, सूर्तीजन्य पदार्थ, कमसल मदिरा सेवन जस्ता विकृति विरुद्ध अभियान सञ्चालन गर्दै चेतना अभिवृद्धि गर्दै रोग प्रतिरोधात्मक क्षमता अभिवृद्धि गर्ने पोषणयुक्त खाद्यपदार्थको उपभोगका लागि प्रोत्साहित गरिनेछ ।<br>३. माध्यामिक विद्यालयमा कम्तिमा १ जना स्वास्थ्यकर्मी सहित किशोर किशोरी स्वास्थ्य शिक्षा प्रवर्द्धन कार्यक्रम सञ्चालन गरिने छ। |
| २.२: प्राकृतिक तथा वैकल्पिक चिकित्सा पद्धतिलाई प्रवर्द्धन गर्ने | १. प्राकृतिक तथा वैकल्पिक उपचार (आयुर्वेदिक, युनानी, आम्नी, पञ्चकर्म, होमोप्याथिक, फिजियोथेरापी, लेजरथेरापी, अकुपञ्चर, अकुप्रेसर, म्युजिकथेरापी) को प्रचार प्रसार गरी जनचेतना अभिवृद्धि गरिनेछ ।<br>२. सामुदायिक संस्थाहरूसँग सहकार्य गर्दै गाउँपालिकाका विभिन्न स्थानमा योग तथा ध्यान केन्द्रहरू सञ्चालनमा ल्याइनेछ । विद्यालयहरूमा विशेष कक्षको व्यवस्था गरी बालबालिकाहरूलाई नियमित रूपमा योग तथा ध्यान गर्ने व्यवस्था मिलाइनेछ ।<br>३. आयुर्वेदिक चिकित्सालाई प्रवर्द्धन गर्दै अस्पताल एवं औषधालयहरूको क्षमता अभिवृद्धि गरिनेछ ।<br>४. आयुर्वेदिक चिकित्सा सम्बन्धी उच्च शिक्षा अध्ययनका लागि प्रोत्साहित गर्दै आवश्यक सहयोग उपलब्ध गराइनेछ ।<br>५. जडीबुटी आधारित परम्परागत उपचार पद्धतिलाई प्रवर्द्धन गर्दै आधुनिक आयुर्वेदिक प्रणालीसँग आबद्ध गराइने छ । |

## ५.१.५ कार्यक्रम तथा आयोजना र साङ्केतिकरण

तालिका २७: स्वास्थ्य तथा पोषणका कार्यक्रम तथा आयोजना

| स्वास्थ्य तथा पोषण | | | | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| क्र.सं. | कार्यक्रमहरू | एकाइ | योजनाको कुल लक्ष्य | अनुमानित स्रोत र वार्षिक लक्ष्य (रू.हजारमा) | | | | | | बजेट प्रतिशत | दिविल संकेत | दिराल संकेत | लैंगिक संकेत | जलबायू संकेत |
| | | | | पहिलो आ.व. | दोस्रो आ.व. | तेस्रो आ.व. | चौथो आ.व | पाँचौ आ.व | जम्मा | | | | | |
| १ | सुनौलो हजार दिनका आमाहरु संगको अन्तरकृयात्मक कार्यक्रम | एकमुष्ठ | | ३०० | ३०० | ३०० | ३०० | ३०० | १५०० | ०.१४ | ३ | २ | १ | ३ |
| २ | स्वास्थ्य सेवा प्रदायकहरु र गर्भवती आमाहरु तथा अभिबावक बिच सहमती कार्यक्रम | पटक | ३ | ३०० | | ३०० | | ३०० | ९०० | ०.०८ | ३ | २ | १ | ३ |
| ३ | विद्यालयहरुमा शुद्ध पिउने पानी व्यवस्थापन, वातावरणीय सरसफाई, महिनावारी स्वच्छता र पोषणवारे विद्यालय स्वास्थ्य शिक्षा कार्यक्रम | एकमुष्ठ | | ७०० | ७०० | | | | १४०० | ०.१३ | ३ | २ | १ | ३ |
| ४ | स्वास्थ्य संस्थाहरुको गुणस्तर सुधारका लागि DHIS-2, eHMIS,eTB & eTB अभिलेख र प्रतिवेदनका कम्प्युटर र प्रिन्टरको व्यस्थापन | एकमुष्ठ | | १००० | १००० | | | | २००० | ०.१८ | ३ | २ | ३ | ३ |
| ५ | वाह्य खोप क्लिनिक भवन वनाउने र फर्निचर व्यवस्थापन | एकमुष्ठ | | ५०० | ५०० | | | | १००० | ०.०९ | ३ | २ | ३ | ३ |
| ६ | पाठेघरको मुखको क्यान्सर स्केनिङ् HPV DNA विधिवाट ( ३० वर्ष देखि ५५ वर्षका महिलाहरु) | पटक | १ | ५०० | | | | | ५०० | ०.०५ | ३ | २ | १ | ३ |

| स्वास्थ्य तथा पोषण | | | | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| क्र.सं. | कार्यक्रमहरू | एकाइ | योजनाको कुल लक्ष्य | अनुमानित स्रोत र वार्षिक लक्ष्य (रू.हजारमा) | | | | | | बजेट प्रतिशत | दिविल संकेत | दिराल संकेत | लैंगिक संकेत | जलबायू संकेत |
| | | | | पहिलो आ.व. | दोस्रो आ.व. | तेस्रो आ.व. | चौथो आ.व | पाँचौ आ.व | जम्मा | | | | | |
| ७ | समुदायमा नसर्ने रोगहरुको स्केनिङ तथा उपचार व्यवस्तापन (रक्तचाप, मधुमेह र युरिनरी) | एकमुष्ठ | | १००० | १००० | १००० | १००० | १००० | ५००० | ०.४६ | ३ | २ | २ | ३ |
| ८ | जेष्ठ नागरिक ७० वर्ष माथि र अपाङ्गता क र ख अर्ध वार्षिक रुपमा स्वास्थ्य कर्मीहरु घर घरमा परिचालित भई स्वास्थ्य परीक्षण, उपचार र प्रेषण व्यवस्थापन | एकमुष्ठ | | १००० | १००० | १००० | १००० | १००० | ५००० | ०.४६ | ३ | २ | २ | ३ |
| ९ | बिपन्न नागरिक, कडाँ दीर्घ रोगी, अपाङ्गता क र ख तथा म.सा.स्वा. स्वयंसेविकाहरुको योगदानमा आधारित स्वास्थ्य बीमा कार्यक्रमको वार्षिक नबिकरण | एकमुष्ठ | | १८०० | १८०० | १८०० | १८०० | १८०० | ९००० | ०.८३ | ३ | २ | २ | ३ |
| १० | ल्याव सेवाको नतिजा प्रभावकारी र गुणस्तरीय वनाउन अटोमटेड एन्लाईजर उपकरणको व्यवस्थापन | एकमुष्ठ | | ५०० | ५०० | ५०० | ५०० | ५०० | २५०० | ०.२३ | ३ | २ | ३ | ३ |
| ११ | ताहूँ प्राथमिक स्वास्थ्य केन्द्रमा एकाउन्टिङ सफ्टवेयर व्यवस्थापन | एकमुष्ठ | | | ६०० | | | | ६०० | ०.०६ | ३ | २ | ३ | ३ |
| १२ | जोनोटिक रोग रेविज रोग विरुद्धको भ्याक्सिन व्यवस्थापन | एकमुष्ठ | | ५०० | | | | | ५०० | ०.०५ | ३ | २ | ३ | ३ |
| १३ | समुदायमा मनोरोग संवन्धि स - चेतनामूलक कार्यक्रम | एकमुष्ठ | | ५०० | ५०० | ५०० | ५०० | ५०० | २५०० | ०.२३ | ३ | २ | ३ | ३ |

| स्वास्थ्य तथा पोषण | | | | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| क्र.सं. | कार्यक्रमहरू | एकाइ | योजनाको कुल लक्ष्य | अनुमानित स्रोत र वार्षिक लक्ष्य (रू.हजारमा) | | | | | | बजेट प्रतिशत | दिविल संकेत | दिराल संकेत | लैंगिक संकेत | जलबायू संकेत |
| | | | | पहिलो आ.व. | दोस्रो आ.व. | तेस्रो आ.व. | चौथो आ.व | पाँचौ आ.व | जम्मा | | | | | |
| १४ | समुदायमा ६ महिना देखि ५ वर्ष सम्मका वालवालिकाहरुको पोषण लेखाजोखा र विद्यालयहरुमा रक्तअल्पता परीक्षण (१० देखि १९ वर्षका छात्राहरु) | एकमुष्ठ | | ५०० | ५०० | ५०० | ५०० | ५०० | २५०० | ०.२३ | ३ | २ | १ | ३ |
| १५ | स्वास्थ्य संस्थाहरुमा आधारभूत औषधीहरुको व्यवस्थापन | एकमुष्ठ | | १५०० | १५०० | १५०० | १५०० | १५०० | ७५०० | ०.६९ | ३ | २ | ३ | ३ |
| १६ | आयुर्वेद औषधीहरुको व्यवस्थापन | एकमुष्ठ | | ६०० | ६०० | ६०० | ६०० | ६०० | ३००० | ०.२८ | ३ | २ | ३ | ३ |
| १७ | हुँगी स्वास्थ्य चौकीको स्तर उन्नती गरी ट्रमा सेण्टरको अस्पताल निर्माण | संङख्या | | २००० | ४००० | ४००० | | | १०००० | ०.९२ | ३ | २ | २ | ३ |
| १८ | आधारभूत स्वास्थ्य सेवाको पहुच र उपभोग घर घरमा पुऱ्याउन आयुर्वेद सेवा र एलोप्याथिक सेवाको साप्ताहिक क्लिनिक स्थापना र सञ्चालन | एकमुष्ठ | | २००० | २००० | २००० | २००० | २००० | १०००० | ०.९२ | ३ | २ | ३ | ३ |
| १९ | सवै ग्रामिंण वडामा अल्ट्रा साउण्ड सहितको गर्भवती जाँच | एकमुष्ठ | | ३०० | ३०० | ३०० | ३०० | ३०० | १५०० | ०.१४ | ३ | २ | १ | ३ |
| २० | आकस्मिक अवस्थामा विरामी वा घाईतेको जीवन बचाउन निशुल्क रक्त सेवा | एकमुष्ठ | | ३०० | ३०० | ३०० | ३०० | ३०० | १५०० | ०.१४ | ३ | २ | ३ | ३ |

| स्वास्थ्य तथा पोषण | | | | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| क्र.सं. | कार्यक्रमहरू | एकाइ | योजनाको कुल लक्ष्य | अनुमानित स्रोत र वार्षिक लक्ष्य (रू.हजारमा) | | | | | | बजेट प्रतिशत | दिविल संकेत | दिराल संकेत | लैंगिक संकेत | जलबायू संकेत |
| | | | | पहिलो आ.व. | दोस्रो आ.व. | तेस्रो आ.व. | चौथो आ.व | पाँचौ आ.व | जम्मा | | | | | |
| २१ | पालिकावाट स्क्रेनिङ् भएका आँखाका मोतिया बिन्दू विरामीहरुको निशुल्क अप्रेशन | एकमुष्ठ | | २०० | २०० | २०० | २०० | २०० | १००० | ०.०९ | ३ | २ | २ | ३ |
| २२ | विद्यालयका स्वास्थ्य विषय शिक्षकहरुका लागि प्राथमिक उपचार तालिम र स्वास्थ्य सामाग्रीहरु व्यवस्थापन | एकमुष्ठ | | ४०० | ४०० | ४०० | ४०० | ४०० | २००० | ०.१८ | ३ | २ | ३ | ३ |
| २३ | पारिवारिक स्वास्थ्य प्रोफाईलमा डाटा र सेवा अपडेटका | पटक | | १००० | २०० | २०० | २०० | ५०० | २१०० | ०.१९ | ३ | २ | ३ | ३ |
| २४ | पारदर्सिता,शुसासन र जवाफदेहिताका लागि स्वास्थ्य सेवाको सामाजिक परिक्षण | एकमुष्ठ | | २०० | २०० | २०० | २०० | २०० | १००० | ०.०९ | ३ | २ | ३ | ३ |
| २५ | फोक्सिङ्गकोट स्वा. चौकीको मापदण्ड अनुरुपको भवन निर्माण | संङख्या | | | | ५००० | ५००० | | १०००० | ०.९२ | ३ | २ | २ | ३ |
| २६ | पोषण मैत्री र किशोर किशोरी मैत्री स्वा. संस्था घोषणा र निरन्तरता कार्यक्रम | एकमुष्ठ | | ५०० | ५०० | ५०० | ५०० | ५०० | २५०० | ०.२३ | ३ | २ | २ | ३ |
| स्वास्थ्य तथा पोषण क्षेत्रको जम्मा | | | | १८१०० | १८६०० | २११०० | १६८०० | १२४०० | ८७००० | ८.०४ | | | | |

## ५.१.६ अपेक्षित उपलब्धि तथा नतिजा खाका

तालिका २८: स्वास्थ्य तथा पोषणका अपेक्षित उपलब्धि तथा नतिजा खाका

| स्वास्थ्य तथा पोषण | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| सूचक | एकाई | आधार वर्षको अवस्था २०८०/२०८१ | योजना अवधिको लक्ष्य (आर्थिक वर्ष र कुल) | | | | | जम्मा | पुष्ट्याँइको स्रोत | जोखिम पक्ष तथा अनुमान |
| | | | पहिलो | दोस्रो | तेस्रो | चौथों | पाँचौं | | | |
| अपेक्षित आयु (जन्म हुँदाको) | वर्ष | ७२ | ७२ | ७२ | ७२ | ७२ | ७२ | ७२ | DHIS-2, eHMIs, NDHS Survey | |
| ३० मिनेटसम्मको दुरीमा स्वास्थ्य सेवामा पहुँच रहेका परिवार | प्रतिशत | ७१ | ७२ | ७५ | ७७ | ८० | ९० | ९० | | |
| प्राथमिक उपचार केन्द्र | सङ्ख्या | १ | १ | १ | १ | १ | १ | १ | | |
| अस्पताल | सङ्ख्या | ० | ० | ० | ० | ० | १ | १ | | |
| बेड | सङ्ख्या | ३ | ३ | ३ | ५ | ७ | १० | १० | | |
| हेल्थ पोष्ट | सङ्ख्या | ४ | ४ | ४ | ४ | ४ | ४ | ४ | | |
| स्वास्थ्य एकाई | सङ्ख्या | ८ | ८ | ८ | ८ | ८ | ८ | ८ | | |
| आयुर्वेद सेवा केन्द्र | सङ्ख्या | २ | २ | २ | २ | २ | २ | २ | | |
| विशेषज्ञ चिकित्सक | सङ्ख्या | ० | ० | ० | १ | १ | २ | २ | | |
| मध्यम स्तरको स्वास्थ्य कार्यकर्ता | सङ्ख्या | ५२ | ५२ | ५२ | ५२ | ५२ | ५२ | ५२ | | |
| संस्थागत सुत्केरी सेवाको दायरा | प्रतिशत | १०० | १०० | १०० | १०० | १०० | १०० | १०० | | |
| दक्ष स्वास्थ्यकर्मीबाट प्रसुति सेवा लिएका महिला | प्रतिशत | १०० | १०० | १०० | १०० | १०० | १०० | १०० | | |
| बर्थिङ सेन्टर | सङ्ख्या | ५ | ५ | ५ | ५ | ५ | ५ | ५ | | |
| गर्भावस्थाको परीक्षण दर (any time) | प्रतिशत | १०० | १०० | १०० | १०० | १०० | १०० | १०० | | |
| ५ वर्ष मुनिको वाल मृत्युदर (प्रतिहजार जीवित जन्ममा) | दर | ० | ० | ० | ० | ० | ० | ० | | |

| स्वास्थ्य तथा पोषण | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| सूचक | एकाई | आधार वर्षको अवस्था २०८०/२०८१ | योजना अवधिको लक्ष्य (आर्थिक वर्ष र कुल) | | | | | जम्मा | पुष्ट्याँइको स्रोत | जोखिम पक्ष तथा अनुमान |
| | | | पहिलो | दोस्रो | तेस्रो | चौथों | पाँचौं | | | |
| शिशु मृत्युदर (प्रतिहजार जीवित जन्ममा) | दर | ० | ० | ० | ० | ० | ० | ० | | |
| नवजात शिशु मृत्युदर (प्रतिहजार जीवित जन्ममा) | दर | ० | ० | ० | ० | ० | ० | ० | | |
| पूर्ण खोप | प्रतिशत | १०० | १०० | १०० | १०० | १०० | १०० | १०० | | |
| भिटामिन ए खाने बालबालिका | प्रतिशत | १०० | १०० | १०० | १०० | १०० | १०० | १०० | | |
| झाडा पखालाको संक्रमण दर (प्रतिहजारमा) | प्रतिशत | ३० | २८ | २५ | २० | १५ | ५ | ५ | | |
| महिला स्वास्थ्य स्वयं सेविका | सङ्ख्या | ४६ | ४६ | ४६ | ४६ | ४६ | ४६ | ४६ | | |
| सामान्य स्वास्थ्य उपकरण उपलब्ध भएका भवन | सङ्ख्या | १५ | १५ | १५ | १५ | १५ | १५ | १५ | | |
| आधुनिक उपकरण सहितका स्वास्थ्य भवन | सङ्ख्या | २ | २ | ३ | ४ | ४ | ४ | ४ | | |
| आधारभूत सुविधा सहितका स्वास्थ्य संस्था | सङ्ख्या | १५ | १५ | १५ | १५ | १५ | १५ | १५ | | |
| परिवार नियोजनको साधन प्रयोग गर्ने दम्पति | प्रतिशत | १९ | २० | २५ | ३५ | ४५ | ५५ | ५५ | | |
| सवारी साधन युक्त स्वास्थ्य संस्था | सङ्ख्या | १ | १ | १ | २ | २ | ३ | ३ | | |
| स्वास्थ्य बीमा गर्ने परिवार | प्रतिशत | ४९ | ५० | ५२ | ५५ | ६० | ७० | ७० | | |
| एम्बुलेन्स सञ्चालन | सङ्ख्या | ३ | ३ | ३ | ३ | ३ | ३ | ३ | | |
| पालिका मार्फत निशुल्क उपलब्ध भएका औषधी | सङ्ख्या | ११६ | ११६ | ११६ | ११६ | ११६ | ११६ | ११६ | | |
| एच आईभि एड्स रोकथामबारे जानकारी प्राप्त प्रजननयोग्य उमेरका महिला | प्रतिशत | ७५ | ७५ | ८० | ८५ | ९० | ९५ | ९५ | | |
| स्वास्थ्य शिविर सञ्चालन | सङ्ख्या | २ | ३ | ४ | ५ | ६ | ७ | ७ | | |

| स्वास्थ्य तथा पोषण | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| सूचक | एकाई | आधार वर्षको अवस्था २०८०/२०८१ | योजना अवधिको लक्ष्य (आर्थिक वर्ष र कुल) | | | | | जम्मा | पुष्ट्याँइको स्रोत | जोखिम पक्ष तथा अनुमान |
| | | | पहिलो | दोस्रो | तेस्रो | चौथों | पाँचौं | | | |
| घुमन्ते स्वास्थ्य सेवा | पटक | - | १ | २ | ३ | ४ | ५ | ५ | | |
| दक्ष स्वास्थ्य सेवा तालिम | सङ्ख्या | १२ | १३ | १४ | १५ | १६ | १७ | १७ | | |
| प्रयोगशाला शुरु भएका स्वास्थ्य संस्था | सङ्ख्या | ५ | ५ | ५ | ५ | ५ | ५ | ५ | | |
| कुपोषण प्रभावित जनसङ्ख्या | प्रतिशत | २५ | २३ | २० | १८ | १६ | १५ | १५ | | |
| आधारभूत खाद्य सुरक्षाको स्थितिमा रहेका परिवार | प्रतिशत | ५५ | ६० | ६५ | ७० | ७२ | ७५ | ७५ | | |
| सुत्केरी -स्याहार भत्ता पाउने महिला | सङ्ख्या | १०० | १०० | १०० | १०० | १०० | १०० | १०० | | |

## ५.२ शिक्षा, विज्ञान तथा नवप्रर्वतन

### ५.२.१ पृष्ठभूमि

रम्भा गाउँपालिकाको ५ वर्ष माथिको साक्षरता दर ७८.७ प्रतिशत रहेको छ । गाउँपालिकामा ३६ वटा सामुदायिक विद्यालय छन् भने ४ वटा संस्थागत विद्यालय रहेको छ । गाउँपालिकामा पहिलो पटक अंग्रेजी र संस्कृत दुबै माध्यमबाट शिक्षा प्रदान गर्ने "कालीगण्डकी गुरुकुलम विद्यालय" रहेको छ । गाउँपालिका भित्रका सबै सामुदायिक विद्यालयमा क्षमता भन्दा कम बालबालिका अध्ययन गरिरहेका छन् । माध्यामिक तह (९-१२) मा खुद भर्ना दर ७६.५ आधारभूत तह (१-८) मा कुल भर्ना दर १०६, आधारभूत तह (१-८) मा खुद भर्ना दर ९६.७ रहेको छ । आधारभूत तहमा विद्यालय जाने उमेरका विद्यालय बाहिर रहेका विद्यार्थी संख्या ३.३ प्रतिशत मात्रै रहेको छ भने विद्यालय छोड्ने दर १.४ रहेको छ ।

यस गाउँपालिकाको स्थानीय स्तरको शैक्षिक ज्ञान, सिप, र प्रविधिको संरक्षण, प्रवर्धन, र विकास गर्न गाउँ शिक्षा समितिवाट आधारभुत तहको परिक्षा सञ्चालन, व्यवस्थापन, अनुगमन र नतिजा प्रकाशनको लागि कार्यविधि निर्माण गरिएको छ । यसैगरि सुचना प्रविधिको प्रयोग गरि कक्षा ८ को परिक्षाफल कार्यालयको वेवसाइट्स मार्फत प्रकाशन गर्ने गरिएको छ भने गाउँपालिकाका सवै माध्यमिक विद्यालयहरुमा विद्युतिय हाजिरीको शुरूवात गरिएको छ । प्रारम्भिक वाल विकास केन्द्रमा कार्यरत सहयोगीलाई स्थानीय तहवाट बजेट विनियोजन र कक्षा सञ्चालन गर्ने नीति लिईएको छ । विद्यायलको शैक्षिक विकास र शिक्षकको क्षमता विकासको लागि विभिन्न कार्यक्रमहरु सञ्चालन गरिएको र अनलाईन विधीवाट शैक्षिक सुचना प्रवाह गरि विद्यालय र गाउँपालिका बीच वैठक सञ्चालनको शुरुवात गर्ने अभ्यास गरिएको छ ।

शिक्षालाई विकासको मुल आधारका रुपमा लिई गाउँपालिकाले नमुना विद्याालयका साथै प्राविधिक तथा उच्च शिक्षाका पूर्वाधार तयार गरी सहज अवसरहरु सृजना गर्ने कुरालाई महत्व दिदैं गाउँपालिकाको दीर्घकालीन शिक्षा योजना तर्जुमा गर्ने तयारी गरेको छ ।

### ५.२.२ समस्या तथा चुनौती

शिक्षा क्षेत्रको सुधारमा राष्ट्रिय तथा स्थानीय स्तरबाट संस्थागत तथा व्यवहारिक प्रयास भएता पनि गुणस्तरीय तथा प्रतिस्पर्धी शिक्षाको दिशामा समय सापेक्ष सुधारहरु हुन सकेका छैनन् । भौगोलिक बिकटता र श्रोत तथा साधनको अपर्याप्तता रहको छ । हालसम्म शिक्षण सिकाईमा शैक्षिक सामग्रीको निर्माण तथा उपयोग हुन सकेको छैन भने आधुनिक सूचना प्रविधिमा पहुँचमा कमी रहेको छ । स्थानीय आवश्यकता अनुसारको स्थानीय पाठ्क्रम र शैक्षिक क्यालेण्डर तयारी तथा कार्यान्वयन हुन सकेको छैन । विद्यालयको अनुगमन तथा मुल्यांकनमा पर्याप्त ध्यान दिन नसक्दा शिक्षकको नियमितता र शिक्षण प्रकृया प्रभावकारी हुन सकेको छैन । सिकाई उपलब्धी विश्लेषण र कार्यान्वयमा कमी रहेको छ । स्थानीय शैक्षिक संस्थामा जनविश्वासको कमीका कारण गुणस्तरीय शिक्षाका लागि गाउँपालिका बाहिरका निजी शैक्षिक संस्थाप्रतिको परनिर्भरता कायमै छ । उच्च शिक्षाका लागि क्याम्पस र प्राविधिक शिक्षाका लागि विद्यालयमा प्राविधिक धारको आवश्यकतालाई सम्बोधन हुन सकेको छैन । धेरैजसो ११ र १२ कक्षामा अध्ययन गर्ने विद्यार्थिको अन्यत्र वस्नु पर्ने अवस्था विद्यमान छ । कतिपय वडाहरुमा विद्यालयका भवनहरु स्तरोन्नती गर्नुपर्ने र पहिरोको जोखिममा रहेका छन् । दलित जातिका वालवालिकाहरुको विद्यालयलाई निरन्तरता दिने क्रम कम छ । निरक्षरता हटाउन सञ्चालन

भएका अनौपचारिक शिक्षा कक्षा प्रभावकारी हुन सकेका छैनन् । पूर्वाधारतर्फ वालमैत्री तथा अपांगमैत्री भवन, खेल मैदान, घेरवार र शौचालयको कमी रहेको छ ।

### ५.२.३ सम्भावना तथा अवसर

यस गाउँपालिका वरिपरिका स्थानीय तहहरुमा माथिल्लो तहको प्राविधिक शिक्षा संचालन नभएको र रम्भा गाउँपालिकाको पूर्वतर्फ रामपुर नगरपालिका, उत्तरतर्फ गल्याङ् नगरपालिका अवस्थित भएको र यस क्षेत्रमा प्रयाप्त मात्रामा पूर्वाधार विकास गर्न सकिने देखिएको र यातायातको सुविधा समेत वृद्धि हुदैं गएकाले निकट भविष्यमा कृषि, ईन्जिनियर, चिकित्सा शास्त्र, आयुर्वेदिक औषधालय जस्ता प्राविधिक विषयहरु संचालन हुने प्रवल सम्भावना देखिन्छ ।

महिला, दलित, जनजाति र अपाङ्गता भएका एवम् सीमान्तकृत समुदायका बालबालिकाहरूलाई विद्यालयमा ल्याउन र टिकाउन विभिन्न प्रोत्साहनमूलक कार्यक्रमहरू सञ्चालन गर्ने अवस्था रहनु, माध्यामिक तहसम्मको शिक्षा स्थानीय तहको कार्य दायरामा परेकाले शैक्षिक सुशासनको प्रत्याभूति सहज हुनु, शिक्षासँगै रैथाने ज्ञान, सीप र प्रविधि उपयोग तथा विकासको प्रचुर सम्भावना रहेको छ । प्राविधिक तथा व्यावसायिक सीप प्रतिको युवाको आकर्षण रहनु, अभिभावकहरूमा थप जागरूकता विकास गरी शिक्षामा सबैको पहुँच पुऱ्याउन सकिनु, समृद्धिका मुख्य सम्बाहकका रूपमा रहेका पर्यटन, ऊर्जा, कृषि, उद्योग, पूर्वाधार, जनशक्ति विकास, सुशासनको मुख्य आधार नै शिक्षाको विकास रहनु यहाँका शिक्षा विकासका अवसरहरू हुन् ।

### ५.२.४ उपक्षेत्रगत लक्ष्य, उद्देश्य, रणनीति, कार्यक्रम तथा आयोजना

**लक्ष्य**

प्राविधिक एवं गुणस्तरीय शिक्षामा वडाबासीको पहुँच अभिवृद्धि भई दक्ष जनशक्ति उत्पादन हुने ।

**उद्देश्य**

१. शिक्षामा गति गरिब, विपन्न तथा सीमान्तकृत वर्ग लगायत सबैको सहज एवं समान पहुँच सुनिश्चित गर्नु।
२. विद्यालयहरूमा आधारभूत भौतिक एवं शैक्षिक सुविधाको सुनिश्चितताबाट गुणस्तरीय, प्रयोगात्मक, व्यवहारिक एवं प्राविधिक शिक्षा प्रदान गर्नु ।

**रणनीति र कार्यनीति**

तालिका २९: शिक्षाका रणनीति तथा कार्यनीतिहरू

| रणनीतिहरू | कार्यनीतिहरू |
|---|---|
| **उद्देश्य १: शिक्षामा गति गरिब, विपन्न तथा सीमान्तकृत वर्ग लगायत सबैको सहज एवं समान पहुँच सुनिश्चित गर्नु ।** | |
| १.१: साक्षरता वृद्धि तथा उमेर समूहका बालबालिकाहरूलाई विद्यालयको पहुँचमा ल्याउने | १. शिक्षाबाट वञ्चित समूहलाई गृहिणी, प्रौढ तथा अभिभावक शिक्षा तथा निरन्तर शिक्षा कार्यक्रम सञ्चालन एवं विद्यालय छाडेका वा बाहिर रहेका उमेर समूहका बालबालिकाहरूलाई वैकल्पिक शिक्षा प्रदानबाट साक्षरतामा अभिवृद्धि ल्याउँदै जीवनोपयोगीका साथै प्रारम्भिक वाल विकासलाई प्रभावकारी रूपमा सञ्चालन गरिनेछ।<br>२. स्थानीय सामुदायिक संस्थाहरूसँग सहकार्य गरी विद्यालय भर्नालाई अभियानको रूपमा सञ्चालन गर्दै उमेर समूहका सबै बालबालिकालाई विद्यालयको पहुँच ल्याइनेछ । |

| रणनीतिहरू | कार्यनीतिहरू |
| --- | --- |
| | ३. आधारभूत एवं माध्यामिक तह सम्मको शिक्षालाई निःशुल्क एवं अनिवार्य बनाई प्रभावकारी रूपमा कार्यान्वयन गरिनेछ ।<br>४. स्थानीय पाठ्यकम मार्फत रैथाने ज्ञानको संरक्षणका लागि विद्यालयलाई प्रोत्साहित गर्दै नैतिक शिक्षा एवं व्यवहारिक शिक्षामा जोड दिइनेछ ।<br>५. दलित, जनजाति, विपन्न, सहिद परिवार र द्वन्द पीडित परिवारका छोराछोरीहरूको शिक्षाका लागि छात्रवृत्तिको व्यवस्थालाई निरन्तरता दिइनेछ । |
| १.२: शिक्षालाई सर्वसुलभ तथा गुणस्तरीय बनाउने | १. विपन्न तथा दलित परिवारका छोरा छोरीलाई प्राविधिक शिक्षामा अध्ययनका लागि छात्रवृत्तीको व्यवस्थालाई निरन्तरता दिईनेछ ।<br>२. तालिम प्राप्त, विषयगत एवं दरबन्दी अनुसारका शिक्षकहरूको व्यवस्था गर्दै शिक्षकहरूलाई प्रविधिमैत्री, विषयगत तालिम, पुर्नताजगी तालिम, अन्तरक्रिया एवं अनुभव आदानप्रदानमा सहभागी गराई पेसागत दक्षतामा अभिवृद्धि ल्याउँदै शिक्षण पद्धतिहरूलाई व्यवहारिक, प्रयोगात्मक, बालमैत्री बनाइनेछ ।<br>३. विषयगत, कक्षागत सिकाई उपलब्धि दर बढाउन नतिजामा आधारित मूल्याङ्कन प्रणालीको अवलम्बन, विद्यालय अनुगमन तथा मूल्याङ्कन एवं बालबालिकाहरूलाई मनोसामाजिक परामर्श सेवा प्रदान गर्दै बालबालिकाको सिकाइमा अभिवृद्धि ल्याइनेछ।<br>४. शिक्षण सिकाइ तथा उपलब्धि, निरन्तरता दरमा वृद्धि ल्याउँदै निश्चित मापदण्डका आधारमा उत्कृष्ट शिक्षक, उत्कृष्ट परिणाम ल्याउने विद्यालय, प्रभावकारी विद्यालय व्यवस्थापन, एवं बालबालिकाहरूलाई प्रोत्साहित गर्दै पुरस्कृत गरिनेछ ।<br>५. न्यून विद्यार्थी सङ्ख्या भएका विद्यालयहरूमा मल्टिग्रेड मल्टिलेवल शिक्षण विधि अवलम्बन गरिनेछ र सम्भाव्यताका आधारमा विद्यालय समायोजन गर्दै **विग स्कुल** अवधारणा अनुसार आवासीय विद्यालयहरू सञ्चालन ल्याइनेछ साथै खाली हुने भौतिक संरचनाको संरक्षण स्थानीय आवश्यकताको आधारमा नमुना कार्यका लागि प्रयोगमा ल्याइनेछ । |
| **उद्देश्य २: विद्यालयहरूमा आधारभूत भौतिक एवं शैक्षिक सुविधाको सुनिश्चितताबाट गुणस्तरीय, प्रयोगात्मक, व्यवहारिक एवं प्राविधिक शिक्षा प्रदान गर्नु ।** | |
| २.१: शैक्षिक एवं भौतिक पूर्वाधारको व्यवस्था गर्दै सुविधा सम्पन्न बनाउने | १. विद्यालयहरूमा सबै प्रकारका भौतिक पूर्वाधारहरू (बिजुली, खानेपानी, शौचालय, भवन निर्माण, कक्षा कोठा, फर्निचर, तारबार, खेलमैदान, छात्रावास आदि) निर्माण गर्दै पूर्वाधारलाई छात्रामैत्री, अपाङ्गमैत्री एवं भूकम्प प्रतिरोधात्मक बनाउँदै विद्यालयलाई सहजपूर्ण बनाइनेछ ।<br>२. विज्ञान प्रयोगशाला, पुस्तकालय, सन्दर्भ सामाग्री, विषयगत शैक्षिक सामाग्री तथा पाठ्यपुस्तकहरूको व्यवस्था मिलाइनेछ ।<br>३. सबै विद्यालयलाई आइसिटिमा जोड्दै इ—पुस्तकालय, ई—हाजिरी, सिसिटिभी, स्मार्ट बोर्डको व्यवस्था मिलाइनेछ ।<br>४. विद्यालयहरूमा व्यवस्थित खेलकुद मैदान सहित एक विद्यालय एक बगैचा कार्यक्रम संचालन गरी हरित विद्यालय निर्माण कार्यलाई प्रवर्द्धन गरिनेछ । |

| रणनीतिहरू | कार्यनीतिहरू |
|---|---|
| | ५. विद्यार्थीहरूको नियमित स्वास्थ्य परीक्षण तथा प्रारम्भिक स्वास्थोपचारका लागि विद्यालयमा घुम्ती नर्स सेवा उपलब्ध गराइनेछ । |
| २.२: प्राविधिक दक्ष जनशक्ति विकास गर्ने | १. प्राविधिक धारको कक्षा सञ्चालन भएका विद्यालयहरूको शिक्षण सिकाइलाई थप प्रभावकारी बनाइनेछ ।<br>२. पढ्दै कमाउदै कार्यक्रमलाई प्रभावकारी बनाउदै विद्यार्थीलाई आयआर्जनसंग जोड्न विभिन्न कार्यकमहरू संचालन गरिनेछ।<br>३. व्यावसायिक एवं प्राविधिक शिक्षाका लागि शिक्षकहरूको पेसागत दक्षता अभिवृद्धि, तालिम प्रदान गर्ने, विषयगत शिक्षक लगायत आवश्यक श्रोत साधनको प्रबन्ध मिलाइनेछ ।<br>४. महिला, अति गरिब विपन्न, सीमान्तकृत एवं दलित वर्ग समुदायलाई छात्रवृत्ति प्रदान गर्दै प्राविधिक शिक्षाका लागि प्रोत्साहित गरिनेछ ।<br>५. निजी तथा सहकारी क्षेत्रसँग सहकार्य गर्दै प्राविधिक शिक्षालयबाट उत्पादित दक्ष एवं व्यावसायिक सीप भएका जनशक्तिलाई रोजगारीमा आबद्धता गराइनेछ । |

## ५.२.५ कार्यक्रम तथा आयोजना र साङ्केतिकरण

तालिका ३०: शिक्षा, विज्ञान तथा नवप्रवर्तनका कार्यक्रम तथा आयोजना

| शिक्षा, विज्ञान तथा नवप्रर्वतन | | | | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| क्र.सं. | कार्यक्रमहरू | एकाइ | योजनाको कुल लक्ष्य | अनुमानित स्रोत र वार्षिक लक्ष्य (रू.हजारमा) | | | | | | बजेट प्रतिशत | दिविल संकेत | दिराल संकेत | लैंगिक संकेत | जलबायू संकेत |
| | | | | पहिलो आ.व. | दोस्रो आ.व. | तेस्रो आ.व. | चौथो आ.व | पाँचौ आ.व | जम्मा | | | | | |
| १ | प्रारम्भिक बालविकास र शिक्षा | एकमुष्ठ | | ५०० | ५०० | ५०० | ५०० | ५०० | २५०० | ०.२३ | ४ | २ | २ | ३ |
| २ | आधारभूत शिक्षा | एकमुष्ठ | | १००० | १००० | १००० | १००० | १००० | ५००० | ०.४६ | ४ | २ | ३ | ३ |
| ३ | माध्यमिक शिक्षा | एकमुष्ठ | | १००० | १००० | १००० | १००० | १००० | ५००० | ०.४६ | ४ | २ | ३ | ३ |
| ४ | प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम | एकमुष्ठ | | ३००० | ३००० | ३००० | ३००० | ३००० | १५००० | १.३९ | ४ | २ | ३ | ३ |
| ५ | अनौपचारिक शिक्षा र आजीवन सिकाइ | एकमुष्ठ | | ३००० | ३५०० | २००० | २००० | ५०० | ११००० | १.०२ | ४ | २ | २ | ३ |
| ६ | पाठ्यक्रम र पाठ्यसामग्री | एकमुष्ठ | | १००० | १००० | १००० | १००० | १००० | ५००० | ०.४६ | ४ | २ | ३ | ३ |
| ७ | शिक्षक व्यवस्थापन र विकास | एकमुष्ठ | | १००० | १००० | १००० | १००० | १००० | ५००० | ०.४६ | ४ | २ | ३ | ३ |
| ८ | शैक्षिक समता र समावेशीकरणा | एकमुष्ठ | | ८०० | ८०० | ८०० | ८०० | ८०० | ४००० | ०.३७ | ४ | २ | २ | ३ |
| ९ | एक वडा एक स्कुल (बिग स्कुल) | एकमुष्ठ | | १००० | १०००० | २००० | २००० | २००० | १७००० | १.५७ | ४ | २ | ३ | ३ |
| १० | युवा तथा खेलकुद | एकमुष्ठ | | २००० | २००० | २००० | २००० | २००० | १०००० | ०.९२ | ४ | २ | ३ | ३ |
| ११ | विद्यालयमा सूचना तथा सञ्चार प्रविधि | एकमुष्ठ | | | १०००० | २००० | २००० | २००० | १६००० | १.४८ | ४ | २ | ३ | ३ |

| शिक्षा, विज्ञान तथा नवप्रवर्तन | | | | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| क्र.सं. | कार्यक्रमहरू | एकाइ | योजनाको कुल लक्ष्य | अनुमानित स्रोत र वार्षिक लक्ष्य (रू.हजारमा) | | | | | | बजेट प्रतिशत | दिविल संकेत | दिराल संकेत | लैंगिक संकेत | जलबायू संकेत |
| | | | | पहिलो आ.व. | दोस्रो आ.व. | तेस्रो आ.व. | चौथो आ.व | पाँचौ आ.व | जम्मा | | | | | |
| १२ | टोल विकास संस्थाको क्षमता विकास तथा स्वरोजगार कार्यक्रम | एकमुष्ठ | | १५०० | १५०० | ३००० | ३००० | १५०० | १०५०० | ०.९७ | ४ | २ | ३ | ३ |
| शिक्षा, विज्ञान तथा नवप्रवर्तन क्षेत्रको जम्मा बजेट | | | | १५८०० | ३५३०० | १९३०० | १९३०० | १६३०० | १०६००० | ९.७९ | | | | |

## ५.२.६ अपेक्षित उपलब्धि तथा नतिजा खाका

तालिका ३१: शिक्षा, विज्ञान तथा नवप्रवर्तनका अपेक्षित उपलब्धि तथा नतिजा खाका

| शिक्षा | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| सूचक | एकाई | आधार वर्षको अवस्था २०८०/२०८१ | योजना अवधिको लक्ष्य (आर्थिक वर्ष र कुल) | | | | | जम्मा | पुष्ट्याँइको स्रोत | जोखिम पक्ष तथा अनुमान |
| | | | पहिलो | दोस्रो | तेस्रो | चौथों | पाँचौं | | | |
| साक्षरता दर (५ वर्ष माथि) | प्रतिशत | ७८.७ | ८७.७ | ८८ | ८९ | ९२ | ९३ | ९३ | | |
| साक्षरता दर (१५ वर्ष माथि) | प्रतिशत | ७४.६ | ७४.६ | ७५ | ७७ | ८० | ८७ | ८७ | | |
| युवा साक्षरता दर (१५-२४ वर्ष) | प्रतिशत | ९९.०७ | ९९.०७ | ९९ | ९९ | ९९ | ९९ | ९९ | | |
| बाल कक्षा/पूर्व प्राथमिक तहको अनुभव सहित कक्षा १ मा भर्ना दर | प्रतिशत | ९९.३ | १०० | १०० | १०० | १०० | १०० | १०० | | |
| आधारभूत तह (१,८) मा लैगिंक समानता | महिला प्रति सय पुरुष | १०७ | १०७ | १०६ | १०५ | १०४ | १०४ | १०४ | | |
| माध्यमिक तह (९-१२) मा खुद भर्नादर | प्रतिशत | ७६.५ | ७६.०५ | ७७ | ८० | ८५ | ८७ | ८७ | | |

| शिक्षा | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| सूचक | एकाई | आधार वर्षको अवस्था २०८०/२०८१ | योजना अवधिको लक्ष्य (आर्थिक वर्ष र कुल) | | | | | जम्मा | पुष्ट्याँइको स्रोत | जोखिम पक्ष तथा अनुमान |
| | | | पहिलो | दोस्रो | तेस्रो | चौथों | पाँचौं | | | |
| माध्यमिक तह (९-१२) मा कुल भर्नादर | प्रतिशत | ७४.८ | ७४.८ | ७४.९ | ७५ | ७५.५ | ७६ | ७६ | | |
| आधारभूत तह (१-८) मा कुल भर्नादर | प्रतिशत | १०६ | १०६ | १०५ | १०४ | १०३ | १०२ | १०२ | | |
| आधारभूत तह (१-८) मा खुद भर्नादर | प्रतिशत | ९६.७ | ९७ | ९७.५ | ९८ | ९८.५ | ९९ | ९९ | | |
| आधारभूत तहमा विद्यालय जाने उमेरका विद्यालय बाहिर रहेका विद्यार्थी | सङ्ख्या | ३.३ | ३.२ | ३ | २.५ | २ | १.५ | १.५ | | |
| विद्यालय छाड्ने विद्यार्थीको दर (Dropout Rate) आधारभूत तह | प्रतिशत | १.४ | १.४ | १.३ | १ | ०.८ | ०.५ | ०.५ | | |
| विद्यालय शिक्षा (१-८) शिक्षक- विद्यार्थि अनुपात | अनुपात | १:११ | १:११ | १:१५ | १:१७ | १:२० | १:२० | १:२० | | |
| विद्यालय शिक्षा (१-१२) शिक्षक- विद्यार्थि अनुपात | अनुपात | १:१३ | १:१३ | १:१५ | १:२० | १:२५ | १:३० | १:३० | | |
| प्राविधिक धारका विद्यालय सञ्चालन | सङ्ख्या | १ | १ | १ | १ | २ | २ | २ | | |
| प्राविधिक शिक्षालयमा अध्ययनरत विद्यार्थी सङ्ख्या | सङ्ख्या | ४९ | ६० | ७० | ८० | ९० | १०० | १०० | | |
| प्राविधिक तथा व्यवसायिक शिक्षा कार्यक्रम सञ्चालन भइरहेका विद्यालयहरू | सङ्ख्या | १ | १ | १ | २ | २ | २ | २ | | |
| बाल क्लब गठन भएका विद्यालय | सङ्ख्या | ३६ | ३६ | ३६ | ३६ | ३६ | ३६ | ३६ | | |
| कम्प्युटर प्रयोगशाला भएका विद्यालय | सङ्ख्या | ११ | १५ | २० | २० | २५ | ३० | ३० | | |
| विज्ञान प्रयोगशाला भएका विद्यालय | सङ्ख्या | १६ | १६ | १८ | २० | २२ | २५ | २५ | | |

| शिक्षा | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| सूचक | एकाई | आधार वर्षको अवस्था २०८०/२०८१ | योजना अवधिको लक्ष्य (आर्थिक वर्ष र कुल) | | | | | जम्मा | पुष्ट्याँइको स्रोत | जोखिम पक्ष तथा अनुमान |
| | | | पहिलो | दोस्रो | तेस्रो | चौथों | पाँचौं | | | |
| ईन्टरनेट तथा ई- शिक्षा सुविधा भएका विद्यालय | सङ्ख्या | ४० | ४० | ४० | ४० | ४० | ४० | ४० | | |
| छात्रामैत्री विद्यालय | सङ्ख्या | ० | ० | ० | ० | ० | ० | ० | | |
| आवासीय विद्यालय | सङ्ख्या | ० | ० | ० | १ | १ | २ | २ | | |
| माध्यमिक शिक्षा कक्षा (९-१२) सञ्चालित सामुदायिक विद्यालय | सङ्ख्या | ९ | ९ | ९ | ९ | ९ | ९ | ९ | | |
| सामुदायिक विद्यालय | सङ्ख्या | ३६ | ३६ | ३४ | ३४ | ३२ | ३० | ३० | | |
| संस्थागत विद्यालय | सङ्ख्या | ४ | ४ | ३ | ३ | २ | २ | २ | | |
| प्राविधिक विषयमा अध्ययनरत दलित छात्रवृत्ति प्राप्त विद्यार्थी | सङ्ख्या | ११ | १६ | २१ | २६ | ३० | ३० | ३० | | |
| प्राविधिक विषयमा अध्ययनरत विपन्न छात्रवृत्ति प्राप्त विद्यार्थी | सङ्ख्या | २० | २२ | २४ | २६ | २८ | ३० | ३० | | |

## ५.३ खानेपानी तथा सरसफाइ

### ५.३.१ पृष्ठभूमि

खानेपानी तथा सरसफाई सेवाले मानव जीवनमा पार्ने बहुआयामिक प्रभावलाई दृष्टिगत गरी यस सेवालाई नेपालको संविधानले मौलिक हकको रुपमा व्यवस्था गरेको छ । दिगो विकास लक्ष्यले समेत खानेपानी तथा सरसफाई सम्बन्धी स्पष्ट लक्ष्य निर्धारण गरेको छ । खुला दिशामुक्त क्षेत्र घोषणा भइ सकेको यस गाउँपालिकामा एक घर, एक धारा तथा शौचालय निर्माणलाई उच्च प्राथमिकतामा राखिएको छ । फोहोर व्यवस्थापनका लागि गाउँपालिकास्तरबाट पहल गरिएको छ । खानेपानी र सरसफाइ आम नागरिकका आधारभूत आवश्यकता हुन् । यी मानव स्वास्थ्यसँग प्रत्यक्ष जोडिएका क्षेत्रहरू समेत हुन् । नेपालको संविधान को भाग ३ को धारा ३५.४ अनुसार प्रत्येक नागरिकलाई स्वच्छ खानेपानी तथा सरसफाइमा पहुँचको हक हुनेछ भन्ने उल्लेख गरिएको छ । यसैगरी नेपाल सरकारको तत्कालीन सहरी विकास मन्त्रालयले राष्ट्रिय खानेपानी तथा सरसफाइ नीति २०१४ मा खानेपानी र सरसफाइलाई जनस्वास्थ्यको प्रवर्द्धनको लागि अपरिहार्य आधारको रूपमा लिएको देखिन्छ । यसैगरी नेपाल जनस्वास्थ्य ऐन २०७५ को धारा ४१ मा संघीय कानुनको मातहतमा रहेर मानव स्वास्थ्यलाई हानी पुऱ्याउने प्रदूषण रोक्न संघीय सरकार, प्रदेश सरकार र स्थानीय सरकारले आवश्यक नियमावली बनाउन सक्ने र लागू गर्न सक्ने व्यवस्था गरेको छ ।

रम्भा गाउँपालिकामा पाइपबाट वितरित आधारभूत खानेपानीको पहुँच भएको घरधुरी ९७ प्रतिशत रहेको छ भने २.५ प्रतिशत घरधुरीले खुला इनार या कुवाको पानी उपभोग गरिरहेका छन् । गाउँपालिकाका करिब सबै घरधुरीले शौचालय प्रयोग गर्ने देखिन्छ । व्यक्तिगत सरसफाइ, भान्सा कोठाको सरसफाइ, घर वरिपरिको सरसफाइ र शौचालयको प्रयोग तथा सरसफाइलाई सूचक बनाएर सूचक पूरा गर्ने वडाहरुलाई घोषणा गर्ने क्रममा यस गा.पा.का सबै वडाहरु पूर्ण सरसफाई उन्मुख घोषणा भईसकेका छ।

### ५.३.२ समस्या तथा चुनौती

गाउँपालिकामा खानेपानी तथा सरसफाइ क्षेत्रमा केही सुधार भए पनि स्वच्छ र सुरक्षित पानीको सुनिश्चितता तथा व्यवस्थित आपूर्ति प्रणाली कायम गर्न अझै कठिनाइ देखिएको छ। एक घर एक धारा नीति अनुसार अझैपनि सबै घरधुरीमा धारा पुर्याउन सकिएको छैन । सञ्चालनमा रहेका खानेपानी आयोजनाहरूको मर्मत तथा दिगोपनाको अभावका कारण पुनः लगानी आवश्यक पर्ने स्थिति उत्पन्न भएको छ।

खुला दिसामुक्त क्षेत्र घोषणा गरिए तापनि यसको पूर्ण कार्यान्वयनमा प्रभावकारी उपायहरू अवलम्बन गर्न सकिएको छैन। सार्वजनिक स्थानहरूमा शौचालयको अभावले सरसफाइको स्तरमा चुनौती थपिएको छ। फोहोरमैला व्यवस्थापनतर्फ हेर्दा, घरायसी तथा संस्थागत रूपमा कुहिने र नकुहिने फोहोरको वर्गीकरण तथा उचित व्यवस्थापन गर्न सकिएको छैन । व्यवस्थित सरसफाइ केन्द्र नहुँदा फोहोरको वैज्ञानिक रुपमा व्यवस्थापन गर्न कठिनाइ उत्पन्न भएको छ । पर्यावरणीय दृष्टिले हानिकारक फोहोर जलाउने अभ्यास अझै कायम छ, जसले वायु प्रदूषण तथा स्वास्थ्यमा गम्भीर असर पार्ने खतरा बढाएको छ । बजारमा रेडिमेड वस्तुहरूको प्रयोग वृद्धि भएसँगै प्लास्टिक तथा सिसाजन्य फोहोरको मात्रा बढ्दै गइरहेको छ। विशेष गरी स्वास्थ्य संस्थाहरूबाट निस्कने खतराजन्य फोहोरको सुरक्षित व्यवस्थापन गर्न गाउँपालिकाका लागि चुनौतीका रूपमा रहेको छ।

### ५.३.३ सम्भावना तथा अवसर

खानेपानी तथा सरसफाइ समितिहरू गठन भई सक्रिय रूपमा कार्यरत रहनुले सरसफाइ व्यवस्थापनलाई प्रभावकारी बनाउन सहयोग पुऱ्याएको छ । साथै, आधारभूत खानेपानी तथा सरसफाइ क्षेत्रलाई संघ, प्रदेश, र स्थानीय सरकारहरूले उच्च प्राथमिकता दिएका कारण यस क्षेत्रको विकासका लागि आवश्यक स्रोत साधन परिचालन गर्न सहज भएको छ। खानेपानी आयोजना छनोट, सञ्चालन, तथा व्यवस्थापनमा उपभोक्ता तथा समुदायको चासो बढ्दै जानु सकारात्मक पक्ष हो । यसले दिगो खानेपानी व्यवस्थापन र प्रभावकारी सेवा प्रवाहमा टेवा पुऱ्याउनेछ। त्यस्तै, अधिकांश बस्तीहरू नजिकै स्थानीय खोला तथा प्राकृतिक मुहानहरूको उपलब्धता रहनु खानेपानी स्रोत विकासका लागि महत्वपूर्ण अवसर बनेको छ।

सतह तथा भूमिगत प्रविधि प्रयोग गरी खानेपानी आपूर्ति प्रणाली विस्तार गर्न सकिने सम्भावना रहनु सकारात्मक पक्ष हो । साथै, जलस्रोत संरक्षण र खोला तथा जलाधार क्षेत्रको दीगो व्यवस्थापनमा स्थानीय समुदायको संलग्नता बढ्दै जानु यस क्षेत्रको दिगोपनका लागि लाभदायक देखिन्छ।

### ५.३.४ उपक्षेत्रगत लक्ष्य, उद्देश्य, रणनीति, कार्यक्रम तथा आयोजना

**<u>लक्ष्य</u>**

वडाबासीमा गुणस्तरीय र सुरक्षित खानेपानीको सर्वसुलभ पहुँच तथा पूर्ण सरसफाइ युक्त गाउँपालिका हुने

**<u>उद्देश्य</u>**

१. स्वच्छ, सफा र सुरक्षित खानेपानीमा वडा बासीहरूको पहुँच अभिवृद्धि भई सर्वसुलभ बनाउनु
२. गाउँपालिकाको सरसफाइलाई व्यवस्थित गर्दै पूर्ण सरसफाइ कायम राख्नु

**<u>रणनीति र कार्यनीति</u>**

तालिका ३२: खानेपानी तथा सरसफाइका रणनीति तथा कार्यनीतिहरू

| रणनीतिहरू | कार्यनीतिहरू |
|---|---|
| **उद्देश्य १: स्वच्छ, सफा र सुरक्षित खानेपानीमा वडाबासीहरूको पहुँच अभिवृद्धि भई सर्वसुलभ बनाउनु** | |
| १.१: खानेपानीका मुहान तथा श्रोतहरूको संरक्षण एवं सम्वर्द्धन गर्ने | १. खानेपानी, सरसफाई तथा स्वच्छता सम्बन्धी योजना (WASH Plan) अनुसार गाउँपालिकाको खानेपानी, सरसफाई तथा स्वच्छता सम्बन्धी कार्यक्रमहरू अगाडि बढाइनेछ।<br>२. जलाधार संरक्षण कार्यक्रम संचालन गरी गाउँपालिका भित्र रहेका भूमिगत पानीका मूलहरू, जलाधार र सिमसार क्षेत्रहरूको संरक्षण एवं प्रवर्द्धन गर्दै ती श्रोतहरूबाट खानेपानी आपूर्तिको प्रबन्ध मिलाईनेछ। खानेपानीका श्रोतको संरक्षण र विकास गर्न सम्बन्धित सरोकारवालाहरूको सहभागिता अभिवृद्धि गरी जिम्मेवार बनाईनेछ।<br>३. खानेपानीका संरचनाको स्तरोन्नति, मुहान सुधार एवं संरक्षण गर्दै खानेपानी प्रशोधनको व्यवस्था मिलाइनेछ ।<br>४. खानेपानीका मुहानका वरिपरिका क्षेत्रहरूमा वृक्षारोपण एवं रिचार्ज पोखरीहरू निर्माण गरी दिगो एवं स्थायी श्रोतको रूपमा विकास गरिनेछ । |
| १.२: आधारभूत खानेपानीमा सबैको सहज पहुँच अभिवृद्धि गर्ने | १. हरेक घरमा पाइप लाइन मार्फत सुरक्षित तवरले खानेपानी वितरणको व्यवस्था मिलाउँदै एक घर एक धारा कार्यक्रमलाई पूर्णता दिइनेछ । |

| रणनीतिहरू | कार्यनीतिहरू |
|---|---|
| | २. पानी मुहान र खानेपानी संरचनाहरूको नियमित मर्मत सम्भार, स्तरोन्नति र वितरण प्रणालीलाई व्यवस्थित गर्दै थप क्षेत्रहरूमा खानेपानी सुविधा उपलब्ध गराइनेछ ।<br>३. सार्वजनिक स्थल, कार्यालय, बजार आदि क्षेत्रमा सार्वजनिक धाराहरू निर्माण गरी खानेपानीमा पहुँच वृद्धि ल्याइनेछ ।<br>४. गाउँपालिका भित्र रहेका खानेपानी आयोजनाहरूको मर्मत संभारका लागि स्थानीय रुपमैं जनशक्ति उत्पादन गर्न पलम्बिङ्ग तथा ईलेक्ट्रिशियन तालिम प्रदान गरिनेछ। |
| **उद्देश्य २ः गाउँपालिकाको सरसफाइलाई व्यवस्थित गर्दै स्वच्छ वातावरण कायम राख्नु ।** | |
| २.१ः सरसफाइलाई व्यवस्थित गर्दै फोहरमैलालाई सुरक्षित विसर्जन गर्ने | १. सार्वजनिक तथा संस्थागत शौचालयहरू लौङ्गिक बालबालिका जेष्ठ नागरिक तथा सार्वजनिक रुपले असक्त र फरकक्षमता भएका व्यक्तिहरूले समेत प्रयोग गर्न सक्ने गरी प्रयोगकर्ता मैत्री बनाईनेछ ।<br>२. बजार व्यवस्थापन समिति र टोल विकास संस्था जस्ता सामाजिक संघ संस्थाहरूसँग फोहोर संकलन तथा व्यवस्थापन कार्यमा सहकार्यको नीति लिइनेछ।<br>३. फोहोरलाई न्यूनीकरण, पुनः प्रयोग, प्रशोधन एवं प्लास्टिकजन्य वस्तुहरूको प्रयोगलाई बहिष्कृत जस्ता विधिबाट अवलम्बन गरिनेछ ।<br>४. फोहोरको मुख्य श्रोतहरू घर, पसल, व्यवसाय, कार्यालय एवं सार्वजनिक स्थलहरूमा फोहोरलाई वर्गीकरण गरी सङ्कलन गर्ने व्यवस्था मिलाइनेछ । सङ्कलित फोहोरलाई सुरक्षित विसर्जनको व्यवस्था गरिनेछ । |
| २.२ः सरसफाइ सम्बन्धी जनचेतना अभिवृद्धि गर्ने | १. गाउँपालिकाका सम्पूर्ण वडाहरूमा पूर्ण सरसफाई अभियान सञ्चालन गरी पूर्ण सरसफाई युक्त टोल, वडा र कमश पूर्ण सरसफाईयुक्त गाउँपालिका घोषणा गर्ने कार्यक्रमलाई निरन्तरता दिइनेछ।<br>२. खानेपानी संरक्षण, स्वच्छ खानेपानी, उपभोगबाट बचेको पानीलाई करेसाबारीमा सदुपयोग गर्ने वारे जनचेतना अभिवृद्धि कार्यक्रम सञ्चालन गरिनेछ ।<br>३. सामुदायिक संस्था, टोल विकास संस्थाहरू सँगको सहकार्यमा सरसफाइ अभियान सञ्चालन गरिनेछ ।<br>४. महिला सञ्जाल तथा आमा समूह मार्फत फोहोरबाट कम्पोस्ट मल बनाउने सम्बन्धी प्राविधिक सीप विकास तालिम सञ्चालन गरिनेछ ।<br>५. फोहरमैला सम्बन्धी चेतनामूलक प्रचार सामाग्रीहरू बनाई वितरण गरिनेछ । |

### ५.३.५ कार्यक्रम तथा आयोजना र साङ्केतिकरण

तालिका ३३: खानेपानी तथा सरसफाइका कार्यक्रम तथा आयोजना

| खानेपानी तथा सरसफाई | | | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| क.सं. | कार्यक्रमहरू | एकाइ | योजनाको कुल लक्ष्य | अनुमानित स्रोत र वार्षिक लक्ष्य (रू.हजारमा) | | | | | | बजेट प्रतिशत | दिविल संकेत | दिराल संकेत | लैंगिक संकेत | जलबायू संकेत |
| | | | | पहिलो आ.व. | दोस्रो आ.व. | तेस्रो आ.व. | चौथो आ.व | पाँचौ आ.व | जम्मा | | | | | |
| १ | खानेपानी सबै योजनाहरुको मूल, रिजर्भ टंकी र उपभोग गर्ने धाराको पानी हरेक वर्ष वर्षातको समयमा नमूना संकलन गरी गुणस्तर परीक्षण गर्ने र सोको नतिजा अनुसार व्यवस्थापन | पटक | | ६२५ | | | | | ६२५ | ०.०६ | ६ | ५ | २ | १ |
| २ | एक घर एक धारा पूर्णता कार्यक्रम | एकमुष्ट | | २००० | २००० | २००० | २००० | २००० | १०००० | ०.९२ | ६ | ५ | २ | १ |
| ३ | Wash Plan कार्यन्वयन तथा सहजिकरण | एकमुष्ट | | १२०० | १२०० | १२०० | १२०० | १२०० | ६००० | ०.५५ | ६ | ५ | २ | १ |
| ४ | खानेपानी मुहान संरक्षण तथा व्यवस्थापन | एकमुष्ट | | २००० | २००० | २००० | २००० | २००० | १०००० | ०.९२ | ६ | ५ | ३ | १ |
| ५ | सरसफाई सचेतना कार्यक्रम | पटक | १० | २०० | २०० | २०० | २०० | २०० | १००० | ०.०९ | ६ | ५ | २ | १ |
| ६ | सार्वजनिक शौचालय निर्माण | संख्या | १० | ४०० | ४०० | ४०० | ४०० | ४०० | २००० | ०.१८ | ६ | ५ | २ | १ |
| ७ | खानेपानी मर्मत संभार तथा सरसफाइ सम्बन्धी नियमित कार्यक्रम | एकमुष्ठ | | ५०० | ६०० | ७०० | ८०० | ९०० | ३५०० | ०.३२ | ६ | ५ | २ | १ |
| **खानेपानी तथा सरसफाई क्षेत्रको जम्मा बजेट** | | | | ६९२५ | ६४०० | ६५०० | ६६०० | ६७०० | ३३१२५ | ३.०६ | | | | |

### ५.३.६ अपेक्षित उपलब्धि तथा नतिजा खाका

तालिका ३४: खानेपानी तथा सरसफाइका अपेक्षित उपलब्धि तथा नतिजा खाका

| खानेपानी तथा सरसफाइ | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| सूचक | एकाई | आधार वर्षको अवस्था २०८०/२०८१ | योजना अवधिको लक्ष्य (आर्थिक वर्ष र कुल) | | | | | जम्मा | पुष्ट्याँइको स्रोत | जोखिम पक्ष तथा अनुमान |
| | | | पहिलो | दोस्रो | तेस्रो | चौथों | पाँचौं | | | |
| आधारभूत खानेपानीको पहुँच भएको जनसङ्ख्या | प्रतिशत | ९९ | ९९ | ९९ | ९९ | ९९ | ९९ | ९९ | | |
| स्वच्छ खानेपानीको पहुँच भएको जनसङ्ख्या | प्रतिशत | ९० | ९२ | ९५ | ९७ | ९९ | ९९ | ९९ | | |
| शौचालय भएका घरपरिवार | प्रतिशत | १०० | १०० | १०० | १०० | १०० | १०० | १०० | | |
| पाईपद्वारा वितरित पानी उपयोग गर्ने परिवार | प्रतिशत | ९७ | १०० | १०० | १०० | १०० | १०० | १०० | | |
| खानेपानीको स्रोत संरक्षण | सङ्ख्या | ५० | ५२ | ५५ | ५८ | ६० | ६२ | ६२ | | |
| सेप्टिटयांकी सहितको शौचालय भएको परिवार | प्रतिशत | ९३.५ | ९४ | ९५ | ९५ | ९७ | ९७ | ९७ | | |
| साधारण शौचालय भएको परिवार | प्रतिशत | ६.५ | ६ | ५ | ५ | ३ | ३ | ३ | | |
| सार्वजनिक शौचालय | सङ्ख्या | २० | २२ | २४ | २६ | २८ | ३० | ३० | | |
| जोखिमयुक्त अवस्थामा साबुन पानीले हात धुने | प्रतिशत | १० | २० | ४० | ५० | ६५ | ७७ | ७७ | | |
| उपचार गरिएको वा सुरक्षित खानेपानी सुविधा प्राप्त घरधुरी | प्रतिशत | ८० | ८२ | ८५ | ८८ | ९० | ९२ | ९२ | | |

## ५.४ महिला, बालबालिका, जेष्ठनागरिक, अपाङ्गता भएका व्यक्ति तथा लक्षित वर्ग

### ५.४.१ पृष्ठभूमि

नेपालको संविधानले लैङ्गिक समानता तथा सामाजिक समावेशीकरणका सवाललाई सम्वोधन गर्दै लैङ्गिक विभेदको अन्त्य गर्ने संकल्प सहित महिलालाई लैङ्गिक भेदभाव विना समान वंशीय हक, सुरक्षित मातृत्व तथा प्रजनन् स्वास्थ्यसम्बन्धी हक, राज्यका सबै निकायमा समानुपातिक समावेशी सिद्धान्तका आधारमा सहभागी हुने हक लगायतका हकको प्रत्याभुती गरेको छ । गाउँपालिका क्षेत्रभित्र बालविवाह मुक्त, महिला हिंसामुक्त र शत प्रतिशत महिला साक्षर गाउँ निर्माणको लागि आवश्यक पहल नियमित रूपमा हुने गरेको छ । महिलामैत्री गाउँपालिकाका निर्माणका लागि वडास्तमा आमा समुहहरू गठन भएका छन् । लक्षित वर्गका लागि क्षमता विकासका कार्यक्रम सञ्चालन हुने गरेको छ । सामाजिक सुरक्षा कार्यक्रमबाट सबै वर्गलाई समेटने प्रयास भईरहेको छ । लक्षित वर्गका लागि आंशिक रुपमा भएपनि आयमुलक कार्यक्रम सञ्चालनमा रहेका छन् । गाउँपालिकास्तरमा बाल, महिला, आदिवासी जनजाति तथा अपाङ्ग संजाल रहेका छन् । स्थानीय समिति तथा संरचना समावेशी स्वरुपमा गठन हुने गरेका छन् ।

गाउँपालिकामा ०—१४ वर्ष उमेर समूहका करिब २४.०६ प्रतिशत बालबालिकाहरू रहेका छन् भने १५—२४ उमेर समुहका १७.७१ प्रतिशत किशोर किशोरी रहेका छन् भने ७० वर्ष माथि उमेर समूहका करिब ६.२८ प्रतिशत जनसङ्ख्या रहेको छ । त्यस्तै कूल जनसङ्ख्याको ३.६ प्रतिशतमा अपाङ्गता रहेकोमा पुरुष ४.१ प्रतिशत र महिला ३.१ प्रतिशत रहेको छ (राष्ट्रिय जनगणना, २०७८) ।सामाजिक सुरक्षा मार्फत लक्षित वर्गहरु लाभान्वित हुने गरेका छन् ।

### ५.४.२ समस्या तथा चुनौती

यस गाउँपालिकामा सामाजिक समावेशीकरणको क्षेत्रमा हालका दिनमा सकारात्मक परिवर्तनहरू देखिएता पनि यथोचित पहल र सुधार हुन सकेको देखिदैन । पालिकास्तरमा लक्षित वर्गको संरचनागत पूर्वाधारको कमी रहेको छ। अपांग, दलित, जेष्ठ नागरिक तथा महिला हेर्ने सकारात्मक दृष्टिकोण नभएका कारण हिंसाजन्य घटना हुने गरेको देखिन्छ । लक्षित वर्गमा अधिकार र कर्तव्य सम्बन्धी चेतनाको कमी रहेको छ। महिलामा बहुकार्य बोझको अवस्था हालसम्म पनि विद्यमान रहेको छ । लक्षित वर्गको तालिम प्रभावकारी हुन नसक्दा आशातित सुधार हुन सकेको छैन। बाल विवाह, बालश्रम जस्ता सामाजिक अपराध पनि विद्यमान रहेका छन्। लक्षित वर्गमा आत्मनिर्भरता र आत्मविश्वासको कमी रहेका छ ।

लक्षित वर्गको चौतर्फी हितका लागि नीतिगत तथा व्यवहारिक तवरबाट सुधारका पहलहरु भएता पनि दलित, महिला, अपाङ्गाता भएका व्यक्ति, बालबालीका, जेष्ठ नागरिक तथा आदिवासी जनजाति र विपन्न वर्गको सामाजिक तथा आर्थिक अवस्थामा उल्लेख्य सुधारहरु हुन सकेको छैन । वाल विवाह, लैङ्गिक हिंसा, दलित तथा विपन्न तथा वाल हिंसाका घटनाहरूको अन्त्य हुन सकेको छैन । लैंगिकहिंसा पिडीत, महिलाको पहिचान हुनसकेको छैन भने हिंसा विरुद्धमा महिला आवाज सरोकारवालहरुबाट सशक्त रुपमा उठन सकेको छैन । बस्ती स्तरमा छुवाछुत तथा सामाजिक विभेद अझै पनि कायमै रहेको छ । विपन्न, हिंसा पिडित र असहायहरुका लागि विषेश

व्यवस्था हुन सकेको छैन । सबै लक्षित वर्गको संजाल गठन भएको तर कृयाशिल हुन सकेको छैन । लक्षित वर्गको आत्मनिर्भरताका लागि प्रर्याप्त अवसर तथा क्षमता विकासका अवसरमा कमी रहेको छ ।

### ५.४.३ सम्भावना तथा अवसर

सामाजिक असमानता तथा विभेदका कारण सामाजिक तथा आर्थिक रूपले पछाडि परेका यस क्षेत्रका महिला, दलित, जनजाति, अल्पसङ्ख्यक वर्गको उत्थान गरी विकासको मूल प्रवाहमा समाहित गर्दै लक्षित वर्ग तथा समुदायको सामाजिक न्याय, समानता, मानवअधिकार सहित सर्वाङ्गीण विकास गर्ने लक्ष्य तथा उद्देश्यका साथ लैङ्गिक समानता तथा समावेशीकरणलाई समेट्न सके गाउँपालिकाले समतामुलक, समृद्ध गाउँपालिकाको रूपमा आफ्नो पहिचान स्थापित गर्न सक्ने सम्भावना रहेको छ ।

लैङ्गिकमैत्री संविधान तथा राज्यका तीनै तहमा महिलाको राजनैतिक सहभागिता तथा समाजको मूल्य, मान्यता र व्यवहारमा क्रमशः सकारात्मक परिवर्तन हुँदै आउनु, बालबालिकाको मौलिक हक सम्बन्धी सवालका लागि विभिन्न नीति तथा कार्यक्रमको प्राथमिकताका साथ तर्जुमा हुनु, संविधानद्वारा ज्येष्ठ नागरिकको विशेष संरक्षण तथा सामाजिक सुरक्षाको हक सुनिश्चित हुनु तथा अपाङ्गता भएका व्यक्तिहरूको लागि सेवा सुविधा र सामाजिक सुरक्षाको व्यवस्था संविधान तथा ऐनद्वारा ग्यारेन्टी गरिनु तथा अपाङ्गता भएका व्यक्तिहरू स्वयं क्रियाशिल भई संगठित हुनु आदि अवसरका रूपमा रहेका छन् ।

### ५.४.४ उपक्षेत्रगत लक्ष्य, उद्देश्य, रणनीति, कार्यक्रम तथा आयोजना

**लक्ष्य**

महिला, बालबालिका, जेष्ठ नागरिक तथा अपाङ्गता भएका व्यक्ति विरुद्ध हुने सबै प्रकारका विभेद, हिंसा र शोषण अन्त्य गरी सक्षम र आत्म सम्मानपूर्ण जीवन यापन गराउने ।

**उद्देश्य**

१. महिला हिंसाको अन्त्य तथा लैङ्गिक समता कायम गर्नु
२. बालबालिकाको समग्र अधिकारको संरक्षण तथा बालमैत्री वातावरण सिर्जना गर्नु
३. ज्येष्ठ नागरिकको हक अधिकारको संरक्षण र प्रवर्द्धन गर्दै ज्ञान, सीप र अनुभवको उपयोग गर्नु
४. अपाङ्गता भएका व्यक्तिकालागि आधारभूत सेवा, स्रोत र प्रविधिमा सहज पहुँचको वृद्धि गर्दै आर्थिक तथा सामाजिक सशक्तीकरण मार्फत् जीवनयापनमा सहजता तथा आत्मसम्मान प्रदान गर्नु
५. दलित तथा सिमान्तकृत समुदायलाई विकास तथा सामाजिक न्यायको मूलधारमा प्रवाहीकरण गर्नु ।

**रणनीति तथा कार्यनीति**

तालिका ३५: महिला, बालबालिका, जेष्ठनागरिक तथा अपाङ्गता भएका व्यक्तिहरूका रणनीति तथा कार्यनीतिहरू

| रणनीतिहरू | कार्यनीतिहरू |
|---|---|
| **उद्देश्य १: महिलाको हक-अधिकारको संरक्षण र लैङ्गिक समता कायम गर्नु ।** | |
| १.१: गाउँपालिका मातहतका सबै निकायहरूमा लैङ्गिक समानता वृद्धि गर्ने । | १. नीति निर्माण र कार्यान्वयनमा महिलाको समान सहभागिता तथा प्रतिनिधित्वमा बढोत्तरी गरिनेछ । |

| रणनीतिहरू | कार्यनीतिहरू |
|---|---|
| | २. लैङ्गिक समानता प्राप्तिको लागि पुरुषको समेत सक्रिय सहभागितामा वृद्धि गरिनेछ। |
| १.२: लैङ्गिक हिंसा अन्त्य गर्ने कार्यक्रम कार्यान्वयन गर्ने । | १. महिला विरुद्ध हुने सबै प्रकारका हिंसा, शोषण र विभेद नियन्त्रणको कानुनी उपचार प्रणालीलाई पहुँच योग्य बनाइनेछ ।<br>२. स्थानीय तहमा हिंसा प्रभावित महिलाहरूको लागि पुनर्स्थापना तथा सुरक्षा गृह स्थापना तथा सञ्चालनका साथै गाउँपालिकामा राहत कोषको सञ्चालन गरिने छ। |
| **उद्देश्य २: बालबालिकाको समग्र अधिकारको संरक्षण तथा बाल मैत्री वातावरण सृजना गर्नु ।** | |
| २.१: विभेद, हिंसा, उत्पीडन, शोषणबाट बालबालिकालाई उचित संरक्षण गर्ने । | १. बालबालिका विरुद्ध हुने हिंसा, यौन दुर्व्यवहार, बालश्रम, बलात्कार, बेचविखनजस्ता अपराध विरुद्ध सचेतनामूलक कार्यक्रमहरू सञ्चालन गरिनेछ ।<br>२. हिंसा प्रभावित बालबालिकाको उचित संरक्षण तथा पुनर्स्थापनाका लागि बाल हेल्पलाइन सेवाको व्यवस्था गरिनेछ ।<br>३. अनाथ, असहाय, पूर्ण अपाङ्गता भएका र विशेष संरक्षणको आवश्यकता भएका बालबालिकाको लागि पुनर्स्थापना केन्द्र तथा बालकोषको स्थापना गरिनेछ ।<br>४. बाल विवाह न्यूनिकरणका लागि उचित कदम चालिनेछ । |
| २.२: बालबालिकाको सहभागिता वृद्धि गर्ने । | १. बाल क्लब तथा बाल सञ्जालको गठन, विस्तार तथा परिचालन गरी बालबालिकाको सहभागिता बढाइनेछ ।<br>२. स्थानीय नीति निर्माण तहमा बालबालिकाको सहभागिता सुनिश्चित गरिनेछ ।<br>३. बालबालिकाको शारीरिक, मानसिक र शैक्षिक विकासमा अवरोध तथा बाधा नपर्ने गरी बाल सहभागितामा वृद्धि गरिनेछ । |
| २.३: बालमैत्री वातावरणको विकास गर्ने । | १. बालबालिकाहरूको सर्वाङ्गीण विकासका लागि प्रत्येक वार्डमा बाल उद्यान निर्माण गरिनेछ ।<br>२. बाल मैत्री स्थानीय शासनका माध्यमबाट बाल अधिकार सूचकहरू पूरा गर्न बालमैत्री पालिका घोषणा गरिनेछ । |
| **उद्देश्य ३: ज्येष्ठ नागरिकको हक अधिकारको संरक्षण र प्रवर्द्धन गर्दै ज्ञान, सीप र अनुभवको उपयोग गर्नु ।** | |
| ३.१: ज्येष्ठ नागरिकको लागि हेरचाह, स्याहारसुसार र उपयुक्त वातावरण सिर्जना गर्ने । | १. आफ्ना आमा बाबुलाई सन्तानले हेरचाह तथा उचित व्यवस्थापन गर्नुपर्ने पद्धतिको प्रवर्द्धन गरिनेछ ।<br>२. आवश्यकता अनुसार ज्येष्ठ नागरिक दिवा सेवा केन्द्र तथा आश्रमको व्यवस्था गरिनेछ । |

| रणनीतिहरू | कार्यनीतिहरू |
|---|---|
| **३.२**: ज्येष्ठ नागरिकको ज्ञान, सीप र अनुभवलाई उपयोग गरी सहभागितामा वृद्धि गर्ने । | १. ज्येष्ठ नागरिकको ज्ञान, सीप र अनुभवलाई उपयोग गर्न अवसर प्रदान गर्नका साथै अन्तरपुस्ता हस्तान्तरण गरिनेछ । |
| **३.३**: ज्येष्ठ नागरिकको सामाजिक सुरक्षा सेवालाई वृद्धि गर्ने । | १. ज्येष्ठ नागरिकलाई सम्मान स्वरूप सेवा र सुविधामा विशेष सहुलियतको व्यवस्था गरिनेछ ।<br>२. ज्येष्ठ नागरिकले समाज र राष्ट्रको लागि पुऱ्याएको योगदानको आधारमा सम्मान गरिनेछ । |
| **उद्देश्य ४: अपाङ्गता भएका व्यक्तिका लागि आधारभूत सेवा, स्रोत र प्रविधिमा सहज पहुँचको वृद्धि गर्दै आर्थिक तथा सामाजिक सशक्तीकरण मार्फत जीवन यापनमा सहजता तथा आत्म सम्मान प्रदान गर्नु ।** | |
| ४.१: अपाङ्ग मैत्री भौतिक संरचना निर्माण तथा सुधार गरी सार्वजनिक सेवामा पहुँच बढाउने । | १. भौतिक संरचना, पूर्वाधार तथा यातायातका साधनहरू अपाङ्ग मैत्री बनाई सहज हुने वातावरण निर्माण गरिनेछ ।<br>२. शिक्षण सिकाइ पद्धति अपाङ्ग मैत्री बनाई गुणस्तरीय शिक्षामा सबै अपाङ्गता भएका बालबालिकाहरूको पहुँच वृद्धि गरिनेछ ।<br>३. अपाङ्गता भएका व्यक्तिहरूलाई सरकारी र निजी क्षेत्रमा रोजगारीको अवसर वृद्धि गरिनेछ । |
| ४.२: अपाङ्ग व्यक्तिहरू प्रति गरिने हिंसाको न्यूनीकरण गर्ने । | १. अपाङ्ग व्यक्तिहरू प्रति गरिने विभेद र हिंसा निराकरण गर्ने कार्यक्रम सञ्चालन गरिनेछ ।<br>२. अपाङ्गता भएका व्यक्तिको सहभागितामा वृद्धिका लागि आवश्यक नीति तथा कार्यक्रम कार्यान्वयन गरिनेछ । |
| **उद्देश्य ५: दलित तथा सिमान्तकृत समुदायलाई विकास तथा सामाजिक न्यायको मूलधारमा प्रवाहीकरण गर्नु ।** | |
| **५.१**: दलित तथा सिमान्तकृत समुदायको सबै प्रकारका सार्वजनिक समिति तथा निकायमा प्रतिनिधित्व सुनिश्चतता गर्ने । | १. गाउँपालिकामा उपलब्ध रोजगारीका अवसरहरूमा दलित तथा सिमान्तकृत समुदायका युवाहरूलाई प्राथमिकता दिइनेछ ।<br>२. स्थानीय उपभोक्ता समितिहरूमा दलित तथा सिमान्तकृत समुदायको अनिवार्य प्रतिनिधित्वको प्रावधान राखिनेछ ।<br>३. दलित तथा सिमान्तकृत समुदायका नागरिकलाई शिक्षा, स्वास्थ्य, खानेपानी लगायत आधारभूत सेवा सुविधा समतामुलक रूपमा वितरण गर्ने प्रबन्ध मिलाइनेछ । |

## ५.४.५ कार्यक्रम तथा आयोजना र साङ्केतिकरण

तालिका ३६: महिला, बालबालिका तथा लक्षित वर्गका कार्यक्रम तथा आयोजना

| महिला, बालबालिका तथा लक्षित वर्ग | | | | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| क्र.सं. | कार्यक्रमहरू | एकाइ | योजनाको कुल लक्ष्य | अनुमानित स्रोत र वार्षिक लक्ष्य (रू.हजारमा) | | | | | | बजेट प्रतिशत | दिविल संकेत | दिराल संकेत | लैंगिक संकेत | जलबायू संकेत |
| | | | | पहिलो आ.व. | दोस्रो आ.व. | तेस्रो आ.व. | चौथो आ.व | पाँचौ आ.व | जम्मा | | | | | |
| १ | लक्षित वर्ग आत्मनिर्भर कार्यक्रम | पटक | ५ | ५०० | ५०० | ५०० | ५०० | ५०० | २५०० | ०.२३ | ५ | ६ | १ | ३ |
| २ | सामाजिक विकृति निरुपण कार्यक्रम | पटक | २० | ५०० | ५०० | ५०० | ५०० | ५०० | २५०० | ०.२३ | ५ | ६ | १ | ३ |
| ३ | महिला शसक्तिकरण कार्यक्रम | एकमुष्ट | | ५०० | ५०० | ५०० | ५०० | ५०० | २५०० | ०.२३ | ५ | ६ | १ | ३ |
| ४ | महिलाा संरक्षण कार्यक्रम | एकमुष्ट | | ५०० | | | | | ५०० | ०.०५ | ५ | ६ | १ | ३ |
| ५ | लैससास मैत्री पालिका निर्माण कार्यक्रम | एकमुष्ट | | ५०० | | | | | ५०० | ०.०५ | ५ | ६ | १ | ३ |
| ६ | बाल विकास, बाल संरक्षण, बाल सहभागिता र बाल बचाउँका विभिन्न कार्यक्रम | एकमुष्ट | | ५०० | ५०० | ५०० | ५०० | ५०० | २५०० | ०.२३ | ५ | ६ | १ | ३ |
| ७ | बालमैत्री स्थानीय शासन गाउँपालिका तयारी | एकमुष्ट | | ५०० | ५०० | ५०० | ५०० | ५०० | २५०० | ०.२३ | ५ | ६ | १ | ३ |
| ८ | अपांङ्गता सशक्तिकरणका विभिन्न कार्यक्रम | एकमुष्ट | | ५०० | ५०० | ५०० | ५०० | ५०० | २५०० | ०.२३ | ५ | ६ | १ | ३ |
| ९ | जेष्ठनागरिकहरुका लागि शारिरीक मानसिक तथा आध्यात्मिक स्वास्थ्य र सहज जिवन यापन कार्यक्रम | एकमुष्ट | | ५०० | ५०० | ५०० | ५०० | ५०० | २५०० | ०.२३ | ५ | ६ | १ | ३ |
| | महिला, बालबालिका तथा लक्षित वर्ग क्षेत्रको जम्मा बजेट | | | ४५०० | ३५०० | ३५०० | ३५०० | ३५०० | १८५०० | १.७१ | | | | |

## ५.४.६ अपेक्षित उपलब्धि तथा नतिजा खाका

तालिका ३७: महिला, बालबालिका तथा लक्षित वर्गका अपेक्षित उपलब्धि तथा नतिजा खाका

| महिला, बालबालिका तथा लक्षित वर्ग | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| सूचक | एकाई | आधार वर्षको अवस्था २०८०/२०८१ | योजना अवधिको लक्ष्य (आर्थिक वर्ष र कुल) | | | | | जम्मा | पुष्ट्याँइको स्रोत | जोखिम पक्ष तथा अनुमान |
| | | | पहिलो | दोस्रो | तेस्रो | चौथों | पाँचौं | | | |
| महिला/घरेलु हिंसा | प्रतिशत | १ | ०.८ | ०.५ | ०.४ | ०.३ | ०.२ | ०.२ | | |
| बालश्रम | प्रतिशत | ० | ० | ० | ० | ० | ० | ० | | |
| अपाङ्गमैत्री सार्वजनिक सेवा प्रदायक संस्था | सङ्ख्या | २ | २ | २ | ३ | ३ | ५ | ५ | | |
| बैङ्क मार्फत सामाजिक सुरक्षा भत्ता प्राप्त गर्ने जेष्ठ नागरिक | प्रतिशत | १०० | १०० | १०० | १०० | १०० | १०० | १०० | | |
| लैङ्गिक हिंसा र छुवाछुत सम्बन्धी घटना दर्ता | सङ्ख्या | ० | ० | ० | ० | ० | ० | ० | | |
| तालिम प्राप्त अपाङ्गता भएका व्यक्ति | सङ्ख्या | १८ | २० | २२ | २४ | २६ | ३० | ३० | | |
| कुल सहभागीहरूमा महिलाको प्रतिशत | प्रतिशत | ५० | ५० | ५० | ५० | ५० | ५० | ५० | | |
| व्यवसायिक सीपमूलक तालिम प्राप्त महिला | सङ्ख्या | २५ | ३० | ३५ | ४० | ४५ | ५० | ५० | | |
| लैङ्गिक हिंसा र छुवाछुत सम्बन्धी सचेतना कार्यक्रम | सङ्ख्या | ३ | ४ | ५ | ६ | ७ | ८ | ८ | | |
| पिडित महिलाहरूको लागि सुरक्षित आवास गृह | सङ्ख्या | ० | ० | ० | ० | ० | ० | ० | | |
| ज्ङ्क्ञ परिक्षण | सङ्ख्या | ४ | ५ | ६ | ७ | ८ | ९ | १० | | |
| बाल हेल्पलाइन सञ्चालन | सङ्ख्या | ० | १ | १ | १ | १ | १ | १ | | |
| बाल उद्यान | सङ्ख्या | ० | १ | २ | ३ | ४ | ६ | ६ | | |
| सुरक्षित बाल गृह | सङ्ख्या | ० | ० | ० | ० | ० | ० | ० | | |
| जेष्ठ नागरिक दिवा सेवा केन्द्र | सङ्ख्या | १ | १ | १ | २ | २ | ३ | ३ | | |

| महिला, बालबालिका तथा लक्षित वर्ग | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| सूचक | एकाई | आधार वर्षको अवस्था २०८०/२०८१ | योजना अवधिको लक्ष्य (आर्थिक वर्ष र कुल) | | | | | जम्मा | पुष्ट्याँइको स्रोत | जोखिम पक्ष तथा अनुमान |
| | | | पहिलो | दोस्रो | तेस्रो | चौथों | पाँचौं | | | |
| जेष्ठ नागरिक सम्मान | जना | ५२५ | ५३० | ५३५ | ५४० | ५४५ | ५५० | ५५० | | |
| जेष्ठ नागरिक सत्सङ्ग केन्द्र | सङ्ख्या | १ | १ | १ | २ | २ | ३ | ३ | | |
| अपाङ्गता भएकाहरूको लागि दिवा सेवा केन्द्र | सङ्ख्या | ० | ० | ० | १ | १ | १ | १ | | |
| यौनिक तथा लैङ्गिक अल्पसंख्यक मैत्री सार्वजनिक शौचालय | सङ्ख्या | ० | ० | ० | ० | ० | ० | ० | | |
| अपाङ्गता सम्बन्धि हेल्प डेक्स सञ्चालन | सङ्ख्या | ५ | ५ | ५ | ५ | ५ | ५ | ५ | | |
| कुल सहभागीहरूमा अपाङ्गता भएका | सङ्ख्या | १ | २ | ३ | ४ | ५ | ७ | ७ | | |

## ५.५ युवा तथा खेलकुद

### ५.५.१ पृष्ठभूमि

गाउँपालिकाकाको समग्र विकासको लागि युवा तथा खेलकुदको निकै महत्त्वपूर्ण भूमिका हुन्छ । युवा शक्तिको पहिचान र परिचालन गर्न सकेमा समग्र विकास प्रक्रियामा युवाले योगदान गर्न सक्छन् । विकासमा युवा सहभागिताको अभिवृद्धि गर्दै राजनैतिक, आर्थिक, सामाजिक, सांस्कृतिक अधिकारको पूर्ण उपयोगको वातावरण तयार गरी युवाहरूको सशक्तीकरण र विकासका लागि शिक्षा, स्वास्थ्य, रोजगारी लगायतका क्षेत्रमा विशेष अवसर प्रदान गरिनु पर्दछ । जनसाङ्ख्यिक पूँजीको रूपमा रहेका युवाहरूको विदेश पलायन रोक्दै विकासको हरेक क्षेत्रमा युवाहरूको पहुँच बढाउने र सामाजिक-आर्थिक रूपान्तरणमा युवाहरूलाई मूलप्रवाहीकरण गर्दै शिक्षित, दक्ष, लगनशील, अनुशासित युवाहरूबाट गाउँपालिकाको विकासमा योगदानको वातावरण सिर्जना गर्नु पर्ने भएको छ । यसका साथै स्वस्थ, सक्षम र अनुशासित नागरिक तयार गर्न खेलकुद तथा खेलाडीमा योजनाबद्ध लगानी गर्ने र खेलकुदलाई राष्ट्रिय एकता सुदृढ गर्ने एवं अन्तर्राष्ट्रिय क्षेत्रमा राष्ट्रिय सम्मान अभिवृद्धि गर्ने माध्यमको रूपमा विकास गर्नुपर्ने देखिन्छ ।

रम्भा गाउँपालिकाको उमेर समुहगत जनसङ्ख्यालाई विश्लेषण गर्दा कुल जनसङ्ख्याको करिब ४४.०३ **प्रतिशत** जनसङ्ख्या युवा र आर्थिक रूपले सक्रिय जनसङ्ख्या रहेको छ कूल जनसङ्ख्याको अनुपातमा युवा समूहको जनसङ्ख्या यतिको हुनु समग्र आर्थिक र सामाजिक विकासका लागि निकै उत्तम मानिन्छ तर गाउँपालिकाका आर्थिक रूपले सक्रिय जनसङ्ख्याको करिब **१४.७ प्रतिशत** जनसङ्ख्या रोजगारीका लागि विदेशिएको देखिन्छ । गाउँपालिका रहेका युवा क्लबहरू खेलकुद तथा युवा सशक्तिकरणका अतिरिक्त सामाजिक कार्यमा पनि सक्रिय संलग्न रहेको देखिन्छ । गाउँपालिका विभिन्न स्थानमा साना ठूला खेल मैदानहरू रहेका र पालिका स्तरमा विभिन्न खेलकुद प्रतियोगिताहरू संचालन हुने गरेको छ ।

### ५.५.२ समस्या तथा चुनौती

युवा लक्षित विकासका लागि कार्यक्रमको प्रभावकारी कार्यान्वयन नहुनु, बजारको माग र आपूर्तिका आधारमा रोजगार सिर्जनाका लागि उचित योजना अनुसार जनशक्ति उत्पादन हुन नसक्नु, युवाहरूका लागि उद्यमशीलता र रोजगारीका अवसरहरू पर्याप्त नहुँदा विदेश पलायन हुन बाध्य हुनु, सीप र तालिम विनाका अदक्ष कामदारहरू वैदेशिक रोजगारीमा पठाउँदा प्रर्याप्त रेमिटेन्स भित्रिन नसक्नु, खेलकुद विकासका लागि पूर्वाधार र खेल सामग्रीको कमी हुनु, गाउँपालिकामा भएका खेलकुद पूर्वाधारहरू गुणस्तरीय, आधुनिक र सुविधायुक्त नहुनु, युवा तथा खेलकुद क्लबहरू वैधानिक रूपमै सञ्चालन गर्न नसक्नु, क्लबहरूको आफ्नै भवन र पूर्वाधार नहुनु, खेलाडी तथा प्रशिक्षकहरूलाई नियमित रूपमा प्रशिक्षण दिई उनीहरूको मनोवल उच्च बनाई जीविकोपार्जनको आधारको रूपमा स्थापित गर्न नसकिनु, खेलकुद प्रतियोगिताहरूमा नियमित रूपमा प्रतिस्पर्धी हुन नसक्नु, खेलकुदको विकास र लगानीमा निजी क्षेत्रलाई प्रोत्साहन गरी लगानी आकर्षण गर्न नसक्नु, खेल सम्बद्ध संस्थाहरूको क्षमता विकास गरी संस्थागत सुशासन कायम गर्न नसक्नु, साहसिक खेलकुदमा पर्याप्त ध्यान दिन नसकिनु जस्ता विषय प्रमुख समस्याका रूपमा रहेका छन् ।

श्रम बजारमा वर्षै पिच्छे थपिने युवालाई रोजगार मूलक र व्यावसायिक शिक्षा तालिम उपलब्ध गराई रोजगारी प्रदान गर्नु, युवा प्रतिभा-पलायन रोक्नु, युवाहरूमा सकारात्मक सोचको वृद्धि गरी श्रम र संस्कृतिप्रति सम्मान गर्ने वातावरणको सिर्जना गर्नु, युवाहरूमा स्वयंसेवी भावनाको जागृत गर्नु, सामाजिक र आर्थिक सेवाहरूमा युवाको पहुँच वृद्धि गर्नु, उपयुक्त खेल पूर्वाधार- आधारशिला निर्माण गर्नु तथा समुदायदेखि नै खेलकुदलाई आत्मसात् गरी बालबालिका, युवा, विद्यार्थी, ज्येष्ठ नागरिक लक्षित खेलकुद कार्यक्रम र शिक्षण, प्रशिक्षण तथा विभिन्न प्रतियोगिताहरूको आयोजना गरी स्वच्छ तथा प्रतिस्पर्धी खेलाडीको विकास एवम् खेल संस्कृतिको विकास गर्नु चुनौतीका रूपमा रहेका छन् ।

### ५.५.३ सम्भावना तथा अवसर

संविधानमै युवा विकास सम्बन्धी व्यवस्था हुनु, राष्ट्रिय युवा परिषदको गठन र परिचालन हुनु, देशमा विकास आयोजना, उद्योग सञ्चालन गर्न प्रशस्त युवा शक्ति र श्रम देशमा उपलब्ध हुनु, खेलकुदलाई राष्ट्रिय एकता सुदृढ गर्ने र अन्तर्राष्ट्रिय क्षेत्रमा सम्मान अभिवृद्धि गर्ने माध्यमको रूपमा लिइनु, तल्लो तह वस्ति/टोल स्तरमा पनि युवा क्लब गठन भई समुदायमा सक्रिय रहनु, आदिलाई प्रमुख अवसरका रूपमा लीन सकिन्छ । स्थानीय स्तरमा विभिन्न क्लबहरूद्वारा खेलकुद पूर्वाधार विकास र प्रतियोगिता आयोजनामा योगदान रहनु तथा विद्यालय तहको पाठ्यक्रममा खेलकुदलाई अभिन्न अङ्गका रूपमा लिइनु आदिलाई यो क्षेत्रका अवसरहरू हुन् भन्न सकिन्छ।

युवाहरूलाई खेलकुद, उद्यमशीलता, तथा सीप विकास कार्यक्रममार्फत सक्षम बनाउने, आधुनिक खेल पूर्वाधारको विकास गर्ने, तथा स्थानीयस्तरमै रोजगारी सिर्जना गर्न सहुलियत कार्यक्रमहरू सञ्चालन गर्ने लगायतका आवसरहरू देखिन्छ।

### ५.५.४ उपक्षेत्रगत लक्ष्य, उद्देश्य, रणनीति, कार्यक्रम तथा आयोजना

**लक्ष्य**

युवाहरूमा व्यावसायिकता विकास गर्दै खेलकुद लगायत सबै क्षेत्रमा युवाको सहभागिता प्रभावकारी हुने

**उद्देश्य**

१. युवाहरूलाई उद्यमशील, स्वरोजगार र स्वावलम्बी बनाउदै विकासमा युवाको सहभागिता वृद्धि गर्नु ।
२. खेलकुद पूर्वाधारको विकास गर्दै युवा खेलाडीलाई उच्च प्रतिस्पर्धी र व्यावसायिक बनाउनु ।

**रणनीति तथा कार्यनीति**

तालिका ३८ः युवा तथा खेलकुदका रणनीति तथा कार्यनीतिहरू

| रणनीतिहरू | कार्यनीतिहरू |
|---|---|
| **उद्देश्य १: युवाहरूलाई उद्यमशील, स्वरोजगार र स्वावलम्बी बनाउँदै विकासमा युवाको सहभागिता वृद्धि गर्नु ।** | |
| १.१: विकासमा युवा सहभागिता बढाउने । | १. विकास निर्माणमा युवाहरूलाई परिचालन गर्न युवा स्वयंसेवा कार्यक्रम सञ्चालन गरिनेछ ।<br>२. पालिकाका नीति-कार्यक्रम निर्माण तथा अनुगमन-मूल्याङ्कनमा युवा सहभागिता वृद्धि गरिनेछ । |

| रणनीतिहरू | कार्यनीतिहरू |
|---|---|
| १.२: युवालाई उद्यमशील, व्यवसायी र आत्मनिर्भर बनाउन वित्तीय स्रोत साधनको पहुँचमा वृद्धि गर्ने । | १. रोजगार तथा स्वरोजगार सिर्जनाका लागि सार्वजनिक, निजी, साझेदारीका वित्तीय संस्थाहरू मार्फत सहुलियत व्याज दरमा ऋण उपलब्ध गराइनेछ।<br>२. युवालाई उद्यमशील र व्यवसायी बनाउन विभिन्न प्रोत्साहन, अनुदान र सहयोगका कार्यक्रम सञ्चालन गरिनेछ । |
| १.३: युवा केन्द्रित प्राविधिक तथा व्यावसायिक शिक्षा र सीप विकासका अवसरहरू विस्तार गरी उद्यमशील बनाउने। | १. युवामा उद्यमशीलता विकासका लागि स्वदेश तथा विदेशको बजारको माग अनुरूप व्यावसायिक तथा प्राविधिक तालिम उपलब्ध गराइनेछ।<br>२. वैदेशिक अध्ययन तथा रोजगारीबाट आर्जन भएका पूँजी, ज्ञान, सीप, प्रविधि र अनुभवलाई स्वदेशमा नै उत्पादनमूलक क्षेत्रमा लगाउन प्रोत्साहन गरिनेछ ।<br>३. परम्परागत पेशा र व्यवसायको जगेर्ना, आधुनिकीकरण, र व्यवसायीकरण गर्न युवाहरूलाई प्रोत्साहन गरिनेछ । |
| १.४: युवामा सकारात्मक सोच, सिर्जनशीलता र नेतृत्व क्षमताको विकास गर्ने । | १. सिर्जनात्मक अन्वेषण र नवप्रवर्तन कार्य गरी राष्ट्रको गौरव बढाउन योगदान दिन युवाहरूलाई प्रोत्साहित गरिनेछ ।<br>२. विकास वा खेलकुद सम्बन्धी विभिन्न क्लबहरूको स्थापना तथा प्रभावकारी सञ्चालन मार्फत युवाहरूको नेतृत्व र व्यक्तित्वको विकास गरिनेछ ।<br>३. युवाहरूलाई लागू पदार्थ दुर्व्यसन तथा नियन्त्रण सम्बन्धी चेतना मूलक कार्यक्रम तयारी तथा सञ्चालनमा सहभागी गराइनेछ ।<br>४. वातावरण संरक्षण र दिगो विकासमा युवा सहभागितालाई प्राथमिकता दिइनेछ।<br>५. विज्ञान तथा सूचना प्रविधिमा युवाको पहुँचका लागि प्रत्येक वार्डमा सूचना प्रविधि सम्पन्न युवा सूचना केन्द्रको स्थापना गरिनेछ। |
| **उद्देश्य २: खेलकुद पूर्वाधारको विकास गर्दै युवा खेलाडीलाई उच्च प्रतिस्पर्धी र व्यावसायिक बनाउनु ।** | |
| २.१: खेलकुदको समुचित विकासका लागि आवश्यक पूर्वाधारको निर्माण गर्ने। | १. खेल विकासका लागि आवश्यक सुविधा सम्पन्न पूर्वाधारहरू निर्माण गरिनेछ ।<br>२. सार्वजनिक निजी साझेदारीमा खेलकुद पूर्वाधार स्तरोन्नती र सुदृढ गरिनेछ।<br>३. प्रत्येक वार्डमा खेल मैदान तथा आवश्यक खेल सामग्रीको व्यवस्था गरिने छ। |
| २.२: खेल सम्बद्ध राष्ट्रिय र अन्तर्राष्ट्रिय संघ संस्थाहरूसँग समन्वय र सहकार्य गरी खेलकुद विकास गर्ने । | १. खेलकुद विकासका लागि सरोकारवाला राष्ट्रिय तथा अन्तर्राष्ट्रिय संघ संस्थासँग सहयोग र सहकार्य गरिनेछ ।<br>२. खेलकुद पूर्वाधारको विकास र खेल क्षेत्रको उत्थानका लागि विज्ञता हासिल गरेका देशी, विदेशी खेलाडीसँग ज्ञान र सीपको आदानप्रदान गर्न आवश्यक समझदारीको व्यवस्था मिलाइनेछ। |
| २.३: योग तथा ध्यानका साथै मनोरञ्जनात्मक, परम्परागत तथा संस्कृति जन्य खेलकुद विकास गर्ने । | १. योग तथा ध्यान मार्फत युवाहरूमा सकारात्मक विकासका लागि योग तथा ध्यानका प्रशिक्षक तयार गरिने छ । |

| रणनीतिहरू | कार्यनीतिहरू |
|---|---|
| | २. प्रत्येक वार्डमा योग तथा ध्यान प्रशिक्षण केन्द्र स्थापना तथा सुसञ्चालन गरिनेछ। <br>३. मनोरञ्जनात्मक तथा संस्कृतिजन्य खेललाई प्रोत्साहन गरिनेछ । <br>४. लोपोन्मुख रैथाने (Indigenous) खेल उत्थान तथा विकासका लागि आवश्यक व्यवस्था गरिनेछ । |
| २.४: प्रतिभावान् खेलाडीको पहिचान, क्षमता विकास र प्रोत्साहन गर्ने । | १. राष्ट्र र प्रदेशको गौरव राख्न सफल खेलाडीहरूलाई उचित सम्मान एवम् पुरस्कार को व्यवस्था गरिनेछ । <br>२. स्थानीय स्तरदेखि प्रतियोगिता सञ्चालन गर्दै प्रतिभावान् खेलाडीको पहिचान, विकास, सम्मान तथा प्रोत्साहन गरिनेछ । <br>३. विद्यालय तथा पालिका तहमा खेलकुद पूर्वाधारको विकास गरी खेलकुद प्रतियोगिता सञ्चालन गरिनेछ । <br>४. खेलकुदमा युवाहरूको सहभागिता वृद्धि गर्ने कार्यक्रमहरू सञ्चालन गरिनेछ। |

### ५.५.५ कार्यक्रम तथा आयोजना साङ्केतिकरण

तालिका ३९: युवा तथा खेलकुदका कार्यक्रम तथा आयोजना

| युवा तथा खेलकुद | | | | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| क्र.सं. | कार्यक्रमहरू | एकाइ | योजनाको कुल लक्ष्य | अनुमानित स्रोत र वार्षिक लक्ष्य (रू.हजारमा) | | | | | | बजेट प्रतिशत | दिविल संकेत | दिराल संकेत | लैंगिक संकेत | जलबायू संकेत |
| | | | | पहिलो आ.व. | दोस्रो आ.व. | तेस्रो आ.व. | चौथो आ.व | पाँचौ आ.व | जम्मा | | | | | |
| १ | काष्ठजन्य सामाग्री, सिस्नु पाउडर, सावुन उत्पादन, जडिवुटि प्रशोधन लगायतका उद्यम विकास कार्यक्रम | पटक | ५ | ३५० | ४०० | ५०० | ६०० | ६५० | २५०० | ०.२३ | ५ | ६ | २ | ३ |
| २ | युवा स्वरोजगार तथा युवा लक्षित रोजगारी विकास सीप मुलक तालिम (इलेक्ट्रिक वाइरिङ्ग, मोवाइल मर्मत, ड्राइभिङ्ग लगायत) | पटक | ५ | १८०० | १८०० | १८०० | १८०० | १८०० | ९००० | ०.८३ | ५ | ६ | २ | ३ |
| ३ | खेलकुद पूर्वाधार विकास कार्यक्रम (एक वडा एक खेल मैदान) | संख्या | ५ | २००० | २००० | २००० | २००० | २००० | १०००० | ०.९२ | ५ | ६ | ३ | ३ |
| ४ | खेलकुद तथा खेलाडी प्रोत्साहन कार्यक्रम | पटक | १० | ३०० | ३०० | ३५० | ३५० | ४०० | १७०० | ०.१६ | ५ | ६ | ३ | ३ |
| ५ | युवा तथा खेलकुद विकास सम्बन्धी नियमित कार्यक्रम | पटक | २५ | २००० | २००० | २००० | २००० | २००० | १०००० | ०.९२ | ५ | ६ | ३ | ३ |
| | युवा तथा खेलकुद क्षेत्रको जम्मा बजेट | | | ६४५० | ६५०० | ६६५० | ६७५० | ६८५० | ३३२०० | ३.०७ | | | | |

### ५.५.६ अपेक्षित उपलब्धि तथा नतिजा खाका

तालिका ४०: युवा तथा खेलकुदका अपेक्षित उपलब्धि तथा नतिजा खाका

| युवा तथा खेलकुद | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| सूचक | एकाई | आधार वर्षको अवस्था २०८०/२०८१ | योजना अवधिको लक्ष्य (आर्थिक वर्ष र कुल) | | | | | जम्मा | पुष्टयाँइको स्रोत | जोखिम पक्ष तथा अनुमान |
| | | | पहिलो | दोस्रो | तेस्रो | चौथों | पाँचौं | | | |
| युवाहरूको नेतृत्वमा रहेको सामाजिक संघसंस्था | प्रतिशत | १५ | १५ | १७ | २० | २५ | ३५ | ३५ | | |
| राष्ट्रिय अन्तराष्ट्रिय खेलाडी सङ्ख्या | सङ्ख्या | ० | ० | २ | २ | ५ | ५ | ५ | | |
| प्रदेश तथा जिल्लास्तरीय खेलाडी | सङ्ख्या | - | ५ | १० | १५ | २० | २५ | २५ | | |
| सहकारीमा युवाको आवद्धता | प्रतिशत | १२ | १५ | १७ | २० | २५ | ३५ | ३५ | | |
| युवा व्यवसायीहरूबाट सञ्चालन भएका व्यवसायको सङ्ख्या | सङ्ख्या | ३५ | ४५ | ५५ | ६५ | ७५ | ८५ | ८५ | | |
| उद्यमशीलता तालिम प्राप्त युवाहरूको वार्षिक सङ्ख्या | सङ्ख्या | ५४ | ६४ | ७४ | ८४ | ९४ | १०४ | १०४ | | |
| उद्यम, व्यवसाय र स्वरोजगारीमा संलग्न युवा | प्रतिशत | १ | १.५ | २ | ३ | ५ | ७ | ७ | | |
| युवाक्लब, संजाल तथा संस्था | सङ्ख्या | | | | | | | | | |
| नियमित योगाभ्यास गर्ने जनसङ्ख्या | प्रतिशत | ० | १ | ३ | ५ | १० | २० | २० | | |
| पालिकास्तरीय खेलमैदान | सङ्ख्या | १ | १ | १ | २ | २ | २ | २ | | |
| खेल मैदान भएका विद्यालय | सङ्ख्या | | ४० | ४० | ४० | ४० | ४० | ४० | | |
| अन्तर विद्यालय प्रतियोगितात्मक खेलकुद कार्यक्रम | सङ्ख्या | - | १ | १ | २ | ३ | ४ | ४ | | |
| खेलाडी प्रशिक्षण कार्यक्रम | सङ्ख्या | - | २० | ५० | ८० | १०० | १५० | १५० | | |
| पालिकास्तरीय प्रतियोगितात्मक खेलकुद कार्यक्रम | सङ्ख्या | ५ | ५ | ५ | ५ | ५ | ५ | ५ | | |
| सफल एवम् क्षमतावान खेलाडी प्रोत्साहन तथा सम्मान | पटक | - | १ | १ | १ | १ | १ | ५ | | |
| योगा प्रशिक्षण | पटक | - | १ | २ | ३ | ४ | ५ | ५ | | |
| कवर्डहल तथा खेलकुद मैदान | पटक | ०/६ | ०/६ | ०/६ | ०/६ | ०/६ | १/६ | १/६ | | |

| युवा तथा खेलकुद | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| सूचक | एकाई | आधार वर्षको अवस्था २०८०/२०८१ | योजना अवधिको लक्ष्य (आर्थिक वर्ष र कुल) | | | | | जम्मा | पुष्टयाँइको स्रोत | जोखिम पक्ष तथा अनुमान |
| | | | पहिलो | दोस्रो | तेस्रो | चौथों | पाँचौं | | | |
| प्रदेशस्तरको खेल मैदान | सङ्ख्या | - | १ | १ | १ | १ | १ | १ | | |

# परिच्छेद ६: पूर्वाधार क्षेत्र

आर्थिक, सामाजिक विकास र सेवा सुविधा प्रवाहलाई प्रभावकारी रूपमा अघि बढाउनका लागि पूर्वाधार विकास प्रमुख तथा महत्त्वपूर्ण आधार हो । पूर्वाधार विकास क्षेत्र अन्तर्गत सडक, पक्की तथा झोलुङ्गे पुल, वैकल्पिक ऊर्जा, आवास, भवन तथा वस्ति विकास र सञ्चार तथा सूचना प्रविधि जस्ता विषयहरू पर्दछन् । व्यवस्थित बस्ती तथा सहरी विकासको महत्त्वले गर्दा पूर्वाधार विकासलाई दिगो विकासको एक महत्त्वपूर्ण आयामको रूपमा लिने गरिएको छ । यसका साथै दिगो विकास लक्ष्यले निर्धारण गरेका लक्ष्यहरू मध्ये लक्ष्य–७ (खर्चले धान्न सकिने स्वच्छ ऊर्जा), लक्ष्य–९ (उद्योग प्रवर्द्धन र पूर्वाधार) र लक्ष्य–११ (सहरहरू र समुदायहरूको दिगोपना) यस क्षेत्रसँग प्रत्यक्ष रूपमा दिगो विकासका लक्ष्यहरू सम्बन्धित रहेका छन् ।

## ६.१ आवास, भवन, वस्ति तथा सार्वजनिक निर्माण

### ६.१.१ पृष्ठभूमि

रम्भा गाउँपालिकाले भवन निर्माण योजना तथा नक्सापास मापदण्ड तयार गरि लागु गर्न बाँकी रहेको छ । हरेक क्षेत्रको विकास निर्माणलाई योजनाबद्ध ढङ्गले अगाडि बढाउने पहल कदमी गरिनु पर्दछ । गाउँपालिकामा आवास योजना तथा एकीकृत बस्ती विकास सम्बन्धी कानुन बनाउने अधिकार प्राप्त भएको छ भने केही आवास निर्माणको लागि आवश्यक स्थानीय ढुङ्गा गिट्टी, बालुवा, काठ आदिको उपलब्धता रहेको छ । आवश्यक खानेपानीका स्रोतहरू तथा प्राकृतिक जल निकासको अवस्था तथा बसोबासको लागि उपयुक्त हावापानी रहेको छ । व्यवस्थित बस्ती विकासकोलागि गाउँपालिकाले उपयुक्त नीति तयार गरेर प्राविधिक विज्ञहरूको सहयोगमा उक्त कार्य गर्नुपर्ने टड्कारो आवश्यकता देखिन्छ । गाउँपालिकामा भवन निर्माण तथा व्यवस्थित बस्तीहरूको लागि प्रभावकारी अध्ययन अनुसन्धान तथा आवश्यक योजना तर्जुमा गरी यस क्षेत्रमा योजनाबद्ध विकास गर्न सकिने देखिन्छ ।

गाउँपालिका कुल क्षेत्रफलको करिब १.०१ प्रतिशत जमिन आवासीय क्षेत्रले ओगटेको छ भने सार्वजनिक क्षेत्रमा करिब १.४३ प्रतिशत भूमि रहेको देखिन्छ । गाउँपालिकाका करिब ७ प्रतिशत घरहरू पक्की संरचनाका छन् भने गाउँपालिका भरी मापदण्ड बमोजिम निर्माण भएको भवनको संख्या निकै कम रहेको छ । राष्ट्रिय जनगणना, २०७८ को नतिजा अनुसार कूल घरधुरी मध्ये १४.७ प्रतिशत घरधुरीको सिमन्ट ढलान प्रयोग गरिएको छाना छ । ८४.५ प्रतिशत घरधुरीमा जस्ताको छानो लगाइएको देखिन्छ । गाउँपालिकाका विभिन्न वडामा २५ वटा सामुदायिक भवनहरु छन् ।

### ६.१.२ समस्या तथा चुनौती

गाउँपालिका वस्तिहरू व्यवस्थित नहुनु, प्रमुख मानिएका वस्तिहरूमा समेत आधारभूत सुविधा अपर्याप्त रहनु, एकीकृत वस्ति विकास कार्यक्रम सञ्चालनमा नहुनुजस्ता समस्या विद्यमान रहेका छन् । विकसित हुँदै गरेका बजार क्षेत्रमा विश्राम स्थल एवं बस प्रतीक्षालय र सार्वजनिक शौचालय लगायतका न्यूनतम सुविधाहरू अपर्याप्त छन् । सार्वजनिक सेवाको प्रभावकारी प्रवाहका लागि अत्यावश्यक वडा समितिको भवन, स्वास्थ्य चौकी लगायतका सार्वजनिक पूर्वाधारहरूको कमी रहेको देखिन्छ । अति विपन्न घर परिवार लक्षित सुरक्षित आवास कार्यक्रम अपर्याप्त रहेको छ ।

भिरालो जमिन, खोलानालाको किनारमा वस्तिहरू रहेका, छरिएर रहेको वस्ति, बढ्दो बसाइ सराई प्रवृति, स्थानीय कला संस्कृति झल्किने घरहरू रहेका, यहाँका घर परिवारहरू बसाई सराई गर्ने प्रकृति बढ्दै गएको छ, विना नक्सा र विना प्राविधिक स्टिमेटका आधारमा घरहरू बनेका, पुराना घरहरू भएका कारण भूकम्पको जोखिम रहेको, अझैपनि धेरै घरहरू खर र ढुङ्गाले छाएका, वस्तिहरू नदी कटान र पहिरोका जोखिममा रहेका, आवासीय घरहरूको निर्माण मापदण्डअनुसार निर्माण हुन नसकेको, सुरक्षित आवास तथा बस्ती विकास उचित रूपमा नभएको, बजार विकास तथा विस्तारको कमी, बजारसँगको कमजोर पहुँच तथा विस्तारको अभाव, सार्वजनिक निर्माण आवश्यकताअनुसार हुन नसकेको, वस्तिहरू बीचको दूरी टाढा हुनु यस पालिकाको विकासका लागि निकै चुनौतीपूर्ण देखिन्छ ।

### ६.१.३ सम्भावना तथा अवसर

गाउँपालिकाको ग्रामीण क्षेत्रमा पूर्वाधार विकास र आवास निर्माण गर्दै स्थानीय पहिचान युक्त वस्ति बसाल्ने सम्भावना रहनु, सडक सञ्जालको द्रुत गतिमा वृद्धि हुनु, आर्थिक गतिविधिको दरमा वृद्धि हुँदै जानु आदि सम्भावनाका रूपमा देखिन्छ । ग्रामीण क्षेत्रमा यातायात तथा सञ्चारका कारण धेरै वस्तिहरू बजार उन्मुख हुँदै जानु आदि पनि यस क्षेत्रका लागि अवसरको रुपमा रहेको छ। जोखिम युक्त वस्तीहरूलाई भविष्यमा एकीकृत जग्गा विकास परियोजना मार्फत बजार क्षेत्रका केही स्थानहरूमा जग्गा एकीकरण आयोजनाको सम्भाव्यता अध्ययन गरी गुरुयोजना बनाएर नयाँ व्यवस्थित वस्ति विकासका कार्यहरू अगाडि बढाउन सकिने सम्भावनाहरू पनि उत्तिकै छन् ।

### ६.१.४ लक्ष्य, उद्देश्य, रणनीति तथा कार्यनीति

**लक्ष्य**

सुरक्षित, सुलभ र वातावारणमैत्री एकीकृत आवास तथा बस्ती विकास गर्ने ।

**उद्देश्य**

१. एकीकृत आवास तथा बस्ती विकास गरी अव्यवस्थित र छरिएका घर परिवारलाई एकताबद्ध र प्रभावकारी सेवा प्रवाहको विकास गर्नु ।
२. स्थानीय निर्माण सामग्रीको अधिकतम प्रयोग गरी स्थानीय वास्तुकला र नवीनतम प्रविधि मिश्रित सुरक्षित र किफायती भवनहरू निर्माण गर्नु ।

**रणनीति र कार्यनीति**

तालिका ४१: आवास तथा बस्ती विकासका रणनीति तथा कार्यनीतिहरू

| रणनीतिहरू | कार्यनीतिहरू |
|---|---|
| **उद्देश्य १: एकीकृत आवास तथा बस्ती विकास गरी अव्यवस्थित र छरिएका घर परिवारलाई एकताबद्ध र प्रभावकारी सेवा प्रवाहको विकास गर्नु ।** | |
| १.१: ग्रामीण क्षेत्रमा भौगोलिक हिसाबले बिकट र छरिएर रहेका तथा विपद्को जोखिममा रहेका र सीमान्तकृत घर परिवारलाई आधारभूत सुविधा सहितको एकीकृत बस्ती निर्माण गर्ने । | १. भू-उपयोग नीती तथा बस्ती विकास योजना तर्जुमा गरी लागु गरिनेछ।<br>२. भौगोलिक हिसाबले बिकट र छरिएर रहेका तथा विपद्को जोखिममा रहेका घर परिवारकालागि सुरक्षित, वातावारणमैत्री, सुलभ, |

| रणनीतिहरू | कार्यनीतिहरू |
|---|---|
| | आधारभूत सुविधायुक्त र मौलिक पहिचान बोकेको एकीकृत बस्ती निर्माण गरिनेछ।<br>३. भौगोलिक रूपले विकट र विपद्को उच्च जोखिममा रहेका स्थानमा हुन सक्ने थप बस्ती विस्तारलाई निरुत्साहित गरिनेछ ।<br>४. ग्रामीण क्षेत्र र छरिएर रहेका घर परिवारलाई आधारभूत सुविधा सहितको बस्ती निर्माण गरिनेछ । |
| **१.२:** बस्ती रहेका क्षेत्र तथा सडक क्षेत्रको बस्ती व्यवस्थित गर्ने। | १. बजारी क्षेत्र तथा बस्ती रहेका र राजमार्ग क्षेत्रको बस्तीलाई व्यवस्थित गरिनेछ ।<br>२. सडक क्षेत्रमा हुन सक्ने थप बस्ती विस्तारलाई व्यवस्थित गरिनेछ र सडक मापदण्डहरूलाई कार्यान्वयन गरिनेछ ।<br>३. शारीरिक अपाङ्गता भएका व्यक्ति, ज्येष्ठ नागरिक लगायत विपद्को उच्च जोखिममा रहेका व्यक्तिकालागि विशेष सामाजिक आवासको विकास गरिनेछ। |
| **उद्देश्य: २ स्थानीय निर्माण सामग्रीको अधिकतम प्रयोग गरी स्थानीय वास्तुकला र नवीनतम प्रविधि मिश्रित सुरक्षित र किफायती भवनहरू निर्माण गर्नु ।** | |
| **२.१:** स्थानीय पहिचान भएको र सबै वर्ग तथा समुदायले किन्न सक्ने भवनहरूको निर्माण गर्ने । | १. सरकारी तथा निजी क्षेत्रसँग समन्वय गरी उपयुक्त भवन डिजाइन तथा निर्माण गरिनेछ ।<br>२. गाउँपालिकामा निर्माण हुने भवनहरूको डिजाइनमा एकरूपता ल्याउन भवन निर्माण मापदण्ड लागू गरिनेछ ।<br>३. स्थानीय वास्तुकला र नवीनतम प्रविधि मिश्रित सुरक्षित र किफायती निजी भवन निर्माण गर्न निजी क्षेत्र तथा समुदायलाई प्राविधिक सहयोग गरिनेछ। |
| **२.२:** भवन डिजाइन, निर्माण तथा सुपरिवेक्षणका कार्यमा संलग्न जनशक्तिको क्षमता विकास गर्ने । | १. सुरक्षित, किफायती, वातावरणमैत्री र पहिचानयुक्त भवन निर्माण बारे जनचेतना वृद्धि गर्न समुदाय लक्षित कार्यक्रम सञ्चालन गरिनेछ।<br>२. स्थानीय रूपमा उपलब्ध निर्माण सामग्रीहरूको प्रयोगलाई अधिकतम प्रयोग गर्न प्रोत्साहन गरिनेछ ।<br>३. एकीकृत सेवा प्रदायक बहुपयोगी र बहुउद्देश्यीय भवन निर्माण गरी एकीकृत जनसेवा प्रदान गरिनेछ । |

## ६.१.५ कार्यक्रम तथा आयोजना र साङ्केतिकरण

तालिका ४२: वस्ति, आवास, भवन तथा सार्वजनिक निर्माणका कार्यक्रम तथा आयोजना

| बस्ती, आवास, भवन तथा सार्वजनिक निर्माण | | | | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| क्र.सं. | कार्यक्रमहरू | एकाइ | योजनाको कुल लक्ष्य | अनुमानित स्रोत र वार्षिक लक्ष्य (रू.हजारमा) | | | | | | बजेट प्रतिशत | दिविल संकेत | दिराल संकेत | लैंगिक संकेत | जलबायू संकेत |
| | | | | पहिलो आ.व. | दोस्रो आ.व. | तेस्रो आ.व. | चौथो आ.व | पाँचौ आ.व | जम्मा | | | | | |
| १ | **बहुउद्देशीय सामुदायिक भवन निर्माण** | **सङ्ख्या** | ५ | ७००० | ७००० | ७००० | ७००० | ७००० | ३५००० | ३.२३ | ९ | १ | ३ | ३ |
| | फुरुङ्दी वहुउदेश्यीय सामुदायिक भवन | | | | | | | | | | | | | |
| | बेल चौपारी सामुदायिक भवन | | | | | | | | | | | | | |
| | महिला सामुदायिक भवन | | | | | | | | | | | | | |
| | फोक्सिङकोट बहुउद्येश्यीय सामुदायिक भवन | | | | | | | | | | | | | |
| | विशौना सामुदायिक भवन | | | | | | | | | | | | | |
| २ | सुरक्षित बसोबास तथा वस्ती संरक्षण (पहिरो र कटानको जोखिममा रहेका वस्तिहरुमा सुरक्षित बसोबास तथा वस्ती संरक्षण कार्यक्रम) | एकमुष्ट | | २५०० | २५०० | २५०० | २५०० | २५०० | १२५०० | १.१५ | ९ | १ | ३ | ३ |
| ३ | पार्क, पौवा, चौतारो, प्रतिक्षालय, सामुदायिक भवन र प्रतिक्षालयको निर्माण र मर्मत संभार | संख्या | ६ | १००० | १००० | १००० | १००० | २००० | ६००० | ०.५५ | ९ | १ | ३ | ३ |
| | **आवास, वस्ति विकास तथा सार्वजनिक निर्माणको जम्मा** | | | १०५०० | १०५०० | १०५०० | १०५०० | ११५०० | ५३५०० | ४.९४ | | | | |

## ६.१.६ अपेक्षित उपलब्धि तथा नतिजा खाका

तालिका ४३: वस्ति, आवास, भवन तथा सार्वजनिक निर्माणका अपेक्षित उपलब्धि तथा नतिजा खाका

| बस्ती, आवास, भवन तथा सार्वजनिक निर्माण | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| सूचक | एकाई | आधार वर्षको अवस्था २०८०/२०८१ | योजना अवधिको लक्ष्य (आर्थिक वर्ष र कुल) | | | | | जम्मा | पुष्ट्याँइको स्रोत | जोखिम पक्ष तथा अनुमान |
| | | | पहिलो | दोस्रो | तेस्रो | चौथों | पाँचौ | | | |
| भूकम्प प्रतिरोधी भवन | प्रतिशत | ५ | नया बन्ने सबै | | | | | | | |
| व्यवस्थित सहरीकरण सहितको बस्ती | सङ्ख्या | - | १ | १ | १ | १ | १ | १ | | |
| पालिकाको मापदण्ड बमोजिम भवन निर्माण | प्रतिशत | २ | नयाँ बन्ने सबै भवन | | | | | | | |
| जोखिमयुक्त बस्तीको स्थानान्तरण | सङ्ख्या | - | १ | १ | २ | २ | २ | २ | | |
| निर्माण भएका वस्ती विकास योजना सङ्ख्या | सङ्ख्या | - | १ | १ | १ | १ | १ | १ | | |
| कार्यपालिका भवन | सङ्ख्या | - | ० | १ | १ | १ | १ | १ | | |
| वडाकार्यलय भवन | सङ्ख्या | ५ | ५ | ५ | ५ | ५ | ५ | ५ | | |
| कर्मचारी आवास | सङ्ख्या | - | ० | १ | १ | १ | १ | १ | | |
| सामुदायिक भवन | सङ्ख्या | २५ | २६ | २७ | २८ | २९ | ३० | ३० | | |
| भवन तथा आवास निर्माणकालागि वातावरणीय प्रभाव अध्ययन | सङ्ख्या | - | १ | १ | १ | १ | १ | १ | | |
| भवन तथा आवास निर्माणकालागि विस्तृत परियोजना प्रतिवेदन | सङ्ख्या | ५ | ५ | ६ | ६ | ७ | ८ | ८ | | |
| भूकम्प तथा पहिरो प्रतिरोधी विद्यालय भवन | सङ्ख्या | २० | २० | २० | २० | २० | २० | २० | | |
| भूकम्प तथा पहिरो प्रतिरोधी स्वास्थ्य संस्था | सङ्ख्या | ४ | ४ | ५ | ५ | ५ | ५ | ५ | | |
| भूकम्प तथा पहिरो प्रतिरोधी वडा कार्यालय तथा अन्य सरकारी भवन | सङ्ख्या | १ | २ | ३ | ४ | ५ | ६ | ६ | | |
| विपन्नकालागि निर्मित आवास | सङ्ख्या | २५ | ३० | ३५ | ४० | ४५ | ५५ | ५५ | | |

## ६.२ सडक, पुल तथा यातायात व्यवस्था

### ६.२.१ पृष्ठभूमि

सडक पहूँचका हिसावले रम्भा गाउँपालिकालाई करिब २० कि.मी उत्तर दक्षिण लोकमार्ग कालीगण्डकी कोरिडोर ले छोएको छ भने सिद्धार्थ राजमार्गको सुनौली-पोखरा सडक खण्ड पनि गाउँपालिकाको वडा नं. ३ को केही भाग भित्र पर्दछ । त्यसैगरी गाउँपालिकाको रणनैतिक महत्वको सडक संजालको रुपमा रहेको आर्यभञ्ज्याङ्ग, रामपुर सडक र स्याङ्जा गल्याङ्ग-रुपन्देही-खैरेनी जोड्ने सडक संग पनि गाउँपालिको सहज पहुँच देखिन्छ । गाउँपालिका अन्तर्गतका सडक मध्ये करिब २५ कि.मि. सडक पक्की गरिएको छ भने १० कि.मि. सडक ग्राभेल र ७० कि.मी कच्ची सडक विस्तार भएको देखिन्छ । गाउँपालिकामा १० वटा झोलुङ्गेपुल र ३ वटा पक्की पुल रहेको छ ।

गाउँपालिकाभित्रका अधिकांश सडकहरू ग्राभेल तथा कच्ची स्वरूपका रहेका छन्, जसले गर्दा विशेषगरी वर्षा ऋतुमा आवागमनमा केही कठिनाइहरू सिर्जना हुने गरेको छ। सडक विस्तार जथाभावी तरिकाले गरिंदा धेरै स्थानहरूमा खेतीयोग्य जमिनको विनाश हुनका साथै पहिरोको प्रकोप बढ्ने तथा वातावरणमा प्रतिकूल असर परिरहेको देखिन्छ । प्रायजसो ठाउँमा भने वर्षातको समयमा पहिरोले बाटो अवरुद्ध हुने, पानी जम्ने, हिलो हुने भएका कारण नियमितरुमा यातायात सुचारु गर्न कठिनाइ हुने गरेको छ । गाउँपालिकाका विभिन्न वडाहरुमा सार्वजिक यातायातको रुपमा जिप, भ्यान, ट्याक्टर लगायतका यातायातका साधन सञ्चालन हुने गरेको छ । गाउँपालिका सबै वडाहरू सडक संजालसँग जोडिएका छन् ।

### ६.२.२ समस्या तथा चुनौती

गाउँपालिकाको प्रमुख समस्या सबै समुदायलाई पक्की सडक संजालमा जोडन नसक्नु, मापदण्ड विना योजना पहिचान तथा छनौट हुनु, दक्ष श्रमिक तथा जनशक्ति उपलब्धतामा कमी रहनु, गुणस्तरीय निर्माण सामग्रीको सहज उपलब्धता हुन नसक्नु, सडक प्रति सर्वसाधारणको अपनत्व अपेक्षाकृत नहुनु, सडक लम्बाइ वृद्धिका साथै मर्मत सम्भारको दायित्व वृद्धि भए अनुरूप स्रोत व्यवस्थापन नहुनु, सडक मार्गहरूको सीमा अतिक्रमण बढ्नु, साँघुरा सडक हुनु, निजी सवारी साधनहरूको सङ्ख्या बढ्दै जानु, सडक दुर्घटनामा कमी आउन नसक्नु, अव्यवस्थित सडक मर्मत सम्भारका कारण यातायात व्यवस्थापनमा समस्या आउनु यस क्षेत्रका समस्याहरू हुन् । बाटोको सुविधा भएतापनि नालाको व्यवस्था राम्रो हुन नसकेको कारण वर्षायाममा यातायात आवागमनमा समस्या हुने गरेको छ । केही कच्ची सडकमा सदाबहार रूपमा यातायातका साधन चलाउन सकिने अवस्था छैन ।

गाउँपालिका क्षेत्र भित्रका विभिन्न खोलाहरूमा पुल तथा कलभर्ट निर्माण गर्नु अति जरुरी देखिएको छ । वर्षा याममा पानीको व्यवस्थापनमा निकै कठिनाइ हुने गर्दछ तसर्थ नाला तथा निकास व्यवस्थित गर्नु चुनौती छ । व्यापार, व्यवसाय तथा उत्पादन बढाउन मद्दत पुऱ्याउन सक्ने रणनीतिक महत्त्वका सडक निर्माणमा केन्द्रित हुनु, वातावारणीय पक्षलाई ध्यानमा राखेर गुणस्तरीय सडक निर्माण गर्नु, सडक तथा पदमार्गको संरक्षण, मर्मत सम्भार तथा व्यवस्थापन कार्यलाई दिगो बनाउनु आदि यस क्षेत्रका चुनौतीहरू हुन् ।

### ६.२.३ सम्भावना तथा अवसर

गाउँपालिकाका प्राय सबै वस्तिहरूमा कच्ची सडकको पहुँच पुगिसकेको छ । यातायातको क्षेत्रमा गाउँपालिकाको नीति भनेको कम्तीमा पनि गाउँ कार्यपालिकाको कार्यालयदेखि सबै वडा कार्यालयसम्म पुग्ने सडकहरूको स्तरोन्नती गर्ने रहेको छ । गाउँपालिकाभित्र कच्ची भए पनि सडक सञ्जाल विस्तार हुनु, गाउँपालिकाले यातायात पूर्वाधार निर्माणलाई प्राथमिकतामा राख्नु, यातायात पूर्वाधार निर्माणको लागि आवश्यक स्थानीय संरचनाको बलियो आधार निर्माण हुनु, यस क्षेत्रका सम्भावनाहरू हुन् ।

रम्भा गाउँपालिका भित्र मुख्य गरेर चीन र भारतलाई जोड्ने उत्तर दक्षिण लोकमार्ग कालीगण्डकी कोरिडोर पर्दछ जुन सडक नेपालकै व्यापारिक नाकाको रुपमा रहेको हुँदा यस क्षेत्रको विकासको मेरुदण्डको रुपमा रहेको छ,। यो सडक गाउँपालिका भित्र करिव २० कि.मी. वडा नं.३ र १ को निकिचौर फाँट र हुँगी फाँटवाट गएको हुँदा कृषि र पशुपालन व्यवसायका साथै उद्योग कलकारखाना सञ्चालन गरी प्रयाप्त रोजगारीको सिर्जना गर्न सकिने र यसबाट यस क्षेत्रका वासिन्दालाई आत्मनिर्भर र स्वावलम्वी बनाउन सकिने प्रचुर सम्भावना रहेको छ । सिद्धार्थ राजमार्गको सुनौली-पोखरा सडक पनि रम्भा गाउँपालिका वडा नं.३ को केही भाग भित्र पर्ने हुँदा यसले पनि विकासको सम्भावनालाई महत्व पूर्ण टेवा पुर्‍याउने देखिन्छ । त्यसैगरी गाउँपालिकाको दक्षिण तर्फको उच्च वस्तीहरुको समग्र विकास गर्नका लागि आर्यभञ्ज्याङ्ग, रामपुर सडकले यस क्षेत्रको कृषि पशुपालन व्यापार व्यवसायको बजारीकरणका लागि सम्भावना वोकेको देखिन्छ। स्याङ्जा गल्याङ्ग-रुपन्देही-खैरेनी जोड्ने सडकको अधिकांस भागहरु रम्भा गाउँपालिका भित्र नै पर्ने र यसले तराइलाई निकै छोंटो दूरीबाट जोड्ने हुँदा यसबाट रम्भा गाउँपालिकाको विकासको निम्ति यी सडकहरुले सम्भावना र अवसर का लागि हत्वपूर्ण भूमिका खेल्न सक्दछ ।

### ६.२.४ उपक्षेत्रगत लक्ष्य, उद्देश्य, रणनीति, कार्यक्रम तथा आयोजना

**लक्ष्य**

दिगो सडक तथा यातायात पूर्वाधार विकास मार्फत नागरिकको सहज पहुँच स्थापना गर्नु ।

**उद्देश्य**

१. सडक पूवार्धारहरूको निर्माण तथा स्तर उन्नति गरी मानिसहरूको जीवन सहज र सरल बनाउनु ।
२. यातायात पूर्वाधारको उचित मर्मत सम्भार तथा व्यवस्थापन गरी सहज आवतजावत र स्थानीय जनताको सुविधा, आय आर्जन तथा रोजगारी सिर्जना गर्नु ।

**रणनीति र कार्यनीति**

तालिका ४४: यातायात तथा पूर्वाधारका रणनीति तथा कार्यनीतिहरू

| रणनीतिहरू | कार्यनीतिहरू |
|---|---|
| **उद्देश्य १: सडक पूवार्धारहरूको निर्माण तथा स्तर उन्नति गरी मानिसहरूको जीवन सहज र सरल बनाउनु ।** | |
| १.१: योजनाको दीर्घकालीन उपयोगकोलागि निर्माण भइसकेका पूर्वाधारहरूको संरक्षण, विस्तार तथा मर्मतकोलागि कोषको व्यवस्था गर्ने। | १. नेपाल सरकारले निर्धारण गरेका न्यूनतम मापदण्ड निर्धारण गरी सोको पालना गरी सडकको गुणस्तर कायम गरिनेछ ।<br>२. पुल निर्माण कार्यहरूको गुणस्तर कायम गर्न अनुगमन तथा मूल्याङ्कन गरिनेछ । |

| रणनीतिहरू | कार्यनीतिहरू |
|---|---|
| | ३. योजनाको दीर्घकालीन उपयोगको लागि निर्माण भइसकेका पूर्वाधारहरूको संरक्षण, विस्तार तथा मर्मतकोलागि कोषको व्यवस्था गरिनेछ । |
| **१.२:** गाउँपालिकाको आर्थिक तथा सामाजिक गतिविधिलाई सन्तुलित, समावेशी, गतिशील बनाउन योगदान पुर्‍याउन सक्ने रणनीतिक सडक सञ्जाल सुदृढ गर्ने । | १. व्यावसायिक गतिविधिलाई गतिशील बनाउन सडकको निर्माण तथा स्तरवृद्धि गरिनेछ ।<br>२. प्राथमिकता प्राप्त लोकमार्ग तथा गाउँपालिकाको रणनीतिक सडक सञ्जालको निर्माणमा तीव्रता दिइनेछ ।<br>३. सडकमा वर्षभरि निर्बाध यातायात सञ्चालनको लागि सडक पुलको निर्माणलाई प्राथमिकताका साथ तीव्रता दिइनेछ । |
| **१.३:** छिटो, भरपर्दो र वातावरण मैत्री सडक सञ्जाल विकास गर्न सहयोगी हुने प्रविधि तथा उपायहरू अवलम्बन गर्ने। | १. जोखिमयुक्त सडक खण्डहरूमा आवश्यकताका आधारमा बाटो निर्माणका वैकल्पिक कार्यलाई समेत ध्यानका दिइ प्राथमिकताका साथ अगाडि बढाइनेछ ।<br>२. सडक छेउछाउका पहिरो तथा भूक्षय नियन्त्रण गर्न भौतिक संरचनाका साथसाथै बायोइन्जिनियरिङ् लगायतका गैरसंरचनात्मक वातावरण मैत्री प्रविधिहरूको प्रयोग गरिनेछ। |
| **उद्देश्य २: यातायात पूर्वाधारको उचित मर्मत सम्भार तथा व्यवस्थापन गरी सहज आवतजावत र स्थानीय जनताको सुविधा, आय आर्जन तथा रोजगारी सिर्जना गर्नु ।** | |
| **२.१:** प्रमुख ग्रामीण बस्तीहरू र प्रमुख पर्यटकीय केन्द्र जोड्ने गरी यातायात पहुँच बढाउन सडक विस्तार गर्ने । | १. योजनाहरूको सम्भाव्यता अध्ययन, विस्तृत डिजाइन र लागत अनुमान गरेर मात्र वातावरणमैत्री पूर्वाधारको निर्माण गरिनेछ । स्थानीय तहको श्रम एवम् सीपलाई केन्द्रबिन्दुमा राखिनेछ ।<br>२. सम्पूर्ण पूर्वाधार योजनाहरूलाई आधुनिक सूचना प्रणाली अनुसार अद्यावधिक गर्दै नियमितरूपमा कार्यान्वयन गर्दै लगिनेछ ।<br>३. पालिका सदरमुकाम र वडा केन्द्र जोड्ने पूर्वाधार विकासका निर्माणमा व्यापक जनसहभागिता बढाइनेछ ।<br>४. योजनाहरूलाई निर्धारित समयमा नै सम्पन्न गर्न योजनाको प्रकृति अनुरूप आवश्यक स्रोत तथा वस्तु र गुणस्तरको आधारमा वर्गीकरण गरी सोही अनुरूप व्यवस्था मिलाइनेछ । |
| **२.२:** पर्यटकीय स्थलहरूको पहिचान तथा सो स्थान सम्मको पहुँच मार्गको निर्माण कार्यलाई अभियानका रूपमा सञ्चालन गर्ने । | १. पर्यटकीय स्थलहरू सम्मको पहुँच मार्ग निर्माण तथा व्यवस्थापनको लागि समुदाय तथा स्थानीय तहलाई व्यापक रूपमा परिचालन गरिनेछ ।<br>२. पहुँच मार्ग विकास तथा व्यवस्थापन गुरुयोजना तयार गरी स्तरोन्नति, निर्माण तथा व्यवस्थापन कार्यलाई क्रमागत रूपमा अगाडि बढाइनेछ ।<br>३. ऐतिहासिक, धार्मिक, सांस्कृतिक तथा पर्यटकीय ठाउँहरूको प्रवर्द्धन गर्न पदमार्गहरूको निर्माण गरिनेछ । |

### ६.२.५ कार्यक्रम तथा आयोजना र साङ्केतिकरण

तालिका ४५: सडक, पुल तथा यातायातका कार्यक्रम तथा आयोजना

| सडक, पुल तथा यातायात | | | | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| क्र.सं. | कार्यक्रमहरू | एकाइ | योजनाको कुल लक्ष्य | अनुमानित स्रोत र वार्षिक लक्ष्य (रू.हजारमा) | | | | | | बजेट प्रतिशत | दिविल संकेत | दिराल संकेत | लैंगिक संकेत | जलबायू संकेत |
| | | | | पहिलो आ.व. | दोस्रो आ.व. | तेस्रो आ.व. | चौथो आ.व | पाँचौ आ.व | जम्मा | | | | | |
| १ | वडाका मुख्य सडक ग्राभेल तथा स्तरोन्नति | कि.मि. | २५ | ३०००० | ३०००० | ३०००० | ३०००० | ३०००० | १५०००० | १३.८६ | ११ | १ | ३ | ३ |
| २ | सबै वडामा कृषि सडक निर्माण तथा स्तरोन्नती | कि.मि. | १० | २००० | २००० | २००० | २००० | २००० | १०००० | ०.९२ | ११ | १ | ३ | ३ |
| ३ | **पक्की पुल निर्माण** | संख्या | ५ | २०००० | २०००० | २०००० | २०००० | २०००० | १००००० | ९.२४ | ११ | १ | ३ | ३ |
| | मालुङ्गा अर्सेदी पक्की पुल रम्भा १ | | | | | | | | | | | | | |
| | अर्चले खोला पक्की पुल रम्भा २ | | | | | | | | | | | | | |
| | मा िलनचौक लिनमुनी पक्की पुल रम्भा ३ | | | | | | | | | | | | | |
| | धामखोला पक्की पुल रम्भा ४ | | | | | | | | | | | | | |
| | निम्तुङ्ग ज्ञानचौर मोटरेवल पुल रम्भा ५ | | | | | | | | | | | | | |
| ४ | झोलुङ्गे पुल निर्माण | संख्या | ५ | ७००० | ७००० | ७००० | ७००० | ७००० | ३५००० | ३.२३ | ११ | १ | ३ | ३ |
| ५ | सडकको नियमित, आवधिक र आकस्मिक मर्मत संभार र सुधार | कि.मि. | २५ | २५०० | २५०० | २५०० | २५०० | २५०० | १२५०० | १.१५ | ११ | १ | ३ | ३ |
| ६ | यात्रु प्रतिक्षालय तथा बिसौनी निर्माण | संख्या | ६ | २००० | २००० | २००० | २००० | २००० | १०००० | ०.९२ | ११ | १ | ३ | ३ |
| **सडक, पुल तथा यातायात क्षेत्रको जम्मा बजेट** | | | | ६३५०० | ६३५०० | ६३५०० | ६३५०० | ६३५०० | ३१७५०० | २९.३३ | | | | |

## ६.२.६ अपेक्षित उपलब्धि तथा नतिजा खाका

तालिका ४६: सडक, पुल तथा यातायातका अपेक्षित उपलब्धि तथा नतिजा खाका

| सडक, पुल तथा यातायात | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| सूचक | एकाई | आधार वर्षको अवस्था २०८०/२०८१ | योजना अवधिको लक्ष्य (आर्थिक वर्ष र कुल) | | | | | जम्मा | पुष्ट्याँइको स्रोत | जोखिम पक्ष तथा अनुमान |
| | | | पहिलो | दोस्रो | तेस्रो | चौथों | पाँचौं | | | |
| ३० मिनेटसम्मको दुरीमा यातायात पहुँच भएका परिवार | प्रतिशत | ९० | ९० | ९२ | ९५ | ९५ | ९५ | ९५ | | |
| सर्वयाम सडक | कि.मि. | ३ | ८ | १३ | १८ | २३ | २३ | २३ | | |
| यातायात सुचारु सडक लम्बाइ | कि.मि. | ७० | ७५ | ८० | ८५ | ८५ | ८५ | ८५ | | |
| नियमित मर्मत संभार भएको सडकको लम्बाइ | कि. मि. | ३१ | ३६ | ४१ | ४६ | ५१ | ५१ | ५१ | | |
| अन्तर पालिका सडक सञ्जाल विस्तार | कि.मी. | २५ | २५ | २७ | ३० | ३२ | ३२ | ३२ | | |
| वायोइञ्जिनिरिङ्ग प्रविधी र सडक साइड वृक्षारोपण | कि.मी. | - | २ | ४ | ६ | ८ | ८ | ८ | | |
| बाढी नियन्त्रणकालागि ग्याभिन वाल निर्माण | कि.मी. | २५ | २६ | २७ | २८ | २९ | ३० | ३० | | |
| पालिकामा संचालित ४ पाङ्ग्रे यातायातका साधन | सङ्ख्या | २० | २० | २० | २० | २० | २० | २० | | |
| कच्ची सडक | कि.मी. | ७० | ६५ | ६० | ५५ | ५० | ५० | ५० | | |
| ग्राभेल सडक | कि.मि. | १० | १५ | २० | २५ | ३० | ३५ | ३५ | | |
| कालोपत्रे | कि.मि. | २५ | ३० | ३५ | ४० | ४५ | ५० | ५० | | |
| ट्र्याक खोलिएको सडक | कि.मि. | १० | १० | १० | १० | १० | १० | १० | | |
| पक्की पुल | सङ्ख्या | ३ | ४ | ५ | ६ | ७ | ८ | ८ | | |
| झोलुङ्गे पुल | सङ्ख्या | १० | ११ | १२ | १३ | १४ | १५ | १५ | | |
| सडक नाली | कि.मि. | ८ | १३ | १८ | २३ | २८ | ३३ | ३३ | | |

## ६.३ विद्युत तथा वैकल्पिक ऊर्जा

### ६.३.१ पृष्ठभूमि

जलविद्युत आर्थिक वृद्धि र आर्थिक रूपान्तरणको एक महत्त्वपूर्ण साधन हो । नेपाल सरकारले आउँदो बाह्र वर्षमा १५,००० मेगावाट विद्युत उत्पादन गर्ने लक्ष्य राखेको छ । प्रदेशमा दिगो र भरपर्दो विद्युतको पहुँच सबै नागरिकमा पुगि नसकेको र प्रदेश सरकारले ऊर्जा क्षेत्रलाई आर्थिक समृद्धिको सम्बाहक मानेको सन्दर्भमा जल विद्युत विकास र व्यवस्थापनमा प्रदेश सरकारको महत्त्वपूर्ण भूमिका आवश्यक छ । नेपालको संविधानले जनसहभागितामा आधारित स्वदेशी लगानीलाई प्राथमिकता दिँदै जलस्रोतको बहुउपयोगी विकास गर्ने नीति गत व्यवस्था गरेको छ । प्रकाश ऊर्जाको सबैभन्दा सरल र भरपर्दो स्रोतको रूपमा विद्युत ऊर्जालाई लिने गरिन्छ।

गाउँपालिकाको **९७ प्रतिशत** घर परिवारको बिजुलीमा पहुँच रहेको देखिन्छ । करिब **२.९ प्रतिशत** घर परिवारले सौर्य ऊर्जा प्रयोग गरिरहेको देखिन्छ । गाउँपालिकाको कुल घरधूरी मध्ये करिब **८०.७ प्रतिशत** घरधुरीले दाउरालाई खाना पकाउने इन्धनको रूपमा प्रयोग गरिरहेका छन् भने करिब **१८.६ प्रतिशत** घर परिवारले मात्र एलपि ग्याँस प्रयोग गर्ने गरेको देखिन्छ । गाउँपालिकाका सबै स्थानमा राष्ट्रिय प्रसारणको लाइन जडान भइसकेको भएतापनि केही स्थानीयवासी राष्ट्रिय प्रसारणको विद्युत उपभोग गर्नबाट वञ्चित हुन परेको छ । यस गाउँपालिकामा एल.पी. ग्यास खाना पकाउने घरधुरीको संख्यामा वृद्धि हुँदै गइरहेको छ, यद्यपि ८१ प्रतिशत घर परिवारले दाउरालाई मुख्य इन्धनका रूपमा प्रयोग गर्नुले गाउँपालिकाबासीमा विभिन्न किसिमका स्वास्थ्य समस्याहरु रहेको अनुमान गर्न सकिन्छ ।

### ६.३.२ समस्या तथा चुनौती

सबै स्थानमा विशिष्ट उपयोगका लागि ३ फेज लाइनको विद्युत सेवा उपलब्ध हुन सकेको छैन भने उपलब्ध विद्युत सेवा पनि नियमित र व्यवस्थित हुन सकेको छैन । स्वच्छ उर्जाको रूपमा विद्युत, गोवर ग्यास, वायो र धुवाँ रहित सुधारिएको चुलोको उपयोग पर्याप्त मात्रामा हुन सकेको छैन । सबै वडाहरूमा परम्परागत रूपमा दाउराबाट खाना पकाउने गरिएको छ ।

वस्ति विकास, शहरीकरण तथा आर्थिक गतिविधिको विस्तारका कारण बढ्दै गएको विद्युतको माग बढ्दै गए अनुसार विद्युत आपूर्ति गर्नु, र भौगोलिक विकटता रहेका र ग्रामीण स्तरमा छरिएको बस्तीहरूमा विद्युत लाइन स्तरोन्नती गर्नु चुनौतीको रूपमा रहेका छन् ।

### ६.३.३ सम्भावना तथा अवसर

गाउँपालिका क्षेत्रमा ठूला आयोजना मार्फत जलविद्युत उत्पादनकोलागि उपयुक्त भौगोलिक अवस्था र जलस्रोतको उपलब्धता रहेको भएतापनि सम्भाव्यता अध्ययनहरू हुन सकेको छैन यद्यपि लघु जल विद्युत तथा नविकरणीय ऊर्जाका रूपमा सौर्य ऊर्जामा लगानी गरी विद्युत उत्पादन गर्न सकिने सम्भावना रहेको छ । जनसमुदायमा ऊर्जाको आवश्यकता बारे चेतना अभिवृद्धि भएको अवस्था छ । ऊर्जा विकासबाट भौतिक, आर्थिक तथा सामाजिक संरचनाको विकास भई आर्थिक समुन्नति तथा रोजगारीका अवसरहरू सिर्जना हुने देखिन्छ ।

## ६.३.४ लक्ष्य, उद्देश्य, रणनीति तथा कार्यनीति

**लक्ष्य**

ऊर्जाको उपभोगमा दक्षता बढाई वातावरण मैत्री, दिगो, भरपर्दो, गुणस्तरीय ऊर्जामा सबैको पहुँचमा वृद्धि गर्ने।

**उद्देश्य**

१. दिगो, भरपर्दो, गुणस्तरीय र स्वच्छ ऊर्जामा सबैको पहुँचमा वृद्धि गर्नु ।
२. परम्परागत ऊर्जाको सट्टामा वैकल्पिक ऊर्जाको प्रयोगमा वृद्धि गर्नु ।

**रणनीति र कार्यनीति**

तालिका ४७: ऊर्जाका रणनीति तथा कार्यनीतिहरू

| रणनीतिहरू | कार्यनीतिहरू |
|---|---|
| **उद्देश्य १: दिगो, भरपर्दो, गुणस्तरीय ऊर्जामा सबैको पहुँचमा वृद्धि गर्नु।** | |
| १.१: ऊर्जा क्षेत्रको संस्थागत संरचना तयार गरी दिगो र अधिकतम् उपयोगको आधार तयार गर्ने । | १. संगठनात्मक संरचना अनुसार विद्युत जडान गर्ने र मर्मत सम्भार गर्न तालिम प्राप्त दक्ष जनशक्तिको व्यवस्था गरी उनीहरूको क्षमता अभिवृद्धि गरिनेछ ।<br>२. विद्युत वितरण लाइनमा उच्च क्षमता तथा गुणस्तरीय ट्रान्फर्मरहरू प्रतिस्थापान गरिनेछ ।<br>३. घरायसी प्रयोजनकालागि अधिकतम् ऊर्जा प्रयोग गर्ने परिवारलाई सम्मान/प्रोत्साहनको व्यवस्था गरिनेछ । |
| १.२: उपलब्ध सम्पूर्ण ऊर्जा स्रोतको पहिचान, उत्पादन, वर्तमान तथा भविष्यमा ऊर्जाको माग र आपूर्ति सम्बन्धी डाटाबेस तयार गरी संस्थागत विकासमा जोड दिने । | १. सामुदायिक विद्युत उपभोक्ता समिति र नेपाल विद्युत प्राधिकरणको समन्वयमा सामुदायिक विद्युतलाई क्रमशः राष्ट्रिय प्रसारण लाइनमा आबद्ध गरिनेछ ।<br>२. गाउँपालिकामा ऊर्जाको स्रोत पहिचान, कुल सम्भाव्य जलविद्युत क्षमता, माग र आपूर्तिको अध्ययन गरिनेछ ।<br>३. यस क्षेत्रमा रहेका मुख्य ऊर्जा उत्पादन केन्द्र सम्मको सडक र प्रसारण लाइनको सञ्जाल निर्माण गरिनेछ । |
| **उद्देश्य २: परम्परागत ऊर्जाको सट्टामा वैकल्पिक ऊर्जाको प्रयोगमा वृद्धि गर्नु ।** | |
| २.१: ऊर्जाको प्रयोगलई दिगो, भरपर्दो गुणस्तरीय र प्रभावकारी रूपमा विकास गरी बहुउपयोगि बनाउने । | १. ऊर्जाको खपत प्रभावकारी ढङ्गबाट गर्नकालागि विशेष सचेतना कार्यक्रम सञ्चालन गरिनेछ ।<br>२. सार्वजनिक संस्था वा स्थानहरू जस्तै, अस्पताल, विद्यालय, धार्मिकस्थल, सडक, पर्यटकीय स्थल, आदिमा अधारभूत ऊर्जाको नियमित आपूर्ति गर्न सौर्य ऊर्जा जडान गरिनेछ ।<br>३. विद्युतीय चुलो प्रयोग गर्न सहुलियत ऋण/अनुदानको व्यवस्था गरिनेछ ।<br>४. कृषि तथा सहरी क्षेत्रबाट निस्किने फोहरजन्य वस्तुबाट वायोग्यास तथा प्राङ्गारिक मल उत्पादन तथा प्रयोग गर्न प्रोत्साहन गरिनेछ ।<br>५. सिँचाइ तथा खानेपानीको पहुँच पुर्‍याउन सम्भावना नरहेका क्षेत्रमा सौर्य ऊर्जाको प्रयोग गरी लिफ्ट खानेपानीको सञ्चालन गरिनेछ । |

| रणनीतिहरू | कार्यनीतिहरू |
|---|---|
| | ६. जलविद्युत, वैकल्पिक ऊर्जाको अधिकतम प्रयोग गरी दैनिक जीवनयापनमा सहजता ल्याउँदै परम्परागत इन्धनको प्रयोग घटाइनेछ।<br>७. वैकल्पिक ऊर्जा क्षेत्रलाई प्रोत्साहन गर्न बैङ्क तथा वित्तीय क्षेत्रबाट सहुलियत दरमा ऋणको व्यवस्था गरिनेछ । |

## ६.३.५ कार्यक्रम तथा आयोजना र साङ्केतिकरण

तालिका ४८: जलस्रोत, विद्युत् तथा वैकल्पिक ऊर्जाका कार्यक्रम तथा आयोजना

| जलश्रोत, विद्युत् तथा वैकल्पिक ऊर्जा | | | | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| क्र.सं. | कार्यक्रमहरू | एकाइ | योजनाको कुल लक्ष्य | अनुमानित स्रोत र वार्षिक लक्ष्य (रू.हजारमा) | | | | | | बजेट प्रतिशत | दिदिल संकेत | दिराल संकेत | लैंगिक संकेत | जलबायू संकेत |
| | | | | पहिलो आ.व. | दोस्रो आ.व. | तेस्रो आ.व. | चौथो आ.व | पाँचौ आ.व | जम्मा | | | | | |
| १ | विद्युत ट्रन्सफर्मर क्षमता वृद्धि तथा तार पोल सुधार कार्यक्रम /थ्रि फेज लाइन विस्तार | एकमुष्ट | | ५०० | ५०० | ५०० | ५०० | ५०० | २५०० | ०.२३ | ७ | १ | २ | २ |
| २ | उज्यालो रम्भा कार्यक्रम | एकमुष्ट | | ५०० | ५०० | ५०० | ५०० | ५०० | २५०० | ०.२३ | ७ | १ | २ | २ |
| ३ | वजार क्षेत्रमा सडकबत्तीको व्यवस्थापन कार्यक्रम | एकमुष्ट | | ५०० | ५०० | ५०० | ५०० | ५०० | २५०० | ०.२३ | ७ | १ | २ | २ |
| ४ | वैकल्पिक उर्जा प्रवर्द्धन कार्यक्रम | एकमुष्ट | | ४०० | ४०० | ४०० | ४०० | ४०० | २००० | ०.१८ | ७ | १ | २ | २ |
| ५ | धुवाँ मुक्त चुलो अभियान संचालन | एकमुष्ट | | ५०० | ५०० | ५०० | ५०० | ५०० | २५०० | ०.२३ | ७ | १ | २ | २ |
| **जलश्रोत, विद्युत् तथा वैकल्पिक ऊर्जा क्षेत्रको जम्मा बजेट** | | | | २४०० | २४०० | २४०० | २४०० | २४०० | १२००० | १.११ | ७ | १ | १ | २ |

## ६.३.६ अपेक्षित उपलब्धि तथा नतिजा खाका

तालिका ४९: जलस्रोत, विद्युत् तथा वैकल्पिक ऊर्जाका अपेक्षित उपलब्धि तथा नतिजा खाका

| जलश्रोत, विद्युत् तथा वैकल्पिक ऊर्जा | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| सूचक | एकाई | आधार वर्षको अवस्था २०८०/२०८१ | योजना अवधिको लक्ष्य (आर्थिक वर्ष र कुल) | | | | | जम्मा | पुष्ट्याँइको स्रोत | जोखिम पक्ष तथा अनुमान |
| | | | पहिलो | दोस्रो | तेस्रो | चौथों | पाँचौं | | | |
| विद्युतमा पहुँच प्राप्त परिवार | प्रतिशत | ९७ | १०० | १०० | १०० | १०० | १०० | १०० | | |
| प्रतिव्यक्ति विद्युत् उपभोग (वाट प्रति घण्टा) | घण्टा | १०० | १२० | १५० | २०० | २८० | ३५० | ३५० | | |
| लघु जल विद्युत उत्पादन क्षमता | किलोवाट | - | | | | | | | | |

| जलश्रोत, विद्युत् तथा वैकल्पिक ऊर्जा | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| सूचक | एकाई | आधार वर्षको अवस्था २०८०/२०८१ | योजना अवधिको लक्ष्य (आर्थिक वर्ष र कुल) | | | | | जम्मा | पुष्ट्याँइको स्रोत | जोखिम पक्ष तथा अनुमान |
| | | | पहिलो | दोस्रो | तेस्रो | चौथों | पाँचौं | | | |
| थ्री फेज लाइनको बिस्तार | प्रतिशत | ८० | ८२ | ८५ | ८७ | ८८ | ९० | ९० | | |
| राष्ट्रिय प्रसारण लाइन मार्फत विद्युतीकरण भएको परिवार | प्रतिशत | ८० | ८२ | ८५ | ८७ | ८८ | ९० | ९० | | |
| खाना पकाउने इन्धनका रूपमा बिद्युत प्रयोग गर्ने परिवार | प्रतिशत | ५ | ५ | ६ | ७ | ८ | १० | १० | | |
| सोलार उर्जा प्रयोग गर्ने घरपरिवार | प्रतिशत | २.९ | ३ | ३.२ | ३.५ | ३.७ | ३.९ | ३.९ | | |
| बायोग्यास (गोवरग्यास) प्रयोग गर्ने घरपरिवार | सङ्ख्या | १९ | १९ | १९ | १९ | १९ | १९ | १९ | | |

## ६.४ सूचना तथा सञ्चार प्रविधि

### ६.४.१ पृष्ठभूमि

गाउँपालिकाका वडाहरूमा सूचना तथा प्रविधिको उपयोगको अवस्था कमजोर रहेको छ त्यसैले यसको अवस्थामा सुधार ल्याउन अत्यावश्यक छ । सबै वडाहरूमा एन.टि.सि र एन सेलको सामान्य सुविधा उपलब्ध भएको देखिएको छ । गाउँ क्षेत्रका सबै वडामा मोबाइल फोन सेवाको सुविधा पुगेता पनि सेवा पहूँच भने **९० प्रतिशत** भन्दा कम छ । अप्टिकल फाइबर विस्तार हुन नसक्दा इन्टरनेट सुविधा एकदमै कमजोर छ भने वडास्तरबाट प्रवाह हुने अनलाइन सेवाहरू सबै वडाहरूमा नियमित सुचारु हुन सकेको छैन । गाउँपालिकामा **५० प्रतिशत** परिवार इन्टरनेटको पहुँचमा रहेको देखिन्छ । अझ पनि करिब **२.६२ प्रतिशत** घर परिवारमा कुनै पनि सञ्चारका उपकरण नभएको अवस्था छ ।

गाउँपालिकामा अनलाइन पत्रपत्रिका तथा एफ.एम. स्टेशनहरूले सञ्चार सुविधा पुऱ्याएका भएता पनि यस गाउँपालिकाबाट प्रिन्ट माध्यममा दैनिक रूपमा प्रकाशन हुने कुनै पनि पत्रपत्रिका नरहेको देखिन्छ । यद्यपि, टेलिभिजन, केवल नेटवर्क, र इन्टरनेटको सरल पहुँचका कारण सूचना तथा सञ्चार विकास दिनानुदिन बढ्दै गइरहेको छ।

### ६.४.२ समस्या तथा चुनौती

भौगोलिक बिकटताको कारण सूचना तथा सञ्चार प्रविधिको विस्तारलाई दुर्गम वडासम्म द्रुतता दिन समस्या भएको छ । सार्वजनिक सेवा प्रवाहमा सूचना प्रविधिको पर्याप्त उपयोग हुन सकेको छैन । सूचना तथा सञ्चारको संरचनागत विकासका पूर्वाधारमा कमी देखिन्छ । सूचना प्रविधिको विकास र साईवर सुरक्षाको लागि पर्याप्त संरचनागत व्यवस्था भएको भने छैन । केही स्थानहरूमा मोबाइल नेटवर्क अनियमित तथा ज्यादै कमजोर भएकाले सेवा प्रयोग एवं वडा कार्यालयको सेवा प्रवाहमा समेत बाधा पुगेको छ । हालसम्म अप्टिकल फाइवर पुग्न सकेको छैन ।

अप्टिकल फाइबर विस्तारमा गति दिने कार्य, सूचना तथा सञ्चार क्षेत्रमा विकसित नवीनतम प्रविधि समय सापेक्ष प्रयोगमा ल्याउने कार्य, विद्युत प्रसारण भरपर्दो बनाउने कार्य, गाउँ क्षेत्रको ऐतिहासिक महत्त्वका वस्तु र सेवाहरूलाई डिजिटल अर्काइभमा सुरक्षित राख्ने कार्य, साइवर सुरक्षा सम्बन्धी संस्थागत संरचना तयार गरी आम जनतामा यस सम्वन्धी जनचेतना अभिवृद्धि गर्ने कार्य, र सामाजिक सञ्जालको वृद्धिसँगै यसमा बढ्दै गएको दुरूपयोग तथा विकृतिलाई रोक्ने कार्य चुनौती पूर्ण देखिएको छ ।

### ६.४.३ सम्भावना तथा अवसर

विद्यमान योजना तथा नीति अनुरूप गाउँलाई सञ्चार तथा सूचना प्रविधि मैत्री बनाउन सकिन्छ । स्थानीय सञ्चार माध्यम र सञ्चारकर्मीको क्षमता विकास गरी गाउँलाई मिडियामैत्री बनाउन सकिन्छ । आधुनिक सूचना प्रविधिको प्रयोग गरी गाउँपालिकाको प्रशासनिक लगायत दैनिक कामकाजका प्रणालीहरू सहज एवम् चुस्त बनाउन सकिने सम्भावना प्रशस्त छ ।

विद्यालय तथा स्वास्थ्य केन्द्र लगायत सम्पूर्ण सार्वजनिक संस्थाहरूको कार्य प्रणालीलाई सूचना प्रविधिको प्रयोगबाट थप चुस्त दुरूस्त र प्रभावकारी बनाउन सकिन्छ । प्रविधिको भरपूर उपयोग गरी पर्यटकीय, कला, भाषा तथा संस्कृतिको दृष्टिकोणले महत्त्वपूर्ण स्थलहरूको संरक्षण एवम् प्रवर्द्धन गर्न सकिने र सार्वजनिक सेवा प्रवाहलाई

थप प्रभावकारी बनाउन सकिने देखिन्छ । सूचना तथा सञ्चारको विकासले समग्र आर्थिक विकासको गतिविधिलाई पारदर्शी, चुस्त दुरूस्त र प्रभावकारी बनाउन टेवा पुऱ्याउनेछ ।

### ६.४.४ लक्ष्य, उद्देश्य, रणनीति तथा कार्यनीति

**लक्ष्य**

सूचना, सञ्चार तथा प्रविधिको विकास गर्दै सबै नागरिकको पहुँच तथा उच्चतम उपयोग सुनिश्चित गरी आम नागरिकको जीवनस्तरलाई सहज बनाउने ।

**उद्देश्य**

१. आम सञ्चार माध्यमलाई स्वच्छ, सक्षम, निष्पक्ष, मर्यादित, विश्वसनीय बनाई सूचना तथा सञ्चार प्रविधि र सेवाहरू सबै नागरिकको पहुँचमा पुऱ्याउनु ।
२. सूचना तथा सञ्चार प्रविधिको सेवालाई सर्व सुलभ, गुणस्तरीय र भरपर्दो बनाई प्रविधिको उच्चतम सेवा प्रयोग गर्नु।

**रणनीति र कार्यनीति**

तालिका ५०: सूचना तथा सञ्चार प्रविधिका रणनीति तथा कार्यनीतिहरू

| रणनीतिहरू | कार्यनीतिहरू |
|---|---|
| **उद्देश्य १: आम सञ्चार माध्यमलाई स्वच्छ, सक्षम, निष्पक्ष, मर्यादित, विश्वसनीय बनाई सूचना तथा सञ्चार प्रविधि र सेवाहरू सबै नागरिकको पहुँचमा पुऱ्याउनु ।** | |
| **१.१:** सूचना तथा सञ्चार प्रविधि सम्बन्धी नयाँ खोज तथा अनुसन्धान र विकासको लागि कानुनी आधार तयार गर्ने । | १. सूचना प्रविधि क्षेत्रको विकासकालागि निजी क्षेत्रलाई प्रोत्साहन र प्रवर्द्धन गर्न सहजीकरण गरिनेछ।<br>२. केवलमा आधारित सञ्चार प्रविधिलाई ताररहित प्रविधिमा रूपान्तर गर्न विभिन्न अध्ययन गरिनेछ । |
| **१.२:** बजार तथा चलचित्र क्षेत्रको पूर्वाधार विकास गरी उद्योगको रूपमा विकास तथा प्रवर्द्धन गर्ने । | १. यस क्षेत्रलाई परिचित गराउने खालका भाषिक, सांस्कृतिक, भौगोलिक तथा सामाजिक पृष्ठभूमि झल्कने प्रवर्द्धनात्मक सूचनाका सामग्रीहरूको निर्माण र निर्माण भएका सामग्रीहरूको डिजिटलाइजेशन गरी यस क्षेत्रको विकासलाई टेवा पुऱ्याउन सूचना तथा सञ्चार प्रविधि युक्त पर्यटकीय योजना बनाइनेछ।<br>२. यस क्षेत्रको कला संस्कृतिको पहिचानमा जोड दिई मौलिक, सामाजिक तथा गुणस्तरीय लघु चलचित्र तथा डकुमेन्ट्री निर्माणलाई प्रोत्साहन गरिनेछ ।<br>३. टेलीमेडिसिन केन्द्रको स्थापना गरी सबै नागरिकलाई घरमै बसी स्वास्थ्य उपचार सम्बन्धी परामर्श सेवा लिने अवसरको सुनिश्चितता गरिनेछ ।<br>४. विज्ञापन बजारको व्यवस्थापन एवम् नियमन गर्न नियामक निकायको स्थापना तथा सञ्चालन गरिनेछ ।<br>५. सार्वजनिक क्षेत्रबाट प्रचार प्रसार हुने विज्ञापनमा समानुपातिक वितरण प्रणालीको व्यवस्था गरिनेछ। |

| रणनीतिहरू | कार्यनीतिहरू |
|---|---|
| १.३ः समग्र प्रविधिका विकासकालागि डिजिटाइजेसन मार्फत सामाजिक, आर्थिक र शासकीय व्यवस्थामा सुधार गर्ने । | १. सार्वजनिक तथा निजी सेवाहरू क्रमशः सफ्टवेयर अनलाइन मार्फत सूचना तथा सेवा प्रदान गरिनेछ।<br>२. सञ्चार तथा सूचना प्रविधिको विकासका लागि स्थानीय प्राविधिक जनशक्ति उत्पादनको आधार तयार गरिनेछ ।<br>३. राजस्व भूक्तानि प्रणालीलाई डिजिटल माध्यमबाट भूक्तानी गर्ने व्यवस्था मिलाइनेछ ।<br>४. डिजिटल डिभाइड कम गर्नको लागि डिजिटल साक्षरता र सचेतना अभिवृद्धिलाई अभियानको रूपमा सञ्चालन गरिनेछ ।<br>५. सूचना प्रविधिको प्रयोग मार्फत स्थानीय भाषा, संस्कृति तथा मौलिकताको संरक्षण गरिनेछ ।<br>६. आधारभूत तह देखि नै हरेक विद्यार्थीले कम्प्युटर तथा सूचना प्रविधि सम्बन्धी अध्ययन गर्न पाउने अवसरको सुनिश्चितता गरिनेछ । |
| **उद्देश्य २ः सूचना तथा सञ्चार प्रविधिको सेवालाई सर्वसुलभ, गुणस्तरीय र भरपर्दो बनाई प्रविधिको उच्चतम सेवा प्रयोग गर्नु।** | |
| २.१ः सूचना तथा सञ्चार सेवालाई प्रतिस्पर्धी, मर्यादित, सर्वसुलभ तथा नियमित पहुँचको स्थापना गरी सूचना प्रविधिको उच्चतम सेवा प्रयोग गर्ने । | १. गाउँपालिकाका सबै वडाहरूमा अप्टिकल फाइबरको विस्तार गरी इन्टरनेटको पहुँच सर्वसुलभ बनाइनेछ ।<br>२. सबै कार्यालयका वेवसाइट, इमेल, ट्वीटर, भाइबर जस्ता माध्यमबाट नागरिकको गुनासो प्राप्ति तथा सुनुवाइ हुने व्यवस्था मिलाइनेछ ।<br>३. सबै वडाहरूमा डिजिटल सूचना पाटीको व्यवस्था गरी सम्पूर्ण सूचना, क्रियाकलाप तथा गतिविधिहरूका बारेमा सुसूचित हुने अधिकारको सुनिश्चितता गरिनेछ ।<br>४. सार्वजनिक आमसञ्चार माध्यमलाई स्वच्छ, प्रतिस्पर्धी, मर्यादित, उत्तरदायी र व्यावसायिक बनाइनेछ।<br>५. गाउँपालिकाका सम्पूर्ण क्रियाकलापहरूलाई सूचना प्रविधि मैत्री बनाई सबैकालागि सहज एवम् सर्वसुलभ सेवाको सुनिश्चितता गरिनेछ । |
| २.२ः सूचनामा सम्पूर्ण नागरिकहरूको पहुँच र सञ्चार प्रविधिको उच्चतम प्रयोगको सुनिश्चितता गर्ने । | १. सञ्चार क्षेत्रकालागि विद्यमान भौतिक संरचनामा आवश्यकता अनुसार थप संरचना विस्तार गरिनेछ।<br>२. गाउँपालिकाका सबै ठाउँमा टेलिफोन सेवाको नेटवर्क उपलब्ध हुन सक्ने गरी आवश्यकता अनुरूप मोबाइल टावरको विस्तार गरिनेछ। |

## ६.४.५ कार्यक्रम तथा आयोजना र साङ्केतिकरण

तालिका ५१: सूचना, सञ्चार तथा प्रविधिका कार्यक्रम तथा आयोजना

| सूचना, सञ्चार तथा प्रविधि | | | | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| क्र.सं. | कार्यक्रमहरू | एकाइ | योजनाको कुल लक्ष्य | अनुमानित स्रोत र वार्षिक लक्ष्य (रू.हजारमा) | | | | | | बजेट प्रतिशत | दिविल संकेत | दिराल संकेत | लैंगिक संकेत | जलबायू संकेत |
| | | | | पहिलो आ.व. | दोस्रो आ.व. | तेस्रो आ.व. | चौथो आ.व | पाँचौ आ.व | जम्मा | | | | | |
| १ | गाउँपालिका कार्यालय तथा वडा कार्यालयमा डिजिटल सुचना पाटी निर्माण | सङ्ख्या | ७ | ५०० | ५०० | ५०० | ५०० | ५०० | २५०० | ०.२३ | ११ | १ | ३ | ३ |
| २ | सुचना प्रविधिमैत्री गाउँपालिका निर्माण | एकमुष्ठ | | १२०० | १२०० | १२०० | १२०० | १२०० | ६००० | ०.५५ | ११ | १ | ३ | ३ |
| ३ | इन्टरनेट सेवा पहुँच तथा क्षमता अभिबृद्धि कार्यक्रम (४ जी सेवा विस्तार समेत) | एकमुष्ट | | ३०० | ३०० | ५०० | ५०० | ३०० | १९०० | ०.१८ | ११ | १ | ३ | ३ |
| ४ | मोबाइल नेटवर्क टावर क्षमता वृद्धि तथा विस्तार | एकमुष्ट | | २०० | २०० | २०० | २०० | २०० | १००० | ०.०९ | ११ | १ | ३ | ३ |
| ५ | डिजिटल साक्षरता कार्यक्रम संचालन | एकमुष्ठ | | १००० | १००० | १००० | १००० | १००० | ५००० | ०.४६ | ११ | १ | २ | ३ |
| ७ | रम्भा विकास दर्पण प्रकाशन र गतिविधि प्रशारण कार्यक्रम | एकमुष्ट | | ३०० | ३०० | ३०० | ३०० | ३०० | १५०० | ०.१४ | ११ | १ | ३ | ३ |
| सूचना र संचार प्रविधि क्षेत्रको जम्मा बजेट | | | | ३५०० | ३५०० | ३७०० | ३७०० | ३५०० | १७९०० | १.६५ | | | | |

## ६.४.६ अपेक्षित उपलब्धि तथा नतिजा खाका

तालिका ५२: सूचना, सञ्चार तथा प्रविधिका अपेक्षित उपलब्धि तथा नतिजा खाका

| सञ्चार तथा सुचना प्रविधि | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| सूचक | एकाई | आधार वर्षको अवस्था २०८०/२०८१ | योजना अवधिको लक्ष्य (आर्थिक वर्ष र कुल) | | | | | जम्मा | पुष्ट्याँइको स्रोत | जोखिम पक्ष तथा अनुमान |
| | | | पहिलो | दोस्रो | तेस्रो | चौथों | पाँचौं | | | |
| मोबाइल नेटवर्क कभरेज क्षेत्र | प्रतिशत | ९० | ९५ | १०० | १०० | १०० | १०० | १०० | | |
| ईन्टरनेटमा पहुँच प्राप्त परिवार | प्रतिशत | ५० | ७० | ९० | ९० | ९० | ९८ | ९८ | | |
| उद्यम व्यवसायमा सूचना प्रविधि प्रयोग गर्ने व्यक्ति | प्रतिशत | ४० | ४० | ४२ | ४५ | ४८ | ५० | ५० | | |
| टेलिफोनलाइन/मोबाइल भएको परिवार | प्रतिशत | ३० | | | | | | | | |
| अप्टिकल फाइबरको बिस्तार | प्रतिशत | ९० | ९२ | ९५ | ९८ | ९८ | ९८ | १०० | | |
| सूचना प्रविधि नियमन कानुन निर्माण | सङ्ख्या | ० | १ | १ | १ | १ | १ | १ | | |
| ईन्टरनेट उपलब्ध भएका विद्यालय | प्रतिशत | ३७ | ३७ | ३७ | ३७ | ३७ | ३७ | ३७ | | |
| ईन्टरनेट उपलब्ध भएका सरकारी कार्यालयहरू | प्रतिशत | १०० | १०० | १०० | १०० | १०० | १०० | १०० | | |
| फ्रि वाईफाई उपलब्ध भएका सार्वजनिक स्थलहरू | सङ्ख्या | ५ | १० | १५ | २० | २५ | ३० | ३० | | |
| ई-कक्षा सञ्चालन गर्ने विद्यालयहरू | सङ्ख्या | ० | ९ | ९ | ९ | ९ | ९ | ९ | | |
| डिजिटल सूचना पाटी | सङ्ख्या | १० | १० | १५ | २० | २५ | ३० | ३० | | |
| सञ्चारका कुनै एक साधन उपलब्ध घरधुरी | प्रतिशत | ९७.४ | ९८ | ९८ | ९८ | ९९ | ९९ | ९९ | | |
| राष्ट्रिय पत्रपत्रिका नियमित रूपमा उपलब्ध हुने सार्वजनिक पुस्तकालय | सङ्ख्या | ५ | ५ | ५ | ५ | ५ | ५ | ५ | | |

# परिच्छेद ७: वन वातावरण तथा विपद् व्यवस्थापन

नेपालको अधिकांश भूभाग भिरालो, अस्थिर, कमजोर, संवेदनशील भएको र अत्याधिक जनता ग्रामीण बस्ती र कृषिमा आधारित रहेको हुँदा पनि यहाँको वन-जङ्गतलको महत्त्व र आवश्यकता तुलनात्मक रूपले अझै बढी प्रस्ट र प्रगाढ छ; त्यसैगरी यसको संरक्षण र संवर्द्धनको अनिवार्यता पनि छ । केही समय यता कृषि विकास, वातावरणीय सन्तुलन, उद्यमशीलता, विकासका मानवीय पक्ष, आर्थिक योजना र नीति, व्यवस्थापकीय अर्थशास्त्र, प्राकृतिक संसाधन व्यवस्थापन र दिगो विकास संरक्षण तथा ग्रामीण विकास जस्ता सवालहरू जटिल बन्दै आएका छन् । मानव र प्रकृति बीच गहिरो र अन्योन्याश्रित सम्बन्ध छ । प्राकृतिक स्रोतको दिगो व्यवस्थापन विना मानव जीवन सम्भव छैन । वन संरक्षण, भू तथा जलाधार संरक्षण, जैविक विविधताको व्यवस्थापन तथा संरक्षण, वातावरण व्यवस्थापन, जलवायु परिवर्तनको प्रभाव न्यूनीकरण तथा अनुकूलन र विपद् व्यवस्थापन जस्ता विषयहरू गाउँपालिकाको कार्यक्षेत्र भित्र पर्छन् ।

## ७.१ वन तथा जैविक विविधता

### ७.१.१ पृष्ठभूमि

जैविक विविधताले भरिपूर्ण यो गाउँपालिका, समुन्द्र सतहवाट न्यूनतम **३३२ मिटर** उचाईदेखि **१७८९ मिटरसम्म** सम्म फैलिएको छ । यस गाउँपालिकाको सवैभन्दा अग्लो ठाउं रिमिघाको लेक जैविक विविधताका हिसावले निकै महत्वपूर्ण क्षेत्रको रुपमा रहेको छ । भौगोलिक विविधता भएको कारण यहाँको हावापानी उचाई तथा समय अनुरुप फरक फरक छन् । पहाडी भूभागको विस्तारित भूगोल, बाक्लो उष्ण देखि समशितोष्ण वन क्षेत्र, पर्याप्त नदी नाला तथा प्रशस्त मात्रामा छरिएर रहेका ताल तलैया एवम् सिमसार क्षेत्रका कारण यस गाउँपालिका जैविक विविधताका दृष्टिकोणले धनी रहेको देखिन्छ ।

रम्भा गाउँपालिकाको कूल क्षेत्रफलको **३९.२४ प्रतिशत** जग्गा वन/जङ्गलले ओगटेकोछ । यस गाउँपालिकामा विभिन्न वडामा **४० वटा** सामुदायिक वन/जङ्गल दर्ता भएका छन् । यस गाउँपालिकामा समशीतोष्ण देखि शीतोष्ण क्षेत्रमा पाइने वन्यजन्तु तथा वनस्पतिहरू रहेका छन् । भौगोलिक विविधता भएको कारण यहाँको हावापानी उचाई तथा समय अनुरुप फरक फरक छन् । जैविक विविधताका हिसाबले समसितोष्ण, सितोष्ण हावापानीमा पाइने जीव तथा वनस्पतिहरू उपलब्ध रहेका छन् । वन क्षेत्रमा पाइने सुनकाउली, रिट्टा, टिमुर, सतावरी, बोझो, कुरिलो, दालचिनी, तेजपात, गुराँस, चिउरी, सजिवन, लहरेगुर्जो, अमला, रुदिलो, तितेपाती आदि जडीबुटीहरू यस क्षेत्रमा उपलब्ध छन् । गाउँपालिका भित्र वनमा आधारित फर्निचर उद्योगहरु समेत छन् ।

### ७.१.२ समस्या तथा चुनौती

जमिनमा ब्यक्तिगत स्वामित्वको प्रभुत्व रहे सम्म बैज्ञानिक भूउपयोगको अवधारणा अनुसार योजना कार्यान्वयन हुन कठीन देखिएको छ । वनमा आधारित उपभोक्ता समितिहरू मार्फत मिचाहा प्रजातिको बोट विरूवालाई नियन्त्रण गर्दै नर्सरी विस्तार, वृक्षारोपण, रिचार्ज पोखरी निर्माण, अग्नीरेखा, झाडी सफाई जस्ता क्रियाकलापहरूबाट जैविक सम्पदाको संरक्षणका प्रयास पूर्ण सफल हुन सकेका छैनन् । वृक्षारोपण, बन नर्सरी, जडीवुटीको व्यावसायिक खेती अपेक्षित रूपमा विस्तार भएको छैन । वन्यजन्तुहरू खासगरी स्याल, बाँदर र

दुम्सीबाट खेतीपाती एवं बालीनालीहरू क्षती हुने गरेको छ । सडकको दायाँ वायाँ वृक्षारोपण गर्न बाँकी छ । ग्रामीण सडकहरू समेत वायोइन्जिनियरिङ्ग प्रविधिबाट निर्माण हुन सकेको अवस्था छैन ।

वन तथा जैविक विविधताको संरक्षणकालागि गाउँपालिका तहलाई जिम्मेवार बनाउनु भौतिक विकास र वन संरक्षण कार्यका बीच उत्पन्न हुने द्वन्द्वको व्यवस्थापन गर्नु, स्थानीय जनतामा वन तथा जैविक विविधताको संरक्षणबारे ज्ञान अभिवृद्धि गरी सहकार्य गर्नु, छाडा चरिचरन, वन फडाँनी, अव्यवस्थित वस्ति, र आगलागी जस्ता क्रियाकलापहरू नियन्त्रण गर्नु यस क्षेत्रका मुख्य चुनौती हुन् ।

### ७.१.३ सम्भावना तथा अवसर

व्यवहारिक तथा दिगो भूउपयोग नीति तथा यसको कार्यान्वयनबाट यस क्षेत्रको जैविक विविधताको संरक्षण गर्न सकिन्छ । यसबाट उर्वर कृषि भूमि र वन जंगलको निकै हद सम्म संरक्षण र उपयोग गर्न सकिन्छ । हरित पूर्वाधार विकासको अवधारणालाई आयोजना चक्रमा आत्मसाथ गर्न सकिन्छ । वनमा आधारित सहकारी संस्था मार्फत वन पैदावार सङ्कलन, प्रशोधन केन्द्र तथा बजारको व्यवस्थापन गर्न, र होमस्टे सञ्चालन गरी वन पैदावारबाट रोजगारी तथा आय आर्जनका अवसरहरू श्रृजना गर्न सकिने अवस्था छ । सामुदायिक र कवुलियती वनको विकास र विस्तारमा महिला, विपन्न, र दलितहरूको सहभागिता बढाउँदै जीविकोपार्जनमा टेवा पुग्ने देखिन्छ । वन पैदावारमा आधारित जडीबुटी खेती तथा उद्यमशीलता विकास गर्दै सहकारी संस्थाका सदस्यहरूको क्षमता अभिवृद्धि गर्न सकिन्छ । वन तथा काठजन्य लघु उद्योग तथा व्यवसायहरू स्थापना गरी आर्य आर्जन गर्न सकिन्छ । स्थानीय स्तरमा कृषि, वन तथा पशुपालन व्यवसायको विकासका प्रशस्त सम्भावनालाई परिचालन गरी प्राकृतिक वातावरण तथा वन्यजन्तुको संरक्षण गर्न समेत सकिन्छ ।

बन क्षेत्रलाई संरक्षण तथा आम्दानीमुखि बनाउन सामुदायिक बनसँग सहकार्य गरी बन कृषि कार्यको प्रवर्द्धन गर्ने, वन सम्पदा तथा वन्य जीवजन्तुको उचित संरक्षण, संवर्द्धन र उपयोग गर्न सकेको खण्डमा आय आर्जनको महत्त्वपूर्ण स्रोतको रूपमा विकास गर्न सकिने प्रचुर सम्भावना रहेको छ ।

### ७.१.४ लक्ष्य, उद्देश्य, रणनीति तथा कार्यनीति

**लक्ष्य**

वनको उचित व्यवस्थापन र जैविक विविधताको संरक्षणका माध्यमबाट गाउँपालिकावासीको जीवनस्तरमा सुधार गर्ने।

**उद्देश्य**

१. स्थानीय वनको संरक्षण र वैज्ञानिक व्यवस्थापन, वन्यजन्तु र जैविक विविधताको संरक्षण गर्नु ।
२. वन क्षेत्रको वैज्ञानिक व्यवस्थापनबाट वन र जैविक विविधता सहित वन पैदावारको उचित उपयोग गर्नु ।

**रणनीति र कार्यनीति**

तालिका ५३: वन तथा भूसंरक्षणका रणनीति तथा **कार्यनीतिहरू**

| रणनीतिहरू | कार्यनीतिहरू |
|---|---|
| **उद्देश्य १ः स्थानीय वनको संरक्षण र वैज्ञानिक व्यवस्थापन वन्यजन्तु र जैविक विविधताको संरक्षण,सम्वर्द्धन गर्नु।** | |

| रणनीतिहरू | कार्यनीतिहरू |
|---|---|
| २.१ः वनलाई उत्पादनमुखी बनाई वनजन्य उत्पादनको व्यावसायीकरण गर्ने । | १. वनभित्रका ढलेका तथा सुकेका रुखहरू बिक्री वितरणको व्यवस्था गरिनेछ ।<br>२. काठजन्य वस्तुको उत्पादन, प्रशोधन र उपयोगमा विविधीकरण र प्रविधि विकास गरी नयाँ रोजगारी र उत्पादनका क्षेत्र सिर्जना गरिनेछ ।<br>३. गैर काष्ठ वन पैदावारको प्रबल सम्भावना भएको खेती विस्तार तथा बजारीकरण गरिनेछ।<br>४. जडीबुटी प्रशोधन उद्योग स्थापना गर्न प्रोत्साहित गरिनेछ ।<br>५. वन्यजन्तु पालन, प्रजनन तथा व्यवसायीकरणका लागि स्थानीय जनतालाई प्रेरित गरिनेछ।<br>६. वन जन्य व्यवसाय प्रति स्थानीय युवा युवतीको आकर्षण बढाउन आफ्नो क्षेत्रभित्रका योग्य र इच्छुक विद्यार्थीहरूलाई वनविज्ञान विषयमा अध्ययन गर्न आर्थिक सहयोग गरिनेछ। |
| १.२ः समुदायमा आधारित वन व्यवस्थापन प्रणाली अनुसार वनको संरक्षण गर्ने । | १. स्थानीय जनतालाई वनको महत्त्व र यसका फाइदाबारे जानकारी गराइनेछ ।<br>२. वनको सीमा निर्धारण गरी तार बार गरि खाली भूभागमा वृक्षारोपण गरिनेछ ।<br>३. वन नर्सरी स्थापना गरिनेछ ।<br>४. सामुदायिक वनहरूका कार्ययोजना अनुसार वनको संरक्षण गरिनेछ ।<br>५. स्थानीय जनतालाई फलफूलका बिरुवाहरू वितरण गरिनेछ ।<br>६. तालिम, गोष्ठी, अध्ययन भ्रमण आदिका माध्यमबाट उपभोक्ता समितिका सदस्यहरूको क्षमता अभिवृद्धि गरिनेछ । |
| **उद्देश्य २ः वन क्षेत्रको वैज्ञानिक व्यवस्थापनबाट वन र जैविक विविधता सहित वन पैदावारको उचित उपयोग गर्नु ।** | |
| २.१ः जैविक विविधताको संरक्षण र प्रवर्द्धन गर्ने । | १. वनमा आधारित उपभोक्ता समितिहरू मार्फत मिचाहा प्रजातिको बोट बिरुवालाई नियन्त्रण गर्दै नर्सरी विस्तार, वृक्षारोपण, रिचार्ज पोखरी निर्माण, अग्निरेखा, झाडी सफाइ जस्ता क्रियाकलापहरूबाट जैविक सम्पदाको संरक्षण गरिनेछ ।<br>२. वन्य जन्तुहरूबाट हुन सक्ने सम्भावित क्षति न्यूनीकरण गर्न जङ्गल क्षेत्रमै उपयुक्त हुने घाँस, बिरुवा, फलफूलहरू रोपण गरी वन्यजन्तुको आहारा व्यवस्था मिलाइनेछ ।<br>३. व्यावसायिक मूल्य भएका जडीबुटी लगायतका बोट बिरुवाहरूको व्यापक वृक्षारोपण गरी जैविक विविधताको संरक्षण गर्दै दिगो उपयोगमा जोड दिइनेछ।<br>४. छाडा चरिचरन, बन फँडानी गरी वस्ति विकास, आगलागी जस्ता क्रियाकलापहरूलाई पूर्ण बनदेज लगाई दण्ड जरिबानाको व्यवस्था गरिनेछ । |

| रणनीतिहरू | कार्यनीतिहरू |
|---|---|
| २.२ः बाह्य र आन्तरिक स्रोत साधनको परिचालन गर्ने । | १. योजनाहरूको विस्तृत सम्भाव्यता अध्ययन गर्न संघीय र प्रदेश सरकार समक्ष अनुरोध गरिनेछ ।<br>२. गैरसरकारी संस्थाहरूलाई वन तथा जैविक विविधताको संरक्षणका कार्यक्रमहरूमा लगानी गर्न आह्वान गरिनेछ ।<br>३. गाउँपालिकाको वार्षिक बजेटको निश्चित प्रतिशत रकम वन तथा भूसंरक्षण क्षेत्रका कार्यक्रमका लागि छुट्याइनेछ ।<br>४. वनजन्य उद्योगको विकास र व्यवसायीकरणका लागि स्थानीय निजी क्षेत्रलाई प्रोत्साहन गरिनेछ । |

## ७.१.५ कार्यक्रम तथा आयोजना र साङ्केतिकरण

तालिका ५४: वन तथा जैविक विविधताका कार्यक्रम तथा आयोजना

| वन तथा जैविक विविधता | | | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| क्र.सं. | कार्यक्रमहरू | एकाइ | योजनाको कुल लक्ष्य | अनुमानित स्रोत र वार्षिक लक्ष्य (रू.हजारमा) | | | | | | बजेट प्रतिशत | दिविल संकेत | दिराल संकेत | लैंगिक संकेत | जलबायू संकेत |
| | | | | पहिलो आ.व. | दोस्रो आ.व. | तेस्रो आ.व. | चौथो आ.व | पाँचौ आ.व | जम्मा | | | | | |
| १ | उच्च मूल्यका मसलाजन्य तथा जडीवुटी उत्पादन कार्यक्रम | एकमुस्ट | ५ | ५०० | ५०० | ५०० | ५०० | ५०० | २५०० | ०.२३ | ८ | ५ | ३ | १ |
| २ | परम्परागत वन व्यवस्थापन तथा अग्नी रेखा डढेलो नियन्त्रण | एकमुस्ट | ३५ | ५०० | ५०० | ५०० | ५०० | ५०० | २५०० | ०.२३ | १५ | ७ | २ | १ |
| ३ | बन पैदावर संकलन केन्द्र र प्रशोधन केन्द्र निर्माण | एकमुस्ट | | ५०० | ५०० | ५०० | ५०० | ५०० | २५०० | ०.२३ | १५ | ७ | २ | १ |
| ४ | वृक्षारोपण तथा डालेघाँस रोपण कार्यक्रम | स्थान | ५ | ५०० | ५०० | ५०० | ५०० | ५०० | २५०० | ०.२३ | १५ | ७ | २ | १ |
| ५ | पहिरो रोकथामका लागि वृक्षरोपण कार्यक्रम | पटक | १० | ५०० | ५०० | ५०० | ५०० | ५०० | २५०० | ०.२३ | १५ | ७ | ३ | १ |
| वन तथा जैविक विविधता क्षेत्रको जम्मा बजेट | | | | २५०० | २५०० | २५०० | २५०० | २५०० | १२५०० | १.१५ | | | | |

### ७.१.६ अपेक्षित उपलब्धि तथा नतिजा खाका

तालिका ५५: वन तथा जैविक विविधताका अपेक्षित उपलब्धि तथा नतिजा खाका

| वन तथा जैविक विविधता | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| सूचक | एकाई | आधार वर्षको अवस्था २०८०/२०८१ | योजना अवधिको लक्ष्य (आर्थिक वर्ष र कुल) | | | | | जम्मा | पुष्ट्याँइको स्रोत | जोखिम पक्ष तथा अनुमान |
| | | | पहिलो | दोस्रो | तेस्रो | चौथों | पाँचौ | | | |
| रुख बिरुवाले ढाकेको वा हरियाली वा वन क्षेत्र | प्रतिशत | ३९.२४ | ३९.२४ | ३९.२४ | ३९.२४ | ३९.२४ | ३९.२४ | ३९.२४ | | |
| सामुदायिक वनबाट प्राप्त हुने राजस्व बृद्धि | प्रतिशत | - | १० | १० | १० | १० | १० | १० | | |
| स्थानीय फर्निचर उद्योग | सङ्ख्या | - | १ | १ | १ | २ | २ | २ | | |
| सामुदायिक वन सङ्ख्या | सङ्ख्या | ४० | ४० | ४० | ४० | ४० | ४० | ४० | | |
| सामुदायिक वन उपभोक्ता समितिका सदस्यको क्षमता अभिबृद्धि तालिम | पटक | १० | ३५ | ३५ | ३५ | ३५ | ३५ | ३५ | | |
| वार्षिक बृक्षारोपण (वार्षिक) | सङ्ख्या | १००० | २००० | ३००० | ४००० | ५००० | ६००० | ६००० | | |
| चोरी-निकासी नियन्त्रणकालागि नियमन इकाई गठन | सङ्ख्या | ० | १ | १ | १ | १ | १ | १ | | |
| पालिकास्तरीय वन इकाई स्थापना | सङ्ख्या | १ | १ | १ | १ | १ | १ | १ | | |
| जैविक विविधता युक्त क्षेत्र | सङ्ख्या | ० | ० | ० | ० | ० | ० | ० | | |
| वन क्षेत्रको तारवार | कि.मि. | ० | १ | २ | ३ | ४ | ५ | ५ | | |
| लोप हुनलागेका बालीनालीको पुनस्थापन (बाली नाली को सङ्ख्या) | सङ्ख्या | ० | १ | १ | २ | २ | ३ | ३ | | |

## ७.२ भूसंरक्षण तथा जलाधार व्यवस्थापन

### ७.२.१ पृष्ठभूमि

गाउँपालिका क्षेत्र भएर बग्ने काली गण्डकी नदी यस गाउँपालिका प्रमुख जलाधारको क्षेत्र हो । त्यस बाहेक गाउँपालिका क्षेत्रभित्र रहेका सहदी खोला, कराड्दी खोला, अँगाहा खोला तथा अन्य विभिन्न साना खोला, खोल्साहरुले पनि गाउँपालिकाको महत्वपूर्ण जालाधार क्षेत्रको रुपमा रहेको छ । यहाँ विभिन्न पोखरी तथा पानीका मुहानहरू पनि अवस्थित रहेका छन् । गाउँपालिका खनिजजन्य कच्चा पदार्थहरू ढुंगा, गिट्टी, बालुवाको पनि उपलब्धता रहेको छ ।

गाउँपालिकाको भू-उपयोगको अवस्था हेर्दा **१.६४ प्रतिशत** खोला तथा नदी नाला र ताल तलैया क्षेत्र रहेको देखिन्छ । आवासीय प्रयोजनका लागि करिब **१.०१ प्रतिशत** जमिन प्रयोग भएको छ । कूल क्षेत्रफल मध्ये **५६.५९ प्रतिशत** कृषियोग्य जमिनले ओगटेको छ भने वन/जङ्गलले **३९.२४ प्रतिशत** क्षेत्र ओगटेको छ ।

### ७.२.२ समस्या तथा चुनौती

वन अतिक्रमण बढदै जानु, कटान, भू-क्षय, अनियन्त्रित चरिचरन, अनियन्त्रित ढुंगा/गिट्टी/वालुवा सङ्कलन तथा निकासी हुनु, विस्तारित सडक सञ्जाल, फोहरमैला उत्सर्जन, प्लाष्टिकजन्य फोहर निष्कासन र अब्यवस्थित भौतिक निर्माणका कारण वायु र पानीजन्य प्रदूषण, विभिन्न सरोकारवाला तथा नियमनकारी निकायसँग समन्वय हुन नसक्नु, नागरिक सचेतना कम हुनु यहाँका प्रमुख समस्या हुन् ।

अवैज्ञानिक तरिकाले प्राकृतिक स्रोतको दोहन, वन क्षेत्रको विनास, जथाभावी सडक निर्माण, वातावरणीय प्रभाव मूल्याङ्कन नगरी विकास निर्माणको काम हुनु जस्ता समस्या देखिएको छ भने परिणाम स्वरूप अनावृष्टि, अतिवृष्टि, पानीको मुहान सुकेर सुख्खाक्षेत्रको विस्तार भएको अवस्था छ । मानव वस्तिको विकास र बसाई सराईको चापका साथै अनुत्पादक पशुहरूको अत्याधिक चरीचराउ र उपयोगले प्राकृतिक नदी-खोलामा भूक्षय भई पुरिने क्रम जारी छ भने अर्का तर्फ, खोलाले धार परिवर्तन गर्नु पनि थप संरक्षण चुनौती बनेको छ ।

### ७.२.३ सम्भावना तथा अवसर

गाउँपालिकामा माटोको बनावट, खेती योग्य जमिन, संरक्षित क्षेत्र, बस्ती योग्य क्षेत्र आदिको विस्तृत अध्ययन गरी भू उपयोग योजनाका आधारमा समग्र गाउँपालिकाको बस्ती विकास तथा गाउँबासीहरूको आर्थिक स्तर वृद्धि गर्न र जलाधार क्षेत्रहरूको संरक्षण गरी नमुना गाउँपालिका बनाउने ठूलो सम्भावना रहेको छ ।

गाउँपालिकामा उपलब्ध जलाधार तथा सिमसार क्षेत्रको संरक्षण सहित स्थानीय समुदायलाई भूसंरक्षण तथा जलाधार व्यवस्थापनमा थप जिम्मेवार र जबाफदेही बनाउन सकिने सम्भावना रहेको छ । कालीगण्डकी नदीमा जलयात्रा लगायतका पर्यटन गतिविधि मार्फत गाउँपालिकाले आर्थिक लाभ हासिल गर्ने सम्भावना पनि उत्तिकै रहेको छ ।

### ७.२.४ उपक्षेत्रगत लक्ष्य, उद्देश्य, रणनीति, कार्यक्रम तथा आयोजना

**लक्ष्य**

गाउँपालिका क्षेत्र भित्र भूसंरक्षण तथा जलाधार व्यवस्थापन गर्दै यसको भरपुर प्रयोग गर्ने

**उद्देश्य**

वैज्ञानिक व्यवस्थापनबाट भूसंरक्षण र जलाधार व्यवस्थापनको उचित उपयोग गर्नु ।

## रणनीति र कार्यनीति

**तालिका ५६: वन तथा भूसंरक्षणका रणनीति तथा कार्यनीतिहरू**

| रणनीतिहरू | कार्यनीतिहरू |
|---|---|
| **उद्देश्य १: वैज्ञानिक व्यवस्थापनबाट भूसंरक्षण र जलाधार व्यवस्थापनको उचित उपयोग गर्नु ।** | |
| **१.१:** भूमि संरक्षणका लागि वृक्षारोपण र मुहान संरक्षणको क्रियाकलाप मार्फत जलाधार व्यवस्थापन गर्ने । | १. भूमि तथा जलाधार क्षेत्र संरक्षण क्षेत्रसँग सम्बन्धित स्थानीय नीति, कानुन, मापदण्ड, योजना, कार्यान्वयन, अनुगमन तथा नियमन गर्ने गरिनेछ ।<br>२. सडक निर्माण कार्य गर्दा एवम् प्राकृतिक उत्खनन गर्दा वातावरण प्रभाव मूल्याङ्कन गरी वातावरण जोगाउने उचित उपाय अवलम्बन गरिनेछ, ।<br>३. नदी जन्य लगायत प्राकृतिक स्रोतमा आधारित कच्चा पदार्थको उत्खनन प्रशोधन तथा निकासी कार्यलाई मापदण्ड बनाई कार्यान्वयनमा सहजीकरण गरिनेछ ।<br>४. भएका वन सम्पदाको उपयोगको अवस्था अध्ययन गरी वन विकास तथा सिमसार क्षेत्रको गुरुयोजना निर्माण गरी कार्यान्वयन गरिनेछ ।<br>५. भू क्षय नियन्त्रणका लागि बायोईन्जिनियरिंग प्रविधिको उपयोग, सिमसार क्षेत्रको उचित संरक्षणका लागि वृक्षारोपण, पोखरी जस्ता अभियान सञ्चालन गरी जलाधार क्षेत्रहरूको संरक्षण गरिनेछ ।<br>६. गाउँपालिकाले भूमि संरक्षण तथा जलाधार व्यवस्थापनको ठोस तथा दीर्घकालीन नीति लिनेछ ।<br>७. अनावृष्टि, अतिवृष्टि, अल्पवृष्टी रोक्न सूचना दिने संयन्त्र स्थापना गरिनेछ। |
| **१.२:** जैविक तथा स्थानीय प्रविधिलाई प्रवर्द्धन गरी भूसंरक्षण गर्ने । | १. नदी कटान हुने विभिन्न वडाहरूमा बाँस, निगालो खेती तथा बायोइञ्जिनियरिङ विधि प्रवर्द्धन गरी नदी कटान न्यूनीकरणमा दिगोपन सुनिश्चित गर्ने प्रयास गरिनेछ ।<br>२. वडा स्तरमा नर्सरी व्यवस्थापन गरी वृक्षारोपण कार्यक्रम विस्तार गरी खाली जमिन, भिरालो क्षेत्र तथा नदी किनारमा वृक्षारोपण गरिनेछ । |
| **१.३:** पहिरो जाने समस्याको दीर्घकालीन समाधानका लागि उपाय अवलम्बन गर्ने । | १. सडक नालीहरू व्यवस्थित बनाइनेछ ।<br>२. खोला तथा नदी किनारामा दीर्घकालीन तटबन्ध निर्माण गरिनेछ । |

### ७.२.५ कार्यक्रम तथा आयोजना र साङ्केतिकरण

तालिका ५७: भूसंरक्षण तथा जलाधार व्यवस्थापनका कार्यक्रम तथा आयोजना

| भूसंरक्षण तथा जलाधार व्यवस्थापन | | | | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| क.सं. | कार्यक्रमहरू | एकाइ | योजनाको कुल लक्ष्य | अनुमानित स्रोत र वार्षिक लक्ष्य (रू.हजारमा) | | | | | | बजेट प्रतिशत | दिदिल संकेत | दिराल संकेत | लैंगिक संकेत | जलबायू संकेत |
| | | | | पहिलो आ.व. | दोस्रो आ.व. | तेस्रो आ.व. | चौथो आ.व | पाँचौ आ.व | जम्मा | | | | | |
| १ | भू—उपयोग नीति, योजना तथा क्षेत्र निर्धारण र भुसंरक्षण सम्बन्धी सचेतना कार्यक्रम | संख्या | १ | ५०० | | | | | ५०० | ०.०५ | १२ | ३ | ३ | १ |
| २ | पानीको मुहान संरक्षण कार्यक्रम | एकमुष्ट | | ८०० | ८०० | ८०० | ८०० | ८०० | ४००० | ०.३७ | १२ | ३ | ३ | १ |
| ३ | रिचार्ज पोखरी निर्माण | संख्या | २० | १२०० | १२०० | १२०० | १२०० | १२०० | ६००० | ०.५५ | १२ | ३ | ३ | १ |
| ४ | जोखिमयुक्त सार्वजनिक जग्गाको तारजाली र संरक्षण कार्यक्रम | एकमुष्ट | | १२०० | १२०० | १२०० | १२०० | १२०० | ६००० | ०.५५ | १२ | ३ | ३ | १ |
| ५ | पहिरोको रोकथाम कार्यक्रम (बृक्षारोपण, वायोईन्जिनियरिंङ्ग, ग्याबियन वाल) | वटा | १० | २००० | २००० | २००० | २००० | २००० | १०००० | ०.९२ | १२ | ३ | ३ | १ |
| भूसंरक्षण तथा जलाधार व्यवस्थापन क्षेत्रको जम्मा बजेट | | | | ५७०० | ५२०० | ५२०० | ५२०० | ५२०० | २६५०० | २.४५ | | | | |

## ७.२.६ अपेक्षित उपलब्धि तथा नतिजा खाका

तालिका ५८: भूसंरक्षण तथा जलाधार व्यवस्थापनका अपेक्षित उपलब्धि तथा नतिजा खाका

| भूसंरक्षण तथा जलाधार व्यवस्थापन | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| सूचक | एकाई | आधार वर्षको अवस्था २०८०/२०८१ | योजना अवधिको लक्ष्य (आर्थिक वर्ष र कुल) | | | | | जम्मा | पुष्ट्याँइको स्रोत | जोखिम पक्ष तथा अनुमान |
| | | | पहिलो | दोस्रो | तेस्रो | चौथों | पाँचौ | | | |
| संरक्षित भूक्षय संवेदनशील क्षेत्र | सङ्ख्या | ० | १ | २ | ३ | ३ | ३ | ३ | | |
| भूसंरक्षण कार्य योजना तयार भई कार्यान्वयन | सङ्ख्या | ० | १ | १ | १ | १ | १ | १ | | |
| संरक्षित जलाधार क्षेत्र | सङ्ख्या | ० | १ | २ | ३ | ४ | ५ | ५ | | |
| बाढी तथा पहिरो नियन्त्रणकालागि तटबन्ध निर्माण | कि.मि. | १० | ११ | १२ | १३ | १४ | १५ | १५ | | |
| संवेदनशील क्षेत्रको बाढी नियन्त्रण | कि.मि | १ | २ | ३ | ४ | ५ | ६ | ६ | | |
| स्थानीय विपद् तथा भुसंरक्षण योजना | सङ्ख्या | ० | १ | १ | १ | १ | १ | १ | | |
| बाढी तथा पहिरो जोखिम क्षेत्र पहिचान | सङ्ख्या | ३ | ३ | ३ | ३ | ३ | ३ | ३ | | |
| बाढी तथा पहिरो जोखिम क्षेत्र नक्साङ्कन | सङ्ख्या | ० | १ | २ | ३ | ४ | ५ | ५ | | |

## ७.३ वातावरण तथा फोहोरमैला व्यवस्थापन

### ७.३.१ पृष्ठभूमि

गाउँपालिकामा हरित पूर्वाधार विकासका ठूला आयोजनाहरू नभएता पनि वैकल्पिक उर्जा क्षेत्रमा नीतिगत रूपमा प्रवर्द्धन गर्ने, सौर्य उर्जालाई बढावा दिने, खाना पकाउने स्रोतको उपभोगमा दाउराको प्रयोग कम गर्दै जाने लगायतका कार्यक्रमहरू भैरहेको अवस्था छ । गाउँपालिकाले स्वच्छ तथा सफा वातावरणको निर्माण गर्न तथा जलवायु परिवर्तनको प्रभाव न्यूनीकरण र अनुकूलनकालागि अघि सारेका नीतिगत प्रयास सकारात्मक छन् । गाउँपालिकामा जलवायु परिवर्तनबाट भौतिक, आर्थिक तथा समाजिक संरचनाहरूमा पर्नसक्ने प्रभाव न्यून गर्न तथा आर्थिक विकास तथा रोजगारीका अवसरहरू सिर्जना गर्न प्रयासरत देखिन्छ ।

गाउँपालिकामा उत्पन्न फोहरमैलाले हालसम्म खासै समस्या सृजना गरेको छैन भने घरायसीरुपमा नै यसको व्यवस्थापन हुने गरेको छ । गाउँपालिकाको मुख्य बाजार क्षेत्रमा भने डस्टविन राखी फोहरमैला संकलन गरिने कार्यको शुरुवात भएको छ ।सकेसम्म फोहरहरुलाई आफ्नै घरमा व्यवस्थापन गरिने गरिएको छ। अझैपनि ग्रामीण वडाहरूमा खाना पकाउनकालागि दाउराको प्रचलन यथावतै छ । यो सङ्ख्या गाउँपालिकाका ८१ प्रतिशत घरधुरीमा छ । त्यसैगरी, वन पैदावारमा आधारित उद्योग धन्दाले पनि दिनानुदिन बढेकै छन् । विकास निर्माणका कार्यहरूमा वातावरण पक्षलाई कम महत्त्व दिने प्रचलन रहेको छ । जलवायु परिवर्तनले मौसमी पात्रोमा परिवर्तन आएको छ । बालीनालीमा नयाँ किरा तथा रोगहरू उत्पन्न हुने गरेको छ । पानीका स्रोत सुक्दै गएका छन् भने विभिन्न किसिमको रोग लाग्नु, कुपोषण, तनाव, विद्यार्थी विरामी भई पठन पाठनमा समस्या र खेती फसलमा कमी आएको छ । वातावरणको प्रभावहरू क्रमसः स्वास्थ्य, शिक्षा र पोषणमा समेत देखिन थालेका छन् ।

### ७.३.२ समस्या तथा चुनौती

गाउँपालिकाको मुख्य वडा केन्द्र लगायतका क्षेत्रहरू बजार केन्द्रका रूपमा विकास भइरहेको हुँदा ती क्षेत्रमा प्लास्टिक र सिसा जन्य फोहर व्यवस्थापन सम्बन्धी समस्या क्रमशः देखा पर्न थालेको देखिन्छ । अधिकांश सडकको अवस्था कच्ची वा धुले रहेको हुँदा धूलो व्यवस्थापनमा समस्या, सरसफाइ सम्बन्धी चेतनाको कमी, वातावरण तथा स्वच्छता सम्बन्धी नीतिको अभाव, पानीको स्रोतको कमी एवं हरियाली क्षेत्र वृद्धि गर्ने कार्यक्रम नहुनु मुख्य चुनौतीको रूपमा रहेको छ । दाउरा उपयोग घटाउन नसकिएको तथा सोको कारण आगलागीका घटनाको जोखिममा वृद्धि, वातावरण प्रदूषण घटाउने कार्यहरू नभएको र बढ्दै गएको स्वास्थ्य समस्याहरूमा कमी ल्याउन नसकिएको, वैकल्पिक ऊर्जा वा बायो मास, सौर्य ऊर्जा, विद्युतको उपयोगमा प्रोत्साहनको व्यवस्था नहुनु प्रमुख समस्या र चुनौतीको रूपमा रहेको छ ।

फोहर व्यवस्थापनका नाममा फोहरहरू खोला खोल्साका होचा भागमा अनियन्त्रित तरिकाले फाल्ने प्रबृति देखिन्छ । यसरी फालिएको फोहर बर्सातका समयमा पानीले बगाएर खोला खोल्सा तथा नदीका तल्लो भाग सम्म पुऱ्याएर प्रदूषणलाई विस्तारित गर्दछ ।

फोहर मैला व्यवस्थापनका लागि सरसफाइ वर्गीकरण केन्द्रको व्यवस्थापन हुन सकिरहेको छैन । प्लाष्टिक जन्य फोहरको दिनानुदिन बढ्दै गएको र यसको नियन्त्रणको लागि वैकल्पिक व्यवस्था दिन नसक्नाले गाउँपालिकाको सरसफाइमा समस्या देखिएको छ । स्रोतमा फोहरको उचित वर्गिकरण (कुहिने फोहर, नकुहिने फोहर, धातु सिसा जन्य फोहर र स्वास्थ्यजन्य) गर्न नसक्नु र यसको कडाइका साथ कार्यान्वयनका लागि गाउँपालिकामा जनप्रतिनिधि सहितको संरचना बन्न नसक्नु पनि फोहर मैला व्यवस्थापन प्रभावकारी हुन नसक्नुका कारणहरू हुन् । सार्वजनिक शौचालयहरूको अभाव रहेकोछ भने कतिपय घरधुरीमा खानेपानीको व्यवस्था छैन । पूर्ण सरसफाइमा अझै पनि कमि कमजोरी छन् । विद्यालयहरूमा सेनिटरी प्याडको बिर्सजन एवं किशोरीमैत्री शौचालय लगायतका समस्याहरू यथावत छन् ।

### ७.३.३ सम्भावना तथा अवसर

वातावरण संरक्षण तथा फोहर मैला व्यवस्थापन सम्बन्धी दीर्घकालीन योजना बनाई कार्यान्वयन गर्ने, ध्वनि तथा वायु प्रदूषण नियन्त्रणका लागि स्थानीयहरूलाई अभिमुखीकरण कार्यक्रमहरू सञ्चालन गरी सचेतना वृद्धि गर्ने, वातावरण सरसफाइ समूह/समिति परिचालन गरी वातावरण संरक्षण तथा स्वच्छताका कायम गर्ने, सामुदायिक संस्थाहरूसँग सहकार्य गरी फोहर न्यूनीकरण, प्रशोधन तथा प्रयोग जस्ता विधिहरू अवलम्बन गरी फोहर मैलाको व्यवस्थापन तथा स्रोतमै न्यूनीकरण गरी गाउँलाई सुन्दर बनाउने स्थानीय समुदायसँगको सहकार्यमा सडक, विद्यालय, सार्वजनिक क्षेत्र एवं खुल्ला क्षेत्रहरूमा फलफूल तथा वृक्षारोपण गर्दै हरियाली पार्क क्षेत्रहरू निर्माण गर्ने सम्भावनाहरू रहेको छ ।

### ७.३.४ उपक्षेत्रगत लक्ष्य, उद्देश्य, रणनीति, कार्यक्रम तथा आयोजना

**लक्ष्य**

वातावरण संरक्षण गर्दै गुणस्तरीय र दिगो सरसफाइ सेवा विस्तार गर्ने ।

**उद्देश्य**

१. समुदायका पायक पर्ने स्थानहरूमा फोहर सङ्कलनको व्यवस्था मिलाउनु ।
२. सरसफाइ सुविधाको पहुँचको सुनिश्चितता गर्नु।

**रणनीति तथा कार्यनीतिहरू**

तालिका ५९: फोहोर मैला व्यवस्थापनका रणनीति तथा कार्यनीतिहरू

| रणनीतिहरू | कार्यनीतिहरू |
|---|---|
| **उद्देश्य १: समुदायका पायक पर्ने स्थानहरूमा फोहर सङ्कलनको व्यवस्था मिलाउनु ।** | |
| १.१: समुदायका घना बस्ती भएको ठाउँ, हाटबजार लाग्ने र सेवा प्रदायक कार्यालय | १. समुदायका फोहरमैलालाई संकलन गर्ने, वर्गीकरण गर्ने र व्यवस्थापन गर्ने पूर्वाधारहरूको विकास गरिनेछ । |

| रणनीतिहरू | कार्यनीतिहरू |
|---|---|
| भएका स्थानहरूमा फोहर मैला व्यवस्थापनको गुरु योजना बनाई फोहोर सङ्कलनको व्यवस्था गर्ने । | २. गाउँ टोल तथा बजार र बजार-उन्मुख ठाउँहरूमा सरसफाइ केन्द्र व्यवस्था गरी फोहर मैला व्यवस्थापन गरिनेछ ।<br>३. फोहर मैला व्यवस्थापनको गुरुयोजना बनाइनेछ।<br>४. वडाका बस्ती र फोहर मैलाको अनुमानित उत्सर्जनको हिसाबले त्यस्ता ठाउँहरूको अध्ययन गरी विवरण तयार पारिनेछ ।<br>५. निजी क्षेत्रसँगको सहकार्यमा बजार क्षेत्रको फोहर मैलाबाट बायोग्यास र प्राङ्गारिक मल उत्पादन गर्ने प्रक्रियालाई अगाडि बढाइनेछ । |
| **१.२:** गाउँपालिका क्षेत्रमा शौचालय तथा सरसफाइको सुनिश्चितता गर्ने । | १. सबै सामुदायिक भवन तथा सार्वजनिक स्थलहरूमा शौचालयको व्यवस्था गरिनेछ ।<br>२. घरहरूबाट निस्कने फोहोर पानीलाई नदी खोला तथा खोल्सामा सिधै निकासा गर्न नपाउने मापदण्ड बनाई लागू गरिनेछ।<br>३. पूर्ण सरसफाइ कार्यक्रम अन्तर्गत अपाङ्ग मैत्री तथा महिला मैत्री शौचालयको निर्माण गरिनेछ। |
| **उद्देश्य २: सरसफाइ सुविधाको पहुँचको सुनिश्चितता गर्नु ।** | |
| **२.१:** सरसफाइको पहुँच भएका प्रत्येक घर धुरीमा क्रमिक रूपमा गुणस्तरीय सरसफाइको पहुँच वृद्धि गर्ने। | १. सार्वजनिक स्थानहरूमा आवश्यकता अनुसार फोहर सङ्कलन गर्ने भाँडोको व्यवस्था गरिनेछ ।<br>२. बस्ती, टोल सरसफाइकोलागि उपभोक्ताहरूबाटै समिति गठन गरी सरसफाइ गरिनेछ।<br>३. फोहर मैला सङ्कलन र व्यवस्थापनकोलागि सामूहिक कोषको व्यवस्था गरी फोहर मैला व्यवस्थापन कार्यलाई दिगो बनाइनेछ । |
| **२.२:** सरसफाइ सम्बन्धी सचेतना कार्यक्रम सञ्चालन गर्ने । | १. लक्षित समुदायमा फोहरको उचित व्यवस्थापनको लागि जन चेतना सञ्चालन गरिनेछ। |

## ७.३.५ कार्यक्रम तथा आयोजना र साङ्केतिकरण

तालिका ६०: वातावरण तथा फोहोर व्यवस्थापनका कार्यक्रम तथा आयोजना

| वातावरण तथा फोहोरमैला व्यवस्थापन | | | | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| क्र.सं. | कार्यक्रमहरू | एकाइ | योजनाको कुल लक्ष्य | अनुमानित स्रोत र वार्षिक लक्ष्य (रू.हजारमा) | | | | | | बजेट प्रतिशत | दिविल संकेत | दिराल संकेत | लैंगिक संकेत | जलबायू संकेत |
| | | | | पहिलो आ.व. | दोस्रो आ.व. | तेस्रो आ.व. | चौथो आ.व | पाँचौ आ.व | जम्मा | | | | | |
| १ | प्लाष्टिक निषेध, फोहोर मैला वर्गीकरण तथा व्यवस्थापन/वडा तथा टोल सरसफाई प्रतिस्पर्धा/पुरस्कृत | पटक | १ | ५०० | ५०० | ५०० | ५०० | ५०० | २५०० | ०.२३ | १३ | ७ | ३ | १ |
| २ | एक वडा एक ग्रिन पार्क निर्माण तथा संचालन | संख्या | ५ | ८०० | ८०० | ८०० | ८०० | ८०० | ४००० | ०.३७ | १३ | ७ | ३ | १ |
| ३ | प्लाष्टिक मुक्त रम्भा अभियान | पटक | ५ | ५०० | ५०० | ५०० | ५०० | ५०० | २५०० | ०.२३ | १३ | ७ | ३ | १ |
| ४ | मुख्य बजार क्षेत्रहरु र सार्वजनिक स्थानमा डष्ट विन, कम्पोष्ट विन र खाडलको व्यवस्थापन | स्थान | ३० | ५०० | ५०० | ५०० | ५०० | ५०० | २५०० | ०.२३ | १३ | ७ | ३ | १ |
| वातावरण तथा फोहोरमैला व्यवस्थापन क्षेत्रको जम्मा बजेट | | | | २३०० | २३०० | २३०० | २३०० | २३०० | ११५०० | १.०६ | | | | |

## ७.३.६ अपेक्षित उपलब्धि तथा नतिजा खाका

तालिका ६१: वातावरण तथा फोहोर व्यवस्थापनका अपेक्षित उपलब्धि तथा नतिजा खाका

| वातावरण तथा फोहोरमैला व्यवस्थापन | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| सूचक | एकाई | आधार वर्षको अवस्था २०८०/२०८१ | योजना अवधिको लक्ष्य (आर्थिक वर्ष र कुल) | | | | | जम्मा | पुष्ट्याँइको स्रोत | जोखिम पक्ष तथा अनुमान |
| | | | पहिलो | दोस्रो | तेस्रो | चौथों | पाँचौं | | | |
| पुर्ण सरसफाइयुक्त वडा | सङ्ख्या | ५ | ५ | ५ | ५ | ५ | ५ | ५ | | |
| धुवाँमुक्त घरधुरी | प्रतिशत | १९.३ | २२ | २५ | ३० | ३२ | ३५ | ३५ | | |
| फोहोरमैला बिसर्जन केन्द्र | सङ्ख्या | ० | ० | ० | ० | ० | १ | १ | | |
| फोहोरमैला बिसर्जन नीति | सङ्ख्या | ० | १ | १ | १ | १ | १ | १ | | |
| संक्रामक रोगबाट बिरामी हुने जनसङ्ख्या | प्रतिशत | ५ | ५ | ४ | ३ | २ | १ | १ | | |
| गाउँटोल सरसफाइकोलागि उपभोक्ता समिति | सङ्ख्या | २५ | २५ | २५ | २५ | २५ | २५ | २५ | | |
| डस्टबिन व्यवस्थापन भएका घरधुरी | प्रतिशत | १० | १५ | २० | २५ | ३० | ३५ | ३५ | | |
| फोहोरमैला व्यवस्थापनकालागि दक्ष जनशक्ति | सङ्ख्या | ० | ३ | ५ | ८ | १० | १२ | १२ | | |
| फोहरबाट जैविक मल उत्पादन गर्ने परिवार | प्रतिशत | ८० | ८० | ८२ | ८५ | ८८ | ९० | ९० | | |
| स्थानीय वातावरणमैत्री नीति | सङ्ख्या | ० | १ | १ | १ | १ | १ | १ | | |
| वातावरण तथा फोहरमैला सम्बन्धी सचेतना कार्यक्रम सङ्ख्या | सङ्ख्या | ० | १ | २ | ३ | ४ | ६ | ५ | | |
| प्रदुषण मापन केन्द्र | सङ्ख्या | ० | ० | ० | ० | ० | ० | ० | | |

## ७.४ विपद् व्यवस्थापन तथा जलवायु परिवर्तन अनुकूलन

### ७.४.१ पृष्ठभूमि

विपद् व्यवस्थापनका लागि गाउँपालिकाले स्थानीय विपद् व्यवस्थापन योजना तर्जुमा गरेको छ । गाउँपालिका विपद् व्यवस्थापन कोषको स्थापना र वार्षिक रूपमा कोषको लागि रकम विनियोजन हुने गरेको छ । वडा स्तरमा समेत विपद् व्यवस्थापन समितिहरू रहेका छन् । गाउँपालिकामा आपत्कालिन सेवाका लागि महत्त्वपूर्ण मानिएको वारुण यन्त्र र यसको सञ्चालनका लागि जनशक्तिको आधारभूत व्यवस्थापन भएको छैन । गाउँपालिका द्वारा सञ्चालित एउटा एम्बुलेन्स मार्फत सेवा प्रवाह भइरहेको भएपनि कतिपय स्थानमा बर्षात् को समयमा यातायातको कारणले एम्बुलेन्स सेवा समेत सहज रूपमा उपलब्ध हुन कठिन रहेको छ । गाउँपालिकास्तरमा एउटा आपत्कालिन कार्य संचालनका केन्द्र रहेको छ । आपत्कालिन आश्रय स्थलको रूपमा प्रयोग गर्नको लागि गाउँपालिका सामुदायिक स्कुल, खुला स्थान र सामुदायिक भवनहरू रहेका छन् ।

गाउँपालिका पालिकामा अधिकांस बर्षातको समयमा स्थानीय खोलामा बाढी आउने गर्छ । त्यस्तै बाढी, पहिरो र सर्पदंशको जोखिम विशेष गरी वर्षा याममा (असार, साउन, भदौ) हुने गर्दछ र आगो र महामारीको जस्ता जोखिमहरू खडेरीको (चैत्र, वैशाख) मौसममा हुने गर्दछ । पहिरो लगायतका प्रकोपबाट गाउँपालिकाका सडकहरु मुख्य रुपले प्रभावित हुने गरेकाछन । सडक पूर्वाधारमा सबै भन्दा क्षति हुने गरेको छ । यस गाउँपालिकामा विपद्का कारण वार्षिक करोडौ नोक्सान हुने गरेको अनुमान छ । विगत ३ वर्षको अवस्था हेर्दा विपद्का कारणले ३ जनाको मानविय क्षति समेत भएको तथ्यांक रहेको छ ।

### ७.४.२ समस्या तथा चुनौती

भूमिको व्यवस्थित तथा वैज्ञानिक रूपमा उपयोग हुन नसक्दा विकासका प्रयासहरू दिगो नहुने जोखिम रहेको छ । विपद् प्रतिकार्यका लागि सामुदायिक तथा संस्थागत क्षमता कम हुनु गाउँपालिकाको प्रमुख चुनौतीका रूपमा रहेको छ । नाङ्गा डाँडाहरूमा हुने भूस्खलन, विपद् पूर्व तयारी, न्यूनीकरण तथा प्रतिकार्यका लागि समुदायस्तरमा ज्ञान, सीप र संयन्त्रको कमी रहेको छ । गाउँपालिका भित्रका प्रमुख वस्तिहरूमा सामुदायिक आश्रय स्थलहरू छैनन् । आपत्कालिन सेवाका लागि दमकलको व्यवस्था नहुनु, विपद् आइपर्दा आवश्यक पर्ने न्यूनतम औषधी एवम् उपकरणहरूको व्यवस्था नहुनु, विपद् पूर्व सूचना प्रणालीको अभाव जस्ता समस्या तथा चुनौतीहरू रहेका छन् ।

जलवायु परिवर्तन जन्य जोखिम उच्च भए पनि विपद् प्रतिरोधी कृषि बालीहरूको विस्तार हुन सकेको छैन । जलवायु परिवर्तनका असरहरूलाई न्यूनीकरण गर्न वा अनुकूलन गर्न ज्ञान, सीप र संयन्त्र विकासमा त्यति ध्यान पुग्न सकेको देखिँदैन । अव्यवस्थित भू–उपयोग तथा अनियन्त्रित भौतिक पूर्वाधार निर्माणका कारणले वातावरणीय सन्तुलनमा नकारात्मक असर परेको छ । गाउँ क्षेत्रमा जम्मा हुने प्लास्टिक जन्य फोहर मैला एवं स्वास्थ्य संस्थाबाट निस्किने फोहरहरूले समेत वातावरणमा प्रतिकूल असर पारेको छ ।

### ७.४.३ सम्भावना तथा अवसर

गाउँपालिकाले स्वच्छ तथा सफा वातावरणको निर्माण गर्न तथा जलवायु परिवर्तनको प्रभाव न्यूनीकरण र अनुकूलनका लागि अघि सारेका नीतिगत प्रयास सकारात्मक छन् । नागरिक स्तरमा केही हद सम्म ज्ञान तथा

चेतना अभिवृद्धि भएको छ । गाउँपालिकामा जलवायु परिवर्तनबाट भौतिक, आर्थिक तथा सामाजिक संरचनाहरूमा पर्नसक्ने प्रभाव न्यून गर्न तथा आर्थिक विकास तथा रोजगारीका अवसरहरू सिर्जना गर्न सकिन्छ ।
विपद् पूर्व तयारी कार्यकालागि मोबाइल एसएमएस मार्फत सूचना दिने तथा विपद् संकटान्मुख बस्ती स्थानान्तरणको तथ्याङ्क सङ्कलन गरी विपद् न्यूनीकरणमा गर्न सकिने सम्भावना छ ।

### ७.४.४ उपक्षेत्रगत लक्ष्य, उद्देश्य, रणनीति. कार्यक्रम तथा आयोजना

**लक्ष्य**

विपदबाट हुने मानवीय, आर्थिक, सामाजिक, सांस्कृतिक र पर्यावरणीय क्षतिमा कमी ल्याउने ।

**उद्देश्य**

१. जोखिम न्यूनीकरणकालागि सम्भाव्य ठाउँहरूको पहिचान गरी पूर्व चेतावनी प्रणालीको विकास गर्नु।
२. मानव सिर्जित तथा प्राकृतिक कारणबाट हुने प्रकोप/विपद्को जोखिमलाई न्यूनीकरण गरी गाउँपालिकालाई कम प्रकोप/विपद् जोखिम हुने क्षेत्रको रूपमा विकास गर्नु ।
३. जलवायु परिवर्तनको प्रभाव न्यूनीकरण तथा अनुकूलन सम्बन्धी कार्यक्रमहरू सञ्चालन गर्नु ।

**रणनीति तथा कार्यनीतिहरू**

तालिका ६२: विपद् व्यवस्थापनका रणनीति तथा कार्यनीतिहरू

| रणनीतिहरू | कार्यनीतिहरू |
|---|---|
| **उद्देश्य १: जोखिम न्यूनीकरणका लागि सम्भाव्य ठाउँहरूको पहिचान गरी पूर्व चेतावनी प्रणालीको विकास गर्नु ।** | |
| **१.१:** विपद् रोकथाम मार्फत विपद् न्यूनीकरण गर्दै विपद् उत्थानशील समाजको निर्माण गर्ने । | १. पूर्वानुमान तथा पूर्व चेतावनी प्रणालीको विकास तथा सञ्चालन गरिनेछ ।<br>२. विपद् सूचना केन्द्र, आपत्कालिन कार्य सञ्चालन केन्द्र, खोज तथा उद्धार, जोखिम लगायतका कार्यहरू गर्न अधिकार सम्पन्न विपद् व्यवस्थापन समिति स्थापना गरी एक द्वार प्रणालीबाट उक्त कार्यहरू सञ्चालन गरिनेछ ।<br>३. विपदबाट हुन सक्ने क्षति कम गर्न विकास निर्माणमा र स्थानीय स्तरको योजना तर्जुमामा जोखिम व्यवस्थापनलाई आन्तरिकीकरण गरिनेछ ।<br>४. विपद् जोखिम पूर्व तयारी र जोखिम न्यूनीकरणमा स्थानीय क्षमता अभिवृद्धि गरिनेछ । |
| **१.२:** सरोकारवालाहरूको समन्वय र संलग्नतामा विपद् व्यवस्थापन कार्यहरूलाई प्रभावकारी रूपले सञ्चालन गर्ने । | १. विपद् पूर्व तयारीका लागि तालिम तथा सचेतना कार्यक्रम सञ्चालन गरिनेछ।<br>२. विपद् सम्बन्धी जोखिम तथा प्रकोपबारे जानकारी एवम् तथ्याङ्क अद्यावधिक गर्न विपद् व्यवस्थापन एकाइहरू स्थापना गरिनेछ ।<br>३. गाउँपालिकामा विपद् व्यवस्थापनसँग कार्य गर्ने सम्बन्धित निकायहरूलाई सूचना सङ्कलन, प्रशोधन, प्रक्षेपण जस्ता विषयहरूमा तालिमको व्यवस्था गरिनेछ ।<br>४. गाउँपालिका कार्यरत सरकारी, निजी, सहकारी, स्थानीय निकाय, गैरसरकारी क्षेत्र लगायत स्थानीय समुदाय तथा सरोकारवालाहरूलाई |

| रणनीतिहरू | कार्यनीतिहरू |
|---|---|
| | विपद् व्यवस्थापन सम्बन्धी उत्कृष्ट कार्य भएका पालिकाहरूमा अवलोकन भ्रमण गराइनेछ ।<br>५. विपद् जोखिम न्यूनीकरण तथा पूर्व तयारी गर्ने कार्यहरूमा सम्बन्धित विपद् व्यवस्थापन एकाइहरू बीच समन्वयात्मक सहभागिता कायम गरिनेछ । |
| **१.३:** विपद् व्यवस्थापन सम्बन्धी जनचेतना अभिवृद्धि गर्ने प्रभावकारी प्रचार/प्रसारका कार्यहरू सञ्चालन गर्ने । | १. विपद् व्यवस्थापन सम्बन्धी गोष्ठी, अन्तरक्रिया र विचार आदान प्रदानका कार्यहरू सञ्चालन गरिनेछ ।<br>२. गाउँपालिकामा कार्यरत निकायहरूले आ आफ्नो वार्षिक कार्य योजनामा विपद् व्यवस्थापन सम्बन्धी प्रचार प्रसारका कार्यहरू समावेश गरी कार्यान्वयन गरिनेछ ।<br>३. विपद् व्यवस्थापनलाई विद्यालय तथा शैक्षिक संस्थाहरूमा विशेष रूपले अध्यापन गराउन विद्यालय तथा शैक्षिक संस्थाको पाठ्यक्रममा विपद् व्यवस्थापन विषयलाई समावेश गरिनेछ ।<br>४. विद्यालय तथा शैक्षिक संस्थाहरूमा विपद् व्यवस्थापन सम्बन्धी विषयहरूको कक्षा सञ्चालन गरिनेछ ।<br>५. विपद् व्यवस्थापन सम्बन्धी उत्कृष्ट कार्य भएको जिल्लाहरूमा सम्बन्धित विषयका शिक्षक तथा कर्मचारीलाई अध्ययन भ्रमण गराइनेछ । |
| **उद्देश्य २: मानव सिर्जित तथा प्राकृतिक कारणबाट हुने प्रकोप/विपद्को जोखिमलाई न्यूनीकरण गरी गाउँपालिकालाई कम प्रकोप/विपद् जोखिम हुने क्षेत्रको रूपमा विकास गर्नु ।** | |
| २.१: विपद् संवेदनशील क्षेत्रहरूको पहिचान, संरक्षण, रोकथाम, पुनः स्थापना र स्थानान्तरण गर्ने । | १. जोखिमयुक्त क्षेत्रहरूको पहिचान गरी सम्भाव्यता अध्ययनका आधारमा पुनः स्थापना तथा स्थानान्तरण गरिनेछ ।<br>२. भूकम्पको जोखिमलाई उच्च प्राथमिकतामा राखी नयाँ निर्माण हुने सम्पूर्ण भौतिक संरचनालाई भूकम्प प्रतिरोधी बनाइनेछ।<br>३. साथै निर्माण भइसकेका संरचनाहरूलाई सम्भव भएसम्म प्रवलीकरण गर्न जोड गरिनेछ । |
| **उद्देश्य ३: जलवायु परिवर्तनको प्रभाव न्यूनीकरण तथा अनुकूलन सम्बन्धी कार्यक्रमहरू सञ्चालन गर्नु ।** | |
| ३.१ वातावरण संरक्षण तथा जलवायु परिवर्तनको प्रभाव न्यूनीकरण तथा अनुकूलन सम्बन्धी कार्य गर्ने । | १. बजार क्षेत्रमा वायु, ध्वनि प्रदूषणको स्तर चेक जाँच गरी मापदण्ड बनाइ चेतना अभिवृद्धि गर्दै प्रदूषण नियन्त्रण गर्न सरोकारवालासँग समन्वय गरिनेछ।<br>२. गाउँपालिकालाई वातावरण मैत्री गाउँपालिकाको रूपमा विकास गरिनेछ।<br>३. पूर्वाधारका योजनाहरूमा जलवायु परिवर्तनको प्रभाव न्यूनीकरण तथा अनुकूलन गर्न उत्थानशील योजना कार्यान्वयन गरिनेछ । |

### ७.४.५ कार्यक्रम तथा आयोजना र साङ्केतिकरण

तालिका ६३: विपद् जोखिम न्यूनीकरण र व्यवस्थापन तथा जलवायु उत्थानशीलताका कार्यक्रम तथा आयोजना

| विपद् जोखिम न्यूनीकरण र व्यवस्थापन तथा जलवायु उत्थानशीलता | | | | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| क्र.सं. | कार्यक्रमहरू | एकाइ | योजनाको कुल लक्ष्य | अनुमानित स्रोत र वार्षिक लक्ष्य (रू.हजारमा) | | | | | | बजेट प्रतिशत | दिविल संकेत | दिराल संकेत | लैंगिक संकेत | जलबायू संकेत |
| | | | | पहिलो आ.व. | दोस्रो आ.व. | तेस्रो आ.व. | चौथो आ.व | पाँचौ आ.व | जम्मा | | | | | |
| १ | विपद् व्यवस्थापन समिति गठन र क्षमता अभिबृद्धि कार्यक्रम ( समिति पुर्नगठन, खोज उद्धार सामग्री, कृत्रिम अभ्यास, प्राथमिक उपचार तथा खोज उद्धार तालिम ) | पटक | २५ | ५०० | ५०० | ५०० | ५०० | ५०० | २५०० | ०.२३ | १३ | ७ | ३ | १ |
| २ | विपद व्यवस्थापन सामाग्री खरिद (विपद व्यवस्थापन सम्बन्धी सामाग्रीहरु खरिद गरि वाडा कार्यालयमा राख्ने विशेषगरी आगलागी नियन्त्रण सम्बन्धी) | एकमुष्ट | | ६०० | ६०० | ६०० | ६०० | ६०० | ३००० | ०.२८ | १३ | ७ | ३ | १ |
| ३ | डढेलो निन्त्रण कार्यक्रम (डिभिजन वन कार्यालय सँग समन्वय गरि वाटरगन माग गर्ने साथै आवश्यक वाटरगन खरिद तथा कार्यविधिको निर्माण र संचालनका लागि समुदाय स्तरमा जनचेतनामुलक कार्यक्रम) | एकमुष्ट | | १००० | १००० | १००० | १००० | १००० | ५००० | ०.४६ | १३ | ७ | ३ | १ |
| ४ | तटवन्ध र वायोईन्जिनियरिङ् कार्यक्रम | कि.मि. | २ | १००० | १००० | १००० | १००० | १००० | ५००० | ०.४६ | १३ | ७ | ३ | १ |
| ५ | विपद् व्यवस्थापन कोष | एकमुष्ट | | २००० | २००० | २००० | २००० | २००० | १०००० | ०.९२ | १३ | ७ | ३ | १ |
| विपद् जोखिम न्यूनीकरण र व्यवस्थापन तथा जलवायु उत्थानशीलता क्षेत्रको जम्मा बजेट | | | | ५१०० | ५१०० | ५१०० | ५१०० | ५१०० | २५५०० | २.३६ | | | | |

### ७.४.६ अपेक्षित उपलब्धि तथा नतिजा खाका

तालिका ६४: विपद् जोखिम न्यूनीकरण र व्यवस्थापन तथा जलवायु उत्थानशीलताका अपेक्षित उपलब्धि तथा नतिजा खाका

| विपद् जोखिम न्यूनीकरण र व्यवस्थापन तथा जलवायु उत्थानशीलता | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| सूचक | एकाई | आधार वर्षको अवस्था २०८०/२०८१ | योजना अवधिको लक्ष्य (आर्थिक वर्ष र कुल) | | | | | जम्मा | पुष्ट्याँइको स्रोत | जोखिम पक्ष तथा अनुमान |
| | | | पहिलो | दोस्रो | तेस्रो | चौथों | पाँचौं | | | |
| विपदबाट क्षती भएको रकम | रू. करोड | | | | | | | | | |
| विपद्जन्य घटनाबाट विगत ३ वर्षको औसत मानवीय क्षति सङ्ख्या | सङ्ख्या | ३ | ० | ० | ० | ० | ० | ० | | |
| प्रमुख नदी/खोलामा बाढी सूचना प्रणाली स्थापना | सङ्ख्या | | १ | १ | १ | १ | १ | १ | | |
| आपतकालीन कार्य सञ्चालन केन्द्र | सङ्ख्या | | २ | २ | २ | २ | २ | २ | | |
| विपद् व्यवस्थापनलागि खुल्ला क्षेत्र र स्थान | सङ्ख्या | ५ | ७ | १० | १२ | १५ | १७ | १७ | | |
| विपद् व्यवस्थापन योजना | सङ्ख्या | १ | १ | १ | १ | १ | १ | १ | | |
| स्थानीय विपद जोखिम न्युनीकरण तथा जलवायु अनुकुलन कार्ययोजना तर्जुमा | सङ्ख्या | | १ | १ | १ | १ | १ | १ | | |
| विपद् व्यवस्थापनमा क्रियाशील संघ-संस्थाहरू | सङ्ख्या | | ३ | ५ | ७ | ७ | ७ | ७ | | |
| विपद् व्यवस्थापन स्थानीय कोष | रू. लाखमा | २० | २० | ४० | ६० | ८० | १०० | १०० | | |
| सामान्य खोज उद्दारमा तालिमप्राप्त जनशक्ति | सङ्ख्या | | ५ | १० | १५ | २० | २५ | २५ | | |
| तालिम प्राप्त स्वयम् सेवक | सङ्ख्या | २५ | २५ | २५ | ३० | ३० | ३५ | ३५ | | |
| वस्तीकालागि अयोग्य स्थानमा बसोबास गरेका घरधुरी | संख्या | | १२० | १०० | ६० | ० | ० | ० | | |

# परिच्छेद ८: संस्थागत तथा सुशासन विकास

संघीय व्यवस्था अनुसार स्थानीय सरकार जनताको नजिकको सरकारको रूपमा स्थापित गरिएको छ । लामो समयदेखि जनप्रतिनिधि विहीन भए पश्चात् निर्वाचित स्थानीय सरकारसँग नागरिकले ठूलो अपेक्षा राखेका छन् । स्थानीय सरकार सञ्चालन ऐन २०७४ मा उल्लेख गरिएका अधिकारको प्रयोग गर्दै स्थानीय सरकारले प्रदान गर्ने सेवाको प्रवाह र पूर्वाधार विकासका योजनाको जिम्मेवारीलाई विधि सम्मत प्रक्रियाबाट जन अपेक्षा अनुसार कुशल, पारदर्शी, र जबाफदेही ढङ्गले सम्पादन गर्न आवश्यक छ । बदलिँदो परिस्थितिमा स्थानीय सरकारलाई प्राप्त अधिकार क्षेत्र, र साधन स्रोतमा बढोत्तरीसँगै जन आकांक्षा पनि चुलिएको छ । यसरी चुलिएको जनआकांक्षालाई सम्बोधन गर्नको लागि सेवा प्रवाह र विकास व्यवस्थापनमा सिर्जनात्मक र प्रभावकारी उपायहरू अवलम्बन गर्न जरुरी छ । दिगो विकास लक्ष्यले संस्थागत विकास र सुशासनलाई समेत महत्त्व दिएको छ । दिगो विकास लक्ष्यहरू मध्ये लक्ष्य–१६ (शान्ति, न्याय र सुदृढ संस्थाहरू) र लक्ष्य–१७ (लक्ष्यहरूका निम्ति साझेदारी) यस क्षेत्रसँग जोडिएका लक्ष्यहरू हुन् । सुशासन तथा संस्थागत विकास योजना अन्तर्गत कानुन, नीति र सुशासन, सङ्गठन तथा क्षमता विकास, जवाफदेहिता, राजस्व तथा श्रोत व्यवस्थापनका क्षेत्र पर्छन् ।

## ८.१.१ पृष्ठभूमि

आवधिक योजना आफैंमा संस्थागत विकास तथा सुशासनको एक प्रमुख रणनीति भएको कारण संस्थागत विकास, क्षमता विकास र सुशासन र योजना कार्यान्वयन जस्ता पक्षहरूलाई यस भित्रको प्रमुख साधन तथा माध्यमको रूपमा लिइएको छ । जबाफदेही, पारदर्शी र परिणाममुखी शासकीय व्यवस्था र सार्वजनिक सेवाहरूमा सबै गाउँपालिकावासीको पहुँचको सोच सहित गाउँपालिकाले सुशासन प्रवर्द्धन गरिरहेको छ । सार्वजनिक सुनवाई, सामाजिक परीक्षण र सार्वजनिक परीक्षण प्रणालीको उपयोग मार्फत सेवा प्रवाह र सुशासनको प्रत्याभूत हुदै आएकोछ । गुनासो पेटिका, बेवसाइट, सामाजिक संजाल, फेसबुक र हेल्लो सरकार जस्ता सुचना संम्प्रेणका विभिन्न तरिका प्रयोग गरी जनसरोकारका विषयहरू सम्बोधन तथा सार्वजनिक गर्ने कामहरू हुदै आएको छ ।

सेवा प्रवाहमा सूचना प्रविधिको प्रयोग बढाउदै लगिएको छ । सुशासनका कायम राख्नका लागि पालिका स्तरमा नागरिक वडापत्र राख्ने, सूचना पाटी तथा गुनासो पेटिका व्यवस्थापन र विद्युतीय हाजिरी एवं सि.सि. क्यामेरा जडान लगायत रहेका छन् । निर्वाचित जनप्रतिनिधिका साथ साथै प्राविधिक र अप्राविधिक सबै कर्मचारीहरूलाई विभिन्न समयमा क्षमता विकास लगायतका तालिमहरूको व्यवस्था हुने गरेको छ । गाउँपालिकाको सूचनाहरू वेवसाईटमा मार्फत सार्वजनिकिकरण गर्ने गरिएको छ । हालसम्म पालिकाद्वारा स्विकृत नीति तथा कानुनको सङ्ख्या ८३ पुगेको छ ।

गाउँपालिकाबाट हुने सबै आर्थिक कारोवारको लेखांकन चुस्त, दुरुस्त, यथार्थ र समयमा नै विवरण प्राप्त गर्ने गरी सुत्र प्रणाली मार्फत कार्य हुने व्यवस्था मिलाइएको छ । संस्थागत विकासमा प्रभावकारी रूपमा अगाडि बढिरहेको यस गाउँपालिकाले स्थानीय सरकार संस्थागत स्व मूल्याङ्कन (LISA) मा आर्थिक वर्ष २०८०/८१ मा कूल ९६.७५ अङ्क प्राप्त गरेको छ भने वितीय सुशासन जोखिम मुल्यांङ्कन (FRA) मा कूल ८७.५ अङ्क प्राप्त गरेको छ । गाउँपालिकाको सेवा प्रवाह तथा विकासलाई सशक्त रूपमा सञ्चालन तथा अनुगमन गर्न रम्भा गाउँ कार्यपालिकामा ९ वटा विभिन्न बिषयगत समितिहरू १५ वटा शाखा, एउटा रोजगार सेवा केन्द्र र एउटा नगर प्रहरी एकाई र ५ वटा वडा समितिको कार्यालयहरु रहेका छन् । सवै वडाहरुमा मेलमिलाप

केन्द्र स्थापना भएको छ र सामान्य विवादको आपसी छलफल र मेलमिलापको माध्यमवाट निरुपण गर्ने गरिएको छ ।

### ८.१.२ समस्या तथा चुनौती

आवश्यक सबै ऐन, कानुन र कार्यविधि तर्जुमा पूर्ण रूपमा भई नसक्नु, व्यवस्थित र प्रविधियुक्त सेवा प्रदायक शाखा, उपशाखाहरू नहुनु, घुम्ती सेवाहरू नियमित नहुनु, विद्युतीय सेवा प्रवाहमा विविधता हुन नसक्नु र गाउँपालिका बासीमा प्रविधि सम्बन्धी ज्ञानमा कमी आदि प्रमुख समस्या हुन् । त्यस्तै, दक्ष कर्मचारी प्रयाप्त नहुनु, आवश्यक मात्रामा जनप्रतिनिधि र कर्मचारीहरूको क्षमता विकास नहुनु, कर्मचारीहरूको सरुवा भइरहनु, क्षतिपूर्ति सहितको नागरिक वडापत्र कार्यान्वयन नहुनु, कर्मचारीहरूको कार्य विवरण तयार भए पनि पूर्ण रूपमा कार्यान्वयन नहुनु, केही वडा कार्यालयहरूको सुविधा सम्पन्न आवश्यक पूर्वाधार निर्माण नहुनु, कर्मचारीहरूको नियमित कार्यसम्पादन मूल्यांकन अनुसार क्षमता अभिवृद्धि हुन नसक्नु, तथ्याङ्कीय आधार तयार भैनसक्नु, योजनाका आधारमा बजेट नभई बजेटका आधारमा योजना बन्नु, र टुक्रे योजना उल्लेख्य हुनु आदि प्रमुख समस्या हुन् ।

परम्परागत शासनमुखी कार्य प्रवृत्तिलाई सेवामुखी तथा सेवाग्राही प्रति उत्तरदायी प्रशासनिक संरचनामा बदल्नु, क्षमतावान् र गुणस्तरीय कर्मचारीको पदपूर्ति गर्नु, शासकीय प्रणालीमा पारदर्शीता तथा जवाफदेहीता सुनिश्चित गर्नु, सार्वजनिक क्षेत्रमा सदाचार पद्धतिको विकास गर्नु, विकास निर्माणका कार्यहरू समयमै गुणस्तरीय ढङ्गले सम्पन्न गरी आम नागरिकको स्थानीय सरकार प्रति विश्वास आर्जन गर्नु गाउँपालिकाका चुनौती हुन् ।

### ८.१.२ सम्भावना तथा अवसर

सांगठनिक प्रणालीलाई प्रभावकारी बनाउन आफ्नै कानुन बनाउने अधिकार हुनु, कार्यसम्पादन मूल्याङ्कन नजिकबाट गर्न सक्नु, नेपाल सरकारको सेवा प्रवाह सम्बन्धी मापदण्ड हुनु, संघीय सरकारबाट स्थानीय तह संस्थागत क्षमता स्वमूल्याङ्कन कार्यविधि तयार भई कार्यान्वयनमा आउनु, सुशासन गाउँपालिकाको प्राथमिकतामा पर्नु, गैसस, नागरिक समाज र स्थानीय समूहको सहयोग प्राप्त हुने अवस्था हुनु, भ्रष्टाचार मुक्त उत्तरदायी र पारदर्शी कार्य संस्कृतिको विकासमा जनचासो र चेतना बढ्दै गएकोले राज्यबाट प्रदान गरिने सेवा र सुविधालाई थप सेवाग्राही मैत्री बनाउन सकिन्छ भने सङ्घीयता को मूल मर्म बमोजिमका कानुनी आधारहरू तयार हुँदै आएको हुँदा गाउँ कार्यपालिकाको नेतृत्वमा स्थानीय स्तरको विकासको सम्भावना बढेको छ ।

गाउँपालिकाको विकासमा निर्वाचित जनप्रतिनिधिहरूको सक्रियता बढेको छ । जनप्रतिनिधि र कर्मचारीहरू बीच सेवा प्रवाहलाई चुस्त र दुरुस्त बनाउनका लागि छलफल हुनु, सेवा प्रवाहमा आएका गुनासोहरूलाई जनप्रतिनिधिहरूले प्रत्यक्ष सुन्न र देख्न पाउनु, सेवा प्रवाहका लागि विभिन्न तहगत संरचना तयार हुनु आदि अवसरको रूपमा देखिन्छन् ।

### ८.१.४ उपक्षेत्रगत लक्ष्य, उद्देश्य, रणनीति, कार्यक्रम तथा आयोजना

**लक्ष्य**

सेवा प्रवाहमा प्रभावकारीता एवं सुशासन अभिवृद्धि गर्नु ।

**उद्देश्य**

१. सुशासनकालागि कानुनी र नीतिगत पूर्वाधार निर्माण गर्नु ।
२. सार्वजनिक सेवा प्रवाह र विकास प्रक्रियालाई प्रभावकारी बनाउनु ।
३. सक्षम, दक्ष, गुणस्तरीय र प्रविधिमैत्री जनशक्तिको विकास गर्नु ।

४. वित्तीय सुशासन कायम गर्नु ।

## रणनीति तथा कार्यनीति

तालिका ६५: सेवा प्रवाह तथा सुशासनका रणनीति तथा कार्यनीतिहरू

| रणनीतिहरू | कार्यनीतिहरू |
|---|---|
| **उद्देश्य १: सुशासनकालागि कानुनी र नीतिगत पूर्वाधार निर्माण गर्नु ।** | |
| १.१: शासन प्रणाली सञ्चालन सम्बन्धी नीति, कानुन, मापदण्ड र कार्यविधिको तर्जुमा गर्ने । | १. सेवा प्रवाह र सुशासन सम्बन्धी आवश्यक नीति तथा कार्यविधिको तर्जुमा गरिनेछ।<br>२. सार्वजनिक निकायका पदाधिकारीको जिम्मेवारी र कर्तव्यलाई स्पष्ट पारिनेछ ।<br>३. सार्वजनिक निकायका पदाधिकारीको आचारसंहिता पालनाको अनगमन प्रणाली सुदृढ गराइनेछ ।<br>४. सार्वजनिक पदाधिकारीको नियुक्ति, सरुवा, बढुवा, पदस्थापन, दण्ड र पुरस्कारलाई प्रणालीबद्ध बनाइनेछ ।<br>५. कार्यसम्पादनलाई वृत्ति विकाससँग घनिष्ठ रूपमा आबद्ध हुने गरी कानुनी व्यवस्था मिलाइनेछ ।<br>६. सार्वजनिक खर्च व्यवस्थापन प्रणाली सुव्यवस्थित गरिनेछ । |
| १.२: सार्वजनिक सेवाहरूलाई गुणस्तरीय र सर्वसधारणको पहुँचयोग्य बनाउन स्थानीय शासन पद्धति अनुरूपको प्रशासन संयन्त्रको व्यवस्था गर्ने । | १. सार्वजनिक सेवाप्रवाहलाई गुणस्तरीय समावेशी एवम् सहज बनाउन विद्युतीय शासन प्रणालीको अवलम्बन गरिनेछ ।<br>२. स्थानीय शासन प्रणाली अनुरूप प्रशासन संयन्त्रको पुनर्संरचना गरिनेछ। |
| **उद्देश्य २: सार्वजनिक सेवा प्रवाहलाई प्रभावकारी बनाउनु ।** | |
| २.१: गाउँपालिकाले प्रवाह गर्ने सेवामा अधिकारमुखी पहुँच स्थापना गर्ने । | १. सबै प्रकारका सेवामा सबैको र खास गरी समाजका सीमान्तीकृत र विपन्न समुदायको पहुँच सुनिश्चित गरिनेछ ।<br>२. सेवाग्राहीको माग सापेक्ष, सहभागितामूलक विकास प्रक्रियाको अवलम्बन गरिनेछ ।<br>३. विद्युतीय शासन प्रणालीको व्यापक अवलम्बन गरी प्रशासनिक कार्यविधिलाई सरल बनाइनेछ ।<br>४. जनताको गुनासो सिधै अध्यक्षसँग पुग्ने संयन्त्र स्थापित गरी शीघ्र जवाफदेहिता, कारबाही र जानकारीको सुनिश्चितता गरिनेछ ।<br>५. सूचना पविधिको प्रयोग र पहुँच बढाइनेछ । |
| २.२: गाउँपालिकाको कार्यसम्पादनलाई उत्तरदायी, पारदर्शी र परिणाममुखी बनाउने । | १. गुनासो सुनुवाइ संयन्त्र र सूचना अधिकारीको भूमिकालाई प्रभावकारी तुल्याइनेछ।<br>२. नैतिकता, आचरण र इमान्दारितालाई कार्य संस्कृतिको रूपमा विकास गरी दण्ड र पुरस्कारलाई व्यवस्थित तुल्याइनेछ ।<br>३. भ्रष्टाचार विरुद्ध शून्य सहनशीलता अपनाइनेछ । भ्रष्टाचारजन्य क्रियाकलापमा निगरानी तथा कारबाहीलाई सशक्त बनाउन पालिका स्तरमा कार्यरत सामाजिक संघसस्थाको समन्वय र सहकार्य प्रभावकारी बनाइनेछ। |

| रणनीतिहरू | कार्यनीतिहरू |
|---|---|
| | ४. आन्तरिक नियन्त्रण प्रणालीका साथै वित्तीय जोखिम नियन्त्रण प्रणालीको अवलम्बन गरिनेछ ।<br>५. बेरूजुलाई सार्वजनिक गरिनुका साथै बेरूजुको प्रकृतिका आधारमा कार्यसम्पादन मूल्याङ्कनसँग आवद्ध गरिनेछ ।<br>६. सेवा प्रवाहलाई जनमैत्री र सेवामूलक बनाउन नागरिक बडापत्र राखिनेछ।<br>७. सार्वजनिक उत्तरदायी संयन्त्रहरू (सामाजिक परीक्षण, सार्वजनिक परीक्षण, सार्वजनिक सुनुवाइ, गुनासो व्यवस्थापन, आदि)लाई प्रभावकारी र नियमित गराइनेछ ।<br>८. पालिकाको कार्यक्रमगत क्षेत्र र बजेट, कार्ययोजना, अद्यावधिक प्रगति र जनसरोकारका निर्णयहरू वेबसाइटमार्फत् नियमित रूपमा सार्वजनिक गरिनेछ ।<br>९. गैरसरकारी संस्था र नागरिक समाजसँग समन्वय र सहकार्यका माध्यमबाट सार्वजनिक उत्तरदायित्व अभिवृद्धिमूलक कार्यसम्पादन गरिनेछ ।<br>१०. कर्मचारीहरूको कार्यसम्पादनलाई विकास कार्यक्रमको नतिजा, सेवा प्रवाहको गुणस्तरीयता, सेवाग्राहीको सन्तुष्टि आदिसँग आवद्ध गरिनेछ । यसकालागि सेवाग्राहीहरूको सन्तुष्टि सर्वेक्षण, गुनासो समाधान, सार्वजनिक सुनुवाइ आदिको मापनलाई समेत आधार बनाइनेछ ।<br>११. सेवा प्रदायकप्रति नागरिकहरूको सन्तुष्टीको स्तर मापन र नियमित पृष्ठपोषण लिइनेछ । यसकार्यमा तेस्रो पक्ष मूल्याङ्कन प्रणाली समेतको अवलम्बन गरिनेछ। |
| २.३: सार्वजनिक निकायका काम कारबाही सम्बन्धी सूचनामा नागरिकको पहुँच बढाउनु । | १. सेवा प्रवाहलाई जनमुखी र सेवामूलक बनाउन क्षतिपूर्ति सहितको वडापत्र क्रमशः कार्यान्वयन गर्न गराउन सार्वजनिक निकायलाई उत्प्रेरित गरिनेछ।<br>२. जनगुनासोको व्यवस्थापनलाई थप प्रभावकारी बनाउन सहयोग गरिनेछ।<br>३. अत्यावश्यक सार्वजनिक सेवाको पहुँचमा कठिनाइ भोगिरहेको जनतालाई सेवा पुऱ्याउन एकीकृत घुम्ती सेवालाई व्यापक र प्रभावकारी बनाइनेछ। |
| **उद्देश्य ३: सक्षम, दक्ष, गुणस्तरीय र प्रविधिमैत्री जनशक्तिको विकास गर्नु ।** | |
| ३.१: जनशक्ति विकास गर्ने । | १. पालिकाकालागि आवश्यक पर्ने दक्ष जनशक्तिको विकास र उपयोगकालागि एकीकृत जनशक्ति विकास योजना तयार गरिनेछ।<br>२. वार्षिक बजेटको निश्चित प्रतिशत तालिम तथा क्षमता विकास र आवश्यक अनुसन्धानकालागि विनियोजन गरिनेछ ।<br>३. पालिकाका जनप्रतिनिधि र कर्मचारीको आवश्यकता र माग अनसार अभिमुखीकरण तालिम र क्षमता विकासकालागि आधुनिक प्रविधि युक्त तालिम प्रतिष्ठानको स्थापना गरिनेछ । |

| रणनीतिहरू | कार्यनीतिहरू |
|---|---|
| ३.२: अन्तर्सरकार समन्वयलाई प्रभावकारी बनाउने । | १. संघीय र प्रदेशसरकारसँग नियमित सम्पर्क र समन्वय स्थापित गरिनेछ ।<br>२. पालिकाको विगतका दस्तावेज, आयोजना दस्तावेज र प्रतिवेदनहरूलाई आफ्नो पोर्टल (वेब-साइट) मा राखिनेछ ।<br>३. पालिकाको कार्य सम्पादन र प्रतिवेदन प्रणालीमा प्रदेश स्तरमै एकरूपता आउने गरी प्रदेश सरकारको सहयोग र समन्वयमा सफ्टवेयरको व्यवस्थापन गरी प्रभावकारी रूपमा कार्यान्वयनमा ल्याइनेछ ।<br>४. गाउँपालिका स्तरीय विकास समस्या समाधान समिति गठन तथा कार्यविधि निर्माण गरी समस्या समाधान तथा सहजीकरण संयन्त्रको रूपमा विकास गरिनेछ । |
| **उद्देश्य ४: वित्तीय सुशासन कायम गर्नु ।** | |
| ४.१: सार्वजनिक आय—व्यय र खरीद प्रक्रियालाई प्रभावकारी, व्यवस्थित र पारदर्शी बनाउने । | १. गाउँपालिका तथा वडा कार्यालयहरूको वार्षिक खरीद योजना तयार गरिनेछ।<br>२. संस्थागत पुनर्संरचना र सूचना प्रविधिमा आधारित वित्तीय व्यवस्थापनको सुदृढीकरण प्रवर्द्धन गरिनेछ ।<br>३. कानुन बमोजिम समयमै खर्च नगरी आर्थिक वर्षको अन्त्यमा खर्च गर्ने प्रवृत्तिलाई निरुत्साहित गर्न र उपलब्ध स्रोत र साधनको उचित प्रयोग गर्न आर्थिक वर्षको अन्तिम तीन महिनामा वार्षिक कार्यक्रम संशोधन गर्ने र विनियोजन बजेट अत्याधिक खर्च गर्ने प्रवृत्तिमा रोक लगाउन उपयुक्त नीति अवलम्बन गरिनेछ ।<br>४. विकास आयोजनाहरूको ठेक्कापट्टा निर्धारित समयभित्रै गर्ने व्यवस्था मिलाउन पहल गरिनेछ । |
| ४.३: आन्तरिक नियन्त्रण र लेखापरीक्षणलाई विश्वसनीय तथा प्रभावकारी बनाउने । | १. वित्तीय आँकडालाई वस्तुपरक बनाउन तथा अद्यावधिक गर्न सूचना प्रविधिमा आधारित वित्तीय व्यवस्थापनको सुदृढीकरण गरी विस्तार गरिनेछ।<br>२. बेरुजुलाई नियन्त्रण गर्न आन्तरिक लेखापरीक्षणलाई सूचना प्रविधिमा आधारित बनाइनुको साथै लेखा उत्तरदायी अधिकारीलाई स्वतन्त्र रूपमा कार्य गर्ने वातावरण बनाइनेछ । |

## ८.१.५ कार्यक्रम तथा आयोजना र साङ्केतिकरण

### तालिका ६६: संस्थागत विकासका तथा सुशासन क्षेत्रका कार्यक्रम तथा आयोजना

| सेवा प्रवाह तथा संस्थागत विकास | | | | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| क्र.सं. | कार्यक्रमहरू | एकाइ | योजनाको कुल लक्ष्य | अनुमानित स्रोत र वार्षिक लक्ष्य (रू.हजारमा) | | | | | | बजेट प्रतिशत | दिविल संकेत | दिराल संकेत | लैंगिक संकेत | जलबायू संकेत |
| | | | | पहिलो आ.व. | दोस्रो आ.व. | तेस्रो आ.व. | चौथो आ.व | पाँचौ आ.व | जम्मा | | | | | |
| १ | गाउँपालिका र अन्तर्गतका कार्यालयहरुमा कार्यरत कर्मचारी तथा जनप्रतिनिधीहरुको लागि क्षमता अभिवृद्धि कार्यक्रम | पटक | १० | २२०० | २२०० | २२०० | २२०० | २२०० | ११००० | १.०२ | १६ | ९ | ३ | ३ |
| २ | ऐन कानुन नियमावली कार्यविधि मस्यौदा तयारी / अभिमुखीकरण (विज्ञ तथा स्वयमसेवक परिचालन) | एकमुष्ट | | ५०० | | ५०० | | ५०० | १५०० | ०.१४ | १६ | ८ | ३ | ३ |
| ३ | न्यायिक समितिको सफ्टवयर व्यवस्थापन (रम्भा गाउँपालिकाभित्र सामाजिक न्याय कायम गरी शुन्य जोखिमको अवस्था निर्माण) | एकमुष्ट | | ५०० | | | | | ५०० | ०.०५ | १६ | ९ | ३ | ३ |
| ४ | सबै कार्यालयहरुमा Office automation system कार्यान्वयन (कार्यालयको जनशक्ति व्यवस्थापन, अभिलेख व्यवस्थापन, दर्ता चलानी, अपाङ्गता परिचयपत्र digitized, योजना अनुगमन, MIS, Digital record management, e-reporting, प्रणाली विकास) | एकमुष्ट | | ६०० | ६०० | ६०० | ६०० | ६०० | ३००० | ०.२८ | १६ | ९ | ३ | ३ |
| ५ | सबै कार्यालयहरुमा इन्टरनेट तथा सर्भर व्यवस्थापन (प्रविधिमैत्री पालिका निर्माणमा सहयोग) | एकमुष्ट | | ४०० | ४०० | ४०० | ४०० | ४०० | २००० | ०.१८ | १६ | ९ | ३ | ३ |

| सेवा प्रवाह तथा संस्थागत विकास | | | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| क्र.सं. | कार्यक्रमहरू | एकाइ | योजनाको कुल लक्ष्य | अनुमानित स्रोत र वार्षिक लक्ष्य (रू.हजारमा) | | | | | | बजेट प्रतिशत | दिदिल संकेत | दिराल संकेत | लैंगिक संकेत | जलवायू संकेत |
| | | | | पहिलो आ.व. | दोस्रो आ.व. | तेस्रो आ.व. | चौथो आ.व | पाँचौ आ.व | जम्मा | | | | | |
| ६ | जनता सम्पर्क पहुँच कार्यक्रम (गाउँपालिकाबासीहरुमा सूचनाको पहुँच सुनिश्चित) | एकमुष्ट | | ४०० | ४०० | ४०० | ४०० | ४०० | २००० | ०.१८ | १६ | ९ | ३ | ३ |
| ७ | डिजिटल भिलेज प्रोफाइल अद्यावधिक | पटक | | १००० | | २०० | | २०० | १४०० | ०.१३ | १६ | ९ | ३ | ३ |
| ८ | डेस्कटप प्रिन्टर लगायतका विद्युतीय उपकरणहरु खरिद तथा मर्मत | एकमुष्ट | | १००० | १००० | १००० | १००० | १००० | ५००० | ०.४६ | १६ | ९ | ३ | ३ |
| ९ | A.I. based रम्भा chatbot निर्माण | पटक | | | | | | १००० | १००० | ०.०९ | १६ | ९ | ३ | ३ |
| १० | कर्मचारीहरुको प्रोत्साहन तथा उत्प्रेरणा | पटक | ५ | ४०० | ४०० | ४०० | ४०० | ४०० | २००० | ०.१८ | १६ | ९ | ३ | ३ |
| ११ | कार्यालय भौतिक पूर्वाधार व्यवस्थापन (फर्निचर लगायत) | एकमुष्ट | | १२०० | १२०० | १२०० | १२०० | १२०० | ६००० | ०.५५ | १६ | ९ | ३ | ३ |
| १२ | करदाता तथा नागरिक सचेतनामूलक कार्यक्रम (आन्तरिक आय वृद्धि□भ्रष्टाचार न्युनीकरण□सेवा सुधारमा नागरिक सहभागिता□पारदर्शिता प्रवर्द्धन□र जिम्मेवार नागरिक निर्माण) | एकमुष्ट | | ५०० | ५०० | ५०० | ५०० | ५०० | २५०० | ०.२३ | १६ | ८ | ३ | ३ |
| १३ | पत्रकार क्षमता विकास तथा गाउँपालिका र पत्रकारीता क्षेत्रसँगको सहकार्यमूलक कार्यक्रम (स्थानीय विषयवस्तु र समुदायको आवाजलाई | एकमुष्ट | | २०० | २०० | २०० | २०० | २०० | १००० | ०.०९ | १६ | ८ | ३ | ३ |

| सेवा प्रवाह तथा संस्थागत विकास | | | | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| क्र.सं. | कार्यक्रमहरू | एकाइ | योजनाको कुल लक्ष्य | अनुमानित स्रोत र वार्षिक लक्ष्य (रू.हजारमा) | | | | | | बजेट प्रतिशत | दिविल संकेत | दिराल संकेत | लैंगिक संकेत | जलबायू संकेत |
| | | | | पहिलो आ.व. | दोस्रो आ.व. | तेस्रो आ.व. | चौथो आ.व | पाँचौ आ.व | जम्मा | | | | | |
| | प्राथमिकता दिने साथै गाउँपालिकाबाट सम्पादित कामको प्रचार प्रसार) | | | | | | | | | | | | | |
| १४ | सेवाग्राही सन्तुष्टि, सामाजिक परिक्षण र सार्वजनिक सुनुवाइ (पारदर्शिता र उत्तरदायित्व□नागरिक सहभागीता सुदृढ□गुनासो सम्बोधन प्रणाली सुदृढ तथा कार्यक्रम योजनाको प्रभावकारीता वृद्धि) | पटक | ५ | ५०० | ५०० | ५०० | ५०० | ५०० | २५०० | ०.२३ | १६ | ८ | ३ | ३ |
| १५ | अनलाइन गुनासो व्यवस्थापन प्रणाली | एकमुष्ट | | २०० | २०० | २०० | २०० | २०० | १००० | ०.०९ | १६ | ८ | ३ | ३ |
| १६ | गाउँपालिका योजना पुस्तक□ सेवा प्रवाह ब्रोसर तथा अन्य विविध पुस्तक प्रकाशन तथा छपाइ | एकमुष्ट | | ५०० | ५०० | ५०० | ५०० | ५०० | २५०० | ०.२३ | १६ | ९ | ३ | ३ |
| १७ | अर्धवार्षिक वार्षिक मध्यावधि समिक्षा तथा समग्र योजनाहरुको अनुगमन | एकमुष्ट | | ३०० | ३०० | ३०० | ३०० | ३०० | १५०० | ०.१४ | १६ | ९ | ३ | ३ |
| १८ | कार्यक्रमहरुको प्रभाव मूल्यांकन | सङ्ख्या | | | | ५०० | | ५०० | १००० | ०.०९ | १६ | ९ | ३ | ३ |
| १९ | करदाताहरुको सूचना तथा तथ्यांक संकलन तथा करदाता सम्मान | पटक | ५ | ३०० | ३०० | ३०० | ३०० | ३०० | १५०० | ०.१४ | १६ | ९ | ३ | ३ |
| २० | मेलमिलापसम्बन्धी ४८ घण्टे तालिम तथा मेलमिलापकर्ताहरुको लागि पुनर्ताजगी तालिम | पटक | ५ | ४०० | ४०० | ४०० | ४०० | ४०० | २००० | ०.१८ | १६ | ८ | ३ | ३ |
| **सेवा प्रवाह तथा संस्थागत विकास क्षेत्रको जम्मा बजेट** | | | | **११९००** | **९९००** | **१०३००** | **९९००** | **११३००** | **५०९००** | ४.७० | | | | |

## ८.१.६ अपेक्षित उपलब्धि तथा नतिजा खाका

तालिका ६७: संस्थागत विकासका अपेक्षित उपलब्धि तथा नतिजा खाका

| संस्थागत विकास तथा सुशासन विकास शाखा | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| सूचक | एकाई | आधार वर्षको अवस्था २०८०/२०८१ | योजना अवधिको लक्ष्य (आर्थिक वर्ष र कुल) | | | | | जम्मा | पुष्ट्याँइको स्रोत | जोखिम पक्ष तथा अनुमान |
| | | | पहिलो | दोस्रो | तेस्रो | चौथों | पाँचौं | | | |
| कर्मचारीको पदपूर्ति | प्रतिशत | ७८ | ७८ | ९० | १०० | १०० | १०० | १०० | | |
| कार्यपालिकाको बैठक | सङ्ख्या | २५ | २७ | २९ | ३१ | ३३ | ३५ | ३५ | | |
| पालिकाद्वारा स्विकृत नीति तथा कानुन | सङ्ख्या | ८३ | ८५ | ८६ | ८८ | ९० | ९२ | ९२ | | |
| गाउँपालिका तथा वडा कार्यालय लगायत सेवा प्रवाही कार्यालयमा नागरिक बडापत्र निर्माण | सङ्ख्या | ६ | ६ | ६ | ६ | ६ | ६ | ६ | | |
| औसत वार्षिक बेरुजु | प्रतिशत | | | | | | | | | |
| औसत वार्षिक पुँजिगत खर्च | प्रतिशत | ७०.९८ | ७५ | ८० | ८५ | ९० | ९५ | ९५ | | |
| आन्तरिक आय | रु. हजारमा | ८१३० | ८८३४ | ९७१८ | १०६८९ | ११७५८ | १२९३४ | १२९३४ | | |
| सामाजिक परीक्षण | सङ्ख्या | | १ | १ | १ | १ | १ | १ | | |
| आवधिक योजना तर्जुमा | सङ्ख्या | | १ | १ | १ | १ | १ | १ | | |
| मध्यमकालिन खर्च संरचना तयार गरेका वडा | सङ्ख्या | | १ | १ | १ | १ | १ | १ | | |
| अनलाइन प्रतिवेदन प्रणाली स्थापना भएका वडा | सङ्ख्या | | ५ | ५ | ५ | ५ | ५ | ५ | | |
| पालिका तथा वार्डको सार्वजनिक सुनुवाई | सङ्ख्या | २ | ३ | ४ | ५ | ६ | ७ | ७ | | |
| कर्मचारी तथा जन प्रतिनिधिको कार्यप्रगतिको समीक्षा | सङ्ख्या | १ | ३ | ५ | ७ | ९ | ११ | ११ | | |

| संस्थागत विकास तथा सुशासन विकास शाखा | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| सूचक | एकाई | आधार वर्षको अवस्था २०८०/२०८१ | योजना अवधिको लक्ष्य (आर्थिक वर्ष र कुल) | | | | | जम्मा | पुष्ट्याँइको स्रोत | जोखिम पक्ष तथा अनुमान |
| | | | पहिलो | दोस्रो | तेस्रो | चौथों | पाँचौं | | | |
| योजना अनुगमन | सङ्ख्या | | कार्यन्वयन भएका योजना ९५ प्रतिशतको | | | | | | | |
| कार्यक्रमको कार्य प्रगति समीक्षा | सङ्ख्या | १ | २ | ४ | ६ | ८ | १० | १० | | |
| अन्य सरकारी तथा गैरसरकारी संस्थाहरूको सार्वजनिक सुनुवाइ | सङ्ख्या | | १ | १ | १ | १ | १ | १ | | |
| क्षमता विकास योजना | सङ्ख्या | १ | १ | १ | १ | १ | १ | १ | | |
| कर्मचारीको कुल दरबन्दी | सङ्ख्या | ७० | ७० | ७० | ७० | ७० | ७० | ७० | | |
| स्वीकृत ओएनएम प्रतिवेदन | सङ्ख्या | | १ | १ | १ | १ | १ | १ | | |
| सेवाग्राहीको सन्तुष्टि स्तर | प्रतिशत | ८० | ८० | ८५ | ८८ | ९० | ९५ | ९५ | | |
| जनप्रतिनिधि तथा कर्मचारीको क्षमता विकास | सङ्ख्या | २ | २ | २ | २ | २ | २ | १० | | |
| अनलाइन सेवामा आवद्ध सुविधा | सङ्ख्या | | ७ | ८ | ९ | १० | १२ | १२ | | |
| सफ्टवेयरमा आधारित सेवा | सङ्ख्या | | ९ | ९ | ११ | ११ | १३ | १३ | | |
| एकैदिनमा सम्पन्न गरिने सार्वजनिक सेवा | सङ्ख्या | | १२ | १५ | १७ | २० | २२ | २२ | | |
| ई-हाजीरीको व्यवस्था भएका कार्यालय | सङ्ख्या | ० | ७ | ७ | ७ | ७ | ७ | ७ | | |
| पर्याप्त विद्युतीय तथा अन्य उपकरण भएका वडा कार्यालयहरू | सङ्ख्या | ५ | ५ | ५ | ५ | ५ | ५ | ५ | | |
| आवश्यकता अनुसार सवारी साधनको व्यवस्था भएका वडा कार्यालयको सङ्ख्या | सङ्ख्या | | १ | ४ | ६ | ६ | ६ | ६ | | |

| संस्थागत विकास तथा सुशासन विकास शाखा | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| सूचक | एकाई | आधार वर्षको अवस्था २०८०/२०८१ | योजना अवधिको लक्ष्य (आर्थिक वर्ष र कुल) | | | | | जम्मा | पुष्ट्याँइको स्रोत | जोखिम पक्ष तथा अनुमान |
| | | | पहिलो | दोस्रो | तेस्रो | चौथों | पाँचौं | | | |
| आफ्नै भवनमा कार्यालय सञ्चालन भएका वडाहरू | सङ्ख्या | ५ | ५ | ५ | ५ | ५ | ५ | ५ | | |
| आवश्यक कानूनहरूको निर्माण | सङ्ख्या | ८३ | ८५ | ८६ | ८८ | ९० | ९२ | ९२ | | |
| कार्यदक्षताका आधारमा कर्मचारीहरूलाई पुरस्कार र दण्ड | सङ्ख्या | | १ | २ | ३ | ४ | ५ | ५ | | |
| कर्मचारीको कार्यविवरण तर्जुमा | सङ्ख्या | | १ | १ | १ | १ | १ | १ | | |
| निर्धारित समयावधि मै बजेट | आएको/नआएको | आएको | आउने | आउने | आउने | आउने | आउने | आउने | | |
| वार्षिक योजना तथा कार्यक्रम विवरण बेवसाइटमा | राखिएको/ नराखिएको | राखिएको | राखिने | राखिने | राखिने | राखिने | राखिने | राखिने | | |
| आय-व्ययको अद्यावदिक विवरण बेवसाइटमा | राखिएको/ नराखिएको | राखिएको | राखिने | राखिने | राखिने | राखिने | राखिने | राखिने | | |
| वार्षिक खरिद योजना | सङ्ख्या | नबनेको | १ | १ | १ | १ | १ | १ | | |
| आन्तरिक लेखापरीक्षण प्रतिवेदन | सङ्ख्या | | १ | १ | १ | १ | १ | १ | | |
| आन्तरिक नियन्त्रण प्रणालीको व्यवस्था | सङ्ख्या | कानुन तर्जुमा भएको | १ | १ | १ | १ | १ | १ | | |
| समयमा फछ्र्यौट भएका वार्षिक योजना | प्रतिशत | | ८८ | ९० | ९२ | ९४ | ९७ | ९७ | | |

# परिच्छेद ९: कार्यान्वयन व्यवस्था

## ९.१ पृष्ठभूमि

गाउँपालिकाको योजनाबद्ध विकासका लागि रम्भा गाउँपालिकाले उपलब्ध तथ्याङहरुको विश्लेषण र सरोकारवाला सहितको गाउँपालिका स्तरीय कार्यशाला, विषयगत समितिसंगको छलफल तथा वडाबासीसँगको अन्तरक्रियाबाट पहिलो आवधिक विकास योजना तयार गरेको छ । यस सन्दर्भमा विषयगत समस्या, चुनौती र अवसरहरूको पहिचान र त्यसका आधारमा विषय केन्द्रित रणनीति र कार्यनीति सहितको योजना तर्जुमा भएको छ । योजना तर्जुमाको क्रममा गाउँपालिकाले नेपाल सरकारको सोह्रौ योजना तथा लुम्बिनी प्रदेशको दोस्रो योजनालाई समेत आधारको रूपमा लिएको छ । गाउँपालिकाले आवधिक योजनालाई तथ्य र प्रमाणमा आधारित विश्लेषण सहित सहभागीतामूलक ढङ्गबाट नतिजा खाका तयार गरेको छ । यस नतिजा खाकाबाट योजनाको नियमित अनुगमन तथा आवधिक मूल्याङ्कन गर्न आधार तयार भएको छ ।

आवधिक योजनाको दीर्घकालीन सोच, लक्ष्य, उद्देश्य र प्रतिफलहरू हासिल गर्न तद्अनुसारका कार्यक्रम तथा क्रियाकलापहरू कार्यन्वयन गर्न आवश्यक हुन्छ सोको लागि वित्तीय स्रोतको आवश्यकता पर्दछ । यसका लागि गाउँपालिकाको आफ्नो आन्तरिक श्रोत र सङ्घ तथा प्रदेश सरकारले उपलब्ध गराउने विभिन्न किसिमका अनुदानहरू मात्रै पर्याप्त हुने देखिदैन । तसर्थ आवश्यक श्रोत परिचालनका लागि निजी क्षेत्र, सहकारी, गैरसरकारी सङ्घ संस्था, नागरिक समाज, मिडिया, सेवा प्रदायक, विषयगत कार्यालयहरू, अन्य सहयोगी सङ्घ संस्थाहरू तथा बहुपक्षीय तथा द्विपक्षीय विकास साझेदार संस्थाहरूसँगको सहकार्य र साझेदारी महत्त्वपूर्ण हुन्छ । साथै, राजस्व परिचालनलाई अझै बढि प्रभावकारी बनाउन स्थानीय राजस्व परामर्श समितिको सक्रियताको ठूलो भूमिका हुन्छ।

## ९.२ संस्थागत व्यवस्था तथा मानव संसाधन योजना

सङ्घीय शासन व्यवस्था अनुसार राज्यको पुनः संरचना प्रक्रियाबाट यस गाउँपालिकाको दोस्रो स्थानीय तहको निर्वाचनबाट निर्वाचित कार्यपालिका मार्फत गाउँपालिकाको कार्य सञ्चालन हुँदै आएको छ । गाउँपालिकामा हाल १५ वटा शाखाहरू, एउटा रोजगार सेवा केन्द्र तथा एउटा नगर प्रहरी ईकाइ र ५ वटा वडा समितिको कार्यालय रहेको छ । गाउँपालिकाको विद्यमान सङ्गठन संरचना अनुसार स्वीकृत दरबन्दी तथा करार सहित गाउँ कार्यपालिका तर्फ ४० जना, वडा कार्यालय तर्फ ३१ जना र स्वास्थ्य सेवा तर्फका ६१ गरी कुल १३२ जना कर्मचारी कार्यरत छन् । गाउँपालिकाको पहिलो आवधिक विकास योजनाको लक्ष्य तथा उद्देश्य हासिल गर्न गाउँ कार्यपालिकाको सङ्गठन तथा व्यवस्थापन सर्वेक्षणको आध्यावधिक र पूर्णरूपमा कार्यान्वयन गरी कार्यालयको सङ्गठन संरचना अनुसारको कर्मचारी दरबन्दी र सोही बमोजिमको कार्य विवरण तयार गर्नुपर्ने देखिन्छ।

## ९.३ विषयक्षेत्र अनुसार अनुमानित बजेट

यस आवधिक योजनामा पाँच वटा विषयगत क्षेत्रहरू तथा गाउँपालिका गौरबका आयोजनाका निर्धारित कार्यक्रमहरूका लागि आवश्यक लागतको अनुमान गरिएको छ । कार्यक्रम तथा बजेट आवश्यकताको अनुमान गाउँपालिकाका सम्बन्धित शाखाका प्रतिनिधि र सरोकारवालाहरूको कार्यशाला तथा वडा स्तरीय छलफलबाट


प्रस्ताव गरिएको हो । यसरी तय गरिएको आवश्यक लागत गाउँपालिकाको आन्तरिक आय, सङ्घ तथा प्रदेशबाट प्राप्त हुने विभिन्न प्रकारका अनुदान र जनसहभागिता स्वरूप प्राप्त हुन सक्ने परिमाणहरूलाई अनुमानका आधारमा निर्धारण गरिएको छ ।

तालिका ६८: विषय क्षेत्र अनुसार अनुमानित बजेट

| क्र.सं. | विषयगत क्षेत्र उपक्षेत्र | अनुमानित बजेट लागत (रू.हजारमा) | | | | | | बजेट प्रतिशत |
|---|---|---|---|---|---|---|---|---|
| | | पहिलो आ.व. | दोस्रो आ.व. | तेस्रो आ.व. | चौथो आ.व | पाँचौ आ.व | जम्मा | |
| | **गाउँ गौरवका आयोजना** | **एकमुष्ठ** | | | | | **७१४००००** | |
| १ | **आर्थिक क्षेत्र** | **५३६००** | **५६६००** | **५४७५०** | **५७६५०** | **५४२५०** | **२७६८५०** | **२५.५८** |
| १.१ | कृषि तथा पशुपन्छी | २३००० | २२००० | २०००० | २०००० | २०००० | १०५००० | ९.७० |
| १.२ | सिंचाई | ३७०० | ७७०० | १०२०० | १२२०० | ७२०० | ४१००० | ३.७९ |
| १.३ | पर्यटन, संस्कृति तथा सम्पदा | ८६०० | ८९०० | ८२०० | ८४०० | ८६५० | ४२७५० | ३.९५ |
| १.४ | उद्योग, व्यापार, व्यावसाय तथा आपूर्ति | १०००० | ९२०० | ७००० | ७२०० | ७५०० | ४०९०० | ३.७८ |
| १.५ | श्रम, रोजगारी र सामाजिक सुरक्षा | ८३०० | ८८०० | ९३५० | ९८५० | १०९०० | ४७२०० | ४.३६ |
| २ | **सामाजिक क्षेत्र** | **५१७७५** | **७०३००** | **५७०५०** | **५२९५०** | **४५७५०** | **२७७८२५** | **२५.६७** |
| २.१ | स्वास्थ्य तथा पोषण | १८१०० | १८६०० | २११०० | १६८०० | १२४०० | ८७००० | ८.०४ |
| २.२ | शिक्षा, विज्ञान तथा नवप्रवतन | १५८०० | ३५३०० | १९३०० | १९३०० | १६३०० | १०६००० | ९.७९ |
| २.३ | खानेपानी तथा सरसफाइ | ६९२५ | ६४०० | ६५०० | ६६०० | ६७०० | ३३१२५ | ३.०६ |
| २.४ | महिला, बालबालिका तथा लक्षित वर्ग | ४५०० | ३५०० | ३५०० | ३५०० | ३५०० | १८५०० | १.७१ |
| २.५ | युवा तथा खेलकुद | ६४५० | ६५०० | ६६५० | ६७५० | ६८५० | ३३२०० | ३.०७ |
| ३ | **पूर्वाधार क्षेत्र** | **७९९००** | **७९९००** | **८०१००** | **८०१००** | **८०९००** | **४००९००** | **३७.०४** |
| ३.१ | बस्ती, आवास, भवन तथा सार्वजनिक निर्माण | १०५०० | १०५०० | १०५०० | १०५०० | ११५०० | ५३५०० | ४.९४ |
| ३.२ | सडक, पुल तथा यातायात | ६३५०० | ६३५०० | ६३५०० | ६३५०० | ६३५०० | ३१७५०० | २९.३३ |
| ३.३ | जलश्रोत, विद्युत् तथा वैकल्पिक ऊर्जा | २४०० | २४०० | २४०० | २४०० | २४०० | १२००० | १.११ |
| ३.४ | सूचना, सञ्चार तथा प्रविधि | ३५०० | ३५०० | ३७०० | ३७०० | ३५०० | १७९०० | १.६५ |
| ४ | **वन, वातावरण तथा विपद व्यवस्थापन क्षेत्र** | **१५६००** | **१५१००** | **१५१००** | **१५१००** | **१५१००** | **७६०००** | **७.०२** |
| ४.१ | वन तथा जैविक विविधता | २५०० | २५०० | २५०० | २५०० | २५०० | १२५०० | १.१५ |

| क्र.सं. | विषयगत क्षेत्र उपक्षेत्र | अनुमानित बजेट लागत (रू.हजारमा) | | | | | | बजेट प्रतिशत |
|---|---|---|---|---|---|---|---|---|
| | | पहिलो आ.व. | दोस्रो आ.व. | तेस्रो आ.व. | चौथो आ.व | पाँचौ आ.व | जम्मा | |
| ४.२ | भूसंरक्षण तथा जलाधार व्यवस्थापन | ५७०० | ५२०० | ५२०० | ५२०० | ५२०० | २६५०० | २.४५ |
| ४.३ | वातावरण तथा फोहोरमैला व्यवस्थापन | २३०० | २३०० | २३०० | २३०० | २३०० | ११५०० | १.०६ |
| ४.४ | विपद् जोखिम न्यूनीकरण र व्यवस्थापन तथा जलवायु उत्थानशीलता | ५१०० | ५१०० | ५१०० | ५१०० | ५१०० | २५५०० | २.३६ |
| **५** | **संस्थागत विकास तथा सुशासन क्षेत्र** | ११९०० | ९१०० | १०३०० | ९१०० | ११३०० | ५०९०० | ४.७० |
| **जम्मा योजना बजेट** | | २११९७५ | २३१००० | २१७३०० | २१४९०० | २०७३०० | १०८२४७५ | १००.०० |
| **गाउँपालिका गौरव तथा विषयगत क्षेत्र जम्मा बजेट** | | | | | | | ८२२२४७५ | |

गाउँपालिकाको आवधिक योजना अवधिको लक्ष्य प्राप्तिका लागि अनुमानित कुल बजेट ८ अर्ब २२ करोड २४ लाख ७५ हजार रहेको छ । विषय क्षेत्रगत रुपमा कूल लागत बजेट **रू. १ अर्ब ८ करोड २४ लाख ७५ हजार** अनुमान गरिएको छ । गाउँपालिकाको **१३ वटा** गौरवका आयोजना कार्यान्वयनका लागि कूल लागत बजेट **रू. ७ अर्ब १४ करोड** अनुमान गरिएको छ । विषय क्षेत्र अन्तर्गत सबै भन्दा बढी पूर्वाधार विकासका लागि **३७.०४ प्रतिशत** बजेट लागत अनुमान गरिएको छ । त्यसैगरी, सामाजिक विकासका लागि **२५.५८ प्रतिशत**, आर्थिक विकास क्षेत्र विकासका लागि करिब **२५.६७ प्रतिशत**, वन वातावरण तथा विपद् व्यवस्थापनका लागि **७.०२ प्रतिशत** र संस्थागत तथा सुशासन क्षेत्र विकासका लागि **४.७ प्रतिशत** खर्च हुने अनुमान गरिएको छ ।



## ९.४ स्रोत अनुमान तथा प्रक्षेपण

आवधिक विकास योजनाको दीर्घकालीन सोच, लक्ष्य, उद्देश्य र प्रतिफलहरू हासिल गर्न तद्अनुसारका कार्यक्रम तथा क्रियाकलापहरू सञ्चालन गर्न आवश्यक हुन्छ र सोको लागि वित्तीय स्रोतको आवश्यकता पर्दछ । यसका लागि गाउँपालिकाको आफ्नो आन्तरिक श्रोत र सङ्घ तथा प्रदेश सरकारले उपलब्ध गराउने विभिन्न किसिमका अनुदानहरू मात्रै पर्याप्त हुँदैन । तसर्थ आवश्यक श्रोत परिचालनका लागि निजी क्षेत्र, सहकारी, गैरसरकारी सङ्घ संस्था, नागरिक समाज, मिडिया, सेवा प्रदायक विषयगत कार्यालयहरू, अन्य सहयोगी सङ्घ संस्थाहरू तथा बहुपक्षीय तथा द्विपक्षीय विकास साझेदार संस्थाहरू सँगको सहकार्य र साझेदारी महत्त्वपूर्ण हुन्छ । साथै गाउँपालिकाको राजस्व परिचालनलाई अझै बढी प्रभावकारी बनाउन स्थानीय राजस्व परामर्श समितिले विशेष भुमिका खेल्नुपर्ने देखिन्छ ।

### ९.४.१ राजस्व परिचालनको अवस्था

गाउँपालिकाको नेतृत्वमा तर्जुमा भएको दोस्रो पञ्चवर्षीय आवधिक विकास योजना, गाउँपालिका विकासका सबै सरोकारवालाहरूको सार्थक प्रयत्नबाट मात्र सफल कार्यान्वयन हुनेछ । नतिजा तालिकामा उल्लिखित लक्ष्य प्राप्त गर्न तर्जुमा गरिएको कार्यान्वयन तथा लगानी योजनामा गाउँपालिकाले आन्तरिक र बाह्य श्रोतबाट हासिल गर्ने आयका अतिरिक्त सबै सरोकारवालाको लगानी समेत प्रक्षेपण गरी योजनाको लागि उपलब्ध अनुमानित स्रोतमा समावेश गरिएको छ।

आ.व. २०८०/८१ को यथार्थ आय **रू. ४३ करोड ७८ लाख ४५ हजार** रहेको छ । गत तीन आ.व.को यथार्थ र चालू आ.व.को अनुमानित आयका आधारमा विश्लेषण गरी कम्तीमा पनि गाउँपालिकालाई प्राप्त हुने आन्तरिक र बाह्य स्रोतमा वार्षिक रुपमा १० प्रतिशतले आय वृद्धि हुनसक्ने आधारमा ५ वर्षको कूल अनुमानित आय प्रक्षेपण गर्दा रम्भा गाउँपालिकाको कूल अनुमानित आय करिब **रु. २ अर्ब ९० करोड ९३ लाख ३२ हजार** हुने देखिन्छ । गत आ.व.मा गाउँपालिकाको कुल आयमा आन्तरिक श्रोतको योगदान **१.८४ प्रतिशत** मात्र रहेको छ । आन्तरिक आयका विभिन्न स्रोतहरूको पहिचान गर्ने तथा राजस्व सुधार कार्ययोजना बनाई आन्तरिक स्रोत वृद्धि गरी अगाडी बढ्नु पर्ने देखिन्छ ।

**तालिका ६९: राजस्व परिचालनको अवस्था**

| आ.व. (रकम रु. हजारमा) | | आन्तरिक श्रोतको आय | बाह्य श्रोतको आय | लागत सहभागिता | जम्मा |
|---|---|---|---|---|---|
| आ.व. ०८०/०८१ को यथार्थ | रकम | **८०३१** | ४२८७९८ | | ४३६८२९ |
| | प्रतिशत | १.८४ | ९८.१६ | | १००.०० |
| आ.व. ०८१/०८२ को अनुमानित | रकम | ८१९० | ४८२४५७ | | ४९०६४७ |
| | प्रतिशत | १.६७ | ९८.३३ | | १००.०० |

*स्रोतः रम्भा गाउँपालिका, लेखा शाखा*

### ९.४.२ खर्च अवस्थाको विश्लेषण

रम्भा गाउँपालिकाको गत आ. व. ०८०/८१ कुल प्रस्तावित बजेट रू. **५० करोड ०१ लाख ४५ हजार** रहेको मा वास्तविक खर्च **रू. ४३ करोड ६८ लाख २९ हजार** रहेको छ । गाउँपालिकामा चालू खर्च अन्तर्गत पदाधिकारीहरूको पारिश्रमिक तथा सुविधा, कर्मचारी पारिश्रमिक तथा सुविधा, कार्यालय सञ्चालन सम्बन्धी खर्च, मर्मत सम्भार खर्च र कार्यक्रम खर्च गरी पाँच प्रकारका खर्च रहेका छन् । आ.व. २०८०/०८१ को व्यय विवरण अनुसार चालू खर्च कूल खर्चको करिब **७१.६२ प्रतिशत** रहेको छ भने पुँजीगत खर्च **२८.३८ प्रतिशत** रहेको छ । गाउँपालिकाको विगत वर्षको व्यय विवरण अनुसार पुँजीगत खर्च तुलनात्मक रूपमा सामान्य घटेको देखिन्छ । गाउँपालिकाले चालू खर्चहरूमा थप मितव्ययीता अपनाउने नीति लिदैं आवधिक योजना कार्यान्वयन अवधि भरीका लागि **३० प्रतिशत** पूँजीगत खर्च गर्ने गरी प्रस्ताव गरिएको छ ।

तालिका ७०: खर्च बाँडफाँटको प्रक्षेपण (रकम रु. हजारमा)

| क्र.सं. | विवरण | २०८०/८१ को यथार्थ रु. हजारमा | २०८१/८२ को अनुमान | २०८२/८३ को प्रक्षेपण | २०८३/८४ को प्रक्षेपण | २०८४/८५ को प्रक्षेपण | २०८५/८६ को प्रक्षेपण | २०८६/८७ को प्रक्षेपण | आवधिक योजनाको जम्मा |
|---|---|---|---|---|---|---|---|---|---|
| **१** | **बजेटको वर्गीकरण** | | | | | | | | |
| १.१ | चालु खर्च | ३१२८६८ | ३४८९३९ | ३३३५७९ | ३६६९३७ | ४०३६३० | ४४३९९४ | ४८८३९३ | २०३६५३३ |
| १.२ | पुँजीगत खर्च | १२३९६१ | १४१७३५ | १४२९६२ | १५७२५९ | १७२९८४ | १९०२८३ | २०९३११ | ८७२८०० |
| **जम्मा बजेट** | | **४३६८२९** | **४९०६७४** | **४७६५४१** | **५२४१९५** | **५७६६१५** | **६३४२७६** | **६९७७०४** | **२९०९३३२** |
| **२** | **खर्चको क्षेत्रगत बाँडफाँड** | | | | | | | | |
| २.१ | आर्थिक विकास | | | ५३६०० | ५६६०० | ५४७५० | ५७६५० | ५४२५० | २७६८५० |
| २.२ | सामाजिक विकास | | | ५१७७५ | ७०३०० | ५७०५० | ५२९५० | ४५७५० | २७७८२५ |
| २.३ | पूर्वाधार विकास | | | ७९९०० | ७९९०० | ८०१०० | ८०१०० | ८०९०० | ४००९०० |
| २.४ | वन वातावरण तथा विपद् व्यवस्थापन | | | १५६०० | १५१०० | १५१०० | १५१०० | १५१०० | ७६००० |
| २.५ | संस्थागत विकास तथा सुशासन | | | ११२०० | ९१०० | १०३०० | ९१०० | ११३०० | ५०९०० |
| २.६ | गौरबका योजना (१०% समपुरक) | | | **५८१८७** | **५८१८७** | **५८१८७** | **५८१८७** | **५८१८७** | **२९०९३३** |
| **जम्मा बजेट** | | | | **२७०१६२** | **२८९१८७** | **२७५४८७** | **२७३०८७** | **२६५४८७** | **१३७३४०८** |

*स्रोतः रम्भा गाउँपालिका, लेखा शाखा तथा आवधिक योजना तर्जुमा कार्यशाला छलफल*

### ९.४.३ अपुग स्रोत व्यवस्थापन

आवधिक योजना कार्यान्वयनका लागि गाउँ गौरवको योजना समेत कूल लगानी बजेट **रू. १ अर्ब ३७ करोड ३४ लाख ८ हजार** अनुमान गरिएको छ । आ.व. २०८०/०८१ को यथार्थ र चालू आ.व.को अनुमानित तथा आ.व. २०८१/८२ को प्रस्तावित आयका आधारमा आगामी पाँच वर्षको गाउँपालिकाको अनुमानित आय

**रु. २ अर्ब ९० करोड ९३ लाख ३२ हजार** देखिन्छ । गाउँपालिकाको प्रशासनिक खर्च बापत करिब **रु. २ अर्ब ३ करोड ६५ लाख ३३ हजार** खर्च हुने अनुमान देखिन्छ भने कूल लगानी अनुमान र स्रोत परिचालनबाट प्राप्त हुने बजेट बीच योजना कार्यान्वयनका लागि करिब **रू. ५० करोड ६ लाख ९ हजार** बजेट अपुग देखिन्छ ।

चालू खर्च घटाउँदै जाने नीति अनुरूप आवधिक योजनाको अवधि भर चालू खर्च **७० प्रतिशत**मा सीमित गर्ने र पुँजीगत खर्च **३० प्रतिशत** हुने अनुमान गरिएको छ । गाउँ गौरवका **१३ वटा** आयोजनाहरूको लागि अनुमानित कुल आयको **१० प्रतिशत** बजेट मात्र समपुरक रुपमा गाउँपालिकाबाट लगानी हुने र बाँकी रकम बैकल्पिक स्रोतः सङ्घीय सरकार, प्रदेश सरकार तथा अन्य दाताहरू संग लागत साझेदारीमा कार्यान्वयन गरिनेछ ।

तालिका ७१: अपुग स्रोत व्यवस्थापन

| क्र.सं. | शिर्षक | आर्थिक वर्ष र अनुमानित रकम (रू. हजारमा ) | | | | | बजेट |
|---|---|---|---|---|---|---|---|
| | | २०८२/८३ | २०८३/८४ | २०८४/८५ | २०८५/८६ | २०८६/८७ | (रू.हजारमा) |
| १ | कूल स्रोत परिचालन | ४७६५४१ | ५२४१९५ | ५७६६१५ | ६३४२७६ | ६९७७०४ | २९०९३३२ |
| २ | विषय क्षेत्रगत कूल अनुमान | २११९७५ | २३१००० | २१७३०० | २१४९०० | २०७३०० | **१०८२४७५** |
| ३ | गाउँ गौरवका योजना (10% Matching) | **५८१८७** | **५८१८७** | **५८१८७** | **५८१८७** | **५८१८७** | **२९०९३३** |
| 4 | कुल चालु (प्रशासनिक) खर्च | ३३३५७९ | ३६६९३७ | ४०३६३० | ४४३९९४ | ४८८३९३ | २०३६५३३ |
| **स्रोतको न्यूनता** | | **-१२७१९९** | **-१३१९२८** | **-१०२५०२** | **-८२८०४** | **-५६१७५** | **-५००६०९** |

*स्रोतः रम्भा गाउँपालिका, लेखा शाखा तथा आवधिक योजना तर्जुमा कार्यशाला छलफल*

## ९.५ स्रोत परिचालन रणनीति

गाउँपालिकाको आवधिक विकास योजना (आ.व. २०८२/०८३ देखि २०८६/०८७ सम्म) का लागि विभिन्न स्रोतहरूबाट उपलब्ध हुन सक्ने बजेटलाई आधार मानेर कार्यक्रमहरूको अनुमान गरिएको छ । गाउँपालिका कार्यपालिकाको कार्यालय, निजी क्षेत्र, गैसस तथा सहकारी आदिले खर्च गर्न सक्ने परिमाणलाई आधार मानी यसको लागि उपलब्ध हुन सक्ने वित्तीय स्रोतको अनुमान गरिएको छ । यस आवधिक योजनाको कार्यान्वयन विभिन्न आन्तरिक तथा बाह्य स्रोतहरू परिचालन गरी गरिने छ । उक्त स्रोतहरूमा गाउँपालिकाको आन्तरिक स्रोत तथा सङ्घीय तथा प्रदेश सरकारबाट प्राप्त हुने विभिन्न प्रकारका अनुदानहरू, स्थानीय तहलाई राजस्व बाँडफाँट बापत प्राप्त हुने रकम, स्थानीय पूर्वाधार विकास साझेदारी कार्यक्रम जस्ता स्रोतहरूबाट प्राप्त हुने रकम, विकास साझेदार संस्थाहरूबाट विभिन्न कार्यक्रमका लागि प्राप्त हुने रकम, निजी क्षेत्रबाट हुने लगानी तथा जनसहभागिता परिचालनबाट प्राप्त हुने रकम मुख्य छन् ।

यस आवधिक योजना अवधिमा गाउँ गौरबको आयोजनाका लागि १० प्रतिशत बाहेक कूल **रू. ३ अर्ब ४० करोड ९९ लाख ४१ हजार** खर्च हुने अनुमान गरिएको छ भने करिब **रु. २ अर्ब ९० करोड ९३ लाख ३२ हजार (८५.३२ प्रतिशत)** विभिन्न स्रोतहरूबाट गाउँपालिकालाई रकम प्राप्त हुने अनुमान गरिएको छ । कूल

अनुमानित खर्च गर्न अपुग हुने रकम करिब **रू. ५० करोड ६ लाख ९ हजार** (**१४.६८ प्रतिशत**) बजेटका लागि गाउँपालिकाले थप श्रोतहरू परिचालन गर्नुपर्ने हुन्छ । गाउँपालिकाको गौरबको आयोजनाका लागि प्रदेश तथा संघ सरकारसंग गाउँपालिकाको १० प्रतिशत लगानी हुनेगरी खर्च व्यवस्थापन अनुमान गरिएको छ ।

**गाउँपालिकाले निम्नानुसारका रणनीतिहरू अवलम्बन गरी श्रोत व्यवस्थापन गर्न सकिने देखिन्छः**

यस आवधिक विकास योजना अवधिमा गाउँपालिकाले तर्जुमा गर्ने वार्षिक विकास योजनाहरू यस योजनाका लक्ष्य तथा उद्देश्यसँग तादत्म्यता हुने गरी तर्जुमा गरिने छ, जसले गर्दा योजना अवधिमा कार्यान्वयन हुने कार्यक्रम तथा बजेटले पूर्णरूपमा यस आवधिक विकास योजनाको लक्ष्य उद्देश्य प्राप्तिमा योगदान गर्ने अपेक्षा गरिएको छ । स्थानीय पूर्वाधार विकास साझेदारी कार्यक्रम नाममा प्राप्त हुने बजेटहरूको प्रयोग यस आवधिक विकास योजनामा रहेका क्रियाकलाप कार्यान्वयनमा प्रयोग गरिनेछ । स्थानीय पूर्वाधार विकास साझेदारी कार्यक्रमबाट गाउँपालिकामा आउने रकमलाई गाउँपालिका स्तरीय महत्त्व बोकेका गौरबका आयोजना निर्माणमा उपयोग गरिनेछ ।

- गैर सरकारी संस्था तथा निजी क्षेत्रसँगको सहकार्यमा कार्यक्रमहरू सञ्चालन गरिनेछ ।
- अन्तरराष्ट्रिय गैर सरकारी संस्था, द्विपक्षीय संस्था, बहुपक्षीय संस्थाहरूबाट प्राप्त हुने सहयोगलाई वृद्धि गर्न पहल गरिनेछ । कर तथा गैर राजस्व परिचालनमा करको दरभन्दा पनि दायरा वृद्धि गरी गाउँपालिकाको राजस्व क्षमता वृद्धि गरी स्रोतको व्यवस्था मिलाइनेछ ।
- स्थानीय बचत तथा ऋण समूहहरू, सामुदायिक वन उपभोक्ता समूहहरू जस्ता सामुदायिक क्षेत्रहरूसँगको साझेदारीमा कार्यक्रमहरू सञ्चालन गरिनेछ ।
- सङ्घीय तथा प्रदेश सरकारबाट विशेष तथा समपूरक अनुदान प्राप्त गरिनेछ ।
- गाउँपालिका क्षेत्रभित्र राष्ट्रिय र प्रदेश स्तरीय महत्त्वका योजनाहरू छनोट र कार्यान्वयन गर्न गाउँपालिकाले सङ्घ र प्रदेश सरकारसँग पहल गरी ठूला आयोजनामा गाउँपालिकाको लगानी न्यूनीकरण गरिनेछ ।
- गाउँपालिकाको राजस्व परिचालन क्षमता विस्तार तथा स्थानीय श्रम, श्रोत र साधन परिचालन र जनसहभागिता वृद्धि गरी गाउँपालिकाको स्रोत वृद्धि गरिनेछ ।
- मन्दिर, गुम्बा लगायत सांस्कृतिक सम्पदाको पुनर्निर्माणमा निजी क्षेत्र, समुदाय र सम्भावित स्थलहरूमा पूरातत्व विभागको सहभागिता वृद्धि गरिनेछ ।
- स्थानीय सरकारलाई प्राप्त ऋण लिने अधिकारको उपयोग गरी थप सम्भाव्यताको आधारमा ऋण समेत परिचालन गरिनेछ ।
- आन्तरिक राजस्व परिचालनलाई थप प्रभावकारी बनाइनेछ ।
- भागीनी सम्बन्ध विस्तार गरिएका स्थानीय सरकारहरूसँग साझेदारीमा विकास निर्माणमा सह लगानी गरिनेछ ।

## ९.६ आवधिक योजना कार्यान्वयन

### ९.६.१ योजना कार्यान्वयन

यस आवधिक योजनालाई दीर्घकालीन सोच उन्मुख रही आगामी पाँच वर्षको वार्षिक नीति तथा कार्यक्रम मार्फत कार्यान्वयन गरिनेछ । योजनाको मध्यावधि मूल्याङ्कनका आधारमा यसका नीति, कार्यक्रम र प्राथमिकताहरूमा समयोचित परिमार्जन गरिनेछ । गाउँपालिकाको विकास गाउँपालिका वा सरकारी क्षेत्रको एकल प्रयासले मात्र संभव छैन । त्यसैले यो योजना कार्यान्वयनमा निम्नअनुसारका अनुसार विभिन्न क्षेत्रको भूमिका अपेक्षा गरिएको छ।

**(क) सरकारी क्षेत्र**

यस आवधिक योजनालाई कार्यान्वयन गराउने प्रमुख भूमिका सरकारी क्षेत्र अर्थात् गाउँपालिकाको हो । गाउँपालिकाले नै सबै क्षेत्रसँगको समन्वय र साझेदारीमा योजना कार्यान्वयन गराउनेछ । गाउँपालिकाले निजी क्षेत्रलाई आकर्षित गर्न सङ्घीय र प्रदेश सरकार समेतको सहयोगमा पूर्वाधार विकास गरी विकासको आधार तयार गर्ने, नीतिगत, कानुनी, संरचनागत तथा प्रक्रियागत सुधार गरी निजी क्षेत्रलाई लगानी मैत्री वातावरण तयार गर्ने र सो अनुसार प्रभावकारी अनुगमन र नियमन गर्ने कार्य गर्नेछ । मौलिक हक र मानव अधिकार संरक्षण, गरिबी निवारण, शिक्षा, स्वास्थ्य लगायत सामाजिक विकास, महिला पिछडिएका वर्गको संरक्षण र विकास, समावेशिता, वातावरण संरक्षण, सामाजिक सुरक्षा, आदि निजी क्षेत्र आकर्षण नहुने क्षेत्र र सरकारको भूमिका नभई नहुने क्षेत्रमा गाउँपालिका आफैले कार्यक्रम कार्यान्वयन गर्नेछ ।

**(ख) निजीक्षेत्र**

यो योजना कार्यान्वयनमा निजीक्षेत्रले महत्त्वपूर्ण साझेदारको रूपमा भूमिका खेल्ने अपेक्षा गरिएको छ । विशेष गरी कृषि तथा पशुविकास, उद्योग, पर्यटन तथा विभिन्न सेवा क्षेत्रमा निजी क्षेत्रको भूमिका महत्त्वपूर्ण हुनेछ । सरकारबाट भएको नीतिगत, कानुनी र संरचनागत सुधारको लाभ लिई प्रतिस्पर्धात्मक क्षमताको विकास गर्दै उत्पादनशील क्षेत्रमा लगानी गर्ने, आय र रोजगारीका अवसर सृजना गर्ने, गुणस्तरीय उत्पादन र बजारीकरण गर्ने, बजारमा अत्यावश्यक वस्तु तथा सेवाको अभाव हुन नदिने, जिम्मेवारी र दायित्व बोधका साथ नियमित कर तथा अन्य राजस्व बुझाउने जस्ता महत्त्वपूर्ण भूमिकाको अपेक्षा निजी क्षेत्रबाट गरिएको छ । यस क्षेत्रबाट करिब **३.२१ प्रतिशत** लगानी हुने अपेक्षा गरिएको छ ।

**(घ) सहकारी क्षेत्र**

सहकारीले संस्थामा आबद्ध सदस्यहरूको आर्थिक, सामाजिक र सांस्कृतिक समृद्धि हासिल गर्न महत्त्वपूर्ण भूमिका खेलेको छ ।ससाना बचत र ऋण परिचालन गर्न, स्थानीय समुदायलाई सङ्गठित रूपमा आर्थिक सामाजिक विकासमा परिचालन गर्न, स्थानीय श्रोत र साधनको उपयोग गर्न, सहकारीताको धारणा अभिवृद्धि गर्न सहकारी संस्थाहरूले महत्त्वपूर्ण योगदान दिएका छन् । गाउँपालिकाले उद्यम विकास, रोजगारी सृजना, समावेशी आर्थिक वृद्धि, गरिवी निवारण आदिमा सहकारीक्षेत्रको विशेष भूमिका अपेक्षा गरी यसक्षेत्रवाट योजना अवधिमा **१.४९ प्रतिशत** लगानी प्रक्षेपण गरिएको छ ।

### (ङ) गैह सरकारी क्षेत्र (गैसस)

समूह परिचालन, सचेतना मूलक कार्यक्रम, ससाना पूर्वाधार विकास, समुदायमा आधारित सेवा प्रवाह, लैङ्गिक तथा सामाजिक सशक्तिकरण, समूह बचत तथा ऋण परिचालन, ससाना आय मूलक कार्यक्रम सञ्चालन, रोजगारी सृजना, नीतिगत पृष्ठपोषण आदि कार्यमा गैससले गाउँपालिकासँग महत्त्वपूर्ण साझेदारको रूपमा काम गर्दै आएका छन् । आफ्ना विशिष्टताका क्षेत्रमा गैससले प्रमुख साझेदारको रूपमा काम गर्ने अपेक्षाका साथ यस क्षेत्रबाट **३.२३ प्रतिशत** लगानी हुने अनुमान गरिएको छ ।

### (च) उपभोक्ता समूह, नागरिक समाज र सामुदायिक सङ्घ संस्था

विकास प्रदायकले जतिसुकै प्रयास गरेता पनि यसका प्रापक अर्थात् उपभोक्ताको सहभागिता, सहयोग, सहकार्य र अपनत्व ग्रहण भई दिगो व्यवस्थापन नगरे सम्म विकाशलाई गति दिन सम्भव छैन । त्यसकारण यिनीहरूबाट विकास कार्यमा व्यापक सहयोग सहभागिता र निगरानी हुने अपेक्षा गरिएको छ । विकास कार्यमा उपभोक्ता समूह र स्थानीय समुदायको योगदान **२.१५ प्रतिशत** हुने अनुमान गरिएको छ ।

### (छ) अन्तर स्थानीय तह साझेदारी

गाउँपालिकाले भगीनि सम्बन्ध राखेका स्थानीय सरकार र सिमाना जोडिएका छिमेकी स्थानीय तहहरूसँग मिलेर रणनैतिक महत्त्वका विकासका योजनाहरू निर्माणका लागि साझेदारीमा गाउँपालिका क्षेत्र भित्र लगानी हुने अनुमान गरिएको छ । यस किसिमका अन्तर स्थानीय तह साझेदारीमा करिब **१.६७ प्रतिशत** लगानी हुने अनुमान गरिएको छ ।

## ९.६.२ कार्यान्वयन प्रक्रिया

गाउँपालिकाको पञ्चवर्षीय आवधिक योजना कार्यान्वयनका लागि गाउँपालिकाले तपसिल बमोजिमका प्रक्रियाहरू अवलम्बन गरि अगाडी बढ्नु पर्ने देखिन्छ ।

### (क) सूची तयारी

गाउँपालिकाले आवधिक योजनाले निर्धारण गरेका प्राथमिकताका कार्यक्रमहरू आफैले कार्यान्वयन गर्ने, सङ्घीय सरकारबाट कार्यान्वयन हुने, प्रदेश सरकारबाट कार्यान्वयन हुने, तीनै तहका सरकारबाट संयुक्त लगानीमा कार्यान्वयन हुने, प्रदेश वा सङ्घ सरकारको साझेदारीमा कार्यान्वयन गर्ने, अन्य स्थानीय सरकारको साझेदारीमा सञ्चालन हुने, गैसस तथा अन्तरराष्ट्रिय गैसस मार्फत कार्यान्वयन हुने, विकास साझेदारबाट कार्यान्वयन हुने तथा निजी क्षेत्रबाट कार्यान्वयन गरिने छुट्टा छुट्टै सूची तयार गर्नेछ ।

### (ख) छलफल एवं अन्तरक्रिया

सूची तयार गरेपछि निजीक्षेत्र, गैसस, सहकारी क्षेत्र र सामुदायिक क्षेत्रले सञ्चालन गर्ने कार्यका लागि गाउँपालिकाले सम्बन्धित क्षेत्रहरूसँग छलफल र अन्तरक्रिया गरी लगानी गर्न सहयोग एवं सहजिकरण गर्नेछ । छलफल र अन्तरक्रियालाई नियमित गराई उनीहरूलाई सरकारको असल सहयोगीको रूपमा विकास गर्दै लगिनेछ ।

### (ग) मध्यकालीन खर्च संरचना तयारी

गाउँपालिकाले सञ्चालन गर्ने कार्यक्रमलाई आवधिक योजना र वार्षिक कार्यक्रम बीच अन्तरसम्बन्ध स्थापित गर्न तथा योजनाको प्राथमिकीकरण गर्दै प्राथमिकता प्राप्त आयोजनाहरूमा लगानी सुनिश्चित गर्न मध्यमकालीन खर्च संरचना तर्जुमा गरी वार्षिक रूपमा परिमार्जन गर्दै लगिनेछ । मध्यमकालीन खर्च संरचनाले निर्धारण गरेको योजना र बजेटको प्राथमिकताका आधारमा क्रमशः योजनाहरू कार्यान्वयन गर्दै लगिनेछ ।

### (घ) नतिजामा आधारित अनुगमन ढाँचा अनुसार वार्षिक समीक्षा

आवधिक योजनासँग वार्षिक योजनाको अन्तरसम्बन्ध स्थापित गरी कार्यान्वयन गर्न वार्षिक कार्यक्रमसँग निम्न तालिका संलग्न गरी स्वीकृत गरिने व्यवस्था गरिनेछ । कार्यक्रम सञ्चालन गर्दा स्थानीय सरकार सञ्चालन ऐन, २०७४, सार्वजनिक खरिद ऐन, २०६३, खरिद नियमावली लगायत अन्य सम्बन्धित ऐन नियम अन्तर्गत रही योजनाको प्रकृति अनुसार ठेक्का, करार, अमानत वा उपभोक्ता समितिमध्ये उपयुक्त माध्यमबाट गरिनेछ । त्यसैगरी गैसस तथा विकास साझेदारहरूसँगको साझेदारीमा कार्यक्रम कार्यान्वयन गर्दा सम्बन्धित निकायसँग गरेको सम्झौता बमोजिम कार्यान्वयन गरिनेछ ।

तालिका ७२: वार्षिक कार्यान्वयन कार्ययोजना ढाँचा

| योजनाको विषयगत क्षेत्र | आवधिक योजना | | | वार्षिक बजेट तथा कार्यक्रम | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | नीति तथा कार्यक्रम | लक्ष्य/सूचक | | आयोजना/ कार्यक्रम (स्थान समेत) | लक्ष्य | | विनियोजन | कार्यान्वयन विधि | लाभान्वित जनसङ्ख्या | प्राथमिकता क्रम | लगानी तथा कार्यान्वयन गर्ने निकाय |
| | | एकाइ | परिमाण | | एकाइ | परिमाण | | | | | |
| आर्थिक विकास | | | | | | | | | | | |
| सामाजिक विकास | | | | | | | | | | | |
| पूर्वाधार विकास | | | | | | | | | | | |
| वातावरण तथा विपद व्यवस्थापन | | | | | | | | | | | |
| संस्थागत र सुशासन | | | | | | | | | | | |
| अन्तर सम्बन्धित क्षेत्र | | | | | | | | | | | |
| जम्मा कार्यक्रम खर्च | | | | | | | | | | | |
| जम्मा चालू खर्च | | | | | | | | | | | |
| कूल जम्मा | | | | | | | | | | | |

**द्रष्टव्यः** विषय क्षेत्र र उपक्षेत्रहरूले आ–आफ्नो कार्यक्रमहरू प्रस्तुत गर्दा चालू र पूँजीगत खर्च खुलाई गाउँपालिकामा पेश गर्नुपर्ने छ ।

## ९.७ अनुगमन तथा मूल्याङ्कन योजना

गाउँपालिकाले अनुगमन कार्य योजना बनाई नियमित रूपमा नतिजा सूचकमा आधारित भई सहभागितामूलक प्रक्रियाबाट अनुगमन तथा मूल्याङ्कन गर्नेछ । अनुगमनमा संलग्न हुने जनप्रतिनिधि एवं कर्मचारीहरूको क्षमता विकास गरिनेछ । अनुगमनका लागि आवश्यकता अनुसार सरोकारवालाहरू र तेस्रो पक्ष समेतलाई सहभागिता गराइनेछ । नतिजा सूचकमा आधारित अनुगमन खाका तयार गरी सोही अनुसार नियमित अनुगमन, वार्षिक समीक्षा, मध्यावधि तथा अन्तिम मूल्याङ्कन गरिनेछ । गाउँपालिकाले देहायको उद्देश्य प्राप्तिका लागि अनुगमन गर्नेछः

- कार्यतालिका अनुसार काम भए नभएको एकीन गर्न ।
- तोकिएको कामको समय, लागत र गुणस्तर कायम गर्न ।
- कार्यान्वयनको क्रममा भएका गल्ती वा कमजोरी तत्काल सुधार गर्न ।
- डिजाइन वा कार्यान्वयनमा भएका गल्ती सुधार गरी सार्वजनिक कोषको अपव्यय हुनबाट रोक्न।

गाउँपालिकाले देहाय अनुसार अनुगमन गर्नेछः

- निरन्तर अनुगमन,
- दिगोपनाको अनुगमन ।

गाउँपालिकाले देहायका आयोजनाहरूको अनुगमन गर्नेछः

- गाउँपालिकाबाट स्वीकृत कार्यक्रम वा आयोजनाहरू,
- गाउँपालिकाबाट लगानी भएका आयोजनाहरू,
- नेपाल सरकार वा प्रदेश सरकारबाट प्राप्त स्रोत साधन मार्फत सञ्चालित आयोजनाहरू,
- गाउँपालिका क्षेत्रभित्र गैरसरकारी संस्था मार्फत सञ्चालित आयोजनाहरू,
- गाउँपालिकाले आवश्यक ठानेका अन्य आयोजनाहरू ।

### ९.७.१ अनुगमन तथा मूल्याङ्कनको आवश्यकता

अनुगमनले विकास कार्यक्रम र आयोजनाहरूको नतिजा खोज्ने र कार्यान्वयन गर्ने पक्षलाई बढी जिम्मेवार बनाउनको साथै जबाफदेही पनि बनाउँछ । नीति, योजना, कार्यक्रम तथा आयोजनाहरूको कार्यान्वयनको सुनिश्चिततालागि अनुगमन तथा त्यसबाट प्राप्त नतिजाको विश्लेषणका लागि मूल्याङ्कनको आवश्यकता पर्दछ । विकास आयोजनाहरूबाट, निर्धारित समयावधि भित्र निश्चित उपलब्धि तथा लागत अनुसारको प्रतिफल प्राप्त भए/नभएको यकिन गर्न सशक्त एवम् निष्पक्ष अनुगमन तथा मूल्याङ्कनको व्यवस्था हुनु पर्दछ । अनुगमन एउटा निरन्तर चलिरहने प्रक्रिया हो, जो आयोजना कार्यान्वयनको चरणमा गरिन्छ, यसको मुख्य उद्देश्य चालू परियोजनाको प्रगति र ढिला-सुस्तीको बारेमा सरोकारवालाहरूलाई समयमा नै जानकारी गराई परियोजनालाई सही बाटोमा हिँडाउनु हो ।

## ९.७.२ अनुगमन तथा मूल्याङ्कनको जिम्मेवारी

अनुगमनमा देहायका तरिकाहरू अपनाइनेछः

- नियमित प्रतिवेदन लिएर,
- स्थलगत अवलोकन गरेर,
- सरोकारवालाहरू सँग छलफल गरेर,
- नागरिक समाजका संस्थाहरू परिचालन गरेर (मिडिया आदि),
- सार्वजनिक परीक्षण, सार्वजनिक सुनुवाइ, सामाजिक परीक्षण जस्ता विधिहरू मार्फत ।

अनुगमनमा देहायका पदाधिकारीहरू संलग्न रहने छन्ः

- स्थानीय तहको कार्य विभाजन नियमावलीले तोकेको पदाधिकारी,
- उपाध्यक्ष (स्थानीय सरकार सञ्चालन ऐन २०७४),
- अनुगमन तथा सुपरिवेक्षण समितिका सदस्यहरू,
- प्रमुख प्रशासकीय अधिकृत र सम्बन्धित शाखा प्रमुख (नियमित कार्य),
- वडा स्तरीय आयोजनाको हकमा वडाध्यक्ष र सदस्यहरू ।

गाउँपालिका स्तरीय अनुगमन तथा सुपरिवेक्षण समितिमा देहायका पदाधिकारीहरू रहनेछन्ः

| | |
|---|---|
| – उपाध्यक्ष | संयोजक |
| – प्रमुखले तोकेका एक जना महिला सहित कार्यपालिकाका सदस्यहरू मध्येबाट (दुई जना) | सदस्य |
| – प्रमुख प्रशासकीय अधिकृत | सदस्य |
| – प्रमुख, योजना शाखा | सदस्य सचिव |

*आवश्यकता अनुसार कार्यपालिकाका अन्य सदस्य तथा विषय विज्ञलाई आमन्त्रण गर्न सकिने ।*

देहायको अनुगमन कार्ययोजना बनाई लागू गरिनेछः

- कार्यपालिकामा एकीकृत कार्यान्वयन कार्ययोजना पेश गरेको १५ दिनभित्र अनुगमन तथा सुपरिवेक्षण समितिबाट आफ्नो वार्षिक अनुगमन कार्ययोजना बनाइ कार्यान्वयन गरिनेछ,
- अनुगमन तथा सुपरिवेक्षण समितिले गरेको कामको प्रतिवेदन प्रत्येक २ महिनामा कार्यपालिकाको बैठकमा पेश गरी छलफल गरिनेछ । समितिले समाधान गर्न नसकेका समस्याहरूलाई यस बैठकबाट सम्बोधन गरिनेछ ।

वडास्तरीय कार्यक्रमहरूको अनुगमन तथा सुपरिवेक्षण गर्न देहाय बमोजिमको समिति रहनेछः

| | |
|---|---|
| ▪ सम्बन्धित वडाको वडाध्यक्ष | संयोजक |
| ▪ वडा सदस्यहरू | सदस्य |
| ▪ वडा सचिव | सदस्य सचिव |

आवश्यकता परेमा कार्यपालिकाका अन्य सदस्य तथा कर्मचारीलाई समेत आमन्त्रण गर्न सकिनेछ ।

## ९.७.३ अनुगमन तथा मूल्याङ्कन प्रक्रिया

योजना अवधि समाप्त भए पछि कार्यपालिकाले तोकेका आयोजनाको तेस्रो पक्षद्वारा देहायका सूचना प्राप्त गर्न प्रभाव मूल्याङ्कन गरिनेछ ।

- योजनाको लक्ष्य बमोजिम प्रगति भए नभएको,
- लाभग्राहीमा योजनाका नतिजाले पारेको प्रभाव,
- आगामी योजना तर्जुमाको लागि पृष्ठपोषण,
- योजना तर्जुमा र कार्यान्वयन विधिमा आवश्यक परिमार्जन गर्न,
- योजनाबाट प्राप्त हुने फाइदालाई अधिकतम बनाउन ।

आवधिक तथा वार्षिक गाउँपालिका विकास योजनाको अनुगमन तथा मूल्याङ्कनको प्रक्रिया देहायअनुसार हुनुपर्नेछ:

तालिका ७३: अनुगमन तथा मूल्याङ्कन खाका

| के गर्ने | कसले गर्ने | कहिले गर्ने | कसरी गर्ने | फलोअप |
|---|---|---|---|---|
| | | | **अनुगमन प्रक्रिया** | |
| कार्यक्रम वा प्रक्रिया अनुगमन | सुपरिवेक्षण तथा अनुगमन समिति, वडा समिति, सरकारी कार्यालय र गैसस | आवश्यकता अनुसार, मासिक, चौमासिक र वार्षिक | ▪ स्थलगत अनुगमन<br>▪ वार्षिक योजनाको चौमासिक कार्ययोजनामा उल्लिखित लक्ष्य र प्रगति विवरणको तुलना<br>▪ बृहत् योजनाको कार्यान्वयन योजनाको<br>▪ वार्षिक लक्ष्य र प्रगतिको तुलनात्मक अध्ययन | ▪ अनुगमन टोलीले अनुगमन प्रतिवेदन तयार गरी गाउँपालिका कार्यालयमा पेश गर्ने<br>▪ गाउँपालिका कार्यालयले प्रतिवेदनका सिफारिस कार्यान्वयनका लागि नपा समक्ष कार्ययोजना पेश गर्ने |
| प्रतिफल अनुगमन | गाउँपालिका कार्यपालिका, सुपरिवेक्षण तथा अनुगमन समिति | चौमासिक, अर्ध वार्षिक, वार्षिक र मध्यावधि | ▪ स्थलगत अनुगमन<br>▪ वार्षिक कार्ययोजनाको लक्ष्य र प्रगति विवरणको तुलना<br>▪ सञ्चालित योजनाहरूको कार्यान्वयनबाट सोच तालिकामा उल्लिखित अपेक्षित प्रतिफल के कति कारणले हासिल हुने देखिन्छ वा देखिँदैन भन्ने सम्बन्धी अध्ययन गरी प्रतिवेदन पेश गर्ने | |
| असर तह अनुगमन | गाउँपालिका कार्यपालिका सुपरिवेक्षण तथा अनुगमन समिति र तेस्रो पक्ष | वार्षिक, मध्यावधि र अन्तिम वर्ष | ▪ लक्षित समूह तथा सहभागितामूलक छलफल<br>▪ नमुना सर्वेक्षण मार्फत सोच तालिकाको लक्ष्य अनुरूप प्रगति मापन<br>▪ योजनाबाट विषयगत उद्देश्य, अपेक्षित प्रतिफल के कति कारणले प्राप्त हुने वा नहुने विषयमा अध्ययन<br>▪ प्रतिवेदन तयारी र गाउँपालिकामा छलफल | |
| | | | **मूल्याङ्कन प्रक्रिया** | |
| असर तह मूल्याङ्कन | स्वतन्त्र तेस्रो पक्ष | योजनाको मध्य अवधि | ▪ लक्षित समूह तथा सहभागितामूलक छलफल<br>▪ नमुना सर्वेक्षण मार्फत सोच तालिकाको लक्ष्य अनुरूप प्रगति मापन<br>▪ असर तहका सूचना सङ्कलन गर्दा प्रारम्भिक तहका असरमा ध्यान दिने | ▪ अनुगमन टोलीले अनुगमन प्रतिवेदन तयार गरी गाउँपालिका |


| के गर्ने | कसले गर्ने | कहिले गर्ने | कसरी गर्ने | फलोअप |
|---|---|---|---|---|
| **अनुगमन प्रक्रिया** | | | | |
| | | | ▪ प्रतिवेदन तयारी र गाउँपालिकामा छलफल | कार्यालयमा पेश गर्ने |
| प्रभाव तह मूल्याङ्कन | गाउँपालिका कार्यपालिका सुपरिवेक्षण तथा अनुगमन समिति र तेस्रो पक्ष | योजना सम्पन्न भएको दुई वर्षपछि | ▪ लक्षित समूह तथा सहभागितामूलक छलफल<br>▪ नमुना सर्वेक्षण मार्फत योजनाको दीर्घकालीन सोच तथा विषयगत उद्देश्यहरू हासिल गर्ने दिशामा योजना के कति हदमा सफल भयो र योजना आफैंमा के कति सान्दर्भिक, प्रभावकारी रह्यो र समग्र विकासको दिगो व्यवस्थापनमा योजनाले के कति योगदान गर्न सक्यो भनी अध्ययन<br>▪ प्रतिवेदन तयारी र गाउँपालिकामा छलफल | ▪ गाउँपालिका कार्यालयले प्रतिवेदनका सिफारिस कार्यान्वयनका लागि नपा समक्ष कार्ययोजना पेश गर्ने |


आयोजनाको प्रभाव मूल्याङ्कन देहाय बमोजिम गर्ने व्यवस्था गरिनेछः


- गाउँपालिकाले निर्धारण गरेका निश्चित लागत भन्दा बढीका आयोजनाको योजना सम्पन्न भएको २ वर्षभित्र तेस्रो पक्षबाट प्रभाव मूल्याङ्कन गराइनेछ ।
- प्रभाव मूल्याङ्कनको नतिजा कार्यपालिकाको बैठकमा प्रस्तुत गरी सरोकारवालाहरूको जानकारीको लागि सार्वजनिक गरिनेछ ।

# अनुसूचीहरू


## अनुसूची — १ : गाउँपालिकाको भूउपयोग स्रोत नक्शाहरू






RAMBHA RURAL MUNICIPALITY
Land Use Map
LUMBINI PROVINCE
DISTRICT: PALPA
465000
470000
475000
3090000
3085000
3080000
GALYANG NAGARPALIKA
SYANGJA
CHAPAKOT NAGARPALIKA
BAGNASKALI GAUNPALIKA
RAMPUR NAGARPALIKA
PURBAKHOLA GAUNPALIKA
MATHAGADHI GAUNPALIKA
Ward No 1
Ward No 2
Ward No 3
Ward No 4
Ward No 5
N
Legend
Settlement
River
Ward Boundary
RM/Municipality Boundary
District Boundary
Province Boundary
Land Use Class
Agriculture
Commercial
Cultural & Archeologica
Forest
Riveraine, Lake & Marsh Area
Others
Public Use
Residential
PROJECTION AND DATUM
Projection: Transverse Mercator
Datum: Everest 1830
False Easting: 500,000 m
False Northing: 0 m
Central Meridian: 84° E
Scale Factor: 0.9999
Latitude Of Origin: 0 Degree
Units: Meter
Rambha Rural Municipality
Lumbini Province
Palpa, Nepal
Scale 1:79,000
0 0.5 1 2 3 Km
Data Source:Administrative Boundary form Survey Department and





RAMBHA RURAL MUNICIPALITY
Road Network Map
LUMBINI PROVINCE
DISTRICT:PALPA
465000
470000
475000
3088000
3084000
3080000
GALYANG NAGARPALIKA
SYANGJA
CHAPAKOT NAGARPALIKA
BAGNASKALI GAUNPALIKA
PALPA
RAMBHA GAUNPALIKA
RAMPUR NAGARPALIKA
PURBAKHOLA GAUNPALIKA
MATHAGADHI GAUNPALIKA
Ward No 1
Ward No 2
Ward No 3
Ward No 4
Ward No 5
Asardi
Raudi Bisaune
Majuwa
Sangaha
Siudi
Hungiphant
Majhkhanda
Heklang
Heklan
Ranibas
Nigichaurphant
Kauchhe
Diwaldanda
Pipaldanda
Maulathar
Sejugaun
Jarlang
Sano Hungo
Dhunge
Phoksindanda
Bairadi
Syabu
Naugaunphat
Chyanlingphat
Bisauna
Sikuwadanda
Sikuwadada
Chapardanda
Syanju
Tuledanda
Belonja
Kharekyang
Maslang
Labe
Pakhure
Jheskang
Barause
Namta
Simaldanda
Pipardi
Surungdanda
Thumka
Raibane
Agahakhota Gaun
Ghonnsing
Lunnkre
Rajaya
Jhokhedi
Kuwadi
Rupdanda
Jambuwa
Garunga
Jhankridanda
Khokkhola Gaun
Shikhardanda
Amrai
Pordi
Om Bhanjyang
Ghosra Ghat
Khalbhukun
Bakumba
Agaha Khola
Gabu Danda
Humindham
Nilmani
Dham
Dumai Ghat
Marsidanda
Bichhadi
Deurali Chhap
Tahunn
Chhap
Sekibas
Bakum
Phurangdi
Ghyansin Pokhara
Dham
Gabudanda
Ghorpalchhap
Dhobadi
Melen Danda
Humln
Khalkun
Malin Danda
Raiya
Pokhradanda
Dhuwa Kharka
Ghurchis Phant
Ramaidanda
Tallo Dhobadi
Mathillo Humin
Humin
Tilahar
Baghachaur
Denpauwa
Legend
Settlement
Road Network
Ward Boundary
RM/Municipality Boundary
District Boundary
Province Boundary
PROJECTION AND DATUM
Projection: Transverse Mercator
Datum: Everest 1830
False Easting: 500,000 m
False Northing: 0 m
Central Meridian: 84° E
Scale Factor: 0.9999
Latitude Of Origin: 0 Degree
Units: Meter
Rambha Rural Municipality
Lumbini Province
Palpa, Nepal
N
Scale 1:79,000
0 0.5 1 2 3 Km
Data Source:Administrative Boundary form Survey Department and Google Satellite Image


RAMBHA RURAL MUNICIPALITY
Forest Resource Map
LUMBINI PROVINCE
DISTRICT: PALPA
465000
470000
475000
3088000
3084000
3080000
GALYANG NAGARPALIKA
SYANGJA
CHAPAKOT NAGARPALIKA
BAGNASKALI GAUNPALIKA
RAMPUR NAGARPALIKA
PURBAKHOLA GAUNPALIKA
MATHAGADHI GAUNPALIKA
Ward No 1
Ward No 2
Ward No 3
Ward No 4
Ward No 5
Asardi
Raudi Bisaune
Majuwa
Sangaha
Siudi
Hungiphant
Majhkhanda
Heklang
Hekjan
Nigichaurphant
Ranibas
Kauchhe
Diwaldanda
Pipaldanda
Jarlang
Sano Hungo
Phoksindanda
Bairadi
Syabu
Naugauphat
Chyanlingphat
Bisauna
Sikuwadanda
Sikuwadada
Chapardanda
Syanju
Dhunge
Maulathar
Sejugaun
Tuledanda
Belonja
Maslang
Pakhure
Kharekyang
Labe
Jheskang
Barause
Namta
Simaldanda
Pipardi
Thumka
Surungdanda
Raibane
Agahakhota Gaun
Ghonnsing
Lunnkre
Rajaya
Jhokhedi
Kuwadi
Rupdanda
Jambuwa
Garunga
Jhankridanda
Khokkhola Gaun
Shikhardanda
Om Bhanjyang
Temane
Ghosra Ghat
Amrai
Pordi
Khalbhukun
Bakumba
Agaha Khola
Gabu Danda
Humindham
Nilmani
Sekibas
Dham
Dumai Ghat
Tahunn
Chhap
Bakum
Phurangdi
Marsidanda
Bichhadi
Deurali Chhap
Ghyansin Pokhara
Ghorpalchhap
Dhobadi
Melen Danda
Churchis Phant
Humin
Gabudanda
Dhuwa Kharka
Malin Danda
Raiya
Ramaidanda
Pokhradanda
Tallo Dhobadi
Mathillo Humin
Tilahar
Baghachaur
Denpauwa
Legend
Settlement
River
Ward Boundary
RM/Municipality Boundary
District Boundary
Province Boundary
Forest Resource
Forest
PROJECTION AND DATUM
Projection: Transverse Mercator
Datum: Everest 1830
False Easting: 500,000 m
False Northing: 0 m
Central Meridian: 84° E
Scale Factor: 0.9999
Latitude Of Origin: 0 Degree
Units: Meter
Rambha Rural Municipality
Lumbini Province
Palpa, Nepal
N
Scale 1:79,000
0
1
2
4
Km
Data Source:Administrative Boundary form Survey Department and Google Satellite Image



RAMBHA RURAL MUNICIPALITY
Aspect Map
LUMBINI PROVINCE
DISTRICT: PALPA
465000
470000
475000
3088000
3084000
3080000
GALYANG NAGARPALIKA
SYANGJA
CHAPAKOT NAGARPALIKA
BAGNASKALI GAUNPALIKA
RAMPUR NAGARPALIKA
PURBAKHOLA GAUNPALIKA
MATHAGADHI GAUNPALIKA
Ward No 1
Ward No 2
Ward No 3
Ward No 4
Ward No 5
N
E
S
W
Legend
Ward Boundary
RM/Municipality Boundary
District Boundary
Province Boundary
Aspect
Flat (-1)
North (0-22.5)
Northeast (22.5-67.5)
East (67.5-112.5)
Southeast (112.5-157.5)
South (157.5-202.5)
Southwest (202.5-247.5)
West (247.5-292.5)
Northwest (292.5-337.5)
North (337.5-360)
PROJECTION AND DATUM
Projection: Transverse Mercator
Datum: Everest 1830
False Easting: 500,000 m
False Northing: 0 m
Central Meridian: 84° E
Scale Factor: 0.9999
Latitude Of Origin: 0 Degree
Units: Meter
Rambha Rural Municipality
Lumbini Province
Palpa, Nepal
Scale 1:79,000
0 0.5 1 2 3
Km
Data Source:Administrative Boundary form Survey Department.



RAMBHA RURAL MUNICIPALITY
Slope Map
LUMBINI PROVINCE
DISTRICT: PALPA
465000
470000
475000
3088000
3084000
3080000
GALYANG NAGARPALIKA
SYANGJA
CHAPAKOT NAGARPALIKA
BAGNASKALI GAUNPALIKA
RAMPUR NAGARPALIKA
PURBAKHOLA GAUNPALIKA
MATHAGADHI GAUNPALIKA
Ward No 1
Ward No 2
Ward No 3
Ward No 4
Ward No 5
Legend
Ward Boundary
RM/Municipality Boundary
District Boundary
Province Boundary
Slope (Degree)
<10
10-20
20-30
30-40
>40
PROJECTION AND DATUM
Projection: Transverse Mercator
Datum: Everest 1830
False Easting: 500,000 m
False Northing: 0 m
Central Meridian: 84° E
Scale Factor: 0.9999
Latitude Of Origin: 0 Degree
Units: Meter
Rambha Rural Municipality
Lumbini Province
Palpa, Nepal
N
Scale 1:79,000
0 0.5 1 2 3
Km
Data Source:Administrative Boundary form Survey Department and Google Satellite Image



RAMBHA RURAL MUNICIPALITY
Land Use Map (Ward 1)
LUMBINI PROVINCE
DISTRICT: PALPA
GALYANG NAGARPALIKA
SYANGJA
Asardi
Raudi Bisaune
Majuwa
Sangaha
Siudi
Hungiphant
Majhkhanda
Heklang
Heklan
Bairadi
Syabu
Naugauphat
Chyanlingphat
Bisauna
Chapardanda
Sikuwadanda
Sikuwadada
Syanju
Maslang
Pakhure
Ward No 2
Ward No 3
PURBAKHOLA GAUNPALIKA
468000
471000
474000
3090000
3087000
3084000
N
Legend
Settlement
Ward Boundary
RM/Municipality Boundary
District Boundary
Province Boundary
Land Use Class
Agriculture
Commercial
Cultural & Archeological
Forest
Riveraine, Lake & Marsh Area
Other
Public Use
Residential
PROJECTION AND DATUM
Projection: Transverse Mercator
Datum: Everest 1830
False Easting: 500,000 m
False Northing: 0 m
Central Meridian: 84° E
Scale Factor: 0.9999
Latitude Of Origin: 0 Degree
Units: Meter
Rambha Rural Municipality
Lumbini Province
Palpa, Nepal
Scale 1:52,000
0 0.5 1 2 Km
Data Source:Administrative Boundary form Survey Department and LULC.



RAMBHA RURAL MUNICIPALITY
Land Use Map (Ward 2)
LUMBINI PROVINCE
DISTRICT: PALPA
466000
468000
470000
472000
3086000
3084000
3082000
N
Ranibas
Kauchhe
Phoksindanda
Sano Hungo
Jarlang
Dhunge
Tuledanda
Belonja
Kharekyang
Labe
Namta
Barause
Simaldanda
Simaldanda
Pipardi
Surungdanda
Thumka
Raibane
Rajaya
Jhokhedi
Rupdanda
Rupdanda
Ward No 1
Ward No 3
Ward No 5
PURBAKHOLA GAUNPALIKA
Legend
Settlement
Ward Boundary
RM/Municipality Boundary
District Boundary
Province Boundary
Land Use Class
Agriculture
Commercial
Cultural & Archeological
Forest
Riveraine, Lake & Marsh Area
Other
Public Use
Residential
PROJECTION AND DATUM
Projection: Transverse Mercator
Datum: Everest 1830
False Easting: 500,000 m
False Northing: 0 m
Central Meridian: 84° E
Scale Factor: 0.9999
Latitude Of Origin: 0 Degree
Units: Meter
Rambha Rural Municipality
Lumbini Province
Palpa, Nepal
Scale 1:38,000
0 300 600 1,200 1,800 M
Data Source:Administrative Boundary form Survey Department and LULC.


RAMBHA RURAL MUNICIPALITY
Land Use Map (Ward 3)
LUMBINI PROVINCE
DISTRICT: PALPA
GALYANG NAGARPALIKA
BAGNASKALI GAUNPALIKA
MATHAGADHI GAUNPALIKA
Ward No 1
Ward No 2
Ward No 4
Ward No 5
Nigichaurphant
Diwaldanda
Pipaldanda
Maulathar
Sejugaun
Jheskang
Agahakhota Gaun
Ghonnsing
Lunnkre
Kuwadi
Garunga
Jambuwa
Khokkhola Gaun
Kuwadi
Shikhardanda
Amrai
Agaha Khola
Nilmani
Dumai Ghant
N
465000
468000
471000
3085500
3083000
3080500
Legend
Settlement
Ward Boundary
RM/Municipality Boundary
District Boundary
Province Boundary
Land Use Class
Agriculture
Commercial
Cultural & Archeological
Forest
Riveraine, Lake & Marsh Area
Other
Public Use
Residential
PROJECTION AND DATUM
Projection: Transverse Mercator
Datum: Everest 1830
False Easting: 500,000 m
False Northing: 0 m
Central Meridian: 84° E
Scale Factor: 0.9999
Latitude Of Origin: 0 Degree
Units: Meter
Rambha Rural Municipality
Lumbini Province
Palpa, Nepal
Scale 1:47,000
0 300 600 1,200 1,800 M
Data Source:Administrative Boundary form Survey Department and LULC.


RAMBHA RURAL MUNICIPALITY
Land Use Map (Ward 4)
LUMBINI PROVINCE
DISTRICT: PALPA
465000
467500
470000
3080800
3078800
3076800
Ward No 2
Ward No 3
Ward No 5
MATHAGADHI GAUNPALIKA
PURBAKHOLA GAUNPALIKA
Gabu Danda
Humindham
Dham
Marsidanda
Ghyansin Pokhara
Dham
Pokhradanda
Raiya
Ramaidanda
Mathillo Humin
Baghachaur
Humin
Tilahar
Denpauwa
N
Legend
Settlement
Ward Boundary
RM/Municipality Boundary
District Boundary
Province Boundary
Land Use Class
Agriculture
Commercial
Cultural & Archeological
Forest
Riveraine, Lake & Marsh Area
Other
Public Use
Residential
PROJECTION AND DATUM
Projection: Transverse Mercator
Datum: Everest 1830
False Easting: 500,000 m
False Northing: 0 m
Central Meridian: 84° E
Scale Factor: 0.9999
Latitude Of Origin: 0 Degree
Units: Meter
Rambha Rural Municipality
Lumbini Province
Palpa, Nepal
Scale 1:37,000
0 300 600 1,200 1,800 M
Data Source:Administrative Boundary form Survey Department and LULC.


RAMBHA RURAL MUNICIPALITY
Land Use Map (Ward 5)
LUMBINI PROVINCE
DISTRICT: PALPA
471000
474000
3082000
3080000
3078000
Ward No 2
Ward No 3
Ward No 4
PURBAKHOLA
GAUNPALIKA
N
Jhankridanda
Temane
Pordi
Om Bhanjyang
Khalbhukun
Ghosra Ghat
Bakumba
Sekibas
Bakum
Phurangdi
Phurangdi
Pordi
Ghorpalchhap
Tahunn
Deurali Chhap
Chhap
Gerun Danda
Khalkun
Dhobadi
Melen Danda
Gabudanda
Humln
Malin Danda
Dhuwa Kharka
Ghurchis
Phant
Tallo Dhobadi
Legend
Settlement
Ward Boundary
RM/Municipality Boundary
District Boundary
Province Boundary
Land Use Class
Agriculture
Commercial
Cultural & Archeological
Forest
Riveraine, Lake & Marsh Area
Other
Public Use
Residential
PROJECTION AND DATUM
Projection: Transverse Mercator
Datum: Everest 1830
False Easting: 500,000 m
False Northing: 0 m
Central Meridian: 84° E
Scale Factor: 0.9999
Latitude Of Origin: 0 Degree
Units: Meter
Rambha Rural Municipality
Lumbini Province
Palpa, Nepal
Scale 1:32,000
0 250 500 1,000 1,500
M
Data Source:Administrative Boundary form Survey Department and LULC.

## अनुसूची — २ : आवधिक योजना तर्जुमा कार्यशाला तथा अभिमुखीकरण छलफलका केही फोटाहरू























आवधिक गाउँ विकास योजना
अभिमुखीकरण तथा प्रारम्भिक कार्यशाला





## अनुसूची — ३: आवधिक योजना तर्जुमा कार्यशाला तथा छलफलका केही उपस्थितिहरू

आज मिति २०८१/०३/०१ र २०८१/०३/०२ गते रम्भा गाउपालिकाको आयोजना र अलाना इन्टरनेशनल सर्भिसेस प्रा.ले काठमाडौंको प्राविधिक सहयोगमा रम्भा गाउपालिकाको आवधिक योजना तर्जुमा कार्यको २ दिने कार्यशाला गाउपालिका अध्यक्ष श्री विष्णु प्रसाद भण्डारी ज्यूको अध्यक्षता एवं देहाय बमोजिमको उपस्थितिमा सञ्चालन गरियो।

| क्र.स | नाम थर | पद | २०८१/०३/०१ | २०८१/०३/०२ |
|---|---|---|---|---|
| १ | श्री विष्णु प्रसाद भण्डारी | गा.पा अध्यक्ष | [illegible] | [illegible] |
| २ | ,, राधा कुमारी श्रेष्ठ | ,, उपाध्यक्ष | राधा श्रेष्ठ | राधा श्रेष्ठ |
| ३ | ,, विर बहादुर पुन | प्र.प्र अधिकृत | [illegible] | [illegible] |
| ४ | [illegible] कार्की | वडा अध्यक्ष | | |
| ५ | [illegible] बहादुर [illegible] | वडा अध्यक्ष | [illegible] | [illegible] |
| ६ | धर्म बहादुर [illegible] | वडा अध्यक्ष | [illegible] | [illegible] |
| ७ | कृष्ण बहादुर [illegible] | वडा अध्यक्ष | [illegible] | [illegible] |
| ८ | [illegible] कान्त [illegible] | ,, ,, | [illegible] | [illegible] |
| ९ | भोज बहादुर वि.क | कार्यपालिका सदस्य | [illegible] | [illegible] |
| १० | विमला कुँ आ | का.पा सदस्य | विमला | विमला |
| ११ | सरस्वती वि.क | ,, | सरस्वती | सरस्वती |
| १२ | दुर्गा बहादुर थापा | वडा सदस्य | [illegible] | [illegible] |
| १३ | लाजु कुमारी गन्धर्व | कार्यपालिका सदस्य | [illegible] | [illegible] |
| १४ | हिमा कुमारी सिजाली | ,, ,, | [illegible] | [illegible] |
| १५ | नेत्र बहादुर विक | ,, ,, | [illegible] | [illegible] |
| १६ | [illegible] पौडेल | [illegible] | [illegible] | [illegible] |
| १७ | ध्रुव प्रसाद अर्याल | [illegible] | [illegible] | [illegible] |
| १८ | मिन ब० कार्की | प.स्वा. प्राविधिक | [illegible] | [illegible] |
| १९ | मीना देवी आचार्य | अधिकृत (शिक्षा) | [illegible] | [illegible] |
| २० | कमला अर्याल | [illegible] | कमला अर्याल | कमला अर्याल |
| २१ | प्रभा ज्योती पौडेल | कृषि स्नातक | Prabha Paudel | Prabha Paudel |
| २२ | गीता नेपाल | [illegible] | [illegible] | [illegible] |
| २३ | दिपक कुमार साहु | ई. | [illegible] | [illegible] |
| २४ | रविन्द्र गौतम | क.अ. | [illegible] | [illegible] |
| २५ | देव शंकर गुप्ता | अ.स.ई. | [illegible] | [illegible] |

PAGE NO.
DATE / /

| क्र.सं. | नाम थर | पद | २०८१/०४/०१ | २०८१/०३/०२ |
| --- | --- | --- | --- | --- |
| २६ | विमला गौड | अधिकृत | | |
| २७ | रविन जङ्गत | गो. स | | |
| २८ | डिल्लीराज खड्का | प्रा.स | | |
| २९ | कीर्तिनिधि शर्मा | का.स. | कीर्तिनिधि शर्मा | कीर्तिनिधि शर्मा |
| ३० | समझना कार्की | का.स | समझना | समझना |
| ३१ | मुक बहादुर थापा | सं.ई | | |
| ३२ | दुर्गा प्र. अधिकारी | ने.क.पा.(एमाले) | | |
| ३३ | इमराज अधिकारी | ने.क.पा. माओवादी | | |
| ३४ | पोषराज ज्ञवाली | ले.अ | | |
| ३५ | विक्रान्त सिंह | स.ई. | | |
| ३६ | अजय कुमार थापा | अमिन | | |
| ३७ | किरण पाण्डे | कृ.प्रा.स | | |
| ३८ | विष्णु माया पौडेल | संयोजक अनुगमन | | |

*